# गाउँमैत्री अक्षयकोष GMAK
# स्मारिका-२०७८

वर्ष १, अङ्क १ (२०७८)

**कार्यालय**

काठेखोला-४ तंग्राम, बागलुङ

Email: baglunggmak@gmail.com

**सम्पादक**

सुकमाया पुन

**आवरण डिजाइन**

शान्ता शिशिर, फोन- ९८४९४१२९३७

**कम्प्युटर**

प्रकाश थापामगर, फोन- ९८४९३८८६३२

**सहयोग राशी**

व्यक्तिगत नेरु ५००।-

संस्थागत नेरु १,०००।-

## यसभित्र

प्रकाशकीय/सम्पादकीय २

**खण्ड क : गाउँमैत्री अक्षकोष जिमाकको गतिविधि**

जिमाक : विगतदेखि वर्तमानसम्म/हेमराज आश्रम ८

जिमाक जिमाकका उल्लेखनीय कार्यहरू १५

के गर्दै छन् टी.ओ.भी. विजेताहरू ? २४

आदिसहयोगी टीकासंगम विकलाई लौहसम्मान २७

**खण्ड ख : जिमाकप्रति व्यक्तिहरूको धारणा** ३०

केशरी घर्ती, नारायण योगी, अर्जुनबहादुर खत्री, खिमबहादुर विश्वकर्मा, चित्रकला छन्त्याल श्रीस, विष्णु कँडेल, रनबहादुर थापा, नन्दराम थापा, टीकाराम पुन, कुलदीप क्षेत्री, भैरवबहादुर थापा, थुमराज ढुङ्गाना, खेम पुन, धनप्रसाद पुन 'दीपशिखा", कृष्णबहादुर पुन, राम थापा ''अविरल', हरिप्रसाद पुन, तुलेन्द्र पुन, ताराप्रसाद शर्मा, रनबहादुर पुन, बिहुँकोटे साइलो

**खण्ड ग : विचार खण्ड**

मोहनविक्रम सिंह-४३, स्व. सुवी साह-४९, डा. गोविन्द आचार्य-५३, डा. ध्रुवेशचन्द्र रेग्मी-५५, डा. पार्वती घिमिरे-५९, रामशरण दर्नाल-६१, टीकासंगम विक-६३, शिवराज पौडेल-६७, श्री केसी-७३, भीष्म पाण्डे-७५, रेम राना-७७, संगिता थापा-८१, दिल शिरीष-८३, धनवीर पुनमगर-८५, सीता सुवेदी-८७, दिलिप कँडेल-८८

**खण्ड घ : काव्य**

काजीगाउँले श्रेष्ठ, अनिता लामा, सुवाश संयम, धनप्रसाद पुन "दीपशिखा", मिनबहादुर राना, कमल प्रभात, यामदीप पुन

**फोटो ग्यालरी ९९**

TALENT OF VILLAGE (TOV) Season-1-10 १००

टी.ओ भी.-१० मा सोरठी र पञ्चेबाजा छायांकन टिम ११३

जग्गा खरिद तथा कार्यालय भवन सहयोगदाताको विवरण ११४

बागलुङ बजारमा फागुन २४ चलचित्र प्रदर्शन गर्दा १२८

तंग्राममा फागुन २४ चलचित्र प्रदर्शन गर्दाका फोटा १३०

जिमाक कृति प्रकाशनमा स्वरांकन गर्दै टी.ओ.भी. विजेता १३१

मादलको प्रतिमा बनाउँदा फोटा १३२

जिमाकको भवन बनाउँदै गर्दाका फोटा १३३

सांगीतिक तथा साहित्यिक प्रशिक्षण (२०७२) १३४

जिमाकको अगुवाइमा बाटो मर्मत हुँदै १३५

जिमाकको आयोजनामा खेलिएको देउसीभैलो (२०७६) १३६

नेपालकै ठुलो नगरा निर्माण गर्दाका फोटा १३८

टी.ओ भी. कार्यक्रममा शुभकामना व्यक्त गर्दै व्यक्तित्व १४१

जिमाक कार्यक्रमका विविध फोटाहरू १४५

तंग्रामलाई गुगल म्यापबाट हेर्दा १५०

जिमाकका कागजातहरू १५२

# प्रकाशकीय/सम्पादकीय

साहित्य, कला र सङ्गीतको यात्रामा विगत १२ वर्षदेखि निरन्तर यात्रारत गाउँमैत्री अक्षयकोष "जिमाक" ले आफ्नो गौरवमय यात्राको ११ वर्ष पार गरी बाह्रौं वर्षप्रवेश गरेको स्वर्णीम अवसरमा यहाँहरू सम्पूर्णमा संस्थाको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछौं । साथै एक दशक पूरा गरेको खुसीयालीमा संस्थाको उपहारस्वरूप "जिमाकको गौरवमय दश वर्ष" नामक संस्थागत स्मारिका प्रकाशन गरी यहाँहरूलाई समर्पण गर्न पाउदा हामी साँच्चिकै खुसी र गौरवान्वित भएका छौं ।

जिमाक कला, साहित्य र सङ्गीतको अभिन्न सारथि हो, जहाँ प्रतिभारूपी मुनाहरू फूल बनेर फक्रन खोज्छन; ताराहरू जुन बनेर चम्कन खोज्छन्; अनि, जुनहरू तेजिलो सूर्य बनेर उदाउन खोज्छन। तिनै फूल बनेर फक्रन खोज्ने मुना र सूर्य बनेर उदाउन खोज्ने जुनहरूको खुल्ला आकाश हो जिमाक। हामी तिनै फूलहरूको खोजीमा छौं, जुन फूलहरूले आफ्नो सुन्दरता मात्र होइन, परागरूपी सुगन्ध पनि देओस्। हामी तिनै जुनहरूको खोजीमा छौं, जसले उज्यालो मात्र होइन, शीतलताको आभास पनि देओस्। त्यसैले त हामी हाम्रा स्रष्टाका सिर्जनाहरूमा रूपान्तरण र परिवर्तन खोजिरहन्छौं । हामी चाहन्छौं, हाम्रा सिर्जनाहरूमा समाजको यथार्थता मात्र होइन, मार्गनिर्देशनात्मक सिर्जना पनि हुनुपर्दछ। सामाजिक विसङ्गतिका दागलाई सङ्गीतका रागले निमिट्यान्न पार्नुपर्दछ। विकृतिका धब्बाहरूलाई सृजनाको चमकले ओझेलमा पार्नुपर्दछ। गीतसङ्गीत र सृजनाहरू नवप्रतिभाका लागि प्रेरणा सावित हुन सक्नुपर्दछ। हामीलाई विश्वास छ, हामीले थालनी गरेको कला, साहित्य र सङ्गीतको यो यात्रामा यस्तै खाले प्रतिभाहरू समाहित हुनेछन्।

एक जना दार्शनिकले भनेका छन्- "आँधी नचलेका बेला हजारौं बत्तिहरू बाल्न सकिन्छ, त्यो नौलो र अनौठो कुरा होइन तर प्रचण्ड आँधीको झोक्कामा एउटा मात्र बत्ति बाल्न सक्नु र त्यसलाई जोगाइराख्नु त्यो बल्ल महानता हो ।" हामी त्यही महानताको लोभमा डौडिरहेका छौं । यहाँहरूलाई अवगत नै छ ,हामी हाम्रो स्थापनाकालदेखि नै कला, साहित्य र सङ्गीतको माध्यमबाट प्रतिभाहरूको प्रस्फुटन गर्दै सामाजिक रूपान्तरणको अभियानमा समाहित छौं। कहिले अप्ठ्यारोसँग जुध्दै त, कहिले सजिलोमा रमाउँदै हामी हाम्रो यात्रामा निरन्तर यात्रारत छौं। एक दशकभन्दा बढीको हाम्रो यो यात्रामा थुप्रै तितामिठा अनुभव छन्। जिमाकको यात्रामा भेटिएका तिनै अविस्मरणीय भोगाइको साझा दस्तावेज हो- "जिमाकको गौरवमय दश वर्ष।"

हामीले पहिलोपटक महसुस गर्‍यौं कि स्मारिका प्रकाशन आफैमा एक जटिल कार्य रहेछ तर पनि हाम्रा थुप्रै सहयोगी मनहरूको साथ र सहयोगका कारण प्रकाशनका जटिलताहरू एकाएक सहजतामा परिणत भए । हौसलास्वरूप प्राप्त शुभकामना, विद्धान व्यक्तिहरूबाट प्राप्त विभिन्न लेखरचना, आर्थिक सहयोगस्वरूप प्राप्त भएका विज्ञापन र प्रकाशनसम्बन्धी गर्नुभएको सम्पूर्ण सहयोग साँच्चिकै हाम्रा लागि तिरेर नसकिने गुण हुन् । स्मारिका प्रकाशनको क्रममा शुभकामना दिनुहुने उच्च ओहदाका सम्पूर्ण श्रदेय व्यक्तित्व, महत्त्वपूर्ण लेखरचनाहरू उपलब्ध गराइदिनुहुने दिग्गज एवम् विद्धान व्यक्तित्व, विज्ञापन उपलब्ध गराइदिनुहुने सम्पूर्ण विज्ञापनदाता, संस्थाप्रति आफ्नो धारणा व्यक्त गर्नुहुने सम्पूर्ण आदरणीय व्यक्तित्व, विविध प्राविधिक पक्षबाट सहयोग गर्नुहुने टीकासङ्गम विक, कम्प्युटर तथा भाषा सम्पादनमा सहयोग पुराउनुहुने आदरणीय प्रकाश थापामगरप्रति संस्थाको तर्फबाट हार्दिक आभार एवम कृतज्ञता प्रकट गर्दछौं । संस्थाको आगामी दिनमा पनि यहाँहरूबाट यस्तै साथ, सहयोग र रचनात्मक सल्लाह सुझावको भारी आसा राख्दछौं । धन्यवाद ।

नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौँ, नेपाल
फोन : ०१-४२२१२८३, ४२२१२४१, ४२२१२४२
फ्याक्स : ९७७-०१-४२२११७५, ४२४१७८६
पो.ब.नं. : २३०५८, काठमाडौँ, नेपाल
इमेल : office@nepalacademy.org.np
वेबसाइट : www.nepalacademy.org.np

पत्र संख्या
चलानी नं.

# शुभकामना

बागलुङको काठेखोला-४, तङ्ग्रामस्थित गाउँमैत्री अक्षयकोषले आफ्ना विविध गतिविधिहरूलाई समेटेर 'गौरवमय एक दशक' शीर्षकमा स्मारिका प्रकाशन गर्न लागेको जान्न पाउँदा मलाई निकै खुसी लागेको छ । कोषका सचिव सुकमाया पुनका अनुसार यो कोष वि.सं. २०६६ सालमा स्थापना भएदेखि नै ग्रामीण भेगका कला तथा प्रतिभाहरूको संरक्षण तथा संवर्धनमा सक्रिय रहँदै आएको छ ।

गाउँका प्रतिभाहरूको पहिचान गर्ने उद्देश्यले कोषले हरेक वर्ष ट्यालेन्ट अफ भिलेज कार्यक्रमसमेत गर्दै आएको थाहा पाउँदा सन्तोष लागेको छ । साथै, समय समयमा विविध प्रशिक्षण, अन्तर्क्रिया तथा सामाजिक निर्माणका काममा आफूलाई अग्रसर गराएर कोषले निकै नै अनुकरणीय कार्य गरेको मलाई लागेको छ । यस्तै सिको गरी आफ्ना गाउँठाउँका कला तथा प्रतिभाहरूको संरक्षण एवम् संवर्धन गर्न अन्य ठाउँका मानिसलाई पनि प्रेरणा मिल्ने छ भन्ने मैले विश्वास लिएको छु ।

अन्त्यमा, यो स्मारिका तयार गर्न सार्थक योगदान पुऱ्याउनुहुने सबै जनालाई हार्दिक धन्यवाद ज्ञापन गर्दै स्मारिकाको उच्च सफलताको कामना गर्दछु ।


गङ्गाप्रसाद उप्रेती
कुलपति
२०७८ असोज

मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
माननीय मुख्यमन्त्रीको निजी सचिवालय
पोखरा, नेपाल

गण्डकी प्रदेश
पोखरा, नेपाल

# शुभकामना



बागलुङको काठेखोला ४ स्थित गाउँमैत्री अक्षयकोष GMAK ले स्थापनाको १ दसक पार गरेको अवसरमा संस्थागत स्मारिका 'गौरवमय एक दशक' प्रकाशन गर्न लागेको थाहा पाउँदा खुसी लागेको छ ।

२०६६ सालमा स्थापना भएर ग्रामीण भेगको कला तथा प्रतिभाहरुको संरक्षण तथा सम्वर्द्धनका लागि क्रियाशील GMAK ले सम्पादन गर्दै आएका कार्य अन्य संस्थाका लागि पनि अनुकरणीय छन् । संस्थाले हरेक वर्ष Talent of village (Tov) कार्यक्रम सञ्चालन गरी नव प्रतिभा उत्पादनसमेत गर्दै आएको छ । साथै विविध प्रशिक्षण, अन्तरक्रिया तथा सामाजिक निर्माणका कार्यमा संलग्न संस्थालाई अझै उचाइमा पुऱ्याउन सदस्यहरु नै क्रियाशील हुनु जरुरी छ । ग्रामीण भेगमा स्थापना भएर पनि संस्थाले पौने ३ रोपनी जग्गाको व्यवस्थापन, २ तले पक्की कार्यलय भवन तथा नेपालकै ठूलो नगरा निर्माण गरिसकेको छ । गण्डकी प्रदेश सरकारको लगानीमा यसै वर्ष उक्त स्थानमा सांस्कृतिक संग्रहालय भवन पनि निर्माण हुँदै छ ।

कुनै पनि संस्थाले गरेका कार्यहरु लिपीवद्ध हुनुपर्छ भन्ने मान्यतालाई आत्मसात गर्दै GMAK ले प्रकाशन गर्न लागेको स्मारिका र संस्थाको सफलताका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

..............................

कृष्णचन्द्र नेपाली पोखरेल
मुख्यमन्त्री
२०७८ असोज १८

# नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान


मिति २०७८ अशोज १२ गते

## शुभकामना

कुनै पनि देशको कला, संस्कृतिको विकाश गर्नका लागि देशको कला संस्कृतिमा लाग्ने प्रतिभाहरुको संरक्षण र सम्वर्द्धन हुनु पर्दछ । यहि कुरालाई मनन गरि काठे खोला-०४ तंग्राम बागलङ्को **"गाउमैत्री अक्षयकोष"**ले एक दशकभन्दा अधिदेखि ग्रामीण भेगको कला तथा प्रतिभाहरुको संरक्षण र विकास हेतु काम गरिरहेको थाहा पाउँदा मलाई अत्यन्त खुसी लागेको छ ।

कुनै संस्था जन्माउनु मात्र ठूलो कुरा हुदैन, त्यसलाई निरन्तरताको लागी आफ्नै जग्गा, भवन र आर्थिक चाँजोपाँजो र कुशल व्यवस्थापनको आवश्यकता हुन्छ । त्यो मामलामा यो संस्था सजग छ भन्ने कुरा आफ्नै भवन, जग्गा हुनु र संस्कृति भवन समेत निर्माण हुदै गरेको कुराले यो संस्थाको भविष्य उज्ज्वल छ भन्ने कुरामा शंका गर्ने ठाँउ देख्दिन ।

एउटा कुरामा चाहिँ तपाईहरु सँधै सजग रहन आग्रह गर्दछु जनता नै गुरु हुन, अभिभावक हुन, मार्ग निर्देशक हुन । जनताभन्दा टाढा पो भईयो कि भनेर सँधै सजग रहनु होस । हाम्रो साँस्कृतिक क्रियाकलापहरु शोषित-पीडित जनताको पक्षमा हुनु पर्दछ । समाज रुपान्तणको लागि हुनु पर्दछ । यहाँहरुको सम्पूर्ण साँस्कृतिक क्रियाकलापहरु हेपिएका, मिचिएका, थिचिएका शोषित, पिडीतहरुलाई उठाउने, जगाउने र आफ्नो परम्परा, संस्कृति जोगाउने, लोपोन्मुख गीत, संगीत, नृत्य संकलन गरि संरक्षण गर्ने अभियानमा निरन्तर अविचलित रुपमा लागि रहनोस मेरो हार्दिक शुभकामना ।

..............................

नारायणभक्त श्रेष्ठ (रायन)

कुलपति


काठमाडौं-५, भाटभटेनी, नेपाल, पोष्ट बक्सः ११७३०, फोन : ९७७-१-४४२८४०४/५ फ्याक्स : ४४२८४०७

Email: info@namuda.org.np, Web : www.namuda.org.np

# काठेखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्याः
चलानी नं.:

(छाप: काठेखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बिहुँकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल)

गण्डकी प्रदेश, नेपाल
मितिः

**शुभकामना**

गाउँमैत्री अक्षयकोष GMAK काठेखोला गाउँपालिका-४ तङ्ग्राम, बागलुङद्वारा आफ्नो संस्थाको समग्र गतिविधि समाहित गरी "जिमाकको दश वर्ष" नामक स्मारिका प्रकाशन गर्न लागेकोमा संस्थालाई हार्दिक बधाइ दिँदै सफलता र निरन्तरताको शुभकामना व्यक्त गर्दछु।

साहित्य, कला र सङ्गीतको माध्यमबाट प्रतिभावान स्रष्टा एवम् सर्जकहरू जन्माउँदै समृद्ध समाज निर्माण गर्ने उद्देश्यका साथ यस काठेखोला गाउँपालिका वडा नं.-४ तङ्ग्राम, बागलुङमा स्थापित गाउँमैत्री अक्षयकोष "जिमाक" कलाप्रेमी प्रतिभाको एउटा साझा संस्था हो।

भनिन्छ साहित्य समाजको दर्पण हो। स्रष्टाहरूको सृजनामा समाजको वास्तविक अनुहार प्रतिबिम्बित हुनुपर्दछ। मलाई विश्वास छ, गाउँमैत्री अक्षयकोष "जिमाक" ले ग्रामीण क्षेत्रमा लुकेर रहेका नयाँ नयाँ प्रतिभालाई खोजी गर्दै उनीहरूको कला प्रतिभाहरू बाहिर ल्याउन महत्त्वपूर्ण भूमिका खेलोस्।

फेरि पनि गाउँमैत्री अक्षयकोष, काठेखोला-४ तङ्ग्राम, बागलुङको उज्ज्वल भविष्य र सफल यात्राको कामना गर्दै निरन्तरताको शुभकामना व्यक्त गर्दछु।

मिति : २०७८ असोज १५

अम्मर बहादुर थापा
अध्यक्ष
*काठेखोला गाउँपालिका*
बिहुँ, बागलुङ

# खण्ड क
# गाउँमैत्री अक्षकोष GMAK को गतिविधि

# जिमाक : विगतदेखि वर्तमानसम्म



**हेमराज आश्रम**
**(अध्यक्ष)**
**गाउँमैत्री अक्षयकोष**

**१) पृष्ठभूमि**

शरद ऋतुको सुन्दर वातावरण, पञ्चेबाजाको झन्झनाहट, हजारौँ मानिसको भिड, चाडको माहोल अर्थात् २०६६ असोज १६ गते दसैँ पूर्णिमाको दिन। कलासाहित्यको संरक्षण, सम्बर्द्धनका लागि भनेर रु. १०,००० (रु. दश हजार) बराबर राशिसहितको अक्षयकोष स्थापना भएको घोषणा भयो, जुन कोष श्री धारा माविको मातहतमा रहने कुरा पनि सोही प्रसङ्गमा जानकारी गराइयो। प्रसङ्ग थियो म हेमराज आश्रम र हाल प्रदेश नं. ४ (गण्डकी प्रदेश) का सांसद माननीय पियारी थापा (सुप्रभा) बिचको प्रगतिशील विवाह समारोह। प्रमुख अतिथिको आसनमा हुनुहुन्थ्यो जनगायक जीवन शर्मा। विशिष्ट अतिथिमा हुनुहुन्थ्यो तङ्ग्रामका अभिभावक तथा समासेवी श्रदेय अमरबहादुर थापा। त्यसबाहेक जनवादी गायिका निलिमा पुन, तिलक थापा, टीकासङ्गम विक, अर्जुन केसी, लक्ष्मण पुन, मित्रदत्त ढकाल, थिरबहादुर राना, कृष्ण पुन, जगेन्द्र पुन (बरेङ सुखौरा), नन्दराम थापा, खिमप्रसाद पुन, कमलकुमार पुन, गिरबहादुर पुन, ओमबहादुर पुन, तिलकप्रसाद कँडेल, पशुराम विक, बी.बी. थापा क्षितिज, कमला थापा आदि विविध व्यक्तिहरूको आतिथ्यता रहेको थियो। उक्त प्रगतिशील विवाह समारोह धनप्रसाद पुनको सञ्चालन र कृष्ण पुन (साविक तङ्ग्राम ४) को अध्यक्षतामा सम्पन्न भएको थियो।

**२) स्थापना कालका केही प्रसङ्ग**

लामो समयदेखि हाम्रो गाउँ तङ्ग्राममा वल्लो भेग (धारा) र पल्लो भेग (ठुलोगाउँ ) बिच भेगीय द्वन्द्व चल्यो, जुन अहिले सम्म पनि कायम छ, मात्र शैलीमा केही फरकपन आएको छ। यो द्वन्द्व अहिलेको मात्र होइन, पुराना पुस्ताका मान्यजनका अनुसार पञ्चायत कालीन समयमा मुखिया जिम्मालको पालादेखि नै ठुलोगाउँ र बाहुनथानबिच द्वन्द्व भइराख्थ्यो। स्थानीय व्यक्तित्व रविलाल विकको भनाइअनुसार पन्चायत कालमा तङ्ग्राममा पाँचओटा प्रधानपञ्चहरू भए; जस्तै– हर्कबहादुर पुन, मणिराज थापा, पितमबहादुर पुन, नरिश्वर कँडेल र धनप्रसाद थापा। उहाँको यो भनाइअनुसार बाहुनथानले दोस्रो प्रधानपन्च पायो। मणिराज थापा साविक वडा नं. ४ (उहाँ हाल नारायणी माविका प्रअ विष्णुबहादुर थापाका बाजे हुनुहुन्थ्यो) त्यतिबेलाका राप्रपामा एउटै पार्टीभित्र पनि वल्लो र पल्लो भेगका मान्छेमा सौहार्दता थिएन। स्थानीय जानकार बताउँछन्– "झगडा नभएको कुनै रामरमिता हुँदैनथ्यो"।

पछि पञ्चायत व्यवस्था ढलिसकेपछि जव बहुदलीय व्यवस्था आयो। सो शत्रुता पार्टी पार्टीबिचमा रूपान्तरण भयो। ठुलोगाउँतिर नेपाली काङ्ग्रेसको प्रभाव रह्यो भने बाहुनथानतिर नेकपा (मसाल) को प्रभाव रह्यो। यी दुई पार्टीबिच लामो समयसम्म द्वन्द्वको वातावरण सृजना भयो, जुन अहिलेसम्म पनि यो वा त्यो रूपमा अस्तित्वमा छ। यो पनि कुनै न कुनै रूपमा भेगीय द्वन्द्वको शृङ्खला नै हो भन्ने प्रशस्त आधार छन।

२०५५ सालतिर म ११ वर्षको रहेछु। सो समयपछिका यादहरू मात्र मेरो दिमागमा स्थायी रूपमा बसिरहेका छन्। त्यतिबेला वल्लो र पल्लो भेगका मानिसहरू झैझगडा गर्ने, मारपिट गर्ने आदि कारणबाट पूरै असामान्य परिस्थिति बन्दै गइरहेको थियो। एकअर्को भेगका मान्छेहरूबिच शत्रुताको भाव प्रबल थियो। एक्लैदुक्लै दिउसै पनि एकअर्को भेगका मानिसहरू अर्को भेगमा जानलाई डरत्रास र शङ्काको दृष्टिले हेरिन्थ्यो। आफ्ना छोराछोरीहरू रामरमिताबाट समयमै घर नफर्केको अवस्थामा अभिभावकहरू विभिन्न अप्रत्यासित घटनाको कल्पना तथा शङ्का–उपशङ्का गर्न बाध्य हुन्थे। एक भेगको मान्छे अर्को भेगमा आएको प्रसङ्गलाई धेरै सन्देहयुक्त ढङ्गले हेर्ने गरिन्थ्यो। वल्लो पल्लो भेगका युवायुवतीबिचको विवाह पनि धेरै जटिल विषय बन्दै गइरहेको थियो। दुई भेग घृणा र भेदभावको जटिल मोडमा फस्दै गइरहेको महसुस हुन्थ्यो। भारतीय सिनेमामा देखिने जातीय र धार्मिक द्वन्द्वको कथावस्तु जस्तै लाग्ने हाम्रो गाउँको चित्र बडो भयानक र डरलाग्थ्यो गरी आउँथ्यो।

मेरो पालामा धारा मावि (मैले अक्षरारम्भ गरेको स्कुल) मा कक्षा ८ सम्म मात्र पढाइ हुन्थ्यो। त्यसकारण त्यही परिवेशमा २०६० सालमा म कक्षा ९ को अध्ययनको लागि अर्को भेग ठुलो गाउँस्थित नारायणी माविमा जानुपऱ्यो। सो क्रममा हाम्रो गाउँमा भेगीय साम्प्रदायिक सोचाइबाट सृजित विभिन्न परिवेशको नमिठो अनुभव गर्न पुगे। यिनै समस्यालाई न्यूनीकरण गर्ने उपायको खोजी हुँदै गयो। GMAK को विविध कार्यक्रमको माध्यमबाट यो द्वन्द्वको स्थितिलाई कम

गर्दै मैत्रीपूर्ण तथा सहिष्णु गाउँ निर्माण गर्न सहयोगी भूमिका खेल्ने उद्देश्यानुरूप २०६७ सालको असार महिनादेखि मेरो सक्रियतामा काठमाडौँमा बस्ने वल्लो र पल्लो दुवै भेगका साहित्य तथा कलाप्रेमी व्यक्तिसँग प्रत्यक्ष रूपमा र गाउँमा रहेका व्यक्तिसँग फोनमा छलफल अगाडि बढाउने काम भयो । सो क्रममा टीकासङ्गम विक, कमलकुमार पुन, खेम पुन, धनप्रसाद पुन, बी.बी. थापा क्षितिज, प्रेम थापा सन्देह, तुलेन्द्र पुन, अश्मी पुन, दीपक थापा, मिनबहादुर पुन, रनबहादुर पुन आदि व्यक्तिसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा छलफल गर्ने काम भयो । जुन सङ्गठन वा जुन विचारमा आस्था राख्ने भए पनि तङ्ग्रामका सबै स्रष्टा, सर्जक एवम् कलाकर्मी यो संस्थामा आबद्ध हुने र कला, सङ्गीत, साहित्यको संरक्षण, संवर्द्धनको साथै तङ्ग्राममा निहित जुन द्वन्द्व छ, त्यसलाई कम गर्नका लागि यो संस्थाको माध्यमबाट सकारात्मक भूमिका खेल्ने विषयमा छलफल भयो। सबैको सहमतिअनुसार त्यही भावको नाम जुराउने काम भयो। त्यही बेला संस्थाको नाम गाउँमैत्री अक्षयकोष राख्ने मौखिक सहमती भयो, जुन नामको प्रस्ताव कमल पुनले गर्नुभएको थियो । त्यसै बेला संस्थाको लोगो पनि तय भयो, जुन दुई जनाले हात मिलाएको चित्र रहने सहमति भयो । यसको नारा "हाम्रो गृहकार्य, गाउँका लागि सहकार्य" भन्ने तय भयो, जसको मूल मर्म गाउँलाई एकताबद्ध गराउने थियो । यो प्रसङ्गमा गल्कोपाखा काठमाडौँस्थित लोकगायक खेम पुनको डेरामा अल्ली बढी समय छलफल भएका थिए।

गाउँमैत्री अक्षयकोषलाई सङ्क्षेपीकरण गरेर सर्टकर्टमा GMAK नाम तुलेन्द्र पुनले जुराउनु भयो। GMAK अर्थात् Gaun Maitri Akshaya Kosh, जुन नाम पछि प्रयोगमा ल्याउँदा सबैका लागि सरल र सहज बन्यो, जो अहिलेसम्म पनि लोकप्रिय छ।

त्यसपछि GMAK ले गर्ने कार्यक्रमका बारेमा छलफल भयो। मैले कार्यक्रमको नाम TALENT OF VILLAGE (TOV) राख्ने प्रस्ताव गरेँ। सो प्रस्तावमा सबैको सहमति भयो। टीकासङ्गमलाई पनि फोनबाट सुनाएँ। उहाँ पनि सो नामवाट अत्यन्तै उत्साहित हुनुभयो। त्यो कार्यक्रमलाई पछि त्इख भनेर चिनियो। "हाम्रो उच्च शान, प्रतिभाको संवर्द्धन" भन्ने सो कार्यक्रमको नारा तय भयो। हरेक वर्ष गायन र नृत्य विधामा प्रत्यक्ष प्रतिस्पर्धा गराई TALENT OF VILLAGE (TOV) छान्ने सहमति भयो । पछि टीकासङ्गम विकले साहित्यलाई पनि समेटौँ भन्नुभयो । मलाई पनि एकदमै सही लाग्यो; अनि, उहाँकै सुझावअनुसार साहित्यअन्तर्गत गजल विधामा पनि प्रत्यक्ष प्रतिस्पर्धा गराउने सहमति भयो। त्यसपछि कार्यक्रममा प्रस्तुत हुने गीतहरू कस्तो चरित्रको हुने भन्ने विषयमा छलफल केन्द्रित भयो। स्वदेशगान, केही चेतना र सन्देश बोकेका गीतहरू मात्र प्रतिष्पर्धीले गाउन र नाच्न पाइने सहमति भयो । साहित्यको विषयवस्तु पनि प्रगतिशील चरित्रको हुनुपर्ने सहमति भयो । त्यसपछि हामी सबै गाउँ गएर संस्थाको कार्यसमिति निर्माण गर्ने तथा पहिलो संस्करणको कार्यक्रम गर्ने सहमतिअनुसार हामी गाउँ फर्कियौँ तर विविध कारणले हामीले जे सोचेका थियौँ, त्यसरी सोचे जस्तो समावेशी कार्यसमिति बन्न सकेन।

२०६७ भदौ २ गते श्री धनप्रसाद पुनको अध्यक्षतामा ११ सदस्यीय पहिलो संस्थापक कार्यसमिति र ३ सदस्यीय सल्लाहकार समिति गठन भयो, जसको उपाध्यक्षमा दिल परियार, सचिवमा तुलेन्द्र पुन, कोषाध्यक्षमा सुकमाया पुन र सदस्यमा जनक थापा, सरोज थापा, अनिल पुन, जमुना पुन, गङ्गा थापा, गणेश थापा र कृष्ण पुन रहने निर्णय भयो। यही समितिबाट GMAK को कार्यक्रम सञ्चालन हुने तय भयो। यही मोडबाट संस्था स्थापनामा महत्त्वपूर्ण भूमिका खेल्नुहुने धेरै साथीहरू समितिभन्दा बाहिर हुनुभयो। बाहिरै रहेर पनि हामीलाई हरेक समय सकरात्मक ढङ्गबाट दरिलो खम्बाको रूपमा सहयोग गर्दै आइरहनुभयो । त्यतिबेला उहाँहरूको साथ–सहयोगले ठुलो प्रोत्साहन मिल्यो।

### ३) संस्था दर्ता

संस्था स्थापना भएको केही महिनापछि यसको नाम गाउँमैत्री अक्षयकोष GMAK रहन गयो । २०६८ असोज २५ गते साँझ संस्थापक अध्यक्ष र सचिवद्वय धनप्रसाद पुन र तुलेन्द्र पुनको राजीनामापछि सोही रात मेरो नेतृत्वमा अर्को समिति बन्यो । उपाध्यक्षमा डी.बी. थापा, सचिवमा दिल परियार, कोषाध्यक्षमा पियारी थापा आउनुभयो। सोही समितिले २०६८ सालको TOV दोस्रो संस्करण कार्यक्रम सम्पन्न गरिसकेपछि लगत्तै दर्ता प्रक्रिया अघि बढायो।

कोष स्थापनाको घोषणा गर्दा श्री धारा माविमा मूलधन रहने बताइए पनि पछि कार्यान्वयनमा लैजाँदा कार्यक्रम सञ्चालनसम्बन्धी विविध व्यावहारिक कठिनाइका कारणले गर्दा उक्त कोष धारा माविको मातहतमा रहन सकेन। जिमाककै मातहतमा रहने गरी बागलुङ बजारस्थित माछापुच्छ्रे बैङ्कमा संस्थाको खाता खोली मूलधन राख्ने काम भयो । जिल्ला प्रशासन कार्यालय बागलुङमा संस्था दर्ता गर्ने समयमा संस्थाको मूलधन रु १,२०,०००।– एक लाख बिस हजार रुपियाँ मात्र जम्मा गरियो। सो जानकारी संस्थाको विधानमा पनि कायम भयो, जुन हालसम्म पनि सोही परिमाणमा कायम छ । केही हप्ताको निरन्तर प्रयासपछि २०६८ मङ्सिर १९ गतेको दिन संस्था दर्ताको

काम सम्पन्न भयो। हाम्रो संस्था गाउँमैत्री अक्षयकोषको दर्ता नम्बर ८२७/०६८/०६९ रहन गयो। दर्ता प्रक्रियाको सम्पूर्ण काम सचिव दिल परियारले गर्नुभएको थियो। संस्थाको दर्ता प्रक्रियासँगै संस्थालाई यो स्थानसम्म ल्याउनुमा दिल परियारको अत्यन्तै महत्त्वपूर्ण भूमिका छ।

**४) उद्देश्यहरू**

सामान्यतया अक्षयकोष भन्नाले कुनै निश्चित उद्देश्यका लागि व्यक्ति वा संस्थाले कहिल्यै नाश नहुने, दीर्घकालसम्म रहने तथा खर्च गर्न नमिल्ने गरी राखिएको कोष भन्ने बुझिन्छ। यो कार्यलाई प्रगतिशील कार्यको रूपमा पनि हेरिन्छ; किनभने, प्रायः अक्षयकोष विभिन्न उत्सव, घटना आदिमा गरिने अत्यधिक खर्चलाई कम गरेर केही पवित्र उद्देश्यका निम्ति भनेर राखिने गरिन्छ।

नेपालमा दुई प्रकारले अक्षयकोष स्थापना भएको पाइन्छ; जस्तै– व्यक्तिगत घटनासँग जोडिएका जन्म, मृत्युपछिको सम्झनामा, विवाह उत्सव, कुनै अन्य प्रसङ्गमा तथा केही कल्याणकारी कार्य गर्ने सोच आदिसँग जोडिएर अक्षयकोष स्थापना भएको पाइन्छ। अर्कोतिर, कुनै सङ्घसंस्थाले उसले निश्चित गरेका उद्देश्य पूरा गर्नका लागि संस्थागत अक्षयकोष पनि स्थापना गर्ने गरिन्छ। कतिपय ठाउँमा सरकारी संस्थान तथा प्राधिकरणले पनि केही दीर्घकालीन प्रयोजनका निम्ति अक्षयकोषको स्थापना गरेको पाइन्छ। धेरैजसो अक्षयकोष छात्रवृत्तिका लागि, पुरस्कारका लागि, भविष्यमा भइपरि आउने  उपचार खर्चमा सहयोगको लागि तथा अन्य कुनै कल्याणकारी कार्यका लागि स्थापना गरिएको पाइन्छ।

प्रायः अक्षयकोषले लिने उद्देश्यभन्दा गाउँमैत्री अक्षयकोषले लिएको उद्देश्यमा केही भिन्नता छन्। हामीले यो कोषको माध्यमबाट कला र सङ्गीत जस्तो धेरै गहन र संवेदनशील विषयवस्तुको संरक्षण र संवर्द्धन गर्ने जिम्मेवारी उठाउने प्रयत्न गर्‍यौँ। यस्तो बृहत् उद्देश्य लिने अक्षयकोष विरलै देख्न सकिन्छ।

कोष २०६८ सालमा बागलुङ जिल्ला प्रशासन कार्यालयमा दर्ता भएपछि यो गैरसरकारी संस्थाको रूपमा रुपान्तरित भयो। त्यस सँगसँगै हाम्रो उद्देश्यमा पनि केही परिवर्तन हुँदै गए। अन्य अक्षयकोषको तुलनामा हामी यहाँनेर केही पृथक् छौँ। गाउँमैत्री अक्षयकोष एक गैरसरकारी संस्था पनि भएकाले अन्य सङ्घसंस्थासरह यसको आकार र उद्देश्यको सीमा पनि फराकिलो हुँदै गयो; जसअनुसार हामीले कार्यक्रम र उद्देश्यलाई बृहत् तथा प्रभावकारी ढङ्गबाट सञ्चालन गर्ने प्रयास गर्‍यौँ। जसरी हामीले देख्ने सपनाको क्षेत्र र व्यापकता बढ्दै गयो, सोहीबमोजिम कुशलतापूर्वक पूरा पनि गर्दै गयौँ।

संस्थाको विधानमा उल्लेख गरिएअनुसार न्बप को उद्देश्य ग्रामीण क्षेत्रका कला, सङ्गीत तथा साहित्यको संरक्षण, संवर्द्धन गर्ने हो। सुरु सुरुमा खेलकुद, शिक्षा तथा कृषि क्षेत्रलाई पनि प्रोत्साहन गर्ने प्रकृतिका कार्य पनि भए। तङ्ग्रामका सचेत एवम् बौद्धिक व्यक्तित्वहरूको सुझावअनुसार अन्य विषयलाई छोडेर कला, सङ्गीत र साहित्यकै क्षेत्रमा केन्द्रित हुने सोचको साथ अघि बढ्ने कोसिस गर्‍यौँ। यिनै उद्देश्य प्राप्तिका लागि GMAK ले आफ्नो वार्षिक कार्यक्रम तय गर्‍यो, जसलाई TALENT OF VILLAGE (TOV) को नामले चिनिन्छ। सोही कार्यक्रममार्फत हामीले बागलुङ जिल्लाभित्रका लुकेर रहेका कला, सङ्गीत र साहित्यका नवीनतम प्रतिभालाई खोजी गरी उनीहरूमा रहेका प्रतिभा पहिचान गर्ने काम गर्‍यौँ, जो हाम्रो संस्थाको प्रमुख र महत्त्वपूर्ण उद्देश्यभित्र पर्दछ।

अहिले हामी अन्तर्राष्ट्रिय स्तरको सांस्कृतिक सङ्ग्रहालय निर्माण गर्ने अभियानमा छौँ, जसका लागि गण्डकी प्रदेश सरकारले सङ्ग्रहालय भवन निर्माणमा केही रकम विनियोजन गरिसकेको छ। त्यसका लागि जग्गा व्यवस्थापनको काममा लागिरहेका छौँ। सोही अभियानअनुसार हामीले नेपालकै ठुलो नगरा निर्माण गर्ने काम सम्पन्न गरिसकेका छौँ। त्यसैगरी नेपालमै निकै दुर्लभ रूपमा रहेको सङ्गीत पुस्तकालय बनाउने उद्देश्य पनि हामीले पहिलो प्राथमिकताभित्र राखेका छौँ। गीत, सङ्गीत, सिर्जनाबाहेक सामाजिक रूपान्तरण र परिवर्तनका लागि समाज विकासको हरेक यात्रामा सहयात्रा गर्ने उद्देश्यलाई पनि हामीले उत्तिकै प्राथमिकतामा राखेका छौँ। संस्थामार्फत विभिन्न प्रतिभाको कृति प्रकाशन, गीत रेकर्डिङ तथा छायाङ्कन एवम स्रष्टा सम्मानलगायतका प्रतिभा प्रोत्साहन कार्यक्रम पनि हाम्रो उद्देश्यको अर्को महत्त्वपूर्ण पक्ष हो।

**५) GMAK का पूर्व पदाधिकारी**

गाउँमैत्री अक्षय कोष Gmak स्थापनाको बाह्रौँ वर्षसम्म आइपुग्दा गाउँमैत्री अक्षयकोष जिमाकका पूर्व पदाधिकारीको अतुलनीय योगदान रहेको छ। उहाँहरूकै योगदानका कारण संस्था अहिलेको अवस्थामा आइपुगेको हो।

संस्थाको पहिलो कार्यक्रम अर्थात् TALENT OF VILLAGE (TOV) को पहिलो संस्करण श्रद्धेय व्यक्तित्व तथा GMAK का संस्थापक अध्यक्ष धनप्रसाद पुन र संस्थापक सचिव तुलेन्द्र पुनको नेतृत्वमा सम्पन्न भयो । २०६८ असोज २५ गते साँझ उहाँहरू दुवै जनाले राजीनामा दिएपछि सोही राती मेरो अध्यक्षतामा GMAK को नौ सदस्सीय नयाँ कार्यसमिति गठन गरियो । नयाँ समितिको उपाध्यक्षमा डी.बी. थापा, सचिव दिल परियार, कोषाध्यक्षमा पियारी थापा रहनुभयो । सचिव दिल परियारजीले लामो समयसम्म कोषलाई एउटा उचाइमा पुऱ्याउन धेरै पसिना र समय खर्चिनुभयो । उहाँकै योगदानको परिणामस्वरूप GMAK वर्तमानको यो स्थितिमा आएको हो ।

उहाँले झन्डै ७ वर्षसम्म संस्थाको सचिव पदमा रही काम गरेपश्चात सचिवको पदमा अमर थापा आउनुभयो । उहाँको पनि GMAK मा अतुलनीय योगदान रह्यो । त्यख दोस्रो संस्करण अर्थात् २०६८ सालदेखि सदस्य तथा सहयोगीको रूपमा उहाँ हामीसँग जोडिनुभएको थियो । पछि चौथो सचिवको रूपमा सुकमाया पुन आउनुभयो । सुकमाया पुन संस्थापक सदस्य पनि हुनुहुन्थ्यो । उहाँको योगदान पनि निकै अविस्मरणीय रह्यो । धेरै अप्ठ्यारो परिस्थितिमा पनि उहाँको कृयाशीलताबाट कोषले धेरै राहत महसुस गऱ्यो । साथै अन्य पदाधिकारीमा पूर्व उपाध्यक्ष पियारी थापा, सहसचिव विष्णु आले, उपाध्यक्ष डी.बी. थापा, पूर्व कोषाध्यक्ष पुनम पुन, बिमा जोल्मीलगायतका व्यक्तिहरूको योगदान न्बप को लागि ऐतिहासिक र निकै गौरवपूर्ण छ ।

संस्थापक सदस्य अनिल पुनको योगदान पनि त्यत्तिकै गर्विलो छ । उहाँको साथ–सहयोग र लगनशीलता नहुँदो हो त सायद GMAK यो स्थितिमा आउने थिएन होला । उहाँको अनवरत कृयाशीलताले हामीलाई ठुलो हौसला र प्रेरणा मिल्यो । उहाँको योगदानले नै GMAK को प्राण प्रतिष्ठापन गर्ने कार्य भयो । यसरी जिमाक अहिले जुन उचाइमा रहेर अगाडि बढिरहेको छ, यो उचाइ प्राप्तिमा संस्थाका पूर्व पदाधिकारीको निकै महत्त्वपूर्ण भूमिका छ । संस्थाको अध्यक्षको हैसियतले आफ्नो विशेष आलेखमार्फत संस्थाका सम्पूर्ण श्रद्धेय पूर्व पदाधिकारीज्यूप्रति हार्दिक आभार एवम् कृतज्ञता व्यक्त गर्दछु ।

**६. GMAK को केही कठिनाइमूलक वर्ष**

GMAK ले अहिलेसम्मको यात्राको दौरानमा अनेकौँ कठिनाइको सामना गर्नुपऱ्यो । विविध व्यक्तिबाट हामीले अनेकौँ आरोप, अवहेलना, असहयोग, घृणा आदि सहनुपऱ्यो । पूरै प्रतिकूल वातावरणमा GMAK को शैशवकाल गुज्रियो । सबै अप्ठ्यारो अवस्थासँग हामीले संयमताको साथ साहस, धैर्यता, अनुशासन, सेवा, पवित्रता, पारदर्शिता, निश्चलता र आत्मविश्वासको सहाराले यहाँ सम्मको यात्रा गर्न सक्षम भयौँ । नयाँपन र नयाँ उद्देश्यसहितको हाम्रो संस्थालाई हेर्ने दृटिकोण केही खोट्युक्त र निरपेक्ष भएपछि सो अवस्था आएको हाम्रो ठम्याइ हो तर पनि हामीले हाम्रो संस्थाको उद्देश्यमा अडिग रही संस्थालाई आफ्नो उद्देश्यबाट पछि हट्न र विसर्जनको बाटोतिर जानबाट धेरै सुझबुझको साथ कार्यसम्पादन गर्यौं ।

**७) TOV विजेताको कृति प्रकाशन**

TALENT OF VILLAGE (TOV) विविध संस्करणका विजेताको एक एकओटा कृति प्रकाशन गर्ने संस्थाको प्रावधान रहेको छ । त्यहीबमोजिम केही विजेताको कृति प्रकाशन भइसकेका छन् भने बाँकी विजेताको छिट्टै प्रकाशन हुने छ । पहिलो संस्करणमा गायन विधाका विजेता अनिता थापाको “नेपाली हुँ म”, दोस्रो संस्करण विजेता सुनिता पुनको “म त हजुर बागलुङकी छोरी”, चौथो संस्करणका विजेता सुगम थापाको “गोर्खाली हुँ म”, पाँचौँ संस्करण विजेता उषा पुनको “बतासैले उडायो” बोलका गीत प्रकाशन भइसकेका छन् ।

**८) GMAK को अहिलेसम्मका कार्य**

GMAK ले अहिलेसम्म थुप्रै कार्य सम्पन्न गरिसकेको छ, जसमध्ये मुख्य कार्यक्रम TOV अर्थात् “गाउँको प्रतिभा” हो । यो संस्थाको वार्षिक कार्यक्रम र प्रतिभाको निकै लोकप्रिय कार्यक्रम हो, जुन २०६७ सालदेखि निरन्तर रूपमा २०७६ सालसम्म सञ्चालन गरियो । TALENT OF VILLAGE (TOV) को दशौँ संस्करणसम्मको कार्यक्रम सकेर आफ्नो पहिलो अध्याय सम्पन्न गरिसकेको छ ।

केही वर्षपछि थप परिमार्जन र आकर्षणसहित अर्को अध्याय सुरु हुने छ, जसको मूल नारा “हाम्रो शान, प्रतिभाको संवर्द्धन” रहेको छ । गाउँका कुना कुनामा लुकेका, खुम्चेका, पहिचान नभएका तथा सुषुप्त अवस्थामा रहेका प्रतिभाको उजागर, पहिचान, संरक्षण र संवर्द्धनले हाम्रो शान बढाउँछ भन्ने यसको मूल मर्म हो । यस कार्यक्रममा गायन, नृत्य र साहित्यको गजल विधामा लगातार दश वर्षसम्म प्रत्यक्ष प्रतिस्पर्धा भए । तीनैओटा विधाका पहिलो विजेता नै सो संस्करणको TOV विजेता घोषित हुन्थ्यो । विजेतालाई ट्रफी,

खादा र सम्मानपत्रले विभुषित गरिन्थ्यो ।

विजेता आफ्नो विधामा लगातार ५ वर्ष सम्म सक्रिय रहेको अवस्थामा मात्रै कोषले उनीहरूको कृति प्रकाशन गरिदिने संस्थाको नियम थियो । सो प्रावधानअनुसार धेरै स्रष्टाका कृति प्रकाशन भइसकेका छन् । समाजमा बढेका सांस्कृतिक विकृतिलाई न्यूनीकरण गर्ने उद्देश्यानुरूप पनि सो कार्यक्रममा प्रस्तुत हुने गीत, नाच र वाचन हुने साहित्यिक सिर्जना कम्तीमा पनि सन्देशमूलक हुनुपर्ने नियमको कारण प्रतियोगीले विविध सन्देश र चेतना बोकेका गीतको माध्यमबाट आफ्ना प्रतिभा प्रस्तुत गर्दथे । गजल विधाको प्रतियोगीहरूले राष्ट्र र राष्ट्रियता तथा जनजीविकासँग जोडिएका महत्त्वपूर्ण सवालमा तयार गरिएका आफ्ना प्रतियोगी गजल प्रस्तुत गर्दथे ।

त्यतिबेला उक्त कार्यक्रममा देश र राष्ट्रियताको पक्षमा अनेकौँ स्रष्टाबाट विद्रोह र आक्रोशको परिवेश निर्माण हुन्थ्यो। प्रायः निर्णायकहरू सबै विधाका तीन तीन जनाजति हुने गर्दथे । कतिपय संस्करणमा हरेक प्रतियोगीको प्रस्तुतिपछि तत्काल प्रतिक्रिया दिने पनि गरिन्थ्यो। फलस्वरूप नयाँ प्रतिभालाई आफ्नो कमजोरी तत्काल जानकारी हुन्थ्यो र सुधार्ने मौका मिल्दथ्यो। कुनै संस्करण दुई चरणमा सम्पन्न हुन्थ्यो । पहिलो दिन प्रारम्भिक छनोट चरण र अर्को दिन फाइनल चरण । कार्यक्रम २ देखि ३ दिनसम्म चल्दथ्यो । कार्यक्रमा भाग लिने प्रतियोगीले ट्र्याक या लाइभ दुवै तरिकाबाट प्रस्तुति राख्न सक्ने व्यवस्था मिलाइएको हुन्थ्यो।

सो कार्यक्रम तङ्ग्रामका धेरै स्थानमा सम्पन्न भएको थियो । २०६७ सालमा TOV पहिलो संस्करण श्री धारा माविमा सम्पन्न गरेका थियौँ । २०६८ सालमा त्इख दोसो संस्करण मुखियाडाँडामा सम्पन्न गरेका थियौँ । २०६९ सालमा तेस्रो संस्करण नारायणी माविमा सम्पन्न गरेका थियौँ । २०७० सालमा पशुपति प्राविमा चौथो संस्करण सम्पन्न गरेका थियौँ। त्यस्तै, २०७१ सालमा पाँचौँ संस्करण नारायणी माविमा सम्पन्न गरेका थियौँ। २०७२ सालमा छैटौँ, २०७३ सालमा सातौँ र २०७४ सालमा आठौँ संस्करण धारा माविमा सम्पन्न गरेका थियौँ। २०७५ सालमा नवौँ र २०७६ सालमा दशौँ संस्करण तथा TOV को पहिलो अध्याय आफ्नै ठाउँ TOV मैदान काठेखोला–४ तङ्ग्राममा सम्पन्न गरेका थियौँ ।

GMAK को आफ्नो वार्षिक कार्यक्रम TALENT OF VILLAGE (TOV) मात्रै होइन, विभिन्न समयमा विविध प्रकारका कार्यक्रम सम्पन्न गर्दै आइरहेको छ । हामीले थुप्रैपटक साहित्यिक तथा साङ्गीतिक प्रशिक्षण सम्पन्न गरिसकेका छौँ, जसमध्य व्यवस्थित रूपमा २०७२ कार्तिक २ र ३ गते गणतन्त्र प्राविमा बृहत् प्रशिक्षण कार्यक्रमा सम्पन्न भएको थियो, जुन कार्यक्रममा टीकासङ्गम विक र मीन रानाले साहित्यको विविध विधामा प्रशिक्षण दिनुभएको थियो भने हेमराज आश्रमले कला, सङ्गीतको विषयमा प्रशिक्षण दिनुभएको थियो । उक्त दुईदिने प्रशिक्षण कार्यक्रममा ६० जनाभन्दा बढी प्रशिक्षार्थीको सहभागिता रहको थियो भने २०७४ केही अन्तरक्रियात्मक कार्यक्रम पनि सम्पन्न गरिसकेका छौँ ।

खेल क्षेत्रको विकास र प्रोत्साहनस्वरूप हामीले विभिन्न ठाउँमा आयोजना हुने खेल प्रतियोगितामा जिमाकको तर्फबाट खेलाडीलाई सहभागी बनाउने कार्य पनि गर्दै आएका छौँ । यसका साथै विविध सामाजिक कार्यमा पनि हामीले क्रियाशीलता देखाउँदै आएका छौँ। कहिले पदमार्ग खन्ने तथा मर्मत गर्ने, विभिन्न जटिल र खर्चिलो प्रकारका बिरामीलाई आर्थिक सहयोग गर्ने काम पनि गर्दै आएको छौँ । सनातन परम्परालाई जगेर्ना गर्ने हेतुले दसैँ जस्ता चाडमा चर्खेपिङ (चमम्चा), लोठेपिङ (लिङ्गेपिङ) बनाउने काम पनि हाम्रै सक्रियतामा गर्दै आइरहेका छौँ । TOV विजेताहरू विभिन्न रियालिटी सोमा प्रतिस्पर्धा गरिरहँदा उनीहरूका लागि हौसला र प्रोत्साहनस्वरूप प्रचार प्रसार र भोटिङ कार्यमा पनि सहयोग गर्दै आएका छौँ ।

स्थापनापछिका वर्षमा GMAK ले विभिन्न शुभचिन्तकवाट प्रदान भएको आर्थिक स्रोतबाट विविध योजना सम्पन्न गरिसकेको छ; जस्तै– साउन्ड सिस्टम खरिदसम्बन्धी पञ्चवर्षीय योजना सम्पन्न भएको छ, जसमा झन्डै १२ लाख बराबरको विभिन्न किसिमका साउन्ड सिस्टम, टेन्ट, पर्दा, सांस्कृतिक पोसाक, लाइट्स तथा अन्य भौतिक सामग्री खरिद गर्ने काम सम्पन्न भएका छन। त्यसको विस्तृत विवरण पछिको छुट्टै शीर्षकमा दिइएको छ।

त्यस्तै, भवन निर्माण, कार्यक्रम स्थल, खेलमैदानको लागि भनेर झन्डै तीन रोपनी जग्गा खरिद गरिसकिएको छ। त्यस ठाउँमा हामीले दुईतले पक्की भवन पनि निर्माण गरिसकेका छौँ। १८ फिट लम्बाइ र ९ फिट चौडाइ, अनि २ तलाको उक्त भवनलाई कोषको कार्यालय, प्रशिक्षण हल

तथा कार्यक्रम मञ्चको रूपमा प्रयोग गरिरहेका छौँ ।

TOV मैदानमा २०७५ सालमा ८ फिट उचाइको स्तम्भ बनाएर त्यसमाथि ३ फिट लम्बाइ र सवा फिट मोटाइको मादलको प्रतिमा पनि बनाइएको छ। त्यसमा बालुवा, गिटी, सिमेन्ट, ढुङगा, फलाम आदिको प्रयोग गरिएको छ। बन्दै गइरहेको दुईतले भवनको पूर्णताको निम्ति जिमाकले २०७६ कार्तिक ७ देखि १३ गतेसम्म विशाल देउसीभैलो कार्यक्रम सञ्चालन गरेको थियो । ७ दिनसम्म चलेको देउसीभैलो कार्यक्रम बागलुङ बजारबाट सुरु भई बागलुङ बजारका विभिन्न ठाउँ अक्षेते, डुडिया, तङ्ग्रामका विभिन्न ठाउँ, धम्जाका विविध ठाउँ हुदै पुनः तङ्ग्राममै आएर समापन भएको थियो।

हालै मात्र गण्डकी सरकारको केही सहयोगमा २८० केजीको नेपालकै ठुलो नगरा निर्माण गरिसकेका छौँ । स्थानीय कालीगढको सिप र कौशल तथा सनातन विधि र पद्धति अर्थात् आरन प्रयोग गरेर उक्त नगरा निर्माण गरिएको थियो । सो नगरामा २२२ केजी तामा, २० केजी फलाम र ४५ केजी छालाको प्रयोग भएको छ। नगरा निर्माणका मुख्य कालीगढ श्री रविलाल विश्वकर्माको नेतृत्वमा आरनसम्बन्धी रविलाल विकसहित जरसिंह विश्वकर्मा, नरहरि थापा, पूर्णबहादुर पुन, अनिल पुन, जितबहादुर थापा, गोविन्द थापा, गणेश जोल्मी, भीम पुन, नेत्र पुन, मोहन सुनार, विष्णु पुन, प्रेम पुनलगायत अन्य थुप्रै व्यक्तिको संग्लग्नता रहेको थियो भने छालासम्बन्धी काममा लालबहादुर किसान, जगबहादुर दर्जी र सरबहादुर दर्जीको मुख्य भूमिका रहेको थियो, जुन नगरा अब बन्ने सांस्कृतिक सङ्ग्रहालयमा राखिने छ।

### ९) संस्थाको आर्थिक गतिविधि

मूलतः अक्षयकोषको मुख्य आम्दानी भनेकै मूलधनबाट प्राप्त ब्याज नै हो । माथि उद्देश्यमा उल्लेख गरिए जस्तै गाउँमैत्री अक्षयकोषको उद्देश्य अन्य अक्षयकोषको तुलनामा पृथक् र बृहत् भएका कारणले हामीलाई मूलधनको ब्याजबाट प्राप्त आय धेरै नै अपर्याप्त हुन गयो । हामीले तय गरेका कार्यक्रमको प्रकृति साङ्गीतिक र साहित्यिक भएकाले यी कार्यक्रम सम्पन्न गर्न धेरै जटिल र खर्चिलो हुने भयो । प्राविधिक दृष्टिले पनि कठिन र कार्यक्रमले लिने समय पनि लामो भएकाले हामीलाई अन्य थप आयस्रोतको पनि आवश्यकता महसुस हुन गयो ।

२०६८ सालमा बागलुङ जिल्ला प्रशासन कार्यालयमा दर्ता भएसँगै गाउँमैत्री अक्षयकोष गैरसरकारी संस्थाको रूपमा रूपान्तरित भयो । संस्थाको विधानमा उल्लेख भएअनुसार कोषले सञ्चालन गर्ने कार्यक्रम तथा अन्य अभियानप्रति सहानुभूतिको भावले प्राप्त हुने सहयोग रकम निःशर्त स्वीकार गरिदै आइएको छ । हाम्रा शुभचिन्तक तथा सहयोगीको अनुपम माया तथा सद्भावको परिणामस्वरूप हामीलाई सहयोग प्राप्त हुँदै गए । सोही आधारमा हामीले TOV पहिलोदेखि दशौँ संस्करणसम्मको कार्यक्रम सम्पन्न गर्‍यौँ । साउन्ड सिस्टम खरिदसम्बन्धी पञ्चवर्षीय योजना सम्पन्न गर्‍यौँ । २०७५ सालमा जग्गा खरिदसम्बन्धी योजना सम्पन्न गर्‍यौँ । २०७६ सालमा दुईतले पक्की भवन निर्माण कार्य सुरु गरी २०७८ असारमा सम्पन्न गर्‍यौँ । यीबाहेक हामीले टेन्ट, पर्दा, लाइट, पोसाक, विविध वाद्ययन्त्र खरिद गर्न सक्षम भयौँ ।

हामीले सम्पन्न गरेका विविध योजनाहरू; जस्तै– TALENT OF VILLAGE (TOV) पहिलोदेखि दशौँ संस्करण, साउन्ड सिस्टम खरिद, विविध जिन्सी सामग्री तथा वाद्ययन्त्र खरिद, करिब ३ रोपनी जग्गा खरिद, TOV विजेताको कृति प्रकाशन, कार्यालय भवन निर्माण तथा अन्य विविध कार्यक्रम र गतिविधि सम्पन्न गर्दा रु २५,००,०००।– (अक्षरेपि पच्चिस लाख) भन्दा बढी धनराशि खर्च भएको छ।

यी सम्पूर्ण आर्थिक सङ्कलनका मुख्य सोत हाम्रा शुभचिन्तक नै हुन् । हामीप्रति अगाध माया र विश्वासको खातिर जे जति सहयोग प्राप्त भए सो सहयोग एक पुण्य र पवित्र कार्यका लागि खर्च भएका छन् । सहयोगीको हामीप्रतिको आशा र भरोसारूपी भावनालाई मर्न नदिन हामी अहोरात्र र निरन्तर रूपमा कोषको उद्देश्य पूरा गर्न कृयाशील छौँ । पवित्र भावनाले सोचेको र गरेको हरेक कार्य पूरा हुन्छन् भन्ने सनातनी मान्यतालाई आत्मसात गर्दै हामीले जुन कार्यको परिकल्पना गर्‍यौँ, सो सफल भइरहनुलाई हामीप्रति आम जनताको भरोसाको प्रतिकको रूपमा हेरेका छौँ ।

हामीले विभिन्न वर्षमा आर्थिक अभियानस्वरूप विभिन्न कार्य तथा अभियान सम्पन्न गरेका छौँ । २०७४ सालमा जग्गा खरिदका निम्तिको बृहत् आर्थिक अभियान सम्पन्न गरेको थियौँ । २०७६ सालमा कार्यालय भवन निर्माणको लागि देउसीभैलो सम्पन्न गरेको थियौँ । यीबाहेक हामीले आर्थिक स्रोत जुटाउनका लागि मोहनविक्रम सिंहद्वारा

लिखित तथा श्रद्धेय स्रष्टा टीकासङ्गम विक अभिनित चलचित्र "फागुन २४" को प्रदर्शन गरेका थियौं। सो प्रदर्शन बागलुङ बजारस्थित कालीगण्डकी चलचित्र हलमा र TOV मैदान तङ्ग्राममा सम्पन्न भएको थियो । यीबाहेक हरेक वर्षमा हुने TALENT OF VILLAGE (TOV) मा पनि हामीलाई विविध व्यक्तित्ववाट सहयोग प्राप्त भई नै रहन्थ्यो । सहयोगदाताको आँकडानुसार आधाजति सहयोगी बागलुङभन्दा भिन्न जिल्लाका हुनुहुन्छ भने बाँकी आधामध्य अधिकांश हाम्रो गाउँ तङ्ग्रामका हुनुहुन्छ। बाँकी तङ्ग्रामबाहेकका अन्य गाउँपालिका तथा नगरपालिकाका हुनुहुन्छ।

विविध योजना सम्पन्न गरिरहँदा हाल हामीले केही ऋणभार वहन गरिरहेका छौँ। करिब चार लाखजतिको ऋणभार रहेको छ भने करिब पाँच लाखभन्दा बढी आर्थिक सहयोगदाताको भुक्तानी गर्न बाँकी रहेको छ । कोषको मूलधन रु १,२०,०००।– बाट प्राप्त हुने वार्षिक ब्याज, साउन्ड सिस्टम तथा अन्य सामग्री भाडामा प्रयोग भएबापतका शुल्क हाम्रो नियमित आम्दानीका स्रोत हुन । हालै मात्र हामीले अन्तर्राष्ट्रिय स्तरको सांस्कृतिक सङ्ग्रहालय भवन निर्माणका लागि अर्को जग्गा व्यवस्थापन गर्नुपर्ने भएकाले दोस्रो आर्थिक अभियानको थालनी गरेको छौँ।

**१०) भावी योजना**

कोषका केही बृहत् योजना छन्, जसका निम्ति निरन्तर कार्य भइरहेका छन्। त्यसमध्य निम्न योजनालाई हामीले केन्द्रविन्दुमा राखेर कार्य गरेका छौँ :

**क) सांस्कृतिक सङ्ग्रहालय भवनका लागि छुट्टै जग्गाको व्यवस्थापन**

बृहत् सङ्ग्रहालय भवन निर्माणका लागि अहिलेको भन्दा अलग छुट्टै जग्गा व्यवस्थापन गर्ने लक्ष्यानुरूप काम भइरहेको छ। यो काम हामी छिट्टै सम्पन्न गर्ने छौँ। फराकिलो र अन्तर्राष्ट्रिय स्तरको सङ्ग्रहालय बनाउने योजनाबमोजिम हामीलाई फराकिलो जग्गाको आवश्यकता पर्न गएको हो।

**ख) अन्तर्राष्ट्रिय स्तरको सांस्कृतिक संजग्रहालय**

आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गर्ने साथै पुरातात्विक साजबाजको जगेर्ना र सङ्गृहित गर्ने उद्देश्यसहित हाम्रो भावी योजनामा अन्तर्राष्ट्रिय स्तरको सांस्कृतिक सङ्ग्रहालय निर्माण गर्ने काम पहिलो प्राथमिकतामा छ। उक्त सङ्ग्रहालयमा विश्वका सम्पूर्ण देशको एक एकओटा प्रतिनिधिमूलक लोक वाद्ययन्त्र र नेपालका सम्पूर्ण लोक वाद्यवादन सङ्गृहित हुने छन् । यो कार्यका लागि विभिन्न वाद्ययन्त्रको सङ्कलन, खोज तथा अनुसन्धान भइरहेका छन् भने कतिपय दुई दर्जनभन्दा बढी नेपाली बाजा सङ्कलन तथा व्यवस्थापन गरिसकेका छौँ।

**ग) TOV को दोस्रो अध्याय**

२०६७ सालवाट सुरु भई २०७६ सालमा दशौँ संस्करणसहित अन्त्य भएको TALENT OF VILLAGE (TOV) को अर्को अध्याय बदलिँदो समयानुसारको फरक शैलीमा केही नयाँ परिमार्जनसहित केही वर्षपछि सुरु गर्ने छौँ। हालको केही वर्ष सङ्ग्रहालय निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने भएकाले यो कार्यको समाप्तिसँगै TOV को दोस्रो अध्याय सुरु हुने छ।

**११ ) विविध**

हामीले आउदा दिनमा थप अन्य विभिन्न किसिमका योजना सञ्चालन तथा सम्पन्न गर्ने योजना बनाएका छौँ; जस्तै– साहित्य तथा सङ्गीतको विषयमा विभिन्न प्रशिक्षण, कार्यशाला, गोष्ठी आदि कार्यक्रम गर्ने, विभिन्न अन्तरक्रियात्मक कार्यक्रम गर्ने, बाँकी रहेका TOV विजेताका कृति प्रकाशन गर्ने, आदि।

अन्तमा, हामी यो कुरामा जोड दिन्छौँ कि हामी सामाजिक प्राणी भएकाले समुन्नत र सभ्य समाज निर्माणमा हामी सबैले आआफ्नो क्षेत्रबाट योगदान दिन आवश्यक छ। हाम्रा दुई प्रकारका जीवन छन् : निजी र सामाजिक। निजी जीवनले उसको व्यक्तिगत जीवनको मात्र सेवा गर्दछ भने सामाजिक जीवनले समग्र समाजको। त्यसैले हामीले दुवै प्रकारको जीवन समान रूपले जिउनुपर्दछ।

राष्ट्र अनेकन् विविध पक्षको एक रूप हो, जसमध्ये कला, साहित्य र सङ्गीत महत्त्वपूर्ण र गहन पक्ष हो। योसँग मानवजातिको सिङ्गो संस्कार र संस्कृति जोडिएको हुन्छ। यी सबै राज्यको महत्त्वपूर्ण निधि हुन्। यो पक्षको समुचित विकास, संरक्षण, संवर्द्धन र रूपान्तरण आजको आवश्यकता हो । त्यसैले हामीले जुन विषयको उत्थान गर्ने प्रयास गरिरहेका छौँ।

जिमाक यहाँहरूको आफ्नै संस्था हो । भोलिका दिनमा संस्थालाई कस्तो बनाउने भन्ने सवालमा यहाँहरूको साथ–सहयोग र भूमिकाको अत्यन्तै महत्त्व रहन्छ । आगामी दिनमा यहाँहरूबाट सबै पक्षमा साथ–सहयोग तथा सुझाव–सल्लाहको अपेक्षा गर्दछौँ। धन्यवाद।★

# जिमाक GMAK का उल्लेखनीय कार्यहरू

TALENT OF VILLAGE (TOV) **कार्यक्रम**

GMAK ले अहिलेसम्म थुप्रै कार्यक्रम सम्पन्न गरिसकेको छ, जसमध्ये मुख्य कार्यक्रम TOV अर्थात् गाउँको प्रतिभा हो। यो संस्थाको वार्षिक कार्यक्रम र प्रतिभाहरूको निकै लोकप्रिय कार्यक्रम हो, जुन २०६७ सालदेखि निरन्तर २०७६ सालसम्म सञ्चालन गरियो।

TALENT OF VILLAGE (TOV) को दशौँ संस्करणसम्मको कार्यक्रम सकेर आफ्नो पहिलो अध्याय सम्पन्न गरिसकेको छ। केही वर्षपछि थप परिमार्जन र आकर्षणसहित अर्को अध्याय सुरु हुने छ, जसको मूल नारा "हाम्रो सान, प्रतिभाको संवर्द्धन" रहेको छ। गाउँका कुना कुनामा लुकेका, खुम्चेका, पहिचान नभएका तथा सुषुप्त अवस्थामा रहेका प्रतिभाको उजागर, पहिचान, संरक्षण र संवर्द्धनले हाम्रो सान बढाउँछ भन्ने यसको मूल मर्म हो।

यस कार्यक्रममा गायन, नृत्य र साहित्यको गजल विधामा लगातार दश वर्षसम्म प्रत्यक्ष प्रतिस्पर्धा भए। तीनैओटा विधाका पहिलो विजेता नै सो संस्करणको TOV विजेता घोषित हुन्थ्यो। विजेताहरूलाई ट्रफी, खादा र सम्मानपत्रले विभुषित गरिन्थ्यो। विजेता आफ्नो विधामा लगातार पाँच वर्षसम्म सक्रिय रहेको अवस्थामा मात्रै





कोषले उनीहरूको कृति प्रकाशन गरिदिने संस्थाको नियम थियो। सो प्रावधानअनुसार धेरै स्रष्टाहरूको कृति प्रकाशन भइसकेका छन्।

समाजमा बढेका सांस्कृतिक विकृतिलाई न्यूनीकरण गर्ने उद्देश्यानुरूप पनि सो कार्यक्रममा प्रस्तुत हुने गीत, नाच र वाचन हुने साहित्यिक सिर्जना कम्तीमा पनि सन्देशमूलक हुनुपर्ने नियमका कारण प्रतियोगीले विविध सन्देश र चेतना बोकेका गीतको माध्यमबाट आफ्ना प्रतिभा प्रस्तुत गर्दथे। गजल विधाको प्रतियोगीले राष्ट्र र राष्ट्रियता तथा जनजीविकासँग जोडिएका महत्त्वपूर्ण सवालमा तयार गरिएका आफ्ना प्रतियोगी गजल प्रस्तुत गर्दथे। त्यतिबेला उक्त कार्यक्रममा देश र राष्ट्रियताको पक्षमा अनेकौँ स्रष्टाबाट विद्रोह र आक्रोशको परिवेश निर्माण हुन्थ्यो। प्रायः निर्णायकहरू सबै विधाका तीन तीन जनाजति हुने गर्दथे। कतिपय संस्करणमा हरेक प्रतियोगीको प्रस्तुतिपछि तत्काल प्रतिक्रियाहरू दिने पनि गरिन्थ्यो। फलस्वरूप नयाँ प्रतिभालाई आफ्नो कमजोरी तत्काल जानकारी हुन्थ्यो र सुधार्ने मौका मिल्दथ्यो।

कुनै संस्करण दुई चरणमा सम्पन्न हुन्थ्यो। पहिलो दिन प्रारम्भिक छनोट चरण र अर्को दिन फाइनल चरण। कार्यक्रम दुईदेखि तीन दिनसम्म चल्दथ्यो।

कार्यक्रममा भाग लिने प्रतियोगीले ट्र्याक या लाइभ दुवै तरिकाबाट प्रस्तुति राख्न सक्ने व्यवस्था मिलाइएको हुन्थ्यो।


सो कार्यक्रम तङ्ग्रामका धेरै स्थानमा सम्पन्न भएको थियो। २०६७ सालमा त्यख पहिलो संस्करण श्री धारा माविमा सम्पन्न गरेका थियौँ। २०६८ सालमा TOV दोसो संस्करण मुखियाडाँडामा सम्पन्न गरेका थियौँ। २०६९ सालमा तेस्रो संस्करण नारायणी माविमा सम्पन्न गरेका थियौँ। २०७० सालमा पशुपति प्राविमा चौथो संस्करण सम्पन्न गरेको थियौँ। त्यस्तै, २०७१ सालमा पाँचौँ संस्करण नारायणी माविमा सम्पन्न गरेको थियौँ।

२०७२ सालमा छैटौँ, २०७३ सालमा सातौँ र २०७४ सालमा आठौँ संस्करण धारा माविमा सम्पन्न गरेका थियौँ। २०७५ सालमा नवौँ र २०७६ सालमा दशौँ सस्करण तथा त्यख को पहिलो अध्याय आफ्नै ठाउँ TOV मैदान काठेखोला-४ तङ्ग्राममा सम्पन्न गरेका थियौँ।

## साउन्ड सिस्टम खरिदसम्बन्धी पञ्चवर्षीय योजना (२०६८)

जिमाकको कार्यक्रम सङ्गीतप्रधान कार्यक्रम भएकाले कार्यक्रमको उच्च प्रभावकारिताका लागि राम्रो प्रकारको व्यवस्थित साउन्ड सिस्टम आवश्यकता पर्दथ्यो । सो सम्बन्धमा साउन्ड सिस्टम खरिदसम्बन्धी पञ्चवर्षीय योजना बनाएर कार्यको थालनी गरिएको थियो, जुन योजना २०६७ सालबाट सुरु भई एक वर्षअगावै २०७१ सालमा सम्पन्न भएको थियो। विभिन्न शुभचिन्तकद्वारा प्रदान भएको आर्थिक सहयोगबाट उक्त योजना सम्पन्न गरिएको थियो, जसमा झन्डै १२ लाखबराबरको विभिन्न किसिमका साउन्ड सिस्टम, टेन्ट, पर्दा, सांस्कृतिक पोसाक, लाइट्स तथा अन्य भौतिक सामग्री खरिद गर्ने काम सम्पन्न भएका छन्। ठुलो, मध्यम र सानो गरी तीन किसिमका माइकको व्यवस्थापन गरिसकिएको छ, जसलाई विभिन्न ठाउँमा आयोजना हुने कार्यक्रमका लागि भाडामा उपलब्ध गराइदै आइएको छ।




## साहित्यिक तथा साङ्गीतिक प्रशिक्षण कार्यक्रम (२०७२)

GMAK को आफ्नो वार्षिक कार्यक्रम TALENT OF VILLAGE (TOV) मात्रै होइन, विभिन्न समयमा विविध प्रकारका कार्यक्रम सम्पन्न गर्दै आइरहेको छ । हामीले थुप्रैपटक साहित्यिक तथा साङ्गीतिक प्रशिक्षण सम्पन्न गरिसकेका छौँ, जसमध्ये व्यवस्थित रूपमा २०७२ कात्तिक २ र ३ गते गणतन्त्र प्रावि तङ्ग्राममा बृहत् साहित्यिक एवम्





साङ्गीतिक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको थियो, जुन कार्यक्रममा युवा साहित्यकारद्वय टीकासङ्गम विक र मीन रानाले कविता, गजल, मुक्तक, हाइकुलगायत साहित्यको विविध विधामा प्रशिक्षण दिनुभएको थियो। त्यस्तै, संस्थाका अध्यक्ष एवम संरक्षक हेमराज आश्रमले कला, सङ्गीतको विषयसँगै गायन विधामा प्रशिक्षण दिनुभएको थियो।

उक्त दुईदिने प्रशिक्षण कार्यक्रममा ६० जनाभन्दा बढी प्रशिक्षार्थीको सहभागिता रहेको थियो । साथै सोही कार्यक्रमसँगै विभिन्न समयमा गण्डकी प्रदेशका सांसद माननीय पियारी थापा, कुशल नृत्यकार कमल रानालगायतका व्यक्तिले नृत्यसम्बन्धी प्रशिक्षण पनि दिनुभएको थियो।

## विविध विषयमा अन्तरक्रिया तथा सम्मान कार्यक्रम (२०७२)

गाउँमैत्री अक्षयकोष जिमाकको आयोजनामा विभिन्न समयमा विभिन्न विषयमा अन्तर्क्रियात्मक कार्यक्रम पनि सम्पन्न गर्दै आएका छौ । यसअन्तर्गत २०७४ फाल्गुन १९ गते सङ्गीत लाइब्रेरी भवन निर्माणको विषयमा स्थानीय समाजसेवी, सामाजिक अगुवा, शिक्षक, आमा समूहका






प्रतिनिधि र गाउँमैत्री अक्षयकोषका पदाधिकारीको बिचमा एक बृहत् अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । काठेखोला गाउँपालिका वडा नं. ४ तङ्ग्रामस्थित चन्द्र प्राथमिक विद्यालयको प्राङ्गणमा सम्पन्न गरिएको उक्त अन्तरक्रियामा सङ्गीत लाइब्रेरी निर्माणको विषयमा गहन छलफल गरिएको थियो। झन्डै ६० जनाभन्दा बढी सामाजिक व्यक्तित्वको उपस्थिति रहेको सो कार्यक्रममा संस्थालाई रु. २,००,०००।– अक्षरेपि दुई लाख रुपियाँ आर्थिक सहयोग गर्नुहुने तीन जना सहयोगदातामध्ये काठेखोला गाउँपालिका वडा नं. ४ साविक तङ्ग्राम–३ निवासी केशर थापा, नरबहादुर पुन र अशोक पुनको परिवारका सदस्यलाई आकर्षक सम्मानपत्र, दोसल्ला, अबिर र फूलमालाले सम्मानसमेत गरिएको थियो।

## जिमाकद्वारा सञ्चालित गरिएको देउसीभैलो कार्यक्रम (२०७६)

निर्माणाधीन जिमाकको दुईतले भवन पूर्णताको निम्ति संस्थाले २०७६ कात्तिक ७ देखि १३ गतेसम्म बृहत् देउसीभैलो कार्यक्रम सञ्चालन गरेको थियो। सात दिनसम्म सञ्चालन भएको देउसीभैलो कार्यक्रम बागलुङ बजारवाट सुरु भई बाग्लुङ बजारका विभिन्न ठाउँ, अक्षेते, डुडियाँ, तङ्ग्रामका विभिन्न ठाउँ, धम्जाका विभिन्न ठाउँ हुदै पुनः तङ्ग्राममै आएर समापन भएको थियो। देउसीभैलोको नेतृत्व संस्थाका अध्यक्ष एवम् संरक्षक हेमराज आश्रम, संरक्षक पियारी थापा, सचिव सुकमाया पुन र सदस्य अनिल पुनले






नेतृत्व गर्नुभएको थियो । सात दिनसम्म सञ्चालन भएको देउसीभैलो कार्यक्रमको टोलीमा हेमराज आश्रम, माया थापा, पियारी थापा, सुकमाया पुन, अनिल पुन, खगेन्द्र पाइजा, यामदीप थापा, दीपक थापा, शङ्कर परियार, विष्णु पुन, प्रविणा थापा, रोजन गोले, सिर्जना थापा, जेनिसा थापा, रेणु पुन, साहिल थापा, आशु रोकामगर, बिपना थापामगर, सोम पुन, रुपी पुनलगायतको सहभागिता रहेको थियो। देउसीभैलो कार्यक्रममार्फत् रु. ६,५०,०००।– अक्षरेपि छ लाख पचास हजार रुपियाँ सङ्कलन भएको थियो ।

## संस्थाको जग्गा खरिद

काठेखोला गाउँपालिका वडा नं. ४ तङ्ग्राम काफलबोट निवासी लाटी पुनको नाममा रहेको काठेखोला गाउँपालिका वडा नं. ४ तङ्ग्राम काफलबोटस्थित कि.नं. २४, क्षेत्रफल ३–३–१–० रहेको जग्गा गाउँमैत्री अक्षयकोषले भवन तथा खेलमैदान निर्माणार्थ खरिद गरेको थियो । उक्त जग्गाको बैनापत्र २०७४ असोज ९ गते गरिएको थियो भने २०७५ असार १५ गते पूरा रकम भुक्तानी गरी २०७६ पुस ९ गते गाउँमैत्री अक्षयकोष काठेखोला–४ तङ्ग्रामको नाममा पास गरिएको थियो । सो जग्गा रु. ७,५०,०००।– अक्षरेपि सात लाख पचास हजार रुपियाँमा खरिद गरिएको थियो भने पूर्व सहमतिअनुसार सोसम्बन्धी लाग्ने सम्पूर्ण प्रशासनिक खर्च





पनि संस्थाले ब्यहोरेको थियो । जग्गा खरिद गर्दा संस्थाले स्वदेश तथा विदेशमा रहेका शुभचिन्तकबाट आर्थिक सहयोग जुटाएको थियो ।  सो जग्गामा २०७५ कार्तिक ६ र ७ गते TOV नवौँ संस्करणको सम्पूर्ण कार्यक्रम सम्पन्न गरिसकेपछि संस्थाका हरेक कार्यक्रम तथा अन्य गतिविधि सोही जग्गामा हुँदै आइरहेको छ । सो जग्गामा हालसम्म संस्थाको दुईतले भवन र मादलको प्रतिमा पनि निर्माण गरिसकिएको छ।

## गोरेटो बाटो निर्माण तथा मर्मत सम्भार

साहित्य, कला र सङ्गीत क्षेत्रको सेवा, संरक्षण एवम् संवर्द्धनसँगै सामाजिक विकासमा पनि जिमाकले हातेमालो गर्दै आएको छ। समाज विकासको यात्रामा आफ्नो उपस्थिति जनाउँदै २०७५ असोज १५ र १६ गते गोरेटो बाटो निर्माण तथा मर्मत गरेको थियो । आफ्नै कार्यक्षेत्र रहेको काठेखोला गाउँपालिका वडा नं. ४ तङ्ग्रामको उर्लिकाङदेखि रदुवासम्म, पोम्दीदेखि काफलबोट हुँदै नयाँघरसम्म, कालीमाटीदेखि काफलबोटसम्म, काफलबोटदेखि कुसुत्तेखोलासम्मको गोरेटो बाटो र चन्द्र प्रावि जाने गोरेटो बाटो निर्माण तथा मर्मत गरिएको थियो । गाउँमैत्री अक्षयकोषको आयोजना र अगुवाइमा काठेखोला गाउँपालिकाको आर्थिक सहयोग र स्थानीय जनताको सहभागितामा उक्त बाटो निर्माण गरिएको हो । स्मरण रहोस्, उक्त गोरेटो बाटो निर्माण तथा मर्मतका





लागि काठेखोला गाउँपालिकाबाट रु. ९०,०००।– अक्षरेपि नब्बे हजार रुपियाँको बजेट विनियोजन भएको थियो ।

## लोकबाजाको प्रतिकको रूपमा मादलको प्रतिमा निर्माण

TOV मैदानमा आठ फिट उचाइको स्तम्भ बनाएर त्यसमाथि तीन फिट लम्बाइ र सवाफिट मोटाइको मादलको प्रतिमा बनाइएको छ। लोकबाजाको साङ्केतिक अर्थ दिने गरी निर्माण गरिएको उक्त मादलको प्रतिमामा बालुवा, गिटी, सिमेन्ट, ढुङ्गा, फलाम आदिको प्रयोग गरिएको छ। २०७५ असोज २८ गते सुरु गरी झन्डै १० दिनमा उक्त मादलको प्रतिमा निर्माण गरिएको हो । मनबहादुर थापा, अनिल पुन,







२०७८ असारमा सम्पन्न गरिएको उक्त भवनलाई हाल कोषको कार्यालय, प्रशिक्षण हल तथा स्टेजको रूपमा प्रयोग गरिएको छ । गण्डकी प्रदेश सरकारको ४ लाख सहयोग र संस्थाको आन्तरिक श्रोतबाट ४ लाख गरी जम्मा ८ लाख रुपियाँमा उक्त भवन निर्माण गरिएको हो । भवन निर्माण गर्दा संस्थाले स्वदेश तथा विदेशमा रहेका संस्थाका शुभचिन्तकबाट आर्थिक सहयोग जुटाउने कार्य गरेको थियो ।

## नेपालकै ठूलो नगरा निर्माण

आफ्नो संस्था, वडा र गाउँपालिकालाई मात्र होइन, सिङ्गो बागलुङ जिल्लालाई नै चिनारी र पहिचान दिने

विनोद पुन, जितबहादुर थापा, गणेश जोल्मी र दीपक पुनलगायतका स्थानीय व्यक्तिद्वारा उक्त मादलको प्रतिमा निर्माण गरिएको थियो ।

## कार्यालय भवन निर्माण

गाउँमैत्री अक्षयकोष जिमाकद्वारा आफ्नै जग्गामा दुईतले पक्की भवन पनि निर्माण गरिएको छ । काठेखोला गाउँपालिका वडा नं. ४ तङ्ग्राम काफलबोटमा निर्माण गरिएको उक्त भवनको १८ फिट लम्बाइ र ९ फिट चौडाइ रहेको छ । २०७६ असोज १ गते बुधबार शिलन्यास गरी







गरी गाउँमैत्री अक्षयकोष जिमाकद्वारा नेपालकै ठुलो नगरा निर्माण गरिएको छ। २८० केजीको तौल रहेको उक्त नगरा निर्माणका लागि गण्डकी प्रदेश सरकारले आर्थिक सहयोग गरेको थियो।

स्थानीय कालीगढको सिप र कौशल तथा परम्परागत विधि र पद्धति अर्थात् आरन प्रयोग गरेर उक्त नगरा निर्माण गरिएको हो। उक्त नगरामा २२२ केजी तामा, २० केजी फलाम र ४५ केजी छालाको प्रयोग भएको छ। नेपालकै ठुलो नगरा निर्माणका मुख्य कालीगढ श्री रविलाल विश्वकर्माज्यूको नेतृत्वमा तामाको काममा रविलाल विकसहित जरसिंह विश्वकर्मा, नरहरि थापा, पूर्णबहादुर पुन, अनिल पुन, दिलबहादुर पुन, जितबहादुर थापा, गोविन्द थापा, गणेश जोल्मी, भीम पुन, नेत्र पुन, मोहन सुनार, विष्णु पुन, प्रेम पुनलगायत अन्य थुप्रै व्यक्तिहरूको संग्लग्नता रहेको थियो भने छालासम्बन्धी काममा लालबहादुर किसान, जगबहादुर दर्जी, सरबहादुर दर्जी र मनबहादुर थापाको मुख्य भूमिका रहेको थियो।

२०७८ असार ११ गतेदेखि असार २८ गतेसम्म गरी जम्मा १८ दिन लगाएर निर्माण गरिएको उक्त नगरा हालसम्म १,२०० जनाभन्दा बढी आन्तरिक पर्यटकले अवलोकन गरिसकेका छन्। झन्डै ५ लाख ५० हजार रुपियाँको लगानीमा निर्माण गरिएको उक्त नगरा नेपालको सबैभन्दा ठुलो नगरा हो भने उक्त नगरालाई विश्वकै ठुलो नगरा दाबी गर्ने विषयमा पनि अध्ययन–अनुसन्धान गर्ने काम भइरहेको छ।

हाल सङ्ग्रहालयको आफ्नै भवनमा राखिएको उक्त नगरा अब बन्ने सांस्कृतिक सङ्ग्रहालयमा राखिने छ। साथै नगरा कहिले बजाउने, कुन चार्डमा बजाउने भन्ने विषयमा विज्ञ व्यक्ति तथा संस्कृतिविदसँग परामर्श भइरहेको छ।

### TOV **विजेताहरूको कृति प्रकाशन**

**१.** GMAK को नियमित कार्यक्रम TOV विजेताहरूको कृति प्रकाशन गर्ने काम सम्पन्न भएको छ। तीमध्ये अनिता थापाको "नेपाली हुँ म" Talent of Village (ToV) विजेता अनिता थापा, जो काठेखोला–३ धम्जा निवासी हुनुहुन्छ, उहाँको कृति "नेपाली हुँ म" २०७२ सालमा प्रकाशन भएको थियो। त्यसमा स्वर अनिता थापाको रहेको छ भने शब्द, सङ्गीत र एरेन्ज हेमराज आश्रमको रहेको छ, जुन नेपालीपनलाई मुख्य विषयवस्तुको रूपमा लिँदै राष्ट्रिय भावमूलक चेतनासहितको राष्ट्रिय गीत थियो त्यो। त्यसको विमोचन TOV प्रमुख अतिथि रक्तिम सांस्कृतिक अभियानका महासचिव नारायण योगीको हातबाट भएको थियो। गीतको शब्द यस्तो छ :



*नेपाली हुँ म...*
*नेपाली हुँ म नेपालकी छोरी*
*हिमाल, पहाड, तराई डुल्छु छहराछहरी*
*यो देश मेरो हो, यो देश मेरो हो।*

*हिमाल हेऱ्यो हिमालै राम्रो*
*पहाड हेऱ्यो पहाड झन् राम्रो*
*तराईका फाँट राम्रो, पूर्व राम्रो पश्चिम राम्रो*
*सबभन्दा धेरै नेपालीको जातै राम्रो।*

*सयौँ छन् जाति भाषा र भाषी*
*मिलेका हामी जाति जनजाति*
*नेपालका सन्तति हौँ जात हाम्रो वीर नेपाली*
*रङ्गीविरङ्गी सयौँ जातका फूलबारी*

### **२. अम्बिका पुनको 'म त हजुर बागलुङकी छोरी...'**

TOV दोस्रो संस्करणमा गायन विधामा विजेता अम्बिका पुनको "म त हजुर बागलुङकी छोरी" हुनुमा गर्वको प्रसङ्ग उक्त गीतमा उठाइएको छ, जुन कृतिको गायिका अम्बिका पुन हुन् भने शब्द, सङ्गीत, एरेन्ज हेमराज आश्रमको हो। उक्त गीत २०७३ सालको TOV-7 का प्रमुख अतिथि रेम रानाज्यूको हातबाट विमोचित भएको थियो। पछि २०७४ सालमा उक्त गीतको भिडियो पनि सार्वजनिक गरिसकेको छ, जसमा नृत्य विधाका विजेता र नृत्याङ्गना रिना थापा र सुप्रभा थापाको नृत्य रहेको छ। त्यसमा कोरियोग्राफर सुप्रभा थापा, निर्देशक हेमराज आश्रम, क्यामेरा मधुर बस्नेत र सम्पादक नवीन घर्तीमगरको हुनुहुन्छ। गीतको शब्द यस्तो छ :






*म त हजुर बागलुङ्की छोरी*
*म त हजुर बागलुङ्की छोरी*
*झुटो बोल्न जान्दिनँ, जालझेल मान्दिनँ*
*हो नि लै लै हो ...... म हुँ नेपाली*
*उडेर आयथ्यो सिमलको भुवा तङ्ग्रामको डाँडैमा*
*उडेर जाँउ कि गुडेर जाउँ ... यो मनमा*
*म त हजुर.....*

*तल तल बग्ने काली है गङ्गा, धौलागिरीको पानी*
*सबैलाई मिठो बोली र वचन, यस्तै हाम्रो आनीबानी*
*म त हजुर.....*

### ३. सुगम थापाको 'गोर्खाली हुँ म...'

TOV चौथो संस्करणको गायन विधामा विजेता सुगम थापा, जो काठेखोला–४ तङ्ग्राम निवासी हुनुहुन्छ, उहाँको कृति "गोर्खाली हुँ म..." २०७४ सालमा प्रकाशित भएको थियो। गोर्खालीको वीरगाथाले भरिएका राष्ट्रप्रेमको भावले ओतप्रोत प्रसङ्ग उक्त गीतमा पाइन्छ। यसमा शब्द, सङ्गीत, एरेन्ज हेमराज आश्रमको रहेको छ भने स्वर सुगम थापाको रहेको छ। २०७४ सालमा सम्पन्न TOV को प्रमुख अतिथि काठेखोला गाउँपालिकाका अध्यक्ष अमरबहादुर थापाको हातबाट उक्त कृति विमोचन भएको थियो। पोखरा ताराको विजेतासमेत रहेका सुगम आधुनिक गीतसङ्गीतमा रुचि राख्ने गर्दछन्। गीतको शब्द यस्तो छ :

*गोर्खाली हुँ म....*
*गार्खाली हुँ म, विखल सन्तान नेपाल आमाको*
*गुलाम हुँ म, सेवक हुँ म, यो धर्तीमाताको*

*कम्मरमा खुकुरी शिरमा ढाका टोपी*
*भोटो दौरा सुरुवाल, चाहे पहिरौँ धोती*
*चाहे होस् या पूर्व, चाहे होस् या पश्चिम*
*चाहे होस् या उत्तर, चाहे होस् या दक्षिण*
*एउटै मालाका फूल हौँ जहाँ जहाँ फुले नि*

*लाग्छ मलाई मिठो यही माटोको गन्ध*
*हरपल खुसी रहूँ, हाँसू मन्द मन्द*
*हिमालमा चढूँ, तराईमा खेलूँ*
*नदिसँगै बगूँ, तलाउँमा तैरूँ*
*जहाँ जहाँ म जाऊँ, तिम्रै काखमा जाऊँ,*
*तिम्रै साथ पाऊँ ...*

### ४. उषा पुनको 'बतासैले उडायो...'

TOV पाँचौं संस्करणमा गायन विधाका विजेता उषा पुनको कृति "बतासैले उडायो..." २०७५ सालमा प्रकाशित भएको थियो। काठेखोला–४ तङ्ग्रामको सुन्दरताको वर्णन गरको उक्त गीत GMAK का सचिव सुकमाया पुनले लेखेकी हुन् भने सङ्गीत र एरेन्ज हेमराज आश्रमको हो। त्यसमा तङ्ग्रामको विविध ठाउँका सुन्दरताको प्रसङ्गस्वरूप विविध ठाउँको नाम लिइएको छ। उक्त गीत २०७५ सालको प्रमुख अतिथि काठेखोला गाउँपालिकाका अध्यक्ष अमरबहादुर थापाले विमोचन गर्नुभएको थियो। गीतको शब्द यस प्रकार रहेको छ :



*बतासैले उडायो ....*
*बतासैले उडायो उडायो पछ्यौरी मेरो पछ्यौरी*
*तङ्ग्रामको डाँडैमा करायो न्याउली, बरै न्याउली*
*जाऊँ कि क्या हो उडेर उडेर, कि त वेग मारेर*
*मेरो प्यारो गाउँम चरी बनेर*

*सिरिसिरी बतास चल्ने झुलेनीको काखैमा*
*काफलबोट आउँदा पस्नु घर छ मेरो बाटैमा*
*जाऊँ कि क्या हो उडेर....*

*तल तल गैरी खेत सल्लेरीको वनैमा*
*जन्मेँ यही मरूँ यहीँ लाग्छ मेरो मनैमा*
*जाऊँ कि क्या हो...*
*बतासैले उडायो उडायो पछ्यौरी तङ्ग्रामैको...*

यसरी विविध स्रष्टाको कृति प्रकाशन भइसकेको छ। बाँकी गजल विधाका स्रष्टा र नृत्य विधाका स्रष्टाको कृति प्रकाशन आगामी दिनमा प्रकाशन गर्दै जाने कुरा जानकारी गराउन चाहछौँ।

## ऐतिहासिक चलचित्र 'फागुन २४' प्रदर्शन

गाउँमैत्री अक्षयकोष जिमाकद्वारा संस्थाको आर्थिक सहयोगार्थ ऐतिहासिक चलचित्र "फागुन २४" बागलुङ बजार र तङ्ग्राममा गरी दुई ठाउँमा प्रदर्शन गरिएको थियो। जिमाक र परिसूचन साप्ताहिक पत्रिकाको आयोजनामा २०७५ वैशाख १८ गते मजदुर दिवसको अवसरमा कालीगण्डकी सिनेमा हल बागलुङ बजारमा प्रदर्शन गरिएको उक्त चलचित्र प्रदर्शनमा सयौँ जनाको उपस्थिति थियो। त्यसैगरी जिमाक तङ्ग्रामको आयोजनामा २०७५ कात्तिक १० गते त्इख मैदान काठेखोला-४ तङ्ग्राममा पनि भव्य प्रदर्शन गरिएको थियो।

नेपाली वामपन्थी आन्दोलनका धरोहर तथा दार्शनिक नेता मोहनविक्रम सिंहद्वारा लिखित, जनवादी गायक हेमराज आश्रमद्वारा निर्देशित ऐतिहासिक चलचित्र "फागुन २४" मा हाम्रै गाउँका स्थानीय कलाकार टीकासङ्गम विक, पियारी






थापा, सुप्रभा थापा प्रमुख भूमिकामा हुनुहन्छ। झिमरुक, ओखरकोटलगायतका प्युठानको अधिकांश ठाउँमा छायाङ्कन गरिएको उक्त चलचित्र वि.सं. २०१० सालको किसान आन्दोलनको कथामा तयार पारिएको हो।

## सोरठी तथा पञ्चे बाजा प्रदर्शन तथा छायांकन

निकै पुरानो संस्कृति मानिएको सोरठी अहिले पनि काठेखोला गाउँपालिकाअर्न्तगत तङ्ग्राम, बिहु, लेखानीलगायतका गाउँमा गाइने गरिन्छ भने उत्तिकै पुरानो संस्कृतिको रूपमा रहेको पञ्चेबाजा काठेखोला गाउँपालिकाको अधिकांश गाउँमा बजाइने गरिन्छ। संरक्षणको अभावमा रहेका ती संस्कृतिको संरक्षण, सम्वर्द्धन र अभिलेखीकरण गर्ने उद्देश्यले गाउँमैत्री अक्षयकोष जिमाकको आयोजनामा जिमाकको आफ्नै मञ्चमा रेकर्डिङ, छायाङ्कन तथा प्रदर्शन गरिएको थियो।

२०७६ असोज २४ गते TOV दशौँ सिजनको उद्घाटन सत्रको अवसरमा छायाङ्कन गरिएको सोरठीमा काठेखोला गाउँपालिकाभित्रका तङ्ग्रामका तीनओटा समूह बिहुँ र लेखानीका एक एकओटा समूह गरी जम्मा पाँचओटा





सोरठी समूहले सहभागिता जनाएका थिए। त्यस्तै, सोही दिन छायाङ्कन गरिएको पञ्चेबाजामा तङ्ग्राम र बिहुँका एक एकओटा पञ्चेबाजा कलाकार समूहले सहभागिता जनाएका थिए।

**विविध**

माथि उल्लेखित कार्यबाहेक संस्थाले विभिन्न समयमा विभिन्न कार्यक्रम गर्दै आइरहेको छ। खेल क्षेत्रको विकास र प्रोत्साहनस्वरूप हामीले विभिन्न ठाउँमा आयोजना हुने खेल प्रतियोगितामा जिमाकको तर्फबाट खेलाडीलाई सहभागी बनाउने कार्य पनि गर्दै आएका छौँ । यसअन्तर्गत २०६९ सालमा जिमाकबाट साविक तङ्ग्राम–६ का खेलाडीहरू अरनीको सांस्कृतिक परिवारद्वारा रानिकराङमा आयोजित भलिबल प्रतियोगितामा सहभागी भई प्रथम स्थान हासिल गर्न सफल हुनुभएको थियो। त्यस्तै, २०७२ सालमा धारामा आयोजित भलिबल प्रतियोगितामा जिमाकबाट सहभागिता जनाइएको थियो । त्यसैगरी, २०७४ सालमा साविक तङ्ग्राम–३ का खेलाडीहरू अरनिको सांस्कृतिक परिवारद्वारा आयोजित भलिबल प्रतियोगितामा जिमाकबाट सहभागी भई प्रथम स्थान हासिल गर्न सफल हुनुभएको थियो।

यसका साथै विविध सामाजिक कार्यमा पनि हामीले क्रियाशीलता देखाउँदै आएका छौँ । विभिन्न जटिल र खर्चिलो प्रकारका बिरामीलाई आर्थिक सहयोग गर्ने काम पनि गर्दै आएको छौँ, जसअन्तर्गत २०७५ साउन २२ गते काठेखोला–४ तङ्ग्राम ठुलोगाउँ निवासी विष्णु श्रीसपुनको उपचारका लागि सहयोगस्वरूप रु. १०,०००।– अक्षरेपि दश हजार रुपियाँ, त्यसैगरी काठेखोला–४ तङ्ग्राम नुनथला निवासी भुवबहादुर विकको उपचारका लागि रु. ५,०००।– अक्षरेपि पाँच हजार रुपियाँ र काठेखोला गाउँपालिका वडा नं.४ तङ्ग्राम काफलबोट निवासी भविलाल पुनको उपचार खर्चमा सहयोग होस भन्ने उद्देश्यले रु.२०००।– अक्षरेपि दुई हजार रुपियाँ आर्थिक सहयोग गरेका थियौँ।

सनातन परम्परालाइ जगेर्ना गर्ने हेतुले दसैँजस्ता चाडमा चर्खेपिङ (चमम्चा), लोठेपिङ (लिङ्गेपिङ) बनाउने काम पनि गर्दै आइरहेका छौँ। TOV विजेताहरू विभिन्न रियालिटी सोमा प्रतिस्पर्धा गरिरहँदा उनीहरूका लागि हौसला र प्रोत्साहनस्वरूप प्रचार प्रसार र भोटिङ कार्यमा पनि सहयोग गर्दै आएका छौँ।★









# के गर्दै छन् TOV विजेताहरू ?

गाउँमैत्री अक्षयकोष GMAK ले आफ्नो स्थापना वर्षदेखि नै सञ्चालन गर्दै आएको Talent of Village TOV निकै लोकप्रिय र प्रभावकारी कार्यक्रम हो, जहाँ सिर्जनाको भलाकुसारी गरिन्छ; प्रतिभाको पहिचान खोजिन्छ; अनि, सिर्जना र प्रतिभामार्फत सभ्य, शालीन र समृद्ध समाजको सपना कोरिन्छ। नवीनतम प्रतिभाको साझा चौतारी जस्तै रहेको Talent of Village TOV कार्यक्रम साँच्चिकै नवप्रतिभाको आफ्नै प्रिय कार्यक्रम हो। दश वर्षसम्म अनवरत रूपमा सञ्चालन भएको उक्त कार्यक्रममा सयौँ जना प्रतिभा सहभागी भएका छन् भने दर्जनौँ प्रतिभा उत्कृष्ट प्रतिभाको रूपमा छनौट हुन सफल भएका छन्। ग्रामीण क्षेत्रमा पहिलो पटक बिल्कुलै फरक र नयाँ ढङ्गले सञ्चालन गरिएको Talent of Village TOV मार्फत छनौट हुनभएका विजेताका बारेमा केही जानकारी दिने अभिप्रायले यो स्तम्भ तयार गरिएको छ।

**पहिलो संस्करणका विजेता**

विश्वासकुमार खड्काथोकी, अनिता थापा र गौमाया पुन Talent of Village TOV पहिलो संस्करणका विजेता हुन। २०६७ कार्तिक ३, ४ र ५ गते श्री धारा माध्यमिक विद्यालय तङ्ग्राममा सम्पन्न गरिएको उक्त कार्यक्रममा गजल विधामा विजेता हुन सफल विश्वासकुमार खड्काथोकी हाल लेखन र पत्रकारिता क्षेत्रमा सक्रिय हुनुहुन्छ। त्यसैगरी, गायन विधामा विजेता हुन सफल अनिता थापा अहिले पनि लोकसङ्गीतको क्षेत्रमा उत्तिकै सक्रिय हुनुहुन्छ। त्यस्तै, नृत्य विधाका विजेता गौमाया पुन घरायसी व्यस्तताको कारणले उक्त क्षेत्रमा समय दिन सकिरहनुभएको छैन।




**दोस्रो संस्करणका विजेता**

विष्णु आले, अम्बिका पुन र सरिता पुन Talent of Village TOV दोस्रो संस्करणका विजेता हुन्। २०६८



असोज २६ गते तङ्ग्राम मुखियाडाँडामा सम्पन्न गरिएको उक्त कार्यक्रममा गजल विधामा विजेता हुन सफल विष्णु आले हाल लेखनसँगै राजनैतिक क्षेत्रमा सक्रिय हुनुहुन्छ। त्यसैगरी, गायन विधामा विजेता हुन सफल अम्बिका पुन अहिले पनि सुगम सङ्गीतको क्षेत्रमा उत्तिकै सक्रिय हुनुहुन्छ। उहाँ क्षेत्रीयस्तरको रियालिटी सो बिग आइकनको उपविजेता पनि हुनुहुन्छ। उहाँका केही गीतसमेत रेकर्ड भइसकेका छन। त्यस्तै, नृत्य विधाका विजेता सरिता पुन भने घरायसी व्यस्तताको कारणले उक्त क्षेत्रमा त्यति समय दिन सकिरहनुभएको छैन।

**तेस्रो संस्करणका विजेता**



राज थापा, पुनम पुन र सङ्गीता थापा Talent of Village TOV तेस्रो संस्करणका विजेता हुन। २०६९ कार्तिक १० र ११ गते श्री नारायणी मावि, तङ्ग्राम ठुलोगाउँमा सम्पन्न गरिएको उक्त कार्यक्रममा गजल विधामा विजेता हुन सफल राज थापा हाल लेखनसँगै नेपाल सरकारको निजामति क्षेत्रमा कार्यरत हुनुहुन्छ। त्यसैगरी, गायन विधामा विजेता हुन सफल काठेखोला गाउँपालिका वडा नं. ४ तङ्ग्रामका पुनम पुन शिक्षण पेसामा सक्रिय हुनुहुन्छ। त्यस्तै, नृत्य विधाका विजेता सङ्गीता थापा अहिले पनि आफ्नो क्षेत्रमा सक्रिय हुनुहुन्छ।

**चौथो संस्करणका विजेता**

तोरण पुन, सुगम थापा र तारा थापा Talent of Village TOV चौथो संस्करणका विजेता हुन। २०७०



असोज ३० र ३१ गते श्री पशुपति प्राथमिक विद्यालय तङ्ग्राममा सम्पन्न गरिएको उक्त कार्यक्रममा गजल विधामा विजेता हुन सफल तोरण पुन हाल लेखनसँगै अध्यापन क्षेत्रमा सक्रिय हुनुहुन्छ। त्यसैगरी, गायन विधामा विजेता हुन सफल सुगम थापा अहिले पनि सुगम सङ्गीतको क्षेत्रमा उत्तिकै सक्रिय हुनुहुन्छ। उहाँका केही गीतसमेत रेकर्ड भइसकेका छन्। त्यस्तै, नृत्य विधाका विजेता तारा थापा अहिले पनि आफ्नो विधामा सक्रिय रहँदै सङ्घर्षरत हुनुहुन्छ।

**पाँचौं संस्करणका विजेता**

चन्द्रबहादुर थापा, प्रविणा रोका र सिर्जना थापा Talent of Village TOV पाँचौं संस्करणका विजेता हुन्। २०७१ असोज १९ र २० गते श्री नारायणी माध्यमिक विद्यालय तङ्ग्राममा सम्पन्न गरिएको उक्त कार्यक्रममा गजल विधामा विजेता हुन सफल चन्द्रबहादुर थापा बैदेसिक रोजगारमा हुनुहुन्छ। त्यसैगरी, गायन विधामा विजेता हुन सफल सिर्जना थापा अहिले लोकसङ्गीतको



क्षेत्रमा उत्तिकै सङ्घर्षरत हुनुहुन्छ। उहाँका केही गीतसमेत रेकर्ड भइसकेका छन। त्यस्तै, नृत्य विधाका विजेता प्रविणा रोका अहिले पनि आफ्नो विधामा सक्रिय रहँदै सङ्घर्षरत हुनुहुन्छ।

**छैटौं संस्करणका विजेता**

उषा पुन, प्रतिमान थापा र सुस्मा घताने Talent of Village TOV पाँचौं संस्करणका विजेता हुन्। २०७२ कार्तिक ९ र १० गते श्री धारा माध्यमिक विद्यालय



तङ्ग्राममा सम्पन्न गरिएको थियो। उक्त कार्यक्रममा गजल विधामा विजेता हुन सफल प्रतिमान थापा अहिले पनि साहित्य लेखनमा निकै सक्रिय हुनुहुन्छ। त्यसैगरी, गायन विधामा विजेता हुन सफल उषा पुन अहिले सुगम सङ्गीतको क्षेत्रमा क्रियाशील हुनुहुन्छ। उहाँका केही गीतसमेत रेकर्ड भइसकेका छन। त्यस्तै, नृत्य विधाका विजेता सुस्मा घताने अहिले पनि आफ्नो विधामा सक्रिय रहँदै सङ्घर्षरत हुनुहुन्छ।

**सातौं संस्करणका विजेता**

यामदीप पुन, सुष्मा आले र समीक्षा थापा Talent of Village TOV छैटौं संस्करणका विजेता हुन। २०७३ असोज २७ र २८ गते श्री धारा माध्यमिक विद्यालय तङ्ग्राममा सम्पन्न गरिएको थियो। उक्त कार्यक्रममा गजल विधामा विजेता हुन सफल यामदीप थापा अहिले



पनि साहित्य लेखनमा निकै सक्रिय हुनुहुन्छ। उहाँका केही साहित्यिक कृति पनि प्रकाशन भइसकेको छ। त्यसैगरी, गायन विधामा विजेता हुन सफल समीक्षा थापा गीतसङ्गीतको क्षेत्रमा सङ्घर्षरत हुनुहुन्छ। त्यस्तै, नृत्य विधाका विजेता सुष्मा आले अहिले पनि आफ्नो विधामा सक्रिय हुनुहुन्छ। उहाँ हाल नृत्य प्रशिक्षक एवम् नृत्य कोरियोग्राफरको भूमिकामा हुनुहुन्छ।

**आठौं संस्करणका विजेता**

बिमा जोल्मी, गङ्गा थापा र बिपना थापा Talent of Village TOV आठौं संस्करणका विजेता हुन्। २०७४



असोज १८ र १९ गते श्री धारा माध्यमिक विद्यालय तङ्ग्राममा सम्पन्न गरिएको थियो। उक्त कार्यक्रममा गजल विधामा विजेता हुन सफल गङ्गा थापा अहिले पनि साहित्य लेखनमा निकै सक्रिय हुनुहुन्छ। साथै उहाँ नेपाल सरकारको निजामति क्षेत्रमा कार्यरत हुनुहुन्छ। त्यसैगरी, गायन विधामा विजेता हुन सफल बिमा जोल्मी अहिले गीतसङ्गीतको क्षेत्रमा सङ्घर्षरत हुनुहुन्छ। त्यस्तै, नृत्य विधाका विजेता बिपना थापा पनि आफ्नो विधामा सङ्घर्षरत हुनुहुन्छ।

**नवौं संस्करणका विजेता**

सुवास मिन र प्रविणा थापा Talent of Village



TOV नवौँ संस्करणका विजेता हुन। २०७५ कार्तिक ६ र ७ गते TOV मैदान तङ्ग्राममा सम्पन्न गरिएको थियो। उक्त कार्यक्रममा गजल विधा र गायन विधामा विजेता हुन सफल सुवास मिन गायन तथा नृत्य विधामा निकै सक्रिय हुनुहुन्छ। साथै उहाँ शिक्षण पेसामा समेत कार्यरत हुनुहुन्छ। त्यस्तै, नृत्य विधाका विजेता प्रविणा थापा पनि आफ्नो विधामा सङ्घर्षरत हुनुहुन्छ।

**दशौं संस्करणका विजेता**

कमल विक, रोजन गोले र सरिता परियार Talent of Village TOV दशौं संस्करणका विजेता हुन्। उक्त कार्यक्रम २०७६ असोज २४, २५ र २६ गते TOV मैदान तङ्ग्राममा सम्पन्न गरिएको थियो। उक्त कार्यक्रममा गजल



विधामा विजेता हुन सफल काठेखोला ३ धम्जाका कमल विक आफू शारीरिक रूपमा अशक्त हुँदाहुँदै पनि साहित्य लेखनमा सक्रिय हुनुहुन्छ। त्यसैगरी गायन विधामा विजेता हुन सफल रोजन गोले अहिले गीतसङ्गीतको क्षेत्रमा सङ्घर्षरत हुनुहुन्छ। त्यस्तै, नृत्य विधाका विजेता सरिता परियार पनि आफ्नो विधामा सङ्घर्षरत हुनुहुन्छ।★

# आदिसहयोगी टीकासंगम विकलाई लौहसम्मान



लामो समयदेखि तङ्ग्रामलाई आधारभूमि बनाएर विविध साहित्यिक तथा सांस्कृतिक गतिविधिमा सक्रिय व्यक्तिको नाम हो, टीकासङ्गम विक। हाल उहाँ काठेखोला गाउँपालिकाको कार्यपालिका सदस्यको भूमिकाबाट जनताको सेवामा क्रियाशील हुनुहुन्छ। जीवनको शैषवकालदेखि नै सामाजिक तथा साङ्गीतिक वातावरणमा हुर्केका सङ्गम अहिलेसम्म पनि तङ्ग्रामी जनताभन्दा टाढा कहिल्यै जानुभएन; न त कहिल्यै आफ्नो व्यक्तिगत जीवनलाई माथि उकास्ने काममा लाग्नुभयो; न त कुनै सामाजिक महत्त्वाकाङ्क्षा पालेर बस्नुभयो।

हर समय जनताको सेवामा समर्पित टीकासङ्गम विकको जीवन हामी सबैका लागि प्रेरणाको विषय हो। उहाँले चालेका  जीवनका हरेक दोबले हामीलाई त्याग, समर्पण, निस्वार्थता र सत्मार्गतर्फ दोहोऱ्याइरहन्छ। विनम्र र शालीन व्यवहारसहित जनताको हरेक समस्या समाधान गर्न उद्यत रहने टीका जनताको निकटतम सारथिको रूपमा स्थापित हुनुहन्छ।

तङ्ग्राम तथा आसपासका भूगोलमा साहित्य र साङ्गीतिक क्षेत्रमा केही काम गर्ने उद्देश्यले सदा छट्पटाइरहने आदत बोकेका टीकासङ्गम वास्तवमा जिमाकको प्रेरणाको स्रोत हो। भनिन्छ, हरेक सोच र कल्पनाको जन्म अर्धचेतको अवस्थामै हुन्छ। उहाँले विगतमा चालेका विविध साहित्यिक अभियानको प्रभाव जिमाकको परिकल्पना हो। जिमाकले तय गरेका हरेक उद्देश्यसँग टीकासङ्गमको सपनाको सुमधुर मेल रहेको छ। उहाँले देखेका र कल्पना गरेका उद्देश्यलाई जिमाकले संस्थागत रूपमा थप प्रभावकारी ढङ्गले अगाडि बढाउने काम गऱ्यो।

हामीले सम्पन्न गरेका TALENT OF VILLAGE (TOV) कार्यक्रमको माध्यमबाट जुन साहित्यिक तथा साङ्गीतिक वातावरण बनेको छ, यो हाम्रो समाजको अमूल्य र गहन निधि हुन्। यसको समुचित संरक्षण र संवर्द्धन हुन सकेमा हाम्रो समाजलाई युगान्तकारी लाभ मिल्ने कुरामा कुनै सन्देह छैन।

जिमाकको कल्पनादेखि स्थापना, अनि वर्तमान समयसम्म पनि अनवरत रूपमा टीकासङ्गमको आत्मिक सहयोग प्राप्त हुनु हाम्रा लागि गौरव र खुसीको कुरा हो। हामीले सञ्चालन गर्ने TOV कार्यक्रमको पहिलो र पाँचौँ संस्करणका प्रमुख अतिथिसमेत रहेका टीकासङ्गम विक हाम्रा हरेक कार्यक्रमका मणि जस्तै हुनुहुन्थ्यो। कार्यक्रमको ब्यानर, मायाको चिनोका साथै विविध साधनमा कलात्मक लेखनदेखि लिएर औपचारिकताका अनेक कुरामा उहाँको सहयोग प्राप्त भइरह्यो।

कार्यक्रममा उपस्थित भई विविध पक्षमा सहयोग तथा सुझाव दिने कार्य निरन्तर चलिरह्यो। हाम्रो कार्यक्रममा मात्रै होइन, काठेखोलाका हरेक साहित्यिक तथा साङ्गीतिक कार्यक्रममा उहाँको उपस्थितिलाई कार्यक्रमको सौहार्दताको प्रतिकको रूपमा बुझिन्थ्यो। विविध कौशल र अनुभवले पाका सङ्गम यिनै विशेषताले भरिलो हुनुहुन्छ।

जिमाकको आदिकालदेखि हरेक अप्ठ्यारो मोडमा साथ दिन टुप्लुक्क आइपुग्ने टीकासङ्गम विकले हामीलाई कहिल्यै तिरेर नसकिने गुन लगाउनुभएको छ। कठिन परिस्थितिमा पनि जिमाक अगाडि कवचरूपी सतिसाल झैँ उभिएर हाम्रो संरक्षणको सवालमा पनि उहाँको परम योगदान रहेको छ। यदि उहाँको सहयोग हुँदैनथ्यो भने जिमाकले यहाँसम्मको यात्रा यो स्तरमा सम्पन्न गर्न सायदै सक्थ्यो होला।

यिनै अनवरत तथा अतुलनीय साथ, सहयोगको भार केही कम गर्न सकिन्थ्यो कि भन्ने चाहनाको साथ उहाँलाइ हामीले २०७६ सालमा सम्पन्न भएको TALENT OF VILLAGE (TOV) को दशौँ संस्करणमा लौह सहयोगीको सम्मानले विभुषित गरेका थियौँ। साथै यसभन्दा पहिले उहाँलाई हामीले जिमाक सद्भावना दूतको रूपमा पनि सम्मान गरेका थियौँ। अरू धेरै चिजबाट सम्मान दिन नसके पनि हाम्रो सम्मानपत्र र सेतो फेटाभित्र प्रशस्त न्यानो मायाको भावमार्फत् सम्मानको अनुभव गरेका छौँ।

यसरी श्रद्धेय व्यक्तित्व टीकासङ्गम विकको हामीप्रतिको जुन सौन्दर्ययुक्त न्यानो सम्बन्ध छ, यो अन्तहीन समयसम्म रहिरहोस् भन्दै पुनः एकपटक कृतज्ञताका भाव प्रकट गर्न चाहन्छौँ। साथै जनताबाट रुचाइएका प्रिय व्यक्ति टीकासङ्गम विकको थप प्रगतिको कामना गर्न चाहन्छौँ।★



TALENT OF VILLAGE ( TOV)
SEASON 10
१० गौरव मय १० वर्ष
पहिलो अध्याय समापन समारोह

सम्मान पत्र

तपाइ श्री टिका सङगम वि.क. ज्यु
यसै गांउमैत्री अक्षयकोष Gmak तंग्राम बाग्लुङको हरेक कार्यहरुमा र विविध अप्ठ्यारा घडीहरुमा एक सतीसाल झै उभिई हामीलाइ सहयोग गर्दै आउनु भयो। दशौ वर्ष सम्मको हजुरको अरवरत सहयोगको कुनै सिमित मूल्य छैन। संस्थाको हितको विविध कार्यहरुमा अतुलनीय योगदान दिनु भई कला र सङगीत जस्तो गहन विषयमा यहाले पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दै GMAK को वार्षिक कार्यक्रम TALENT OF VILLAGE ( TOV ) SEASON 10 अर्थात गौरव मय १० वर्ष एक ऐतिहासिक कार्यक्रमको अवसर पारेर विशेष सम्मान स्वरुप यो सम्मान पत्र प्रदान गरिन्छ।

| | | |
|---|---|---|
| प्रमुख अतिथि | प्रमुख अतिथि | प्रमुख अतिथि |
| उद्घाटन सत्र | TOV सत्र | समापन सत्र |
| शिवराज पौडेल | पीयारी थापा | दुर्गा पौडेल |
| प्राध्यापक.सङगीतको गुरु | प्रदेश सभा सदस्य प्र.नं.४ | प्रतिनिधी सभा सदस्य |

संरक्षक : हेमराज आग्रम / पियारी थापा
मिति : २०७६ असोज २४ देखी २६ सम्म स्थान : TOV मैदान तंग्राम ३ काफलबोट






## शुभकामना

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौं।

प्रधानाध्यापक : फटिकबहादुर थापा
वि.व्य.स.अ. : इन्द्रबहादुर थापा

**श्री धुल्लु लिउँवा मावि**
बरेङ-१ लिउँवा, बागलुङ

# खण्ड ख
# जिमाकप्रति व्यक्तिहरूको धारणा

# विभिन्न व्यक्तित्वहरूको नजरमा जिमाक

## जिमाकको कार्यक्रम सराहनीय

### केशरी घर्ती (संविधान सभा सदस्य)



गाउँमैत्री अक्षयकोष तङ्ग्रामले विगत लामो समयदेखि समाज विकासको क्षेत्रमा उल्लेखनीय काम गर्दै आएको छ। वार्षिक रूपमा निरन्तर कार्यक्रम गर्ने क्रममा TOV दशौँ वर्षको कार्यक्रमलाई मैले पनि नजिकबाट नियाल्ने अवसर प्राप्त गरेकी थिएँ। कला, साहित्य र सङ्गीतको क्षेत्रलाई प्राथमिकतामा राखेर अहिलेसम्म जे जति उपलब्धि हासिल गरेको छ। यो सबैका लागि अनुशरणीय छ। समाजमा दबिएर बसेका कला, साहित्य र विभिन्न क्षमताको उजागर र विकास गर्नु यस संस्थाको मुख्य उद्देश्य भएकाले यो सराहनीय कार्य हो।

कला, साहित्य र सङ्गीत समाजको पहिचान र चिनारी हुन्। परिर्वतित समयसँगै समाज परिवर्तन हुन्छन्। समाज परिवर्तनको क्रममा हाम्रा साहित्य, सङ्गीत र सिर्जना पनि विकसित र परिमार्जित हुन जरुरी छ, जुन कार्य यस संस्थाले गरेको छ। यो सुदूर भविष्यमा सबैका लागि मार्गदर्शक बन्ने कुरा निश्चितप्रायः छ। बाँकी लक्ष्यप्राप्तिका लागि सफलता मिल्दै जाओस्। यस संस्थाको प्रगतिको कामना।

## राष्ट्रिय एकता बलियो राख्न महत्त्वपूर्ण भूमिका

### नारायण योगी

### पूर्व अध्यक्ष, रक्तिम सांस्कृतिक अभियान



गाउँमैत्री अक्षयकोष जिमाकले विगत दश वर्षदेखि नेपाली लोकगीत, लोककला र लोक परम्परासँग जोडिएका लोक संस्कृतिको प्रवर्द्धनका साथै भाषा, साहित्य, संस्कृतिको विकास र त्यस क्षेत्रका स्रष्टाको सिर्जनालाई जनसमक्ष ल्याउने कार्य भइरहेको छ, जो सराहनीय छ।

आज विश्व भूमण्डलीकरण्को यो अवस्थामा लोक संस्कृति, कला, साहित्य हाम्रा परम्परागत चिजलाई जोगाउँदै समृद्ध तुल्याउने कार्यमा लागिपर्नु निश्चय नै कठिन कार्य हो। संसारमा त्यस्ता थुप्रै देश छन्, जसका आफ्ना लोकभाषा, संस्कृति, परम्परा, साहित्य, कला थिए, जसको जगेर्ना गर्न नसकेर भाषा, संस्कृति, कला, साहित्य मात्र होइन, देश नै नरहेको तितो यथार्थ हाम्रो सामु छ।

तसर्थ यो संस्थाले आज जुन कार्य गरिरहेको छ, यसले राष्ट्रिय एकतालाई बलियो बनाउन र नेपाली स्वाभिमानलाई उचो राख्दै राष्ट्र निर्माणमा जुट्नका लागि पनि प्रेरणा प्राप्त हुने छ। भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण सम्वर्द्धनका साथै यसमार्फत समाज रूपान्तरण गर्दै जनतामा नयाँ जनवादी चेतनाको सान लगाउने कार्य गर्दै जनताको सुनौलो बिहानी ल्याउने प्रेरणा प्रदान गर्न पनि सघाउ पुग्ने छ भन्ने आशा राख्दै यस संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै संस्थाको सतत् प्रयास रहोस्। यही शुभेच्छा छ।

## जिमाक नयाँ प्रतिभाका लागि प्रेरणा हो

### अर्जुनबहादुर खत्री

### उपाध्यक्ष, काठेखोला गाउँपालिका, बागलुङ



गाउँमैत्री अक्षयकोष न्बप कला, साहित्य र सङ्गीतको क्षेत्रमा काम गर्ने एक विशुद्ध सामाजिक संस्था हो। यसले विगत १२ वर्ष पहिलेदेखि दशौँ वर्षसम्म अनवरत रूपमा गायन, नृत्य र साहित्यको विभिन्न विधामा प्रत्यक्ष प्रतिस्पर्धा गराई गाउँका नयाँ प्रतिभा छनौट गर्ने काम गऱ्यो। TALLENT OF VILLAGE TOV नाम दिइएको उक्त कार्यक्रमले प्रतिभाको पहिचानसँगै ग्रामीण क्षेत्रमा रहेका नयाँ प्रतिभालाई निकै ठुलो उत्प्रेरणा, हौसला र उत्साह थपेको मैले महसुस गरेको छु। जिमाकको हरेक कार्यक्रम नयाँ प्रतिभाका लागि आफैमा एउटा प्रेरणा हो।

कोरोनाको कारण भनौँ या अन्य केही कारणले दुइ वर्षदेखि यता हाल उक्त सञ्चालनमा आएको छैन।

TALLENT OF VILLAGE TOV कार्यक्रम सञ्चालनमा नआए पनि जिमाकको आफ्नै भवन निर्माण गर्ने काम र नेपालकै ठुलो नगरा (दमाहा) निर्माण गर्ने काम यो दुई वर्षको बिचमा सम्पन्न गरेको छ। यो जिमाकको निकै ठुलो उपलब्धि हो। नेपालकै सबैभन्दा ठुलो नगरा भनी दाबी गरिएको उक्त नगरा निर्माणले तङ्ग्रामको मात्र होइन, समग्र काठेखोला गाउँपालिका र सिङ्गो बागलुङ जिल्लाकै पहिचान दिएको छ। यसका लागि गाउँमैत्री अक्षयकोषलाई विशेष आभार एवम धन्यवाद दिन चाहन्छु।

मलाई अहिले पनि सम्झना छ, जिमाकको स्थापनाकालमा यसले विद्यालयसँग सहकार्य गरेर विद्यार्थीहरूको शैक्षिक विकाससँगै प्रतिभा प्रस्फुटन गर्ने कार्यक्रम गर्ने घोषणा गरेको थियो तर पछि व्यहारमा त्यो देखिएन। मलाई लाग्छ, थुप्रै प्रतिभावान विद्यार्थी विद्यालयभित्र हुन्छन्। उनीहरूको प्रतिभा प्रस्फुटन गर्ने गरी विद्यालयसँगको सहकार्यमा कार्यक्रम गर्दा अझ राम्रो र संस्था सफल हुने मैले महसुस गरेको छु।

अन्तमा, गाउँमैत्री अक्षयकोष जिमाकले आफ्नो उद्देश्यानुरूप ग्रामीण क्षेत्रका नवीनतम प्रतिभालाई फुलाउने, फलाउने काममा निरन्तर अगाडि बढिरहोस्। यही हार्दिक शुभेच्छा प्रकट गर्दछु।

# जिमाकले मोफसलमा रहेका प्रतिभालाई उजागर गरेको छ

**खिमबहादुर विश्वकर्मा (शाखा अधिकृत),**

**जिल्ला समन्वय समितिको कार्यालय, बागलुङ**



सङ्गीत, नृत्य र साहित्य विधाका प्रतिभावान् व्यक्तिहरूको प्रतिभा प्रस्फुटन गराउने उद्देश्यका साथ स्थापना भएको गाउँमैत्री अक्षयकोष (जिमाक) ले काठेखोला गाउँपालिका एवम् छिमेकी पालिकामा छुट्टै पहिचान बनाएको छ। स्थापनाकालदेखि पृथक् क्रियाकलापका साथ अघि बढिरहेको जिमाकको सुरुआती केही वर्षपश्चात नै चर्चा हुन थालेको थियो। वार्षिक रूपमा सञ्चालन हुने प्रतिभाको प्रतियोगितात्मक छनौट (TALANT OF VILLAGE TOV) ले उपयुक्त प्लेटफर्म नपाई आफ्नो प्रतिभा पस्कन नपाएका विशेषतः ग्रामीण भेगका किशोरकिशोरी एवम् प्रारम्भिक चरणका युवायुवतीहरू लाभान्वित भएका छन। जिमाकबाट ॡ मा विभिन्न विधामा छनौट भएको प्रतियोगीले आफ्नो क्षेत्रमा कुनै न कुनै अवसरको सदुपयोग गरी सफल एवम् छुट्टै पहिचान बनाएका छन्। जिमाकले मोफसलमा रहेका र ओझेलमा परेका नवप्रतिभालाई उजागर गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका खेलेको छ।

विधानतः जिमाकको कार्यक्षेत्र साविक तङ्ग्राम गाविस (हालको काठेखोला गाउँपालिका वडा नं. ४) एवम् बागलुङ जिल्ला रहेको पाइए पनि परिवर्तित सन्दर्भमा यसको दायरा फराकिलो बनाउनुपर्ने देखिन्छ। बढ्दै गएको सामाजिक सन्जाल एवम् युट्युबको बढ्दो आर्कषणलाई मध्यनजर गरी आफ्ना कार्यक्रम अगाडि बढाउनुपर्ने देखिन्छ।

सुरुमा सीमित व्यक्तिहरूको आर्थिक सहयोगमा सञ्चालित कोष भए पनि हाल प्राप्त हुने अन्य श्रोतसँगै उपयुक्त कार्यक्रमको छनौट, कार्यान्वयनमा जोड दिनुका साथै थप साधारण सदस्य र पदाधिकारी छनोटमा समेत भौगोलिक क्षेत्र फराकिलो बनाउनुपर्ने हो कि ? अबका दिनमा यी चुनौतीलाई समेत आँकलन गरी संस्थालाई एक गतिशील एवम् उपलब्धिमूलक बनाउन सकियोस् भनी शुभकामना व्यक्त गर्दछु।

(काठेखोला–३ धम्जा बागलुङ)

# जिमाक : सिर्जनाको माध्यमबाट परिवर्तनको आभाष खोजिन्छ

**चित्रकला छन्त्याल श्रीस**

**(वडाध्यक्ष), वडा नं. ८ लेखानी, बागलुङ**



साहित्य, कला र सङ्गीतको क्षेत्रमा स्मरणयोग्य इतिहास रच्दै गाउँमैत्री अक्षयकोष “जिमाक” ले आफ्नो गौरवमय यात्राको नवौँ वर्ष पार गरी दशौँ वर्षमा प्रवेश गरेको स्वर्णीम अवसरमा संस्थाको अझै प्रगति, सफलता र निरन्तरताको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछु। आफ्नो दशौँ वर्षगाँठको हर्षोल्लाससँगै प्रकाशित “जिमाक स्मारिका” को पनि पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

जिमाक ग्रामीण क्षेत्रमा रहेका स्रष्टा एवम् सर्जकको प्रतिभा प्रस्फुटन गर्ने साझा चौपारी हो, जहाँ गीत,

सङ्गीत र सृजनाको शीतल छहारीमा परिवर्तनको आभाष खोजिन्छ। गीतसङ्गीतबाटै सामाजिक रूपान्तरणको मिठो सपना देखिन्छ। गरिब, निमुखा र श्रमजीवी वर्गको मुक्ति खोजिन्छ; अनि, सृजनाबाटै आर्थिक समृद्धि र सामाजिक रूपान्तरणसहितको समृद्ध नेपालको परिकल्पना गरिन्छ।

जिमाकको वार्षिक कार्यक्रमअन्तर्गत TALENT OF VILLAGE-TOV को नवौँ र दशौँ शृङ्खलामा म पनि आमन्त्रित अतिथिको रूपमा सहभागी भई समग्र कार्यक्रम नजर गर्ने अवसर प्राप्त गरेकी थिएँ। कार्यक्रममा गाउँका नयाँ नयाँ प्रतिभाले आआफ्नो प्रतिभा निकै मिठो शैलीमा प्रस्तुत गरेका थिए भने सोरठी जस्ता निकै पुराना लोक संस्कृति पनि उक्त कार्यक्रममा प्रस्तुत गरिएको थियो। समग्रमा जिमाकको हरेक कार्यक्रम र गतिविधिले लोप हुन लागेका पुराना मौलिक संस्कृतिको संरक्षण, जगेर्ना र नवप्रतिभाको नयाँ नयाँ प्रतिभालाई पहिचान दिने काम गरेको छ।

अन्तमा, गाउँमैत्री अक्षयकोष जिमाक तङ्ग्राम, बागलुङको उत्तरोत्तर प्रगति र सफलताको शुभकामना व्यक्त गर्दै फेरि पनि हार्दिक शुभकामना व्यक्त गर्दछु।

## सामूहिकपन धारण गर्न सके संस्थाको भलो हुने निश्चित छ

**विष्णु कँडेल, अध्यक्ष, राष्ट्रिय जनमोर्चा काठेखोला-४ तङ्ग्राम, बागलुङ**



काठेखोला–४ तङ्ग्राममा २०६६ असोजमा स्थापना भएको संस्था हो, गाउँमैत्री अक्षयकोष । यो स्थापना भएको सुरुको वर्षमा त्यति ठुलो उद्देश्य नभए पनि पछि गएर साहित्य र कला छेत्रमा काम गरिरहेको छ । गाउँमैत्री अक्षयकोष गाउँका कुनाकन्दरामा रहेका नवप्रतिभाको कला प्रस्फुटन गराउने कार्यमा सस्थाले गति अगाडि बढाइरहेको छ। यो सकारात्मक कार्य हो।

गाउँमैत्री अक्षयकोष एघारौँ वसन्त पार गरी बाह्रौँ वसन्तमा प्रवेश गरेको अवसरमा सर्व प्रथम शुभकामना व्यक्त गर्न चाहन्छु।

कुनै पनि संस्थालाई अगाडि बढाउनका निमित्त सस्थासंग आस्था राख्ने, अग्रगति दिनेहरूको नजरबिच मिलनविन्दु हुनुपर्दछ । समाजलाई एउटा दर्पणको रूपमा स्थापना गर्न खोजिएको संस्थाले वास्तवमा सामूहिकपन धारण गर्न सकेको खण्डमा संस्थालाई भलो हुने कुरा निश्चित छ । समाजलाई साहित्य कला र सङ्गीतवाट रूपान्तरण गर्ने लक्ष्य भए पनि केही सोचमा विचलन आउनुले सकारात्मकभन्दा पनि नकारात्मक बाटोले प्रश्रय पाएको देखिन्छ । त्यसैले हाम्रो संस्था राम्रो संस्था भएन कि भन्ने महसुस गरेको छु।

समाजमा रहेको बौद्धिक वर्ग, शैक्षिक व्यक्ति, सामाजिक अगुवावाट विचार, सल्लाह, सुझावलाई समेट्न सकेको खण्डमा मात्र एउटा समृद्धिको यात्रामा अगाडि बढ्न सक्ने छ।

प्रकाशन हुन लागेको स्मारिका ऐतिहासिक बनोस् भन्दै समृद्धिको यात्रा बाह्रौं वसन्तवाट यात्रा प्रगाढ बन्न सकोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

## जिमाक नवप्रतिभाको साझा फूलबारी हो

**रनबहादुर थापा, अध्यक्ष, नेपाल कम्युनिस्ट पार्टी (एमाले) तङ्ग्राम, बागलुङ**



काठेखोला गाउँपालिका वडा नं. ४ तङ्ग्राम, बागलुङमा आजभन्दा १२ वर्ष अगाडि स्थापना भएको गाउँमैत्री अक्षयकोष GMAK ले आफ्नो ऐतिहासिक दस्तावेजको रूपमा जिमाकको गौरवमय दश वर्ष नामक स्मारिका प्रकाशनको गर्न लागेको खबरले म निकै खुसी भएको छु।

मलाई विश्वास छ, यो महत्त्वपूर्ण स्मारिकामा संस्थाले गरेका हिजोका उल्लेखनीय कार्य र भोलिका दिनमा हुने भावी योजना समावेश हुने छन्। स्मारिका प्रकाशनको अवसरमा संस्थालाई हार्दिक बधाइ दिँदै सफलताको शुभकामनासमेत व्यक्त गर्दछु।

कला, सङ्गीत र साहित्यको माध्यमबाट समाज परिवर्तन गर्ने उद्देश्यले स्थापना भएको गाउँमैत्री अक्षयकोष जिमाक तङ्ग्राम, बागलुङले आफ्नो स्थापनाकालदेखि नै आफ्नो उद्देश्यानुसार कार्य गर्दै आएको छ । लुकेर रहेका नयाँ प्रतिभाको खोजी गर्दै उनीहरूमा रहेको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराउने जिमाकको मुख्य लक्ष्य रहेको छ।

हिजोका दिनमा यसले हाम्रो गाउँ र छिमेकी गाउँका नयाँ नयाँ प्रतिभालाई खोजी गीतसङ्गीतको बारेमा रुचि जगाउँदै उनीहरूमा रहेका प्रतिभालाई प्रत्यक्ष प्रतिस्पर्धाको माध्यमबाट प्रतिभा छनौट गर्दै आएको छ। कहिले धारा मावि,

कहिले नारायणी मावि, कहिले पशुपति प्रावि त कहिले आफ्नै स्टेजमा जिमाकले यस्ता खाले प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गर्दै आएको छ।

जिमाक नयाँ प्रतिभाका लागि साँच्चिकै साझा फूलबारी हो । जिमाकले प्रतियोगितात्मक कार्यक्रम मात्र नभएर विभिन्न व्यक्तिलाई सम्मान गर्ने र अन्य सामाजिक काम पनि गर्दै आएको छ । आगामी दिनमा हिजोका ती स्मरणयोग्य कामलाई निरन्तरता दिँदै गाउँघरमा लुकेर रहेका कला, साहित्य र सङ्गीतका नयाँ प्रतिभालाई प्रोत्साहन गरी बाहिर ल्याउने सवालमा अझै महत्त्वपूर्ण र प्रभावकारी भूमिका खेल्दै जाओस्। फेरि पनि हार्दिक शुभकामना व्यक्त गर्दछु।

# नेपालकै ठुलो नगरा निर्माण गरेर इतिहास रच्ने काम

**नन्दराम थापा,**

**नेपाल कम्युनिस्ट पार्टी, बागलुङ जिल्ला सदस्य**



निद्रामा देखिने सपना त केवल भ्रम मात्र हो

देश र दुनिया ब्युँझाउने सपना त बिपनामै देख्नुपर्छ

GMAK एक दशक इतिहास बोकेको एउटा विशुद्ध गैरराजनैतिक संस्था हो । यसले निस्वार्थ र धैर्यताको साथ आफ्नो नीति, कार्यक्रमलाई अगाडि बढाइरहेको कुरा हामी काठेखोला बागलुङबासीलगायत देशविदेशमा रहनुभएका सबै नेपालीलाई जानकारी छ।

यसको एउटा राम्रो पक्ष भनेको घुम्ती कार्यक्रम हो । यसैका कारण ल्बप ले सेरोफेरोका राजनैतिक दल, बुद्धिजीवी, शिक्षक, व्यापारी, उद्योगपति तथा सबै तह र तप्काका व्यक्तित्वको मन जित्न सफल भएको छ। समाजमा यत्रतत्र लुकेर बसेका सवै प्रतिभालाई बाहिर ल्याउनु वा उजागर गर्नु यसको मुख्य उद्देश्य रहेकाले यो अझै प्रभावकारी छ। विगत वर्षमा पहिलो संस्करणदेखि दशौँ संस्करणसम्मका सबै कार्यक्रम उत्कृष्ट नै थिए।

यसलाई मलजल गर्ने GMAK का संरक्षक श्री हेमराज पुन, जसले निजी जीवन, व्यक्तिगत स्वार्थ, परिवारको मायामोहलाई चटक्कै बिर्सेर अहोरात्र खटिनु, समाज, गाउँ अनि सिङ्गै देशप्रति समर्पित हुने यस्ता व्यक्ति जन्मनु भनेको गर्वको कुरा हो।

गत साल यो संस्थाले सोरठी नाँच, पन्चेबाजालयगायतका विभिन्न समुदायको संस्कार, संस्कृतिलाई छायाङ्कन तथा रेकर्डिङ गरेको खबरले मलगायत सबै समुदाय खुसी नै छौँ। भर्खरै नेपालकै ठुलो नगरा बनाएर इतिहास रच्ने कामले यसको उचाइ अझै माथि पुगेको छ।

आउने दिनमा ल्बप ले समाजका सबै खाले विकृति–विसङ्गति विरुद्धको आन्दोलनलाई पनि अघि बढाओस् भनी शुभेक्षा राख्दछु।

# टोलदेखि देशविदेशसम्म गाउँको पहिचान हुने काम गरियो

**टीकाराम पुन (वडासदस्य)**

**काठेखोला गाउँपालिका–४ तङ्ग्राम, बागलुङ**



वि.सं. २०६६ सालमा बागलुङ जिल्ला काठेखोला गाउँपालिका–४ तङ्ग्राममा स्थापना भएको संस्था हो, गाउँमैत्री अक्षयकोष। सीमित श्रोतसाधनबाट सुरु गरी हाल १२ वर्षको उपलक्ष्यमा स्मारिका प्रकाशन हुन लागेको खबर सुन्दा मलाई साह्रै गौरव लागेको छ।

यस संस्थाले टोल, वडा, गाउँपालिका, जिल्ला, प्रदेश हुँदै देश तथा विदेशसम्म गाउँको पहिचान हुने कार्य गरेको छ। यो महान् सोचको काममा विभिन्न किसिमका चुनौतीको सामना गर्दै जिमाकको कार्ययोजना सम्पन्न भएकोमा हार्दिक बधाइ दिन चाहन्छु।

जुनसुकै काममा पनि विभिन्न किसिमका चुनौती आइपर्दछन्। चुनौतीको सामना गर्दै आफ्नो योजना सफल पार्नु ऐतिहासिक महानता हो।

नेपाल एकीकरण गर्दा पनि राजा पृथ्वीनारायण शाहलाई कम चुनौती नपरेको होइन।

अन्तमा, तङ्ग्राम ८५ प्रतिशत जनजाति बस्तीको गाउँ हो। हरेक क्षेत्रमा हामी जनजाति पर्दाभित्र छौँ। तसर्थ सङ्गीत सङ्ग्रहालयमै जनजातिको ऐतिहासिक भेषभुषा, भाषा, रीतिरिवाज र संस्कार–संस्कृतिलाई संरक्षण गर्न पाएमा सुनमा सुगन्ध हुने थियो।

यही सल्लाह, सुझावका साथ जिमाकको हरेक क्षेत्रमा उन्नति र प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

# जिमाकलाई शुभकामना

**कुलदीप क्षेत्री, (प्रअ, जनता मावि, धम्जा)**

सङ्गीतकला मानज जीवनको अभिन्न अङ्गको रूपमा स्थापित भएको छ। भनिन्छ, सङ्गीत, फूल र बच्चा



मानिसलाई सबैभन्दा प्रिय लाग्छ। सङ्गीत दुःख, पडा, पिरमर्का भुलाउने साधन मात्र होइन, यो त हाँसो, खुसी, हर्ष, उल्लासको अवसरमा मानिसलाई आनन्द प्रदान गर्ने माध्यम पनि हो। सङ्गीत युद्धको कहालीलाग्दो अवस्थामा मात्र नभएर पीडाको अवस्थामा पनि औषधिको रूपमा प्रयोग भइरहेको छ। सङ्गीत सबैले गुनगुनाउने गर्दछन्; मात्र फरक त्यसलाई एकीकृत र व्यवस्थित गर्नु हो।

साहित्य, कला र सङ्गीतलाई थप व्यवस्थित गरी नवप्रतिभालाई थप ऊर्जा, हौसला र उत्प्रेरणा जागृत गर्दै प्रतिभा पहिचानको अभियानमा समाहित एउटा विशुद्ध सामाजिक संस्था हो, गाउँमैत्री अक्षयकोष जिमाक। गाउँका कुनाकन्दरामा लुकेर रहेका नवप्रतिभालाई अवसर र उचित वातावरण सिर्जना गरी उनीहरूमा रहेका प्रतिभालाई आम जनमानसमा ल्याउने काममा गाउँमैत्री अक्षयकोष जिमाकले आफ्नो स्थापनाकालदेखि नै निकै महत्त्वपूर्ण र प्रशंसनीय कार्य गर्दै आएको छ।

ग्रामीणस्तरमा स्थापना भई कला, संस्कृति र साहित्यलाई एकीकृत, व्यवस्थित र संरक्षण गर्ने उद्देश्यका साथ स्थापना भई विभिन्न आरोह, अवरोह पार गर्दै गौरवमय दश वर्ष पूरा भएको अवसरमा गाउँमैत्री अक्षयकोष जिमाकबाट प्रकाशन भएको स्मारिकालाई हार्दिक शुभकामना व्यक्त गर्दछु। आगामी दिनमा जटिलता पार गर्दै आफ्नो उद्देश्यानुरूपको लक्ष्यमा अगाडि बढ्न सकोस्। फेरि पनि हार्दिक शुभकामना व्यक्त गर्दछु।

# नवकलाकारलाई स्थापित गराउन उत्प्रेरणा प्रदान गरोस्

**भैरवबहादुर थापा,**

**प्रअ, श्री मुक्तिनाथ निमावि, तङ्ग्राम, बागलुङ**



बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ४ मा विधिवत रूपमा २०६६ सालमा स्थापना भएको गाउँमैत्री अक्षयकोषले साहित्य, गायन साथै नृत्यकलाको क्षेत्रमा लुकेर बसेका कलाकारको प्रतिभा विभिन्न सिजनमा प्रस्तुत यी तिनै विधामार्फत प्रतियोगितात्मक कार्यक्रमबाट विजेता हुन सफल भएका कलाकारले आआफ्ना प्रतिभालाई समय सान्दर्भिक अनुकूल बनाउँदै प्रगतिका शिखरमा पुग्न सक्ने प्रतिभाको पहिचान गराएको छ। साथमा नवकलाकारलाई स्थापित गराउन उत्प्रेरणा प्रदान गर्दै आगामी रणनीतिलाई यथावत राख्ने छ। विभिन्न पञ्चवर्षीय योजनामार्फत चरणबद्ध तरिकाले आफ्ना कार्यनीति अगाडि बढाउँदै लैजाने कामको हरेक पहल सकारात्मक छन् र यसलाई अझै स्वछन्द प्रदान गर्दै अगाडि बढ्न सकोस् भन्ने अपेक्षा राख्न चाहन्छु। साथमा गौरवमय दश वर्ष नामक स्मारिका प्रकाशन गर्न लागेकोमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।

# कार्यक्रमले प्रगतिशील सांस्कृतिक आन्दोलनलाई टेवा

**थुमराज ढुङ्गाना, रक्तिम सांस्कृतिक अभियानका पूर्व केन्द्रीय सचिवालय सदस्य**

बृहत् उद्देश्यका साथ स्थापना भएको गाउँमैत्री अक्षयकोष



वास्तममै विविध उद्देश्य पूरा गर्दै एक उत्कृष्ट संस्थाको रूपमा स्थापित भइसकेको छ। बागलुङ जिल्लाको काँठेखोला गाउँपालिका–४ तङ्ग्रामका केही सक्रिय युवाहरू सम्मिलित भई गठन भएको गाउँमैत्री अक्षयकोषको गतिविधि तङ्ग्राममा मात्रै सीमित नभई समग्र गाउँपालिका नै प्रभावित हुने गरी विविध गतिविधि सञ्चालन हुँदै आएको र अहिले लगभग राष्ट्रियस्तरमा समेत चर्चा गर्नयोग्य विविध गतिविधि सञ्चालन हुँदै आएको छ।

संस्था स्थापना भएको दिनलाई स्मरण गर्दै हरेक वर्ष दशैँपछि पूर्णिमासम्म विविध साङ्गीतिक कार्यक्रमसहित अन्य ज्ञानवर्धक कार्यक्रम गरी वार्षिकोत्सव मनाउने गरिएको छ। उक्त कार्यक्रममा गायन, वादन र नृत्य प्रतियोगिता सञ्चालन गरी त्यस क्षेत्रका प्रतिभाको पहिचान गरी ती प्रतिभालाई अगाडि बढाउने वातावरण सिर्जना गरेको छ। उत्कृष्ट प्रतिभाको गीत रेकर्ड गरिदिने र म्युजिक भिडियोमा नृत्य तथा अभिनय गर्ने अवसरसमेत सिर्जना गरेको छ। यस संस्थाका विविध साङ्गीतिक कार्यक्रममा देशभक्ति तथा प्रगतिशील गीत नृत्यलाई स्थान दिइएकाले प्रगतिशील सांस्कृतिक आन्दोलनलाई थप टेवा पुग्ने अपेक्षासमेत गरिएको छ।

जुनकुनै पनि संस्थाहरू कानुनी रूपमा सञ्चालन

गर्न पाउनु नैसर्गिक अधिकार पनि हो तर यस संस्थामाथि विविध व्यक्तिको शङ्का–उपशङ्का पनि उब्जिएका छन्। संस्थाले ती शङ्का–उपशङ्का कुशलतापूर्वक निवारण गर्दै महत्त्वपूर्ण केही भौतिक सम्पत्ति पनि जम्मा गर्दै आएको छ। हाल संस्थाको आफ्नो भवनसमेत निर्माण भइसकेको छ भने प्रदेश तथा स्थानीय तहको पनि संस्थाप्रति ध्यानाकर्षण भएको छ र विविध योजना परेका छन्। संस्थामा काम गर्ने व्यक्तिले उच्च मनोबलका साथ काम गरेकाले संस्थाको विविध रचनात्मक गतिविधि सञ्चालन भएका छन्। आफ्नै सुन्दर भवन निर्माण गरी विश्वभरिका विभिन्न देशका राष्ट्रिय बाजा र राष्ट्रिय पोसाक सङ्कलन गरी बृहत् सांस्कतिक सङ्ग्रहालय राख्ने महान् काम गर्ने उद्देश्य लिएकाले त्यो स्थान पक्कै पनि एक उत्कृष्ट पर्यटकीय स्थल बन्ने कुरामा कुनै दुविधा छैन। नेपालमा प्रचलित विभिन्न लोकबाजाहरू सङ्कलन गर्ने कार्य पनि अघि बढ्नुका साथै नेपालको सबैभन्दा ठुलो नगरा वा दमाहासमेत बनाएर आम नेपालीको कौतुहलतासमेत जगाउने काम भएको छ।

मलाई गाउँमैत्री अक्षयकोषको वार्षिकोत्सव कार्यक्रममा सहभागी बनी विविध गतिविधि नजिकबाट अध्ययन गर्ने मौकासमेत मिलेको थियो भने यसमा सक्रिय कार्यरत व्यक्तिसँग पनि समीपमा रही पटक पटक संवाद तथा अन्तरक्रिया गर्न पाएकाले संस्थाको सम्पूर्ण उद्देश्यसमेत जानकारी भएकाले वास्तवमै सांस्कृतिक सम्पदाका रूपमा गाउँमैत्री अक्षयकोष स्थापित हुने छ भन्ने कुरा विश्वास लिएको छु, बरु यसको संस्थागत विकासका लागि समुदाय स्तरबाट रेखदेख र जिम्मा लिने गरी समुदायमा हस्तान्तरण गर्न कानुनी प्रक्रिया अगाडि बढाउनुपर्दछ, ताकि यो संस्था कुनै सञ्चालकको मात्रै नभएर पूर्ण रूपमा समुदायको बनोस् र यस गाउँमैत्री अक्षयकोषको अझै उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

## जिमाकलाई समुदायले सहयोग गर्नुपर्दछ

### खेम पुन (लोक तथा दोहोरी गायक)

### हाल अमेरिका



ती दिनहरूको सम्झना ताजै छ, गाउँमैत्री अक्षयकोष स्थापनाको सुरुआती चरणमा यसको प्रभावकारी कार्यान्वयनको सम्बन्धमा हाम्रो निकै धेरै चरणमा छलफल भएका थिए। कोषको संस्थापक हेमराज आश्रम, कमल पुन, धनप्रसाद पुन, अनि मलगायत काठमाडौँमा रहेका तङ्ग्रामी साथीहरूबिच छलछल भइरहन्थ्यो। नवप्रतिभाको पहिचान गर्ने, साथै तङ्ग्रामीमा भाइबन्धुत्वको भावनालाई बलियो बनाउने काममा कोषको कार्यक्रमले सहयोग पुऱ्याउने सल्लाह भइरहन्थे। त्यसैले यसको स्थापनाकालमा मेरा पनि केही धारणा र विचार मिसिएका थिए। मैले जिमाकले गर्ने प्रतिभाको खोजी कार्यक्रमको पहिलो र तेस्रो वर्षमा सहभागिता जनाएको सम्झना छ।

म विविध कारणले गाउँदेखि टाढा भए पनि आफू जन्मेको ठाउँमा सांस्कृतिक तथा साहित्यिक गतिविधिले प्रश्रय पाउनु खुसी तथा गर्वको कुरा हो। जिमाकले लामो समय काठेखोला तथा बागलुङमा केन्द्रित रहेर जुन कार्य गरिरहेको छ, यो आफैमा प्रशंसनीय कार्य हो। पछिल्ला वर्षमा आफ्नै जग्गा व्यवस्थापनदेखि भवन निर्माणका साथै नेपालकै ठुलो नगरा बनाउने कार्यसम्मको खबर सुन्दा मलाई खुसी लागेको छ। यी सबै कार्यमा समुदायले पनि आआफ्नो ठाउँबाट सहयोग गर्नुपर्दछ भन्ने मेरो धारणा छ।

अन्तमा, आउँदा दिनमा पनि यसरी नै हाम्रो गाउँ तथा समाजमा लुकेका प्रतिभालाई उपयुक्त वातावरण दिएर प्रोत्साहन गर्नुका साथै हाम्रो गाउँलाई राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा पहिचान दिलाउने कार्यमा थप योगदानको अपेक्षासहित स्मारिका प्रकाशनको शुभकामना पनि व्यक्त गर्न चाहन्छु।

## जिमाक अझै पारदर्शी हुन आवश्यक छ

### धनप्रसाद पुन 'दीपशिखा"

### (GMAK को संस्थापक अध्यक्ष)



बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ४ तङ्ग्राममा पहिलो पटक २०६६ असोज १६ गतेका दिन जनवादी कलाकार हेमराज आश्रम र सुप्रभा थापाका बिचमा प्रगतिशील विवाह सम्पन्न भएको थियो। उक्त कार्यक्रममा चर्चित जनवादी गायक जीवन शर्मा, निलिमा पुनलगायत पार्टीका नेता, कार्यकर्ताका साथै ठुलो सङ्ख्यामा शुभचिन्तकहरूको उपस्तिथि थियो। त्यही कार्यक्रममा अक्षयकोषको स्थापना गरेर कला, साहित्य

र सङ्गीतको संरक्षण गर्ने प्रतिबद्धता हेमराज आश्रमबाट भएको थियो।

उक्त अक्षयकोषको नाम पछाडि गएर गाउँमैत्री अक्षयकोष राखियो। संस्थाले दशौँ वर्ष पार गर्दा फरक फरक ठाउँमा विभिन्न कार्यक्रमको आयोजना गरेर वार्षिकोत्सव मनाएको देखिन्छ। हाल आएर संस्थाको आफ्नै नाममा जग्गा हुनु सुखद् पक्ष हो।

अक्षयकोषले केही राम्रा राम्रा काम गरे पनि विवादबाट मुक्त हुन सकेन। समाजका अगुवाहरूसँग निरन्तर समन्वय गर्नुपर्ने थियो, त्यो कमी भएको हो कि जस्तो लाग्छ। अक्षयकोषको मूल्यमान्यता आत्मसात गर्नुपर्नेमा संस्था चुकेको पनि देखिन्छ। त्यसो नगरेको भए राम्रो हुने थियो।

अक्षयकोषमा समाजमा सचेत व्यक्तिहरूको ध्यान जान्छ र जानु पनि पर्छ। त्यसैले संस्थाको आम्दानी र खर्च पारदर्शी हुन आवश्यक छ। अक्षयकोषले प्रगतिशील गीतसङ्गीत तथा साहित्यलाई संरक्षण गर्नुपर्दछ। संस्थाको अरू भवन निर्माण भएको खण्डमा सामुदायिक पुस्तकालय निर्माण गरेर पठन संस्कृतिको विकास गर्न जरुरी छ।

गाउँमैत्री अक्षयकोषले आगामी दिनमा सरोकारवालाहरूको सल्लाह, सुझाव लिएर विवाद नहुने गरी अन्य रचनात्मक काम गर्दा राम्रो होला।

## GMAK को संग्रहालयले मूर्त रूप लिइसकेको छ

**कृष्णबहादुर पुन, (शिक्षक, नारायणी मावि), काठेखोला-४ तङ्ग्राम, बागलुङ**



हेमराज पुन साविक तङ्ग्राम गाविस वडा नं. ३ काफलबोट (हाल काठेखोला गा.पा. वडा नं. ४) बागलुङमा जन्मनुभएको हो। उहाँमा गायन, गीतसङ्गीतमा सानैदेखि अपूर्व प्रतिभा थियो। पछि उहाँले सङ्गीतमै उच्च शिक्षा लिनुभयो। त्यसो त उहाँले कलेजका अन्य विधामा पनि अध्ययन गर्नुभयो। मलाई लागेअनुसार उहाँ स्वरमा अझ बढी सिद्ध हुनुहुन्छ।

उहाँले सुरुमा आफ्नै गाउँठाउँका गायन तथा नृत्य प्रतिभालाई पत्ता लगाउन र उकास्न आफ्नै गाउँमा विभिन्न प्रतियोगितात्मक साङ्गीतिक कार्यक्रम आयोजना गर्नुभयो; पुरस्कारको व्यवस्था गर्नुभयो; पुरस्कारका लागि अक्षयकोष खडा गर्नुभयो। २०६७ देखि सुरु गर्नुभएको उहाँको वार्षिक आयोजनाले २०७६ सालसम्म १० वर्ष पूरा गर्‍यो। उहाँको त्यस अभियानबाट स्थानीय क्षेत्रका दर्जनौँ प्रतिभालाई साङ्गीतिक क्षेत्रमा हौसला र प्रेरणा मिल्यो। उहाँले त्यस अभियानलाई TALLANT OF VILLAGE नाम दिनुभयो।

पछि उहाँले सङ्गीत सङ्ग्रहालय खोल्ने विचार गर्नुभयो, त्यो पनि आफू जन्मेकै स्थानमा। उहाँको सङ्ग्रहालयले हालसम्म निकै मूर्त रूप लिइसकेको छ। उहाँको सङ्गीत सङ्ग्रहालय सम्भवतः नेपालकै सबभन्दा ठुलो सङ्गीत सङ्ग्रहालय हुन सक्छ भन्ने अनुमान छ। यो कुरा अनुमान गर्न सकिन्छ कि सङ्गीत पर्यटक तथा पारखीका लागि उहाँको सङ्ग्रहालय भेट्नैपर्ने एक स्रोत बन्ने छ।

सङ्गीत सङ्ग्रहालय स्थापना गर्ने दौरान आवश्यक पर्ने धनराशि जुटाउन उहाँले सहयोग सङ्कलन अभियान पनि सञ्चालन गर्नुभयो। राम्रो काम लागेर उहाँको काममा धेरै कोष पनि जुट्यो। त्यसो त उहाँले आफ्नै गोजीबाट पनि ठुलो व्ययभार वहन गर्नुभएको छ।

अन्तमा, उहाँको उद्देश्य पूरा होस्। सार्वजनिक महत्त्वको क्षेत्रमा केही काम गरौँ भन्ने उहाँको भावना पूरा होस्। उहाँको साङ्गीतिक विलक्षण प्रतिभाले आगामी दिनमा अझ फुलोस्, फलोस्।

अन्तमा हेमराजको उक्त साङ्गीतिक यात्रा नै गाउँमैत्री अक्षयकोष (GMAK) हो भन्ने मेरो बुझाइ रहेको छ। उहाँको कार्यले तङ्ग्रामलाई अन्य ठाउँमा पनि चिनाउनमा ठुलो योगदान गर्ने छ भन्नेमा विश्वास लिएको छु।

## जिमाक जुर्मुराएका मानिसको थलो हो

**राम थापा "अविरल', बागलुङ**



बागलुङको तङ्ग्राम फगत भूगोल मात्र होइन, यो त समाज बदल्न जुर्मुराएका मानिसको थलो हो। त्यसकै एउटा अभिव्यक्ति हो, गाउँमैत्री अक्षयकोष।

कला, साहित्य र संस्कृतिको सम्वर्द्धनमा यसले पुर्‍याएको योगदान कुनै मूल्यमा अनुवाद हुन सक्दैन। अक्षयकोषले आफ्नो दशक यात्रामा पछ्याउनलायक थुप्रै पदचाप छोडेको छ।

प्रतिभाको खोजीदेखि लोकवाद्य यन्त्रको सङ्ग्रहालय बनाउनेसम्मको अभियानमा अक्षयकोष र यसमा आबद्ध प्रतिभावान युवाको जति प्रशंसा गरे पनि कम हुन जान्छ।

सुदूर गाउँबाट यस संस्थाले लिएको पहलकदमी सिङ्गो देशका लागि अनुकरणीय हुन सक्छ। समयसालमा यसको प्रसार देशबाहिर पनि हुने छ।

सांस्कृतिक एवम् सामाजिक रूपान्तरणको पवित्र लक्ष्यमा पुग्न यहाँहरूलाई सफलता मिलोस्।

# जिमाक सभ्य र समुन्नत समाज निर्माणको दरिलो आधार स्तम्भ

**हरिप्रसाद पुन (सभापति)**

**नेपाल रेडक्रस सोसाइटी, तङ्ग्राम उपशाखा**



बागलुङ जिल्ला काठेखोला गाउँपालिका–४ तङ्ग्राममा स्थापित गाउँमैत्री अक्षयकोष–२०६६ ले एक दशक पार गरी एघारौँ वर्षमा प्रवेश गरेको सुखद अवसरमा ऐतिहासिक पक्षलाई समेटी संस्थाको समग्र गतिविधिको सँगालोको रूपमा प्रकाशित “जिमाकको गौरवमय दश वर्ष” नामक स्मारिका प्रकाशन गर्न लागेकोमा GMAK परिवारलाई हार्दिक बधाइ तथा शुभकामनासहित खुसी व्यक्त गर्दछु ।

काठेखोला गाउँपालिका–४ तङ्ग्राममा पहिलोपटक गाउँमैत्री अक्षयकोष नामक संस्था स्थापना गरेर कला, साहित्य र सङ्गीतको माध्यमबाट समाज परिर्वन गर्ने कार्य सञ्चालन गर्दै आइरहेको हामी सबैलाई सर्वविदितै छ। यस संस्थाले सञ्चालन गरेको आफ्नो अक्षयकोषबाट आउने आम्दानीले परम्परादेखि चलिआएको सोरठीनाच, पन्चेबाजा, खेलकुद र कृषकलाई सम्मान गरेर उनीहरूको थप हौसला बढाएकोमा संस्थालाई विशेश धन्यवाद दिन चाहन्छु।

यस संस्थाले आफ्नै श्रोतसाधनबाट जग्गा खरिद गरी दुई कोठे भवन निर्माणसमेत गरेको छ। यो हामी सबैका लागि निकै खुसीको कुरा हो। यस संस्थाले गरेको प्रगति र विकासलाई निरन्तरता दिई भोलिका दिनमा तङ्ग्राममा रहेका कला र संस्कृतिको जगेर्ना गर्ने छ भन्ने मैले पूर्ण विश्वास लिएको छु। साथै तङ्ग्राममा भएका लोक संस्कृतिको संरक्षण गर्ने उद्देश्यले सांस्कृतिक सङ्ग्रहालयको स्थापना गर्न भवन निर्माणको साथै लोकबाजाको प्रतिक मादल र सांस्कृतिक क्षेत्रको प्रतिकको रूपमा दुई क्विन्टल बराबरको दमाहा (नगरा) को निर्माण गरिसकेको छ। उक्त नगरा निर्माणले हाम्रो गाउँको चिनारी र पहिचानसमेत दिएको छ। यस संस्थाले समयानुकूल समाज परिवर्तनका नयाँ सृजनात्मक कलाको मार्ग निर्देशन गर्ने छ भन्ने कुरामा म विश्वस्त छु। गाउँमैत्री अक्षयकोष जिमाकलाई मैले सभ्य र समुन्नत समाज निर्माणको एउटा दरिलो आधारस्तम्भको रूपमा लिएको छु।

अन्तमा “जिमाकको गौरवमय दश वर्ष” नामक स्मारिका–२०७८ ले आफ्नो स्थान शीर्षस्थ रूपमा ओगट्न सफल होस्; संस्थाको निरन्तरता सधैँ कायम रहोस् भन्दै गाउँमैत्री अक्षयकोष परिवारलाई फेरि पनि हार्दिक शुभकामना व्यक्त गर्दछु।

# उद्देश्यभन्दा फरक ढङ्गबाट अगाडि बढेको छ

**तुलेन्द्र पुन, जिमाकका संस्थापक सचिव**



अक्षयकोष कहिल्यै क्षय नहुने कोष हो। यो कुनै व्यक्तिले आफ्नो विशेष सम्झनामा आफूलाई लागेका क्षेत्रमा खर्च गर्ने उद्देश्यले स्थापना गरिएको हुन्छ। अक्षयकोष सानो वा ठुलो जे भएता पनि यसको आफ्नै प्रकारको मर्यादा र दायरा हुने गर्दछ।

यसै सिलसिलामा साबिक तङ्ग्राम गाउँपालिकाका हेमराज आश्रम र सुप्रभा थापाको विवाहको अवसरमा गाउँमा भएका हरेक प्रतिभाको पहिचान गरी ती प्रतिभालाई तङ्ग्रामको पहिचानको प्रतिमूर्ति बनाउने उद्देश्यका साथ एउटा अक्षयकोष स्थापना गरिएको थियो। हेमराज आश्रम तथा सुप्रभा थापा युगल जोडी आफै सांस्कृतिक फाँटका व्यक्ति भएकाले त्यही क्षेत्रका प्रतिभाको पहिचान गर्न उहाँहरूले अक्षयकोष स्थापनामा रुचि देखाउनुभएको थियो र त्यो अक्षयकोष गाउँमैत्री अक्षयकोष नामकरण गरी यसले आफ्नो गतिविधि अगाडि बढाइरहेको छ।

स्थापनाकालमा यसले लिएको उद्देश्य र अहिलेको अवस्थाको परिदृश्य धेरै फरक पाइएको छ। कुनै पनि अक्षयकोषले समाजको आमूल परिवर्तनको उद्देश्य राख्छ भन्ने मेरो बुझाइ छैन। हालको परिवेशमा यसले गर्ने गतिविधि स्थापनाकालको उद्देश्यभन्दा फरक स्थितिबाट अगाडि बढेको महसुस गरेको छु।

अक्षयकोष आफैमा नराम्रो कोष हैन तर पनि यसले गर्ने गतिविधि त्यही प्रकारको हुनुपर्दछ। यस कोषले

राखेको उद्देश्यानुरूप कार्यक्रम भइराखेको छ कि छैन र के कति प्रतिभाको खोजी गरेको छ भन्ने परिणामको खोजी त इतिहासले अवश्य पनि गर्ने छ। त्यसैले यस गाउँमैत्री अक्षयकोषले प्रतिभाको खोजीभन्दा पनि स्थानीय क्षेत्रको भौतिक विकासको खोजीको दिशामा गएको हो कि भन्ने आभास भएकाले आगामी दिनमा उद्देश्यानुरूपको कार्यक्रम सञ्चालन गरोस्, साथै अक्षयकोषको सार्थकता दर्शाउने खालको योजना बनाओस भन्ने शुभकामना दिन चाहन्छु।

# अन्तर्राष्ट्रिय स्तरको सांस्कृतिक संग्रहालय निर्माण सबैको गौरव

**ताराप्रसाद शर्मा, बागलुङ**



बागलुङको काठेखोला गाउँपालिका–४ तङ्ग्राममा कलाकार हेमराज आश्रमले गाउँमैत्री अक्षय कोष सञ्चालन गरेर कला, संस्कृतिको संरक्षण तथा प्रगतिशील सांस्कृतिक आन्दोलनलाई थप उचाइमा पुर्‍याउन गरेको काम र प्रयासले दशौँ संस्करण पार गरेको छ।

एउटा संस्थालाई जम्माएर निरन्तर सञ्चालन गर्न कति गाह्रो छ ? त्यो सबैले जानेको र देखेको कुरा हो तर आश्रमको अथक प्रयासले गाउँमैत्री अक्षयकोषले यति बेला अन्तर्राष्ट्रिय रूपमा चर्चा बटुल्ने क्रममा रहेको हामीले पाएका छौँ। कला र गला भएका स्थानीयस्तरका कलाकार र स्रष्टाको प्रतिभालाई उजागर गर्दै निरन्तर सञ्चालनमा आएको कोषका लागि कहिलेकाहिँ दुखदका क्षण पनि आए र त्यसलाई समाधान गर्दै अगाडि बढिरहेको सन्दर्भ हामीबिचमा छर्लङ्ग छ।

कलाकार र स्रष्टाको मार्गदर्शक बनेको अक्षयकोषले अहिले अन्तर्राष्ट्रिय स्तरको सांस्कृतिक सङ्ग्रहालय बनाउने अभियानमा जुटेको छ। यसले पक्कै पनि बागलुङ जिल्ला मात्र नभएर समग्र देश र अन्तर्राष्ट्रिय रूपबाट पनि सफलता पाउने नै छ। सङ्ग्रहालयको कामलाई अगाडि बढाएको कोषले त्यसको सुरुआतस्वरूप नेपालकै ठुलो दमाह निर्माण गरेर सबैसामु देखाएको छ।

जिल्ला र देशको नै पहिचानका लागि जुन रूपमा कोष अगाडि बढेको छ, त्यो आश्रम एक्लैले गरेर सम्भव हुने कुरा पनि छैन। यस्तो खालको कामका लागि राज्यका हरेक तहले सहयोग गर्न जरुरी छ र स्थानीयस्तरबाट पनि आम समुदाय, कलाकार, साहित्यकार सबैले सहयोग गर्न जरुरी छ। त्यसैले यस्तो कामलाई सबैले सहयोग गरौँ र देश र जिल्लाको पहिचानका लागि अगाडि बढौँ। कोष र आश्रमलाई थप क्रियाशील र सक्रिय भएर अभियानमा लाग्न प्रेरणा प्रदान होस्। यो अवसरमा शुभकामना।

# मेरो नजरमा जिमाक

**रनबहादुर पुन, (युवा समासेवी)**

**काठेखोला-४ तङ्ग्राम, बागलुङ**

सायद मानिस एउटा सामाजिक प्राणी भएर होला, उसको जन्म र मरण प्राकृतिक नियम हो तर धर्तीमा सबै प्राणी



जन्मन्छ र मर्छ पनि । जो जन्मेर असल कार्य गर्छ, ऊ नै युगौँयुगसम्म बाँचिरहन्छ; अनि, अमर रहन्छ। फलतः मानिसको निरन्तर प्रक्रिया जस्तै कुनै पनि सङ्घसंस्थाको स्थापना हुनु कुनै नौलो होइन।

कुनै संस्थाले निरन्तरता पाउँछ त कुनै संस्थाले सिजनरूपी फल प्राप्त गरी निष्कृय रहन्छ तर आफ्नो स्थापनापछि हालसम्म अनवरत रूपमा आफ्नो लक्ष्य र कर्ममा अडिग रही निरन्तर क्रियाशील रहेको संस्था हो, गाउँमैत्री अक्षयकोष जिमाक, जो आफ्नो लक्ष्यबाट कहिल्यै पछि हटेन। आफ्नो लक्ष्य, उद्देश्य र स्पष्ट दृष्टिकोणका साथ गठन भई स्थापनाकालदेखि नै अहोरात्र साविक तङ्ग्राम गाविस र आसपासका छिमेकी गाविसलगायत जिल्ला अनि नेपालभरिका नवप्रतिभालाई साहित्य र सङ्गीतका हरेक विधामा प्रतिभालाई उजागर, उत्साह र प्रोत्साहनका साथ अत्यन्तै महत्त्वपूर्ण भूमिका खेल्दै आयो। जिमाकले विभिन्न क्षेत्रमा खेलेको भूमिकाप्रति संस्था प्रति म आभारी छु।

त्यस्तै सुरुका वर्षदेखि नै हरेक प्रतियोगिताको एक विधामा उत्कृष्ट हुनेलाई पुरस्कृत र सम्मान गर्दै समाजमा हुने विकृति र विसङ्गतिलाई हटाई राजनैतिक वैरभाव नराखी सभ्य र समतामूलक समाजको परिकल्पना गरी जिमाक तङ्ग्राम सामाजिक सेवामा समर्पित रहेको घाम जस्तै छर्लङ्गै देखिन्छ। आफ्नै संस्थाको भवन निर्माणदेखि स्थानीय विकासको काम गर्दै शिक्षाको ज्योति बाल्ने जुन अभिप्राय छ, अझै साकार बनोस्।

अन्तमा, गाउँमैत्री अक्षयकोष काठेखोला–४ तङ्ग्रामले आफ्नो गौरवमय दशौँ वर्षको वर्षको अवसरमा स्मारिका

विशेषाङ्क प्रकाशनले संस्थाप्रतिको उत्तरदायित्व बढ्न सकोस्। लाखौंलाख शुभकामना।

## जिमाकको प्रशंसा जति गरे पनि थोरै हुन्छ

**बिहुँकोटे साइलो (लोकगायक)**

**काठेखोला-५ बिहुँ, बागलुङ**



गाउँमैत्री अक्षयकोषको बारेमा धेरै कुरासँग परिचित नभए पनि यसका उद्देश्यसँग भने पक्कै जानकार छु।

संस्थाको दशौँ संस्करणको कार्यक्रममा हामी सोरठी समूहसहित उक्त कार्यक्रममा सहभागी भएका थियौँ। उक्त कार्यक्रमबाट जिमाकको धेरै कुराका बारेमा जानकारी भयो।

हाम्रो जस्तो गाउँपालिका र ग्रामीण परिवेशमा बृहत् सौन्दर्य चिन्तनसहितको कार्यक्रमको आयोजना गरेर जुन ऐतिहासिक कार्यक्रम भएका छन्, त्यो प्रेरणादायी कार्य हो। विविध असहजताका बाबजुद पनि प्रत्येक वर्ष गायन, नृत्य र साहित्यजस्ता विधामा घरगाउँका कुनाकन्दरामा लुकेका प्रतिभाको पहिचान गरी अवसर प्रदान गरिरहेको जिमाकको प्रशंसा जति गरे पनि थोरै हुन्छ।

बृहत् सांस्कृतिक सङ्ग्रहालय निर्माणको परिकल्पना गर्दै नेपालकै ठुलो नगरा निर्माण गरिसकेको र थुप्रै लोकबाजा सङ्कलन गरिसकेको संस्था गाउँमैत्री अक्षयकोष GMAK त हाम्रो गाउँपालिकामा हुनु—यो हामी सबैका लागि गौरवको कुरा हो।

अन्तमा सम्पूर्ण जिमाकका सदस्यलाई बधाइ तथा शुभकामना दिन चाहन्छु। अब बन्ने सङ्ग्रहालय भवनले छिट्टै पूर्णता पाओस्। अग्रिम शुभकामना।★

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौँ ।

**प्रोपाइटर : सङ्गम क्षेत्री**

फोन- ९८५७६२०६०५

**सुनगाभा अफसेट प्रेस**

बागलुङ बजार, बागलुङ

**सम्पूर्ण कृषिप्रेमी कृषक तथा व्यवसायीहरूमा अनरोध**

- नियमित माटो जाँच गरी वातावरण सुहाउँदो बालीको उत्पादन गर्ने ।
- गुणस्तरीय बिउ तथा बेर्नाको प्रयोग गरौँ, उत्पादन बढाऔँ ।
- कृषिभूमिको चक्लाबन्दी गरी नवीनतम प्रविधिसहित यान्त्रिकीकरण गरौँ ।
- कृषिउपजको सङ्कलन र प्रशोधन गरी बजारीकरण गरौँ र कृषिलाई व्यावसायीकरण गरौँ ।
- प्राकृतिक प्रकोपको क्षति पुनर्स्थापनाका लागि कृषि बिमा गरौँ ।
- नवीनतम कृषि प्रविधिका लागि रेडियो, टिभी, पत्रपत्रिका तथा सामाजिक सञ्चालको उपयोग गरौँ ।
- ग्रामीण क्षेत्रमा साना कृषि उद्यम विकास गरी आत्मनिर्भर बनौँ, कृषिलाई सम्मानजनक पेसाको रूपमा विकास गरी सुखी र समृद्ध बनौँ ।

प्रदेश सरकार

**भूमिव्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय**

गण्डकी प्रदेश, पोखरा, नेपाल

# पन्जीकरणसम्बन्धी सूचना

- सबै व्यक्तिगत घटना दर्ता गरौँ, गराऔँ, व्यक्तिगत घटना दर्ता दशक सन् २०१५-२०२४ सफल पारौँ ।
- जन्म, मृत्यु, बसाइँसराइ, विवाह एवम् सम्बन्ध-विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
- जन्मदर्ता बालबालिको नैसर्गिक अधिकार हो, जन्मेको ३५ दिनभित्र आफ्नो स्थानीय तह/वडा कार्यालयमा दर्ता गरौँ ।
- जन्म, मृत्युदर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको सदस्यले सूचना दिन सक्ने छन् ।
- विवाद दर्ताको सूचना पति र पत्नी दुवैले उपस्थित भइदिनुपर्ने छ ।
- बसाइँसराइ दर्ता व्यक्ति सरिगएको वा आएकोमा व्यक्ति स्वयम्ले परिवार सरिगएकोमा परिवारको मुख्य व्यक्तिले दर्ता गराउनुपर्छ ।
- सम्बन्ध-विच्छेदको सूचना अदालतको निर्णयसहित पति वा पत्नीले दिन सक्छन् ।
- पन्जीकरणका घटना दर्ताको विवरण सच्याउने अधिकार गाउँपालिकाको हकमा प्रशासकीय अधिकृतलाई प्रत्यायोजन भएको छ ।

| | | |
|---|---|---|
| **रामप्रसाद शर्मा** | **दिलकुमारी पुन** | **प्रकाश थापा** |
| प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

**ताराखोला गाउँपालिका**, बागलुङ


# पन्जीकरणसम्बन्धी सूचना

- सबै व्यक्तिगत घटना दर्ता गरौँ, गराऔँ, व्यक्तिगत घटना दर्ता दशक सन् २०१५-२०२४ सफल पारौँ ।
- जन्म, मृत्यु, बसाइँसराइ, विवाह एवम् सम्बन्ध-विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
- जन्मदर्ता बालबालिको नैसर्गिक अधिकार हो, जन्मेको ३५ दिनभित्र आफ्नो स्थानीय तह/वडा कार्यालयमा दर्ता गरौँ ।
- जन्म, मृत्युदर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको सदस्यले सूचना दिन सक्ने छन् ।
- विवाद दर्ताको सूचना पति र पत्नी दुवैले उपस्थित भइदिनुपर्ने छ ।
- बसाइँसराइ दर्ता व्यक्ति सरिगएको वा आएकोमा व्यक्ति स्वयम्ले परिवार सरिगएकोमा परिवारको मुख्य व्यक्तिले दर्ता गराउनुपर्छ ।
- सम्बन्ध-विच्छेदको सूचना अदालतको निर्णयसहित पति वा पत्नीले दिन सक्छन् ।
- पन्जीकरणका घटना दर्ताको विवरण सच्याउने अधिकार गाउँपालिकाको हकमा प्रशासकीय अधिकृतलाई प्रत्यायोजन भएको छ ।


| | | |
|---|---|---|
| **कमलप्रसाद भुसाल** | **पवित्रा जिसी** | **तिलकबहादुर जिसी** |
| प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |


**ताराखोला गाउँपालिका**, बागलुङ

# खण्ड ग
# विचार खण्ड

## समृद्ध प्रदेश, सुखी जनता

यस प्रदेशमा रहेको अत्यधिक जलश्रोतको अत्यधिक उपयोग तथा पर्यटन क्षेत्रको प्रवर्द्धन गरी गण्डकी प्रदेशलाई समृद्ध र सुखी बनाउन सबैले आआफ्नो क्षेत्रबाट प्रयास गरौँ ।

प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

## पन्जीकरणसम्बन्धी सूचना

- सबै व्यक्तिगत घटना दर्ता गरौँ, गराऔँ, व्यक्तिगत घटना दर्ता दशक सन् २०१५-२०२४ सफल पारौँ ।
- जन्म, मृत्यु, बसाइँसराइ, विवाह एवम् सम्बन्ध-विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
- जन्मदर्ता बालबालिको नैसर्गिक अधिकार हो, जन्मेको ३५ दिनभित्र आफ्नो स्थानीय तह/वडा कार्यालयमा दर्ता गरौँ ।
- जन्म, मृत्युदर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको सदस्यले सूचना दिन सक्ने छन् ।
- विवाद दर्ताको सूचना पति र पत्नी दुवैले उपस्थित भइदिनुपर्ने छ ।
- बसाइँसराइ दर्ता व्यक्ति सरिगएको वा आएकोमा व्यक्ति स्वयम्ले परिवार सरिगएकोमा परिवारको मुख्य व्यक्तिले दर्ता गराउनुपर्छ ।
- सम्बन्ध-विच्छेदको सूचना अदालतको निर्णयसहित पति वा पत्नीले दिन सक्छन् ।
- पन्जीकरणका घटना दर्ताको विवरण सच्याउने अधिकार गाउँपालिकाको हकमा प्रशासकीय अधिकृतलाई प्रत्यायोजन भएको छ ।

| बालकृष्ण थापा | सरिता जिसी | अमरध्वज राना |
|---|---|---|
| प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

# मल्लरानी गाउँपालिका, प्युठान

# नेपाली साहित्यमा राजनीतिको अन्तरसम्बन्ध

• मोहनविक्रम सिंह



आजको सन्दर्भमा प्रगतिशील साहित्यको मूल्याङ्कनको आाधार के हुनुपर्दछ ? कला कलाको निमित्त वा जीवनका निमित्त ? कमसेकम सिद्धान्तको रूपमा हाम्रो देशमा यो प्रश्नले कुनै खास महत्त्व राख्दैन । यहाँ एउटा पनि यस्तो साहित्यकार पाउन मुस्किल पर्दछ, जसले कला कलाका लागि नै भनेर वकालत गर्ने गरेका छन् । साहित्य र जीवनसम्बन्धी प्रमुख साहित्यकारको दृष्टिकोणबाट यो कुरा थाहा हुने छ ।

लैनसिंह बाङ्देल : "साहित्यमा कला समाजको द्विपक्षीय चित्रण गरिनुका साथै देशको प्रतिनिधित्व गरिएको हुनुपर्छ । अहिले हामी कुनै बढी विश्लेषणमा लाग्ने समय छैन" (पृ. १३) । (यहाँ उल्लेखित सबै विचारहरू उत्तम कुँवरको 'स्रष्टा र साहित्य' बाट लिइएका हुन् ।)

सिद्धिचरण श्रेष्ठ : "साहित्य देशको निम्ति मात्र नभई विश्वको निम्ति हुनुपर्छ भन्ने सिद्धान्तलाई कार्यरूपमा परिणत गर्नुपरेको छ" (पृ. २२९) । "रचना समाज पक्षकै हुनुपर्छ । अर्को कुरो, कला प्रष्ट भएन भने त्यो साहित्यिक कृति हुँदैन" (पृ. २५) ।

गोविन्दबहादुर गोठाले : "जीवन र साहित्य सँगसँगै हिँड्नुपर्छ" (पृ. ३३) ।

लेखनाथ : "अक्सर गरी मेरा कविता, नाटक आदि सुधारकै निम्ति लेखिन्छन्" (पृ. ३९) ।

धर्मराज : "साहित्य मेरो साक्षात्कार जीवनी प्रवृत्तिसितको तादात्मकमा लगेर टुङ्ग्याउन मन पर्छ" (पृ. ४८) ।

व्यथित : "साहित्य समाजको सिद्धान्त हुन्छ र कला भनेको सिप हो" (पृ. ५४) । "नेपालमा २००७ सालपछि साहित्यलाई राजनीतिमा मुछ्ने प्रवृत्तिको बाढी आयो, जुन अद्यावधि छँदै छ र जसलाई कदापि राम्रो मान्न सकिन्न ।" (पृ. ६३) "....कला र जीवन अभिन्न अङ्ग छन्" (पृ. ६६) ।

लीलाध्वज थापा : "कलाको निम्ति साहित्य आउने हैन । साहित्य देश र परिस्थितिको निम्ति हुनुपर्छ" (पृ. १०३) ।

मोहन कोइराला : "कलात्मक रूपमा मानिसको भाषाको प्रभाव पर्न सक्ने रूपमा कविता मानव कल्याणको निम्ति हुनुपर्छ ।" कवितामा 'वाद' घुस्यो भने त्यो साहित्यिक कृति नभई कुनै पक्षको मात्र हित गर्न खोज्ने नारावादी कृति मात्र हुन जाने छ (पृ. १०९) ।

बालचन्द शर्मा : "जनमतअनुसार नै लेखक चल्नुपर्छ । ....हरेक वादले युगको प्रतिनिधित्व गरेकाले सबै वाद मलाई मन पर्छ (पृ. ११०) । हाम्रा लेखक, कवि सङ्कुचित युद्ध सडकको घेरामा २०/२५ वर्षको उमेरको अनुभव वयान गर्न मात्र तम्सन्छन् । यसरी आफूलाई वर्गवादी बनाएका छन्...." (पृ. १२१–२२) ।

भीमनिधि तिवारी : "समाजभित्र पसी त्यहाँको विश्लेषण गरेर जनताको मर्मस्थल कम्प गराउने कविता नै मेरा निम्ति आधुनिक कविता हो (साहित्य पनि)" (पृ. १४८) ।

माधवप्रसाद घिमिरे : "प्रकृति, दर्शन, विज्ञान, लोकजीवन आदि सहायकको रूपमा आई जीवनसँग अटुट सम्बन्ध भएको साहित्य नै साहित्य हो" (पृ. ६१) ।

धरणीधर कोइरला : "समाजको हित गर्नु नै साहित्यको काम हो" (पृ. २०४) ।

सोमनाथ सिग्देल : "जीवन रसिलो र प्रेरणादायी बनाउन साहित्यको ठुलो देन छ र साहित्यले नै जीवनलाई उपयोगी बनाउँछ" (पृ. २६९) ।

"वैदिक सनातन धर्मउपर श्रद्धा, विश्वास राखी त्यसअनुसारको चालचलन, आचरण कायम गरी साहित्यमा लागे झन् उत्तम हुने थियो" (पृ. २७०) ।

माथि प्रकट गरिएका विचारहरू लेखकका आफ्नै रचनाद्वारा होइन, तेस्रो व्यक्तिको माध्यमद्वारा हाम्राअगाडि आएका छन् । त्यसकारण तिनीहरूले कहाँसम्म उनीहरूका विचारको सही प्रतिनिधित्व गर्दछन् ? यसबारे केही द्विविधा रहन्छ नै । फेरि कसैका विषयमा कुनै निष्कर्षमा पुग्नुभन्दा पहिले उसका मतहरूबारे विस्तृत अध्ययन आवश्यक हुन्छ । सामग्रीका अभावमा त्यो अहिले सम्भव छैन । यसरी कुनै खास व्यक्तिका बारेमा हामी कुनै अन्तिम निष्कर्षमा पुग्न नसके पनि माथि प्रकट गरिएका विचारको ससरी अध्ययनद्वारा यो कुरामा कुनै सन्देह रहन्न कि नेपालका साहित्यकारमध्ये एउटा पनि यस्ता छैनन, जसले साहित्यलाई जीवनबाट पृथक् सम्झुन् । यसबाट दुईटा कुरा राम्ररी छर्लङ्ग भएका छन् : (१)

यसबाट एकातिर 'कला कलाकै निमित्त' भन्ने सिद्धान्तको निरर्थकता राम्ररी प्रमाणित भएको छ। (२) काव्य जीवनको निमित्त भन्नु एउटा फेसन नै भएको छ। यो आजको युग र जीवनवादी साहित्यको बढ्दो प्रभावको परिणाम हो। कुनै साहित्यकारले साहित्य 'जीवनका निमित्त' नै हुनुपर्छ भन्दैमा हामी हामी सन्तुष्ट हुनुहुन्न। के व्यवहारमा पनि उसले त्यो सिद्धान्तलाई पालन गरेको छ ? गरेको छ भने कुन रूप र अर्थमा ?

साहित्यलाई समाज र जीवनसापेक्ष मानिसकेपछि पनि जब यो प्रश्न राजनीतिसम्म आइपुग्छ, हामीले उनीहरूको मत केही बेग्लै रूपमा प्रकट भएको पाउँछौँ।

ऋद्धिबहादुर मल्लले 'साहित्यलाई राजनीतिमा मुछ्ने प्रवृत्ति' लाई गलत बताएका छन्। लैनसिंह बाङ्देल र मोहन कोइरालाले साहित्यमा 'वाद' को समिश्रणलाई अवाञ्छित बताएका छन्। लेखनाथ, सोमनाथ घिमिरे आदिका विचार माथिकै विचारसित मिल्दाजुल्दा छन्। बालचन्द्रले 'जनमत' युग र 'वाद' को लेखकसित अभिन्न सम्बन्ध भएको कुरा गर्छन् तर जब उनले 'हरेक वादले युगको प्रतिनिधित्व गरेकाले सबै वाद मलाई मन पर्छ' भन्छन्। उनको भनाइ स्वीकारात्मकभन्दा विषेधात्मक नै बढी हुन जान्छ।

सिद्धिचरणका शब्दमा 'साहित्य र राजनीति एक अर्कामाथि अन्योन्याश्रित छन्।' (लहर–,पृ. १२) यो कुरा कसैले पनि स्वीकार गर्न सक्ने छैन कि राजनीति समाज र जीवनको एउटा प्रमुख अङ्ग मात्र नभएर यिनीहरूको आधारशीला नै बनिसकेको छ। त्यो अवस्थामा यो बुझ्न नसिकने कुरा हो–साहित्य जीवन र समाजको सापेक्ष भइसकेपछि पुनः राजनीति निरपेक्ष हुनसक्दछ र हुनुपर्दछ। भन्नुको अथै के हो ? त्यो अवस्थामा उनीहरूले यी प्रमाणित गर्नुपर्नेछ कि राजनीति समाज र जीवनभन्दा बाहिरको कुरा हो।

बालचन्द्रले 'जनमत, युग र वाद' अनुसार साहित्य चल्नुपर्ने कुरा गर्छन्, तर जब उनले 'हरेक वादले युगको प्रतिनिधित्व गरेको' कुरा गर्छन्, धेरै कुरा भनेर पनि केही भन्दैनन्। बाहिरबाट हेर्दा उनको भनाइ जति निर्दोष जस्तो देखिन्छ, वास्तवमा त्यति छैन भन्ने कुरा त्यो बेला एकदम छर्लङ्ग हुन्छ, जब उनले 'वर्गवादी' लेखक, कविप्रति आफ्नो असन्तुष्टि व्यक्त गर्दछन्।

जसले साहित्यलाई वाद र सिद्धान्तभन्दा बाहिर राख्ने कुरा गर्छन्, उनीहरूका भनाइको पनि ठिक अर्थ बुझ्न मुस्किल पर्दछ। आखिर साहित्य जब जीवनका लागि लागु हुन्छ भने यो वाद र सिद्धान्तभन्दा बाहिर हुनु कसरी सम्भव छ ? उदाहरणका लागि 'वैदिक सनातन धर्मउपर आस्था' लाई सोमनाथले 'साहित्यका लागि झन् उत्तम' ठहराउँछन्। वैदिक स्वयम् एउटा सिद्धान्त हो। यो कैयौँ धार्मिक र राजनीतिक विचारको स्रोत रहेको छ।

हृदयचन्द्र सिंह प्रधान भन्छन्– "धर्म भन्नासाथै सत्यबाट च्यूत अल्पमूर्ति खडा हुन आउँछ, जसमा सङ्कीर्णता प्राण वा आत्मा भएर रहन्छ। त्यसैले वास्तवमा धर्म हितकारी भएकाले ग्राह्य भए पनि एकर्कासित मिल्न सक्ने तत्त्व त्यसमा नभएको हुनाले प्रिय छैन, अपितु वितण्डतावादी छ। धर्मबाट साम्प्रदायिकता उत्पन्न हुन सक्ने चिज हुनाले त्यसको अस्तित्व नै मेटाएर पठाउनुपर्ने जस्तो बेला आइरहेको छ (नेपाली काव्य र उसको प्रतिनिधि कवि) धर्मभित्र रामायण, महाभारत सबै आउँछन्। तिनीहरूलाई कसैले पनि 'नारावादी कृति मात्र' भन्न सक्ने छैन। के ती स्वयम् राजनीति र सिद्धान्तबाट स्वतन्त्र छन् ? के महाभारतको मुटु गीताले कुनै सिद्धान्तको प्रतिपादन गर्दैन ? शान्तिपर्वमा कुनै राजनीति छैन ?

त्यसकारण सवाल राजनीति र सिद्धान्तलाई साहित्यबाट पूरै अलग राख्ने भन्ने होइन, सवाल यो मात्र हो– कुन प्रकारको राजनीति र सिद्धान्त यसभन्दा बाहिर राख्ने ? सामान्य रूपमा हामीले ती सबै राजनीतिक सिद्धान्तलाई बहिष्कार गर्नुपर्छ, जसले 'मानवताको संरक्षण र सम्बर्द्धनमा' बाधा हाल्दछन्। 'मानवता' भनेको के हो ? यो विवादको कुरा हो। कसैले यो कुरालाई अध्यात्मवादी अर्थमा ग्रहण गर्न सक्छन् त कसैले भौतिकवादी अर्थमा।

बालकृष्ण समले 'प्रेम र मानवतावाद' लाई सर्वोपरि राख्दछन्। तर उनले भन्छन्– 'मेरो विश्वास भौतिक विज्ञानमा छ।' हृदयचन्द्र सिंह प्रधान भन्छन्– 'रामायण' मा बाल्मीकिले सामन्तवाद र ईश्वरवादकै प्रचार गरेका छन्, मार्क्सले 'क्यापिटल' मा साम्यवाद र अनीश्वरवादको। दुवै प्रचार भए तापनि रामायण मात्रै काव्य ठहरिएको छ; किनभने, रामायण काव्यको खास साँचोमा ढालिएको छ, 'क्यापिटलमा वाद मात्रै' (उही पृ. ७)। निश्चय नै पुँजी एउटा राजनीतिक अर्थशास्त्रको पुस्तक हो र त्यो साहित्यको कोटिभन्दा बाहिरै रहने रचना हो।

एउटा कुनै रचना त्यो बेला नै साहित्यिक कृति बन्न सक्दछ, जब त्यसमा कला पनि हुन्छ। एउटा साहित्यिक कृति सिद्धान्त, राजनीति वा वादले रहित हुन्छ र हुनुपर्छ भन्ने राय प्राचीन साहित्यको अध्ययनद्वारा पनि पृष्टि हुन्न। साहित्यमा विचार र कलासम्बन्धी विषयलाई स्वयम् प्रधानकै शब्दमा यसरी टुङ्ग्याउन सकिन्छ– "कृतिमा विचार मात्र रह्यो भने त्यो काव्य नभइकन प्रचार मात्र हुन जान्छ, अनि कला मात्र

रह्यो भने त्यो पनि केवल सुन्दर शव मात्र हुन जाने छ।" यसरी स्वयम् उनका शब्दमा 'मानवतावाद' को अर्थ हुन्छ– 'भौतिक ज्ञानको विकास' तर लेखनाथका दृष्टिमा 'खालि भौतिक आधार मात्र लिएर कहाँ हुन्छ र ? आध्यात्मिक उन्नति नभई मानवजातिको कल्याण सम्भव छैन' (गोविन्द मल्ल, 'सत्तरी वर्षको बुढो सुगा र एउटा सिकारु गाइने' (संस्मरण), भानु–लेखनाथ विशेषाङ्क, फागुन २०२३ पृ. २३८)।

सम महोदयले 'भौतिक विज्ञानको विकास' लाई 'मानवतावाद' को आधार मान्दैमा त्यसको अर्थ स्वतः यो निस्कन्न कि उनले जीवनप्रति भौतिकवादी दृष्टिकोण राख्दछन्। जे होस्, त्यसबाट कमसेकम साङ्केतिक रूपमा यो कुरा स्पष्ट हुन्छ कि मानवता या लोककल्याणको कुनै सर्वसम्मत र शाश्वत परिभाषा छैन र हुन सक्दैन। त्यो देश, काल र समाजको प्रकृतिअनुसार निर्धारित हुने कुरा हो।

मानिस जन्मजात रूपमा नै भौतिकवादी हुन्छ। उसले आफ्ना बाबुआमालाई सत्य ठान्दछ । आफ्नो घर, आफ्नो घरका अगाडि उभिएको रुख, गाईको बाच्छोलाई सत्य ठान्दछ तर जति जति ऊ धर्मको असरमा आउँछ, उति उति उसले यो संसारभन्दा अर्को संसारको अस्तित्वमाथि विश्वास गर्न थाल्दछ। त्यसको चरम रूप हुन्छ– यो जगत्‌लाई नै पूर्ण रूपले माया सम्झनु र असत्य ठान्नु। शङ्कराचार्यको अद्वैत दर्शन यसको उदाहरण हो।

सर्सरी रूपमा विश्वभरि नै हेर्ने हो भने यो कुरा छर्लङ्ग हुन्छ कि यस प्रकारको लौकिक जीवनलाई माया र असत्य सम्झने विचारहरू ती देश र कालमा नै आएका हुन्छन्, जहाँ जीवन अपेक्षाकृत सरल छ; जहाँ अपेक्षाकृत कम परिश्रमद्वारा जीवन निर्वाह गर्नु सम्भव हुन्छ। त्यसैले मिश्र, भारत र चीन जस्ता उर्वरा भूमिमा नै यस्ता विचारले जन्म लिन पुगे। आधुनिक युरोपमा उत्पादक शक्तिको विकासले गर्दा जीवनमा सुख र समृद्धिमा वृद्धि आउनुका साथै त्यहाँ पुनः जीवनप्रति अनास्थाका प्रवृत्ति विभिन्न रूपमा प्रकट हुँदै गइरहेका छन्, चाहे त्यो वर्कले दर्शनको रूपमा होस्, चाहे हिप्पीहरूको 'एल.एस.डी. वादको रूपमा। अर्को शब्दमा, विलासको पराकाष्ठा जगत्‌प्रतिको अवस्थाको कारण बन्न जान्छ। अर्कोतिर, जहाँ उत्पादक शक्तिहरू पिछडिएको अवस्थाका छन्, जहाँ जीवन निर्वाहका लागि अपेक्षाकृत कडा सङ्घर्ष गर्नुपर्दछ, त्यहाँ त्यस्ता विचारले अन्य समाजको प्रभावले गर्दा आंशिक रूपमा देखा पर्ने विचार र संस्कारलाई छाडेर कम विकास गरेका हुन्छन्।

माथि जुन विभिन्न देशको आधारमा भनिएको छ, त्यही कुरा वर्गीय आधारमा पनि सत्य हुन्छ। जुन वर्गले निर्वाहका लागि जति कम परिश्रम गर्नुपर्दछ, उनीहरू नै त्यति बढी मात्रामा हवाइ कल्पनाका शिकार हुने गर्छन्। उनीहरूले कला कलाका लागि पनि भन्न सक्छन्। जसलाई सारा शक्ति लगाउँदा पनि जीवन धान्न मुस्किल परिरहेको हुन्छ, उनीहरूका लागि सबै थोक जीवनका निमित्त हुन्छ। ती सबै कुराले उनीहरूका लागि कुनै महत्त्व राख्दैनन्। जो कुनै रूपले उनीहरूको जीवनका लागि सहायक हुँदैनन्, उनीहरूले कुल देवताको पूजा गर्दछन्, त्यो पनि यो कामना गरेर कि बालीनाली राम्रो होस्; छोराछोरीलाई रोगव्याधी नलागोस्। स्वयम् वेदले त्यही कुरा देखाउँछ। उनीहरूले देवताको आराधना गर्दथे, लौकिक जीवनमा समृद्धिको काम गरेर। जब आर्यहरूलाई खान, लाउन त्यति मिहिनेत गर्नुपर्ने आवश्यकता हुन छाड्यो, जब समाजमा वर्गविभाजन व्यापक भयो, निम्न वर्गहरूको मिहिनेतमा उच्च वर्गले आराम र सोखसित जीवन बिताउने आधार तयार भयो, त्यसपछि नै उनीहरूले भन्न थाले, ब्रह्म सत्यं, जगत् मिथ्या !

यस पृष्ठभूमिमा नेपाललाई हेर्‍यौँ भने के पाउँछौँ ? राष्ट्रिय रूपमा नै हाम्रो देशमा जीवन निर्वाहको अवस्था अत्यन्त कठिन छ। यहाँ उत्पादक शक्तिको विकास एकदम पिछडिएको छ। जीवन निर्वाहका साधन जुटाउनका लागि प्रकृतिका विरुद्ध कडा सङ्घर्ष गर्नुपर्दछ। परिश्रमको उत्पादनशीलता एकदम निम्न छ। कुनै पनि देशमा शोषणको आधार निश्चित रूपले श्रमको उत्पादनशीलताद्वारा निर्धारित हुन्छ। जहाँ श्रमजीवीले आफ्नो जीवन निर्वाहका लागि न्यूनतम आवश्यकता पर्नेभन्दा जति बढी उत्पन्न गर्न सक्दछन्, त्यहाँ त्यति नै बढी शोषण सम्भव हुन्छ । नेपालमा उत्पादक शक्तिको पिछडिएको रूप र परिश्रमको निम्न उत्पादनशीलताका कारणले यहाँ सामन्तवादको त्यति विकास हुन सकेन । उपत्यका र तराईका श्रमको उत्पादनशीलता पहाड खण्डको तुलनामा अपेक्षाकृत बढी छ। त्यसैको परिणाम हो कि उपत्यका र तराईमा सामन्तवादको केही बढी विकास सम्भव भएको छ भने पहाड खण्डमा सामन्ती विकास अपेक्षाकृत धेरै तल छ, यहाँ कुनै ठुला सामन्त हुन सक्दछन् भने पनि तराईको जमिन्दारीका आधारमा नै।

यो परिस्थितिमा देशभित्र धर्म र आध्यात्मवादी संस्कृतिको त्यति विकास हुन सक्दैनथ्यो र भएन पनि। हाम्रो देशमा मन्दिर आदिको सङ्ख्या एकदम कम छ। देशको विभिन्न भागमा धर्मको प्रभाव निश्चित रूपले त्यहाँको उत्पादनशीलतामाथि आधारित छ। जहाँ श्रमको जति बढी उत्पादनशील छ, त्यहाँ त्यति बढी शोषण हुन्छ; अनि, त्यहाँ धर्मको त्यति बढी विकास। त्यसैले गर्दा उपत्यकामा मन्दिर

धार्मिक क्रियाकलापको अतिबाहुल्यता पाइन्छ भने तराईमा त्यसभन्दा कम, पहाडतिर अत्यन्त कम। पहाडतिर पनि हामी जति दुर्गम पहाडतिर पस्दछौँ, त्यहाँ तिनीहरूको क्रमशः कमी हुँदै जान्छ। त्यहाँ धर्म खालि सामान्य स्नानपूजासम्म सीमित रहेको हुन्छ, त्यो पनि जनसङ्ख्याको एकदम सानो भागमा।

तराईको ठुलो भाग केही सय वर्षपहिले सम्म नै तीमध्ये धेरैजसो आवाद भएका हुन्। वास्तवमा भन्ने हो भने नेपालमा सामन्तवादको विकास त्यसपछि नै प्रारम्भ भयो। पहिले बाइसे/चौबिसे राज्यको पालामा ठुलो पैमानामा भूमिमाथि स्वामित्व कायम गर्नु सम्भव हुने कुरा नै भएन। आफ्नो प्रारम्भिक अवस्थामा समाजको विकासमा सामन्तवादको प्रगतिशील र सकारात्मक योग हुन्छ। नेपालको जङ्गल फाँडेर त्यहाँ बस्ती बसाउनमा सामन्तको प्रगतिशील भूमिका रह्यो। मुख्यतः राणाकालमा आएर नै सामन्तवाद केन्द्रीय र प्रतिक्रियावादी रूपमा बदलिँदै गयो तैपनि त्यसको आयु धेरै भएको छैन। त्यसले आफ्नो स्थितिलाई बढीभन्दा बढी आर्थिक र राजनीतिक रूपमा नै सुदृढ पार्न सक्यो। सामन्ती व्यवस्थाको पक्षमा आवश्यक प्रतिक्रियावादी धार्मिक र सांस्कृतिक आधार तयार पार्न लामो समय चाहिन्छ। यो कैयौँ शताब्दीसम्म मात्र सम्भव हुन सक्ने कुरा हो।

नेपालमा सामन्ती व्यवस्थासित मेल खाने आफ्नो राष्ट्रिय धर्म र संस्कृतिको अभावमा त्यसलाई भारतबाट आयात गर्ने काम नै मुख्य रूपले गरियो। त्यसले नेपालको वस्तुस्थिति (वस्तुस्थिति भन्नाले यहाँ मैले खालि दुईओटा कुरा लिएको छु : भारतको भन्दा जीवन निर्वाहका लागि कडा परिस्थिति र सामन्तवादको एकदम छोटो आयुसित खाँदैनथ्यो। त्यसकारण यसका प्रचार खालि माथि माथि कुनै खास स्थान र एकदम थोरै मानिससम्म मात्र सीमित रह्यो। मानिसले यसलाई केही अपनाए भने पनि खालि ती पक्षलाई मात्र, जसले जीवनप्रति एकदम नकारात्मक दृष्टिकोण अपनाउँदैनथे। यहाँ सामन्ती विकास अगाडि बढ्दै जानुका साथै केही उच्च वर्गमा भारतीय अध्यात्मवादी संस्कृतिको प्रचार अवश्य पनि बढ्न थाल्यो। जसलाई हामी भारतीय संस्कृति भन्दछौँ, त्यो भारतमा सामन्तवादको एकदम विकसित अवस्थामा त्यहाँका उच्च वर्गको आवश्यकता र स्वार्थको पूर्तिका लागि ढालिएको चिज हो। स्वयम् नेपालमा सामन्तवर्ग, जो अझै विकासका आरम्भिक अवस्थामा थियो, का लागि पनि त्यो त्यति उपयुक्त हुने कुरा आउँदैनथ्यो। त्यसकारण स्वयम् उच्च वर्गमा पनि त्यो त्यति लोकप्रिय हुने कुरा थिएन। त्यसैले हाम्रो देशमा माया, वैराग्य, अनाशक्ति आदिका विचारले प्रतिप्रश्रय पाउन सकेनन्।

माथिका सबै कुराको असर जीवनप्रतिको दृष्टिकोणमा पर्नु पनि स्वाभाविक नै हो। नेपालको विशेष प्रकारको वस्तुस्थितिले गर्दा यहाँ मानिसका जीवन निरपेक्ष दृष्टिकोण, चाहे त्यो पुरानो सामन्ती सोचाइका रूपमा होस् वा उन्नत पुँजीवादी समाजको विकृतिको रूपमा, त्यति लोकप्रिय हुन सक्दैन। त्यसैको परिणाम हो, हाम्रो साहित्यमा पनि अहिलेसम्म लोकजीवनलाई उपेक्षा गर्ने प्रवृत्ति र चिन्तन—यो बाहिरको प्रभावले गौण रूपमा त्यस्ता विचार देखा पर्नु बेग्लै कुरा हो—को विकास भएन। त्यसैले गर्दा 'नेपाली साहित्यिक कार्यको काम पूरै' हृदयचन्द्रले यहाँ एकदमै ठिक भनेका छन्– 'उत्थान कालका कवि भानुभक्तदेखि लेखनाथसम्म' नै 'जीवन वा समाज सापेक्षित रह्यो' (उही, पृ. १९)। हाम्रो साहित्यको इतिहासमा एउटा मात्र पनि यस्तो कवि वा लेखक पाउन मुस्किल पर्दछ, जसले 'कला कलाका निमित्त' को नारा दिएको होस्, भारतीय वा पाश्चात्य साहित्यको असरले देखा परेका नगन्य विचारलाई अपवाद छोडेर।

पृथ्वीनारायण शाहले राजनीतिक रूपमा नेपालमा सामन्ती विकासको लागि जुन आधार तयार पारे, सांस्कृतिक क्षेत्रमा यो काम भानुभक्तले सुरु गरे। भानुभक्त अवश्य पनि सामन्ती कवि थिए तर उनको पृष्ठभूमि त्यो थियो, जुन बेला नेपालको विकासमा सामन्तवादले प्रगतिशील भूमिका पूरा गरिरहेको थियो। एकातिर, ब्रिटिस साम्राज्यवादको विरुद्ध सङ्घर्ष गरेर, अर्कातिर, देशमा उत्पादक शक्तिको विकासका लागि काम गरेर। विकासको त्यो अवस्थमा भानुभक्तले वैराग्यको प्रचार गर्न सक्दैनथे। उनले लौकिक पक्षको उपेक्षा गर्न सक्दैनथे। त्यसैले उनको रामायण यो वाक्यबाट सुरु गरे– 'एक दिन नाराद सत्यलोक पुगी गया लोकको गरूँ हित भनी।'

लेखनाथले त्यो युगको प्रतिनिधित्व गर्दछन्, जुन बेला नेपालमा सामन्तवादले प्रतिक्रियावादी रूप लिइसकेको थियो र यो विकासको चरमोत्कर्ष रूपमा थियो। त्यसले गर्दा उनको दृष्टिकोण बढी आध्यात्मवादी हुन गएको छ, 'बढी' भानुभक्तको तुलनामा। भानुभक्तका रचनामा जीवनको जतातती चित्रण पाइन्छ तर लेखनाथमा जीवन गायब जस्तै भएको पाइन्छ। उनका कविताका मुख्य विषय हुन्छन्– प्रकृति, अध्यात्मवाद र गौण रूपमा शृङ्गार रस।

नेपाली साहित्यका सबै कविमध्ये लेखनाथ सबैभन्दा बढी आध्यात्मवादी देखिन्छन् तैपनि उनी सङ्क्रमण कालका कवि हुन्। नेपालमा सामन्तवादले प्रतिक्रियावादी रूप लिइसकेको भए पनि चीन, भारत जस्ता देशको तुलनामा यहाँ सामन्तवाद अझै प्रारम्भिक अवस्थामा थियो। अर्कातिर, त्यो

सामन्तवादको चरमोत्कर्षको काल भए पनि त्यही कालमा आधुनिक नवजागरण पनि प्रारम्भ भयो । त्यसैले एकातिर 'सुक्तिसिन्धु' को सिलसिला धेरै अगाडि बढ्न पाएन भने उनी लौकिक जीवनबाट एकदम विमुख पनि हुन सकेनन्। त्यसैले उनका रचनाहरू जीवनबाट पूरै विमुख हुन सकेनन्।

देवकोटाले 'सुलोचना' मा सुधारलाई ढोङ बताए, मृत्युलाई जीवनभन्दा माथि राखे तर थोरै नै समयमा नेपालमा राजनीतिक जागरणले तीव्र गति लिन्छ र २००७ सालको राजनैतिक परिवर्तन हुन्छ। त्यसपछि त नेपालमा आधुनिक जागरणको काल नै सुरु हुन्छ।

नेपालका करिब करिब सबैजसो लेखक, कविले साहित्यलाई जुन समाज र जीवनसापेक्ष भन्दछन्, त्यो संयोगवश नै हुन गएको कुरा होइन । यसका पछाडि नेपालको आफ्नो विशेष प्रकारको पृष्ठभूमि र परिस्थिति छ। जबकि हाम्रा सबैजसो कवि वा लेखकले साहित्य वा कला जीवनका लागि हुनुपर्दछ भनेर मानेका छन् भने यहाँ यो प्रश्न नै अनावश्यक हुन्छ– कला केका निमित्त ? कला वा साहित्य मुट्ठीभर शोषक वर्गका निमित्त वा बहुसङ्ख्यक मिहिनेतकस जनताका निमित्त ? हामीले हाम्रो देशमा साहित्यसम्बन्धी चर्चाको प्रारम्भ नै यही विन्दुबाट गर्नुपर्दछ र यसैलाई यथार्थवादी र आदर्शवादी साहित्यका बिचमा अन्तर गर्ने कसौटी बनाउनुपर्दछ।

पहिलेका लेखक र कविले साहित्यलाई जीवन सापेक्षित माने पनि उनीहरूले शोषित वर्गको हितलाई नै साहित्यको सर्वोपरि ठानेनन् वा ठान्दैनन्। एक जना लेखकले भन्दछन्– "यी साहित्यका महारथीहरू (भानुभक्त, लेखनाथ, देवकोटा र सम) ले कविता कोरे। मेरो विचारमा यिनीहरू कोही क्यामरा हुन् वा रेडियो। दुःखलाग्दो कुरा के छ भने नेपाली साहित्यलाई .... (यहाँ लेखेको अक्षर नबुझिएको) विचारको दासताबाट मुक्ति दिन तिनीहरूले सकेनन्" (रमण नेपाल, काव्य र साहित्य) । आफ्नो समयमा उनीहरूले बेग्लाबेग्लै समयमा बेग्लाबेग्लै रूपमा विकासको क्रमलाई अगाडि बढाउन योग पुऱ्याएको कुरालाई अस्वीकार गर्न सकिन्न तर जहाँसम्म बहुसङ्ख्यक जनताको जीवनसित सम्बन्धित प्रश्न छ, उनीहरूले कुनै स्पष्ट विचार राख्दैनन्।

आज कतिपय साहित्यकारले यो मत गर्दछन् कि पुराना साहित्यकारलाई हामीले त्यति बेलाको वस्तुस्थितिको सन्दर्भमा नै हेरेर उनीहरू प्रतिक्रियावादी वा प्रगतिशील के हुन् ? त्यो छुट्याउनुपर्दछ। यही आधारमा भानुभक्त, लेखनाथ आदिलाई ठहऱ्याउने प्रयत्न गरिएको छ तर उनीहरू


## सूचना

१. उद्योग तथा व्यवसाय कानुनबमोजिम दर्ता गरेर मात्र सञ्चालन गर्ने ।
२. कारोबार स्थलमा सबैले देख्ने गरी साइनबोर्ड तथा स्पष्ट विवरणसहितको मूल्यसूची राखौं ।
३. चाडपर्वको अवसर पारी कालोबजारी तथा मूल्यवृद्धि नगरौं ।
४. उपभोक्ताहरु सचेत भई तोकिएको मूल्यभन्दा बढी दररेटमा सामान खरिद नगरौं ।
५. पर्यटक हाम्रा पाहुना हुन्, खुला हृदयले स्वागत गरौं ।

**विजयादशमी–२०७८ को उपलक्ष्यमा मङ्गलमय शुभकामना !**

प्रदेश सरकार
**पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
गण्डकी प्रदेश, पोखरा, नेपाल

प्रगतिशील हुन् वा प्रतिक्रियावादी ? यो छुट्याउने मापदण्ड के ? भानुभक्तले नेपालीमा लेखे र लेखनाथले भाषा र साहित्यमा 'क्रान्ति' ल्याए । के यत्ति आधारमा उनीहरू क्रान्तिकारी भए ? कुनै पनि कालमा कसैको मूल्याङ्कन गर्दा हामीले यो आधारमा हेर्नुपर्दछ : उनीहरूले त्यो बेलाको समाजअनुसार त्यहाँका प्रतिक्रियावादी तत्त्वको पक्ष लिएका थिए वा उनीहरूद्वारा पीडित प्रगतिशील जनताको ? यस दृष्टिले हेर्दा हामीले उनीहरू सबैले सामन्ती शक्तिको नै पक्ष लिएको पाइन्छ तैपनि उनीहरूका रचनामा समाजको केही पनि असर परेको छैन भन्ने होइन ।

कुनै पनि महान् साहित्यकार आफ्नो समाजबाट बिल्कुल अलग रहन सक्दैन र उसले युगको भाषा अर्थात् अन्याय, अत्याचारले पीडित जनताको आवाजलाई पनि आफ्नो रचनामा साथ दिन्छ तर सबै पुराना साहित्यकारमा यो पक्ष गौण रहेको छ र प्रधान रूपमा उनीहरूले सामन्ती, रूढीवादी परम्परालाई मजबुत पार्नका लागि आफ्नो प्रतिभाको दुरूपयोग गरेका छन् ।

देशमा आएको जागरणको परिणामस्वरूप उनीहरूका रचनामा प्रगतिशील स्वरले बढी सशक्त रूप लिन थाल्यो तैपनि सामान्यतः प्रतिक्रियावादी र सामन्ती शक्तिका विरुद्धको सङ्घर्षको प्रश्नमा उनीहरूमा कुनै निश्चित र स्पष्ट विचारको अभाव रह्यो । उनीहरूका साहित्यमा देखा परेको प्रगतिशील प्रवृत्ति छिपछिपे नै रह्यो । उनीहरूले जस्तै देवकोटा, सिद्धिचरण र समले नयाँ विचारको साथ दिने प्रयत्न गरे पनि उनीहरू पुराना सीमाबाट निक्लन सकेका छैनन् ।

हृदयचन्द्रको अरूको भन्दा स्पष्ट विचार रह्यो । उनले भने– 'विचारशून्य कृति त सुन्दर मुर्दा मात्र हो ।' तर उनले यो भन्न सकेनन् र यो भन्न सक्ने स्थितिमा थिएनन्– कुनै कृतिमा जीवन हाल्नका लागि आवश्यक पर्ने विचार के हो ?

माथिका कारणले गर्दा आजको साहित्यको यथार्थवादी र प्रगतिशील मूल्याङ्कन गर्नका लागि हामीलाई पुराना साहित्यकारका विचारले मद्दत पुऱ्याउन सक्दैनन् र त्यसका लागि हामीले बेग्लै आधार खोज्नुपर्दछ ।

(यहाँ लेखको अर्को खण्डमा आधुनिक साहित्यबारे विचार गरिएको छ । बाँकी अंश पनि बेग्लै लेखको रूपमा प्रकाशित गरिने छ ।)[१]

भद्रगोल जेल, २०२७ पुस

१. २०२९ चैत्रमा जेलबाट छुटेकाले मैले त्यो लेख लेख्न सकिनँ : लेखक)★


## शुभकामना

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौं ।

**प्रो. कमल राना**

फोन- ९८४४७३६३१७

**जैदी माछापालन, कृषि तथा पशु फर्म**

जैमिनी-७ जैदी, बागलुङ

# नेपाली लोकगीतको पूर्वाधार

• स्व. सुवी साह

नेपाल अधिराज्यमा प्राचीनकालदेखि नै प्रचलनमा आएको नाच, ताल, लय र गीतहरूलाई गहिरिएर हेर्दा नेपाली परम्परानुसार गानाबजाना गर्ने चलन वैदिककालदेखि नै साङ्गीतिक लहर व्याप्त हुँदै आएको तथ्य देखिन्छ । नेपालको वर्णन रामायण, महाभारत जस्ता महापुराणमा समेत भेटिने र त्यस ठाउँमा राज्य खडा भएको वर्णन र नाचगान भएको कुराहरू पुराण वंशावली आदिमा समेत देखिन्छ । यी विभिन्न बुँदालाई हेर्दा नेपाली गीतको वर्गीकरण गर्दा सर्वप्रथम शिवजीबाट उत्पत्ति भएको लोक सङ्गीत र शास्त्रीय सङ्गीत नै नेपालमा व्याप्त भएको अन्यत्र फैलिएको आभाष हुन्छ । त्यस्तै, अप्सराबाट उत्पादित आधुनिक सङ्गीतले पनि नेपाललाई प्राचीनकालदेखि नै व्याप्त पारेको कुरा निर्गुन भजन, समयानुकूल गाउने गीत गाउने चलन र पञ्चेबाजा रागरागिनीको नामबाट धुन बजाउने र सङ्गीतज्ञले शास्त्रीय सङ्गीतको गानाबजान गर्ने चलनका साथै देवमन्दिरमा नाचगान गर्ने चलन र विभिन्न जातीय संस्कृतिअनुसार नाचगान गर्ने प्राचीन चलनबाट पनि नेपाली सङ्गीतको प्राचीनतासम्म पुग्ने बाटो टड्कारो देखिन्छ । यसरी नेपाली सङ्गीतको पूर्वाधार प्रष्ट छँदाछँदै पनि आज कतिपय विद्वान लेखक सद्दान लेखक सङ्गीतज्ञ, गायक, कलाकार र नृत्य निर्देशकहरूले समेत नेपालीपनलाई बेवास्ता गरी पाश्चात्य शैलीमा रुमलिँदै जान थालेकाले नेपाली शास्त्रीय सङ्गीतदेखि लिएर लोक सङ्गीतसम्मकै सैद्धान्तिक पक्ष लोप हुँदै गएको प्रष्ट देखिन्छ।

खासगरी नेपाली गीतको सैद्धान्तिक पक्षलाई हेर्दा लोक सङ्गीत, शास्त्रीय सङ्गीत र सुगम सङ्गीतमा विभाजित भएको प्रष्ट स्वरूप देखा पर्छ । यसरी नेपाली गीतको तीन हाँगामध्ये शास्त्रीय र आधुनिक पक्षलाई सम्बन्धित विज्ञबाट नै लेखाजोखा हुने नै छ भने लोकगीत पक्षमा आज बिना जगत्को महल खडा भई बादलमाथि व्याप्त भए झैँ प्राचीन सिद्धान्तलाई घरायसी पार्दै आएको छ। मुख्य कुरा लोकगीतको सैद्धान्तिक पदअनुसार लोकगीत कसरी उत्पादित हुन्छ, कसरी गाइन्छ र त्यस्ता गीतमा कसरी नाचिन्छ भन्ने प्राचीन पूर्वाधार पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका गाउँघरमा आआफ्नो गाउँको रहनसहन, चालचलनअनुसार गीत, कथइता र गिदाङ्गी र नाचको गर्रा सञ्चालक गुरुबाट नयाँ पिँढीका केटाकटीले सिक्दै जाने कुरा अकाट्य छ । खासगरी गीत गाउन केटाकेटी दुवै थरिले आआफ्नो पक्षबाट सिक्दै जान्छन् भने नाच्नका लागि गाउँघरका नाचको गरिमा आजसम्म पनि केटीहरूले भाग लिँदैनन् र मारुनी नाच्न सुहाउँदो केटाले नै नाच सिकेर मारुनी नामबाट नाच्ने चलन छँदै छ। यस प्रकार गीत गाउने र नाच्ने पारम्परिक चलनअनुसार लोकगीत वर्गीकरण गर्दा लोकगीतको पनि तीन हाँगामा विभाजित हुन्छ; जस्तै– लोकलहरी, लोकसङ्गीत र लोकगाथा । यी तिन हाँगानुसार गीत गाउने, गानबजानसहित नाच्ने र क्षत्रीबाहुनले आफ्नै चलनअनुसार भवन गर्ने, बालन बेल्ने आदि भन्ने र खेल्ने ढङ्गबाट मनोरञ्जन गर्ने चलन यद्यपि छँदै छ।

यसरी प्रचलनमा आएका लोकगीत र लोकनाच २००७ सालको परिवर्तनपछि प्रत्येक दश वर्षको अन्तरालमा काँचुली फेर्दै गएर आजका लोकगीत आज सङ्गीतको फेरिभित्र पसेको र लोकनाच ट्विस्ट या चाचालाई पनि उछिनेर डिस्को डान्ससँग मित्रता गाँस्न पुगिसकेको छ। यसरी लोकसङ्गीतमा विकृति उर्लेर जानुको मुख्य कारण रेडियो नेपाल, नेपाल टिभी र विभिन्न रङ्गमञ्चीय संस्थानबाट हुने सैद्धान्तिक पक्षबिनाको प्रतियोगिता, प्रदर्शन र कार्यक्रम सञ्चालनकै प्रतिफल हो। हुन पनि आज गाउँघरदेखि लिएर सहरी क्षेत्रमा समेत डलर र डबल, लाहुरे र चाउरे, सुटपाइन्ट र दौरासुरुवालको भेदभावले नेपाली संस्कृत वाङ्मयलाई नै धरासायी पारिसकेको छ।

हुन त आजका नवयुवक कलाकार र श्रोत वर्गहरू प्राचीन लोकगीत, लोकनाच भनेको के हो भन्ने कुरा नै थाहा छैन । थाहा होस् पनि कसरी ? एक त प्राचीन लोकनाच नचाउने चलन दिन–प्रतिदिन हराइसक्यो । त्यसैले आज लोकगीत, लोकनाच भन्ने नामको जतातते दुरूपयोग भइरहेको छ भने न त यससम्बन्धी पढाइको व्यवस्था हुन सक्यो । सुनाइको त कुरै नगरौँ; किनकि, पाङ्दुरे नाचको गुरु र गराइको स्वर रेडियोलाई नहुने, राम्रा स्वर भएका कलाकारले पाङ्दुरे गीत गाउँदा इज्जतै जाने, अनि कहाँबाट रेडियो खोलेर प्राचीन लोकगीत सुन्न पाउने ? यिनी कारणबाट

पनि नेपाली लोकगीत र लोकनाच लोप हुँदै जाने अवस्थामा पुगेको छ। त्यसकारण समग्रमा सङ्गीतप्रेमीले हाम्रो लोक सङ्गीत, शास्त्रीय सङ्गीत र आधुनिक सङ्गीतलाई समेत आफ्नै नेपाली तरिकाबाट विकास गराउँदै लैजानेतर्फ ध्यान दिनु अनिवार्य भएको छ ।

मुख्य कुरा लोकगीतको क्षेत्रमा जबसम्म गीत र सङ्गीतको प्रष्ट रूप छुट्याई नामसमेत दिएर प्रचार प्रसार गरिँदैन, तबसम्म लोकगीतको उन्नति हुनु त परै रहोस्, नेपाली लोकगीत र लोकनाचको नामसमेत बेपत्ता हुन बेर लाग्ने छैन। यी कुरालाई ध्यानमा राखी नेपाली गीतको वर्गीकरणअनुसार सङ्गीतप्रेमी सबैले आआफ्नो क्षेत्रबाट वास्तविक प्राचीन रूपरेखालाई प्रचारमा ल्याउनु नै नेपाली सङ्गीतको संरक्षण गर्नु हो। तसर्थ निम्न नेपाली गीतको वर्गीकरण खाकालाई मनन् गरी गानबजानका साथै नृत्य प्रदर्शन गर्ने वातावरण सिर्जना गरिदिनु सबै सङ्गीतप्रेमीमा अनुरोध गर्दछु।

माथि लेखिएको नेपाली गीतको खाकामध्ये लोकलहरीलाई नेपाल अधिराज्यव्यापी गीत भनिन्छ र यो लोकलहरी गाउँदा कुनै पनि ताल, बाजा बजाइँदैन, साथै गीतको टुक्का गाउँदा दुईपटकभन्दा बढी दोहोराइदैन। जति पनि दोहोरी गीत गाइन्छ, यही सिद्धान्तबाट गाउने गरिन्छ र यस्ता गीत घाँस, दाउरा, वन, पात, मेलापात, जात्रामात्रा जहाँ जाँदा पनि गाउने चलन छ। मुख्य कुरा तालबाजा नबजाई गाउनु नै लोकलहरीको विशेषता हो। त्यस्तै, अर्को हाँगा लोकगाथा क्षेत्रीबाहुनले गानबजान गर्ने हुँदा यसमा खैँजडी र करतालको महत्त्व हुन्छ। गीत थपडी मात्र बजाएर पनि नाचगान गर्ने चलन छ। कुनै पनि गाथामा गाउँको सबैजना सम्मिलित भई नाचगान गर्ने हुँदा मादल पनि बजाउने गर्दछन्।

मुख्य कुरा लोक सङ्गीतको हाँगामा नेपाल अधिराज्यव्यापी गीत र नाच पर्ने हुँदा यसका विभिन्न हाँगा हुनुका साथै तालबाजामा पनि सबै किसिमको जातीय बाजा बजाउने गरिन्छ। यो लोक सङ्गीतमा मुख्य चार हाँगा हुनुको तात्पर्य खास मादलबाट बजाइने तालअनुसार यात्रा समूहको हिसाबबाट हुन गएको हो। लोकताल मादलबाट बजाउने मुख्य ताल विलम्बित ७ मात्र र चल्ती ८ मात्राको चरित्र ताल, विलम्बित र चल्ती ८ मात्राको ख्याली ताल र चल्ती ६ मात्राको झ्याउरे ताल हुँदा प्रायः सबै लोकगीत मादलबाट बजाउने यही चार तालभित्र पर्न जान्छन्, जुन प्राचीनकालदेखि चल्दै आएको हो।

नेपाल अधिराज्यको लोकगीत र लोकनाच यही चार हाँगाअन्तर्गत पर्ने र मुख्य चार हाँगामध्ये पहिलो हाँगा ख्याली प्राचीनकालदेखि आजसम्म पनि आआफ्नै प्राचीन रूपबाट चल्दै आएको र ख्यालीको अर्को हाँगा भाका, झ्याउरेको दुवै


# पन्जीकरणसम्बन्धी सूचना

- सबै व्यक्तिगत घटना दर्ता गरौँ, गराऔँ, व्यक्तिगत घटना दर्ता दशक सन् २०१५-२०२४ सफल पारौँ।
- जन्म, मृत्यु, बसाइँसराइ, विवाह एवम् सम्बन्ध-विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो।
- जन्मदर्ता बालबालिको नैसर्गिक अधिकार हो, जन्मेको ३५ दिनभित्र आफ्नो स्थानीय तह/वडा कार्यालयमा दर्ता गरौँ।
- जन्म, मृत्युदर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको सदस्यले सूचना दिन सक्ने छन्।
- विवाद दर्ताको सूचना पति र पत्नी दुवैले उपस्थित भइदिनुपर्ने छ।
- बसाइँसराइ दर्ता व्यक्ति सरिगएको वा आएकोमा व्यक्ति स्वयम्ले परिवार सरिगएकोमा परिवारको मुख्य व्यक्तिले दर्ता गराउनुपर्छ।
- सम्बन्ध-विच्छेदको सूचना अदालतको निर्णयसहित पति वा पत्नीले दिन सक्छन्।
- पन्जीकरणका घटना दर्ताको विवरण सच्याउने अधिकार गाउँपालिकाको हकमा प्रशासकीय अधिकृतलाई प्रत्यायोजन भएको छ।

| चूर्णबहादुर कार्की | अर्जुन खत्री | अमरबहादुर थापा |
|---|---|---|
| प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

**काठेखोला गाउँपालिका**, बागलुङ

हाँगा भ्याउरे र भ्याउरे भाका नै अधिराज्यव्यापी लोकगीतको मूल श्रोत मानिएको छ। खासगरी भ्याउरे र भ्याउरे भाका भन्नु गीतको टुक्कामा देखिने द्वन्द्वात्मक भेदलाई मानिन्छ। जस्तो कि भ्याउरे भनेपछि जुनसुकै लय सिर्जना भएता पनि गीतको बोल भ्याउरे छन्दै हुन्छ र भ्याउरे भाका लयानुसार गीतको बोल निर्धारण गरिएको हुन्छ। साथै त्यसको खास छन्द पूरा हुँदैन।

यस छन्दात्य गीतमा थेगो लगाइएको हुन्छ अथवा फुदा जोरिएको हुन्छ। यही भेद ख्याली भाकामा पनि परेको हुन्छ। यी कुरालाई नबुझिकन कुन गीत कसरी गाइन्छ भन्ने निक्यौंलमा पुग्न सकिँदैन।

आजको लोकगीत गायनशैलीमा थेगो लगाउनु र फुदा जोड्नु नै ज्यादा प्रचलनमा आएको र गीतलाई दुईपटक दोहोऱ्याई स्वरालङ्कृत धुनलाई महत्त्व दिएर गाउने हुँदा मादल आदि बाजाको सैद्धान्तिक पक्षलाई कुनै पनि गीतमा ठिक तरिकाबाट प्रयोग गरेको हुँदैन।

खासगरी नेपाली लोकनाचमा गाउने गीतहरू मादलको विभिन्न बोलअनुसार गीतको टुक्का दोहोऱ्याई रहनुपर्ने र मादलले ताल काटेपछि गीत टुङ्ग्याई दिनुपर्नेमा त्यसो नगरेर आज सङ्गीतको सिद्धान्तबाट नै गीत गाउने प्रवृत्ति बढेको हुँदा हामी जस्ता लोकनाचका गुरुलाई अन्यौलमा पारिराखेको छ; किनकि, आज प्रचलनमा आएको स्वरालङ्कन धुनले सिँगारिएका गीत कुन ठाउँमा घुम्ने, कुन ठाउँमा बस्ने र कुन ठाउँमा उफ्रनुपर्छ भन्ने ज्ञान नभएकाले नै एउटै गीतमा नाचिएका नाच पनि छुट्टाछुट्टै रूपको देखिन्छ।

खास नृत्य निर्देशकको इच्छानुसार नाच नाचिएको हुन्छ तर प्राचीन लोकनाच चाहे जुनसुकै गर्राले नाचेता पनि हाउभाउ र थानान्तर बाहिर घुम्नु, बस्नु, उफ्रनु आदि तोकिएको चाल ठिक ठाउँमा नै प्रयोग भएको हुन्छ। यही नै लोकनाचको विशेषता हो।

जबसम्म तालबाजालाई ठिक तरिकाबाट गीतमा बजाइदैन, तबसम्म लोकनाचको र लोकगीतको स्वाभाविक रूपरेखा प्रचार प्रसारमा आउन सक्दैन। मुख्य कुरा नेपाली लोकगीत लोकनाच सङ्कलन गर्ने कार्य अझ चार दशक वर्षअगाडि परिसक्यो। तैपनि गाउँघरको बुढापाका गुरुबाट प्रचीन लोकगीत र लोकनाच पाउन सकिन्छ तर पूर्ण रूपमा नाच्ने मारुनी, पुर्सुङ्गे र मादले पाउन नसक्ने स्थिति सिर्जना भइसकेको छ; किनकि आजका नवयुवकहरू सोरठी, चरित्र, ख्याली, भ्याउरे, चुड्का, कौडा, भजन, बालन जस्ता प्राचीन नाच नाच्नु त परै रहोस्, नामसम्म लिन चाहदैनन्।★


# पन्जीकरणसम्बन्धी सूचना

- सबै व्यक्तिगत घटना दर्ता गरौं, गराऔं, व्यक्तिगत घटना दर्ता दशक सन् २०१५-२०२४ सफल पारौं।
- जन्म, मृत्यु, बसाइँसराइ, विवाह एवम् सम्बन्ध-विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो।
- जन्मदर्ता बालबालिको नैसर्गिक अधिकार हो, जन्मेको ३५ दिनभित्र आफ्नो स्थानीय तह/वडा कार्यालयमा दर्ता गरौं।
- जन्म, मृत्युदर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको सदस्यले सूचना दिन सक्ने छन्।
- विवाद दर्ताको सूचना पति र पत्नी दुवैले उपस्थित भइदिनुपर्ने छ।
- बसाइँसराइ दर्ता व्यक्ति सरिगएको वा आएकोमा व्यक्ति स्वयम्ले परिवार सरिगएकोमा परिवारको मुख्य व्यक्तिले दर्ता गराउनुपर्छ।
- सम्बन्ध-विच्छेदको सूचना अदालतको निर्णयसहित पति वा पत्नीले दिन सक्छन्।
- पन्जीकरणका घटना दर्ताको विवरण सच्याउने अधिकार गाउँपालिकाको हकमा प्रशासकीय अधिकृतलाई प्रत्यायोजन भएको छ।

| **जितबहादुर राना** | **दिलकुमारी पुन** | **कृष्ण पौडेल** |
|---|---|---|
| प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

**बरेङ गाउँपालिका**, बागलुङ

## शुभकामना

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौँ ।

**नेत्रबहादुर थापा**
काठेखोला-४ घसाम, बागलुङ
फोन- ९८६७६८२६०७

किराना सामग्री तथा गाडीसम्बन्धी सेवाका लागि हामीलाई सम्झनुहोस् ।

## शुभकामना

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौँ ।

प्रधानाध्यापक : नइन्द्र गुरूङ
वि.व्य.स.अ. : पूर्णबहादुर गुरूङ

**श्री जनप्रेम मावि**
ताराखोला-१ भुस्काट, बागलुङ

# पन्जीकरणसम्बन्धी सूचना

- सबै व्यक्तिगत घटना दर्ता गरौँ, गराऔँ, व्यक्तिगत घटना दर्ता दशक सन् २०१५-२०२४ सफल पारौँ ।
- जन्म, मृत्यु, बसाइँसराइ, विवाह एवम् सम्बन्ध-विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
- जन्मदर्ता बालबालिको नैसर्गिक अधिकार हो, जन्मेको ३५ दिनभित्र आफ्नो स्थानीय तह/वडा कार्यालयमा दर्ता गरौँ ।
- जन्म, मृत्युदर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको सदस्यले सूचना दिन सक्ने छन् ।
- विवाद दर्ताको सूचना पति र पत्नी दुवैले उपस्थित भइदिनुपर्ने छ ।
- बसाइँसराइ दर्ता व्यक्ति सरिगएको वा आएकोमा व्यक्ति स्वयम्ले परिवार सरिगएकोमा परिवारको मुख्य व्यक्तिले दर्ता गराउनुपर्छ ।
- सम्बन्ध-विच्छेदको सूचना अदालतको निर्णयसहित पति वा पत्नीले दिन सक्छन् ।
- पन्जीकरणका घटना दर्ताको विवरण सच्याउने अधिकार गाउँपालिकाको हकमा प्रशासकीय अधिकृतलाई प्रत्यायोजन भएको छ ।

| **बाबुराम पल्ली** | **तारा थापा** | **वेदबहादुर थापा** |
|---|---|---|
| प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

**कालीगण्डकी गाउँपालिका**, गुल्मी

# प्रगतिवादी कविता जनपरिवेशको चेतना



• डा. गोविन्द आचार्य

विश्व साहित्य विधामा कविता बुढोपुरानो विधा हो । अन्य विधाभन्दा कविता विधाको विकास पूर्वीय वा पाश्चात्य साहित्यमा लामो परम्परा छ। होमरका महाकाव्यदेखि लिएर पूर्वीय चिन्तनका वेद, उपनिषद्, महाभारतजस्ता सम्पूर्ण ग्रन्थ कवितामै रचना गरिएका छन्। वेदका सूक्त कवितामै रचना गरिएका छन्।

कविता लयबद्ध विधा हो तर लेखन प्रक्रियामा यो जटिल विधा हो; किनभने, कविता संयममा व्याख्या होइन, व्याख्याता हो। यसको प्रस्तुति खँदिलो हुन्छ। खँदिलो भएकै कारणले यसमा बृहत् भावनामा सो समायोजन गरिएको हुन्छ । लयप्रधान वा भावप्रधान भएकै कारणले यसको प्रस्तुति आरम्भमा मानव गलाबाट उत्पन्न भएको ध्वनिदेखि नै कविताको आरम्भ भएको पाइन्छ।

विशेषतः कविताको आरम्भ श्रमिकबाट भएको हो भन्नमा हिचकिचाउनुपर्दैन। श्रमिकले गाउँदा कविताको लय उत्पन्न गरे। त्यही लय नै आजको विकसित कविताको रूप हो। ठोस रूपमा भन्ने हो भने मानवजातिको उत्पत्तिदेखि नै कविताका बीज देखा परेका छन्। तिनै बीज विकसित हुँदै बृहत् महाकाव्य स्तरका रचनामा यसको फैलावट बढेको छ।

कविताको विकासक्रममा विभिन्न वाद र विचारधारा देखा परे। ती सबैले आफ्ना विचार व्यक्त गर्न कवित्वकलालाई उपयुक्त मानेर विचार प्रचार प्रसार गरे। कविताको विधाले लयबद्ध रूपमा कुनै पनि विचारलाई आफूमा आबद्ध गरेका कारणले नै मानवजातिले विशाल इतिहास कविताकै माध्यमबाट स्मरण गर्दै आएको छ। त्यही स्मरण नै आजको मानवजातिको साहित्य कसरी विकास भयो ? कुन रूपबाट विकास भयो भन्ने विषयमा चर्चा/परिचर्चा चलिरहेको छ।

कविताको आरम्भ सर्वप्रथमतः लोकबाट भएको हो । लोकले गाएका आफ्ना जीवन्त अनुभवका गीत परिष्कृत हुँदै कविताको रूप लिएका हुन् । लोकका कसरमसर माझ्दै, तिखार्दै शास्त्रीय भाषाको प्रयोग गर्दै यसले शास्त्रीय मान्यता प्राप्त गरेको हो। कविता सूत्रबद्ध रूपमा वा सुक्तिको शैलीमा लेखिएका कारणले शास्त्रले यसलाई जटिल बनाउँदै गयो, तापनि कविताभित्र आबद्ध भएको मानवजातिको गहिरो चिन्तनले यसलाई जीवित बनाएको छ । लयबद्ध भएका कारणले सूत्रबद्ध भएता पनि मानवजातिले महाभारत, रामायण, पुराण, संस्मरणमा राख्न सफल भयो।

तसर्थ यो भन्न सकिन्छ कि कविता र लयका बिचमा प्रगाढ सम्बन्ध छ । यी एकअर्काबाट भिन्न हुन सक्दैनन् । सजिलो प्रकारको लोकगीत जसरी खोला बगेको रूपमा लोकगायकले गाउँछन्, त्यो भावनाको बगाइ हो। त्यही बगाइलाई सूत्रबद्ध बनाउनु शास्त्रीय कविताको विशेषता हो।

यी माथिको प्रस्तुतिबाट हामीले के बुझ्नुपर्छ भने विश्वको कविता साहित्य विभिन्न प्रकारका गौँडागल्छाँडा पार गर्दै हरेक घटना परिवेशलाई आफूमा आबद्ध गर्दै मानवजातिलाई हरेक परिस्थितिको चेतना मुखरित गर्दै आएको छ । यसै क्रममा मानवजातिले गरेका सङ्घर्षका महान् गाथाहरू कविताको लयमा आबद्ध छन् । विगतको इतिहास बनेर आजको युगलाई मार्गदर्शन गरिरहेका छन् । नयाँ नयाँ विचारको स्फुरण गराइरहेका छन्। कविता कलाका माध्यमबाट मानवजातिमा जागरण ल्याइरहेका छन्।

मानवमुक्तिको, श्रमिक जनताको मुक्तिगामी चेतनाको शङ्खघोष गर्नु कवित्व चेतनाको उच्चतम सफलता हो । साहित्य यति बलवान हुन्छ, सबैको मन छुन सक्ने मनभित्रको भावनालाई सशक्तीकरण गर्न सक्ने जागरण वा चेतनामूलक प्रवृत्ति नै कविताको विशेषता हो। यसका विषयमा विभिन्न वादले आफ्नै किसिमको परिभाषा गर्दै आएका छन्। कोही उच्च परिष्कार वा रम्य प्रवृत्तिको वर्णन गर्नमा यसको प्राप्ति मान्छन् भने कोही स्वच्छन्दतावादी रूपमा उच्चतम कल्पनाको प्रयोग गरेर प्रकृतिको वर्णन गर्छन्। परिष्कारवादीहरू भाषा, विम्ब, लय, शैली सम्पूर्णमा परिष्कार हुनुपर्छ भन्छन् भने स्वच्छन्दतावादीहरू केवल भावकेन्द्रित हुन्छन् । हरेक वस्तुलाई महत्त्व दिन्छन्। विशेष जोड कल्पनालाई दिन्छन्। यी दुई वा अन्य वादको परिस्थितवाद हेर्दा प्रगतिवादी चिन्तकले कविता कलाको विरोध गर्दैनन्; मानवीय चिन्तनको विरोध गर्दैनन्, यद्यपि तिनीहरू मानवीय चिन्तनलाई श्रमिक

परम्परासँग जोडेर श्रमको मूल्य र मान्यतामा केन्द्रित हुन्छन्। कल्पना के हो भने समाजका हरेक वर्गको उन्नति हुनुपर्छ। शोषणमूलक समाजको अन्त्य हुनुपर्छ । मानवजातिलाई विभिन्न वर्गमा बाँडेर शोषक र शोषित वर्गमा रूपान्तरण गर्ने प्रक्रियाको उनीहरू विरोध गर्छन।

कविता जटिल विधा हो। लेखन प्रक्रिया जटिल हुन्छ। यही जटिल प्रक्रियालाई, सरलीकृत गर्नुपर्ने आवश्यकता यस अर्थमा पऱ्यो, गरिब सर्वहाराको चेतनामा जागरण ल्याउन सहज हुने विधा नै कविता भएका कारणले यसको प्रस्तुति सरल हुनुपर्छ। उसले भोग्दै आएका जीवनशैलीलाई कवित्व कलाका माध्यमबाट उसैलाई सशक्तीकरण गर्ने चेतना, वितरकको बाहक कविता भएकाले सरल शैली, सरल भाषा सरल प्रस्तुतिको आवश्यकता परेको हो।

कविता विधा श्रमिकले विगतदेखि नै लामो परम्परा पछ्याउँदै आफ्नो मनका भावना अभिव्यक्त गर्न स्वच्छन्द रूपमा कविता विधालाई अपनाए। त्यही परम्परा पछ्याउँदै तिनलाई जागरण गराउनका लागि तिनकै बोली, तिनकै भाषा, तिनकै लयमा प्रगतिवादी चिन्तन घुलन गरेर लेखिएको कविता नै सर्वहारामुखी कविता हो । मार्क्सले साहित्यको ठोस परिभाषा गरेका छैनन्। यद्यपि कलाको विरोध गरेका पनि छैनन्। उनको दर्शन र समाजको व्याख्याबाट प्रभावित हुँदै उक्त चिन्तनालई जागृतिमूलक बनाउनु कविताको उद्देश्य हो । हाम्रो भनाइ छ– "जुन काठको बोक्रो, उही काठमा लाग्छ ।" गीत र कविताका बिचमा भिन्नता के छ भने र खोज्दै जाँदा त्यति गहिरो अन्तर देखाउन सकिन्न । त्यसैले श्रमिक वर्गले गीत गाउँदै आयो, त्यो गीत मात्र होइन, कविता गाउँदै आयो।

माओको विचारअनुसार कला र साहित्य सरल हुनुपर्छ। सर्वहारा वर्गलाई उसको मन छुने, उसको मस्तिष्क चलायमान गर्ने, उसभित्र रहेका पुराना परम्पराका नचाहिँदा कसरमसरलाई कविताको चेतनाले पखालेर सफा गर्छ । नयाँ जागरण दिन्छ । यसकारण उनले सहज र सरलतिर जोड दिएका हुन्। यसो भन्दैमा यसलाई परिष्कार गर्नुहुन्न भन्ने मान्यता पनि सम्पूर्ण रूपले सही हुन्न । यद्यपि कला परिष्कार गरेता पनि चेतना जागरणमूलक हुनुपर्छ। कलाले बौद्धिकतालाई पनि पछ्याउँदै जानुपर्छ। बौद्धिक विचारबाट कला टाढा हुनुहुन्न । यसरी कविता परम्परा दीर्घ साधनाको परिणाम हो। मानवजातिको उच्चतम उपलब्धि हो।

श्रमिकका महान् गाथा कविताले बोकेर ल्यायो । नयाँ पुस्तामा चेतना हस्तारन्तरण गर्दै गयो । शोषक र शोषित वर्गमा जब समाज विभाजन भयो, राज्यसत्ताले सर्वहारालाई (शोषित वर्गलाई) दमन गर्न अनेक प्रकारका हतकण्डा अपनायो। ती मिठो कला मन छुने खालका छन् तर त्यसभित्र रहेको विषाक्त विचार भावना दमनको पक्षमा केन्द्रित छ। यसरी विरोधी साहित्यको पनि उदय भयो। सर्वहाराले सत्ता खोस्नुपर्छ भन्ने मान्यताको दर्शनलाई पछ्याउने अग्रगामी चेतनाको रूप नै कविताको उपलब्धि हो।

ठोस रूपमा भन्ने हो भने प्रगतिवादी कला कस्तो हुनुपर्छ भनेर कसैले त्यस्तो परिभाषा गरेका छैनन्। परिभाषा गर्नेहरू भौतिकवादी दर्शनको केन्द्रीयतामा कला प्रयोगलाई महत्त्व दिएका छन्। यसरी कविताको लामो पृष्ठभूमि, लामो इतिहास समय समयमा देखा परेका राष्ट्रिय–अन्तर्राष्ट्रिय घटना परिवेश, मानवजातिको विकास, शोषक र शोषितको उत्पत्ति, समाजको अनेक प्रकारको वर्गको उदय, अध्यात्म र भौतिकवादको द्वन्द्व नै कविताका परिवेश हुन्।

प्रगतिवादी कविता मार्क्स, लेनिन, माओको विचार वा दर्शनको आडमा तिनले दिएका विचारको व्याख्या आफ्नै परिवेशबाट गर्ने विश्वदृष्टिकोणलाई अपनाउने विषय नै प्रगतिवादी कविताको उपलब्धि हो। यो गद्य, पद्य जनुसुकै रूपमा पनि लेख्न सकिन्छ। नेपाली कविताको विकासक्रममा प्रगतिवादी कविताले उच्चतम उपलब्धि हासिल गरेको छ । यद्यपि यसभित्र पनि केही छद्म प्रकारका विचारले आरोप–प्रत्यारोपको वातावरण सिर्जना गरेका छन् तैपनि प्रगतिवादी कविता जागरणमूलक चिन्तनको विशिष्ट हतियार बनेर देखा परेको छ। गीतका माध्यमबाट पनि कविताका रूपहरू जागृतिमूलक बनेर देखा परेका छन्। लामो समयदेखि तिखारिँदै, माझिँदै विभाजनको चपेटामा पर्दै कहिले दबिँदै र उच्चतम रूपमा विकास गर्दै विश्वस्तरको साहित्य विकासमा प्रगतिवादी कविताको प्रभावकारी भूमिका रहेको छ।

प्रगतिवादभित्र देखा परेका संशोधनवादी, नवसंशोधनवादी सबै खाले विचारको तप्केनीमा प्रगतिवादी कविता नपरेको होइन। मानवजातिले मुक्ति खोजेको लामो परम्परा छ। जबसम्म मुक्ति हुन्न, यो परम्परा निरन्तर रूपमा अघि बढिरहन्छ। यहीअनुरूप प्रगतिवादी कविताले कलाको विकास गर्दै मानवजातिलाई जागृतिमूलक बनाउँदै अगाडि बढिरहेको छ। यसका आरोह–अवरोध जे आए पनि सङ्घर्ष निरन्तर छ । कविताले कलाको माग गर्छ भन्ने कुरालाई कसैले भुल्नुहुँदैन।★

# नेपाली समाजमा संगीतको प्रयोग

• डा. ध्रुवेशचन्द्र रेग्मी



नेपाली समाजमा जनजीवनको विभिन्न अवसरमा सङ्गीतको प्रयोग हुने कुरा बुझिन्छ। चाहे त्यो अवसर पूजा होस्, चाहे त्यो विवाह जन्म, पास्नी जस्ता कार्य होस्, चाहे खेतबारीमा कामको समय होस्, चाहे मेला, हातबजारमा रमाइलोको अवसर होस् वा मृत्यु संस्कार वा क्रियाको बेला होस्, त्यहाँ कुनै न कुनै रूपमा सङ्गीतको कुनै न कुनै रूपमा प्रयोग भएकै हुन्छ । यसको व्यापक प्रयोगको उदाहरण दिँदा यहाँसम्म कि हैजा फैलिएको र रोकथाम गर्न टोल टोलमा पूजाको साथै भारी गानाबजानाको समेत आयोजना गर्ने प्रचलनसमेत नेपाली समाजमा भएबाट सङ्गीतको व्यापकताको कस्तो छ भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ। नेपाली संस्कृति र जीवनचक्र प्रणालीअनुसार यस धर्तीमा पदार्पण गरेदेखि नै उसका संस्कार प्रारम्भ हुन्छ, जुन छैँटी संस्कारबाट सुरु मृत्युकर्मको संस्कारबाट समाप्त हुन्छ। प्रायशः यी सबै संस्कारमा सङ्गीतको प्रयोग भएको पाइन्छ, जसलाई तल सङ्क्षिप्त रूपमा चर्चा गरिन्छ।

**मृत्यु संस्कारमा संगीत** :

सामान्यतया नेपालको कुनै पनि जातिको मृत्युको अन्तिम क्रियाको अवस्थामा सङ्गीतको कुनै न कुनै रूपमा प्रयोग भएकै हुन्छ। नेपालमा बाहुन, क्षेत्रीको मृत्यु भएपछि उनीहरूलाई अन्तिम क्रियामा लगिँदा बाटामा शङ्ख फुकी घण्टा बनाइने परिपाटी पाइन्छ । यो चलन तमुजातिका गुरुङको लास लग्दासमेत पाइन्छ। देश प्रतिष्ठित नागरिक वा सेना, प्रहरीमा कार्यरत व्यक्तिको मृत्यु हुँदा सैनिक वा प्रहरीको साङ्गीतिक समूहको शोकधुन बजाएर अन्तिम किरिया सम्पन्न गरिन्छ। त्यस्तै, कुनै व्यक्ति मरेमा सो मरेको पहिलो गाइजात्रामा उक्त व्यक्तिको सम्झनामा सङ्गीतमय रामायण शोकबाजा बनाउने चलन काठमाडौँ उपत्यकाको नेवारमध्ये ज्यापुमा यद्यपि कायम छ भने श्रेष्ठहरूमा बाजा लैजाने चलन कम हुँदै गएको देखिन्छ।

काठमाडौँ उपत्यकाकै समुदायको व्यक्तिको मृत्यु भएपछि मलामी जाँदा धेरैजसो मलामीमा ज्यापु र कसाईकहाँबाट बजाउँदै जाने परिपाटी छ । ज्यापुहरूको कहाँबाजालाई इन्द्रबाजा पनि भनिन्छ। शवयात्रामा सबैभन्दा अगाडि कसाई र ज्यापुका बाजा रहन्छन्। त्यस बखत्मा ज्यापूले कहाँबाजामा शोकधुन बनाउँछन्। त्यस्तै, बज्राचार्य सम्प्रदायका कुनै व्यक्ति मरेपछि उसको मृत्युपूजामा खास गरी ३ महिने, छ महिने र वर्षदिने पुण्यतिथिमा मायाजाल नामक चचौगीत गाउने परिपाटी छ। मृत्यु संस्कारमा दीपक रागको धुनबाजामा बनाई मलामी गई लासको अन्तिम संस्कारको गर्ने प्रचलन राजा जयस्थिति मल्लले सुरु गरेको बुझिन्छ, जुन प्रचलन नेपालमा यद्यपि कायमै रहेको पाइन्छ।

नेपालमा अन्य जनजातिको मृत्यु संस्कार पनि विभिन्न साङ्गीतिक क्रियाकलापबाट सम्पन्न गरिने परिपाटी देखिन्छ। तामाङ जातिको व्यक्तिको मृत्यु भई लास लैजाँदा ध्याङलिङ, धार्मिक सनाई, ध्याङगी झ्याम्टा, शङ्ख र घण्टी बजाउँदै लगिने प्रचलन छ। त्यस्तै, मृत्यु संस्कारको समयमा यो जातिमा दोरा नामक नृत्य गर्ने प्रचलनसमेत रहेको पाइन्छ। त्यस्तै यो जातिको वर्षदिनभित्र सम्पन्न गरिने धेवाको कोमा लामाहरूबाट विभिन्न विधि गराई बाजा नाचगान आदिसहित सम्पन्न गरिने प्रचलन देखिन्छ। दोलखा जिल्लामा अत्यधिक रूपमा पाइएका जिरेहरूको मृत्यु संस्कारमा लामाले डमरु, झाँक्रीले ढ्याङ्गा बजाई लास लगी गाड्ने तथा मृतकको घरमा वा चिहानमा रातभर डमरु ढ्याङ्ग्रो बजाई नाच्ने प्रचलन पनि छ। त्यस्तै सिन्धुलीको कायू जातिको किरिया गर्दा ढ्याङ्ग्रो बजाउने चलन छ भने तनहुँको गुरुङ जातिको मृत्यु क्रियाको अन्तिम दिन लामा पुरेतको ढ्याङ्ग्रो र झ्याली बनाई नाच्दै घाटमा मृत्यु व्यक्तिको पुतला सेलाउने परिपाटी पाइन्छ । दार्चुला जिल्लाबासीको मानिसको दिवङ्गत आत्माको नाउँमा ढुडुङ गर्दा श्राद्ध मृत व्यक्तिको अस्तुलाई चौरीमाथि चढाई बाजागाजासहित तीन दिन घरमा राखी जङ्गलमा लगी छोडिने प्रचलन छ भने कालिकोटका धामी तथा देउताका पूजा गर्ने डाङ्गी मेरी अर्को बदल्ने बेलामा सम्पूर्ण गाउँका मानिसहरू विभिन्न बाजागाजासहित देवस्थानमा भेला हुने प्रचलनसमेत पाइन्छ।

नेपालको तराई क्षेत्र मिथिलामा अर्थात् मैथिली संस्कृतिमा ढोल नामक छालाको बाध तथा धारीघन्टा भन्ने बाद्य शवयात्रामा बनाइन्छ। नेपालमा बौद्धमार्गीहरूमा सिङ फुक्ने (न्युकु पूङ्गु) परम्परालाई महत्त्वपूर्ण मानिन्छ। मृत्यु व्यक्तिको नाममा पहिलो वर्ष सिङ (जुन एक प्रकारको परिक्रमा) गरे मृत व्यक्ति दुर्गतिमा पर्दैन भन्ने धारणा पाइन्छ।

सामाजिक समारोहमा सङ्गीत नेपाली संस्कृति र परम्रागतसहित धुमधामसँग आयोजना गरिन्छ। यो समारोहमा पञ्चेबाजा, नौमतीबाजा र ब्यान्ड बाजा पनि बजाउने गरेको पाइन्छ। अन्नप्रासनको अवसरमा बालकलाई तीर्थाटन लगिँदा ख्याली, भ्याउरे र मर्चिङ धुन बज्दछन् भने मन्दिरमा पुगेपछि देवताको सम्मानमा बढाइस्वरूप नौमती बाजाहरू मङ्गल धुन बज्दछन् । काठमाडौँ उपत्यकामा ब्रतबन्धको आयोजनामा कुशेलेको पञ्चेबाजालाई प्राथमिकता दिइन्छ । विवाह ब्रतबन्धको पूर्वाङ्गमा नै पञ्चेबाजाले मङ्गल धुन बजाउँछन् भने मङ्गलिनीहरू सगुन फाग वा मङ्गलगीत गाउँदछन्। सुदूर तथा मध्यपश्चिमाञ्चलमा पनि पूर्वाङ्गदेखि नै गरिने विविध प्रकारका साइतका सगुन फाग र धुमारी गाउने परम्परा छ। सुदूर पश्चिमाञ्चल तथा मध्यपश्चिमाञ्चलमा महिलाले विविध साइतका सगुन फागर धुमारी गाउने परम्परा छ। सम्पूर्ण विवाह संस्कारका सबै विधि गीतैगीतमा सम्पन्न हुन्छ।

गाइने जातिको विवाहमा जयमलपत्ता भन्ने गीत अनिवार्य रूपमा गाइनुपर्दछ र अर्वाजो तथा सारङ्गी दुवै बाजाको प्रयोग भएकै हुनुपर्दछ; किनकि उर्वाजो भाले तथा सारङ्गी पोथी बाजा मानिन्छ र हिन्दु परम्परानुसारको विवाहमा जन्ती जाँदा र दुलही लिएर फर्कदा ब्यान्ड बाजा धन्काउने परिपाटी पाइन्छ । विवाहोत्सवमा बाजा बजाउने, गाउने, नाच्ने परिपाटी प्रायशः नेपालका सबै जातजातिमा भएको पाइन्छ। केवल भाषा, स्थान र जातिअनुसार यसको प्रकृति र तौरतरिका पनि फरक फरक पाइन्छ।

सिन्धुली जिल्लाका राई, दनुवार तथा थारू दनुवारको विवाहमा जन्ति जाँदा र दुलही लिएर आउँदा मादलको तालमा नाच्छन् भने तामाङको विवाहको अवसरमा अन्य कुनै बाजा बजाउँदैनन्, केवल डम्फु बजाउँछन् र दुई पक्षका डम्फुवालाले एकर्कालाई सवालजवाफ गर्दै नाच सुरु गर्छन्।

पाँचथरका लिम्बुजातिमा मागी विवाहको अवसरमा केटाको घरमा च्याब्रुङ बजाउँदै नाचगान गरिन्छ। च्याब्रुङ र नौमती बाजा बनाउँदै जन्ती गई दुलही लिई फर्कन्छन् भने च्याब्रुङ बनाई घरको मूल खम्बावरिपरि तीन पल्ट घुमी नाचेपछि विवाहोत्सव सम्पन्न भएको मानिन्छ।

रामेछापका हायुजातिको विवाहको अवसरसँगै दमाईहरूद्वारा नाचगान गरिन्छ भने तमुजातिको विवाहमा पञ्चेबाजा बजाउँदै विवाह गर्न जाने चलन पाइन्छ। दार्चुला जिल्लाका घाँसीजातिको विवाहको अवसरमा दमाहा र ट्याम्को जस्ता बाजा बनाइन्छ भने भोजभतेर सकिएपछि दुलाह–दुलहीसमेत हार्मोनियम, तबला आदि बाद्य बजाई कोठाभित्रै नाच्दछन्, जसलाई मैफी भनिन्छ । त्यस्तै, यही समुदायमा विवाहको अवसरमा झुम्को भन्ने नृत्य गरिन्छ र त्यसमा सबैले पैसा दिने प्रचलन छ, जुन पैसालाई गाउँले सुधार कार्यमा खर्च गरिने प्रचलनसमेत पाइन्छ । चाहे त्यो दार्चुलाको ब्यासी जाति होस्, चाहे रुकुमका मगर हुन् या मोरङका राजवंशी हुन्, यी सबैको विवाहको अवसरमा नाचगान गर्ने र बाजा बजाउने प्रचलन छ। तनहुँको दरैजातिको केटाकेटी त विवाह पहिले गरिसकेको भएता पनि पछि सबै नातेदार कुतुम्बलाई डाकी उनीहरूको बिचमा चारपाँच दिनसम्म एकै ठाउँमा बसी बाजा बजाएर विवाह गर्दछन्। कैलाली जिल्लाका थारूको विवाहमा दुलहीतर्फका मानिसको वरियातलाई मादल ठोकी स्वागत गर्ने प्रचलन छ।

**जात्रा पर्वमा संगीत** :

नेपाली चाहे त्यो जनुसुकै जात वा धर्मका हुन्, आफ्ना चाड, पर्व, उत्सवहरू सङ्गीतमय तरिकाले गीत गाई, नाची, बाजा बजाई सम्पन्न गर्दछन् । विशेष गरेर काठमाडौँ उपत्यकामा खास गरी नेवार समुदायसम्म विभिन्न जात्रा प्रचलित पाइन्छन्। यस्ता जात्रामा नृत्य, वादनको साथै विभिन्न तान्त्रिक विधिद्वारा पूजाआजा गरिने चलन पाइन्छ। काठमाडौँ उपत्यकाभित्र मनाइने जात्रा र नाच विशिष्ट खालका हुन्छन् र यी जात्रा हेर्न स्वर्गका देवता पनि आउँछन् भन्ने धारणा प्रचलित रहेको पाइन्छ । यस धारणाका दुई उदाहरणको उल्लेख नेपाली वंशावलीमा भएको पाइन्छ : एक उदाहरण काठमाडौँका श्वेत मच्छिन्द्रनाथको लगन यात्रासँग वृक्ष (कल्पवृक्ष) आएका र तिनलाई मन्त्रको बलले पक्रेर राखेको तिनै रुखबाट काष्ठमण्डप बनाइएको कथा पाइन्छ। काठमाडौँ उपत्यका क्षेत्रमा प्रचलित नाच नचाउनाले ऐश्वर्य र आयु प्राप्त हुने विश्वास प्रचलित रहेको पाइन्छ। हरिसिद्धि नाचको सन्दर्भमा त्यसलाई 'ऐश्वर्य आयुर्दाकारी' मानी महिमा बनाइएको पाइन्छ।

**धार्मिक अवसरमा संगीत** :

नेपाली समाजमा धर्म र संस्कृति बिम्ब र प्रतिबिम्बको रूपमा रहेको हुँदा यहाँको सम्पूर्ण क्रियाकलाप धर्म र देवीदेवतासँग जोडेर मनाउने परिपाटी रही आएको पाइन्छ। सोहीअनुरूप नेपाली समाजले सङ्गीतलाई पनि भगवान्सँग जोडी सोहीअनुसार धार्मिक अनुष्ठानलगायत जीवनका सबै कर्मलगायत नैमितिक पूजाआजा संस्कारमा यसको कुनै न कुनै रूपमा प्रयोग गर्ने परिपाटी रहिआएको देखिन्छ । सङ्गीत स्वयम् ब्रह्माजीबाट श्रष्टि भई नारद, भरत जस्ता ऋषिको माध्यमबाट पृथ्वी लोकमा आएको कुरालाई विश्वास गर्दै सङ्गीतलाई अति नै पवित्र वस्तु मानिने प्रचलन रहेको पाइन्छ।

प्राचीन कालमा यज्ञयज्ञादि, पूजापाठका

अवसरमा सामगान वैदिक उच्चरणका साथ विभिन्न प्रकारका विणावादन, वंशीवादन गरिने कुरा उल्लेख भएको पाइन्छ। सनातन हिन्दु धर्मअन्तर्गत मन्दिरमा पूजाआजा एवम् आरतीको समयमा विभिन्न मङ्गल धुन गाउने तथा बाद्यवादन गरिने प्रचलन प्राचीन समयदेखि नै व्यापक रूपमा रहेको पाइन्छ। यस्तो अवसरमा भजन, कीर्तन, बाजागाजाको प्रबन्ध गर्ने व्यक्तिले पुष्य कमाई मोक्षप्राप्तिको बाटोतिर अग्रसर हुन्छ भन्ने विश्वासअनुसार नै नेपालमा विभिन्न ऐतिहासिक कालमा धार्मिक अवसरमा प्रयोग गरिने उद्देश्यले मन्दिरमा बाजा, गाजा, बजानाका लागि उचित व्यवहार र बन्दोबस्त तारिएको पाइन्छ । नेपालमा किराँत कालीन सामग्रीहरू (प्रामाणिक) को अप्रयाप्तताले गर्दा तत्कालीन समयमा यसको प्रयोग हुन्थ्यो/हुँदैनथ्यो भन्ने कुरा यकिन गर्न सकिँदैन तर लिच्छवि, मल्ल, शाह एवम् राणाकाल हुँदै आजसम्म पनि नेपालमा धार्मिक अवसरमा सङ्गीतका प्रयोग हुने प्रचलन रहेको सम्बन्धमा प्रशस्तै ऐतिहासिक सामग्री पाइन्छन्।

पशुपतिनाथको मन्दिरमा यद्यपि शृङ्गार भोग र आरतीको समायमा मन्दिरबाहिर प्राङ्गणमा कसाईले सहनाई झ्याली र दमाईहरूले नगरा, दुन्दुभी पञ्चेबाजा अद्यापि बजाउने प्रचलन रहेको पाइन्छ । पशुपतिनाथको मन्दिरमा बाहिरपट्टिको पूर्वी ढोकामा श्रावण कृष्ण औशीदेखि भाद्रकृष्ण औशीसम्म रातको तीन प्रष्ट ढोल र तइनाइचा नामक बाजा बजाउने चलन यद्यपि छ। यसलाई डेनिएल राइट्सले धपनी बाजा भनी उल्लेख गरेका छन्। त्यस्तै, सोही मन्दिरमा केही वर्षअघिसम्म बिहान, दिउसो र बेलुका गरी जम्मा ११/११ जनाको समूहले एउटा ढोलक, एउटा झ्याली र नौओटा सहनाइ बजाउने प्रचलन थियो, जसलाई भिकाल बाजा भनिन्थ्यो । यो गुजराती बाजा बनाउनका लागि आर्यघाट किनारामा छुट्टै पाटी थियो, जुन प्रथा केही दशकअगाडिबाट लोप भयो।

यद्यपि पशुपतिनाथको मन्दिरलगायत नेपालका कतिपय मन्दिरमा पूजाआजा तथा पर्वजात्राको अवसरमा बाजा बनाउने, भजन गर्ने, विभिन्न धार्मिक नृत्य गर्ने, वसन्त पञ्चमीको उपलक्ष्यमा वसन्त श्रवण नर्गे परिपाटी कायमै रहेकाले सङ्गीतको प्रयोग धार्मिक अवसरमा हुने कुरा सहजै अनुमान गर्न सकिन्छ।

**ग्रामीण जीवनमा संगीतको प्रयोग** :

नेपाली समाजमा मन्दिरमा पूजाको अवसरमा तथा शुभ एवम् धार्मिक अवसरमा सङ्गीतको प्रयोग हुने कुरा सहरी क्षेत्रमा जनता एवम् शासक वर्गमा मात्र सीमित छैन । यो नेपालका विभिन्न जनजातिमा पनि त्यही भावनाबमोजिम प्रयोग हुने गरेको देखिन्छ। नेपाली सङ्गीतलाई भगवान्सँग धार्मिक कहावतसँग जोडेर हेरेका धेरै उदाहरण भेटिन्छन् । नेपालको तेह्रथुम जिल्लामा प्रचलित एउटा सँगिनी लोकगीतमा महादेव र गौरी जुवा खेलेको र महादेव हारेपछि गौरीले जिस्काउँदा रिसाई पार्वतीलाई बिहे गरी ल्याएको वर्णन पाइन्छ।

नेपाली समाजमा सङ्गीतको प्रस्तुतिलाई नै एउटा ईश्वरीय रूप वा अवसर मानिन्छ। सोहीअनुरूप उपत्यकाका नेवार समाजमा नाटक, नृत्यको आयोजना वा अन्त्य गर्दा तथा सङ्गीतको अभ्यास गर्दा समेत नृत्यका देवताको पूजाआजा, आराधना गर्ने परिपाटी पाइन्छ। काठमाडौँ उपत्यकाको अलावा नेपालका अन्य कतिपय स्थानमा समेत नाट्यश्वरी देवीको पूजाआजा गर्ने प्रचलन रहेको बुझिन्छ तर त्यो पूजाआजा र देवीको सम्बन्ध सङ्गीत नाटक, नृत्यसँग भए/नभएको सम्बन्धमा भने स्पष्ट हनु सकिएको छैन।

झापामा पाइने सतार जातिले सङ्गीत, नाचगानलाई देवक शालीद्वारा प्राप्त भएको वा देवताद्वारा प्रदान गरिएको हो भन्ने मान्यता राखेको पाइन्छ। यस सम्बन्धमा उनीहरूको मान्यता छ कि यी पहिले केही जान्दैनथे । एक समयमा उनीहरूले जङ्गलमा देवता नाचिरहेको हेर्ने अवसर पाए र देवताले पनि उनीहरूलाई सङ्गीत, नृत्य सिकाई अरूलाई पनि सिकाउनू भनी ढोलक दिएर पठाएको भन्ने कहावत पाइन्छ । तसर्थ यी जातिले प्रत्येक पूजाआजा पर्वमेलाका दिनरात नाचगान गर्दछन्। जुम्ला जिल्लामा मस्टो र स्थानीय देवतासँग सम्बन्धित चाडपर्वमा पूजापाठका अतिरिक्त आइमाईले मङ्गल गीत गाउने परिपाटी छ। किराँतको चाडपर्व उत्सव तथा विशेष पूजामा चण्डीनाच नाचिने परम्परा छ। गुरुङ समुदायमा प्रचलित सति घाटु नृत्य धार्मिक नृत्य हो र यो नृत्य गर्दा देवताको पूजा आजा गरिन्छ र नाच्ने नर्तकीमा देवता चढ्ने विश्वास गरिन्छ । नेवार जातिअन्तर्गतका बज्रयानी अर्थात् ब्रजायार्य सम्प्रदायका व्यक्तिले पूजाआजा गर्दा चरिया गीत वा नृत्य गर्दछन्।

काभ्रेपलान्चोकको तामाङ जातिले धार्मिक जात्रामा ध्वाईगीत गाउँछन् भने पूजाआजाको बखत्मा देउता नाच नामक नृत्य गर्दछन्। त्यस्तै, हुम्लाका बासिन्दाले (लामाले) धार्मिक पर्वमा गुम्बाको प्राङ्गणमा भेला भई मकुण्डो लगाई पौराणिक पहिरनमा धार्मिक नृत्य गर्ने परिपाटी रहेको पाइन्छ।

यस प्रकार नेपाली जनजीवनका हरेक क्षणमा हरेक पाठपूजा, चाड, उत्सव, हर्ष, विस्मात, दुःख, सुखको अवसरमा सङ्गीतको प्रयोग भएको पाइन्छ । सङ्गीतले मानिसलाई आत्मीय सुख प्रदान गर्दछ र ईश्वरप्राप्तिको एउटा माध्यम हो भन्ने ठानी यसलाई नेपाली समाजले अभिन्न अङ्गको रूपमा ग्रहण गर्ने परिपाटी रहिआएको पाइन्छ।★

## शुभकामना

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौं ।

क्याम्पस प्रमुख : प्रा.डा. रामप्रसाद उपाध्याय
स्व.वि.यु. सभापति : मनिष थापा

**धौलागिरी बहुमुखी क्याम्पस**
बागलुङ



घरपालुवा कुकुर, बिरालोलाई रेबिज रोग विरूद्धको खोप नियमित रूपमा लगाई प्राणघातक रेबिज रोगबाट आफू बचौं र अरूलाई पनि बचाऔं ।

विस्तृत जानकारीका लागि **भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र लमजुङ** को
सम्पर्क नं. ०६६–५२०१३१

**डा. रूपेश श्रेष्ठ**
वरिष्ठ पशु चिकित्सक
कार्यालय प्रमुख



## शुभकामना

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौं ।

प्रधानाध्यापक : विष्णुबहादुर थापा
वि.व्य.स.अ. : प्रेम थापा

**श्री नारायणी मावि**
काठेखोला–४ तङ्ग्राम, बागलुङ



## शुभकामना

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौं ।

प्रधानाध्यापक : खिमबहादुर थापा
वि.व्य.स.अ. : टीकाराम शर्मा
शि.अ.स. अध्यक्ष : लालबहादुर पुन

**श्री महेन्द्र मावि**
बरेङ–५ सुखौरा, बागलुङ

# हाम्रो जीवनमा संगीतकलाको प्रयोग

• डा. पार्वती घिमिरे



मानव सभ्यताको विकासक्रमसँगै विभिन्न कलाको पनि विकास भएको बुझिन्छ। आफू बस्ने घर सजाउनु, खाना पकाउनु, लुगा सिउनु, शृङ्गार गर्नु, अरूले गरेका कामको नक्कल गर्नु आदि दैनिक भइरहने काम पनि कला नै हुन्।

कलाको सङ्ख्या धेरै भए पनि सङ्गीतकला, चित्रकला, मूर्तिकला आदिलाई ललितकलाको रूपमा विशेष महत्त्व दिएर परिचित गराइएको छ। विभिन्न ललितकलामध्ये पनि सङ्गीतकला श्रेष्ठ मानिन्छ। स्वर र लयको माध्यमद्वारा सङ्गीत रचना हुन्छ।

मानिसको हृदयमा निदाइरहेका सुख, दुःख, उमङ्ग, हर्ष, आक्रोश, प्रेरणा आदिका भावलाई जगाउनमा सङ्गीतमा जति क्षमता अरू कुनै कलामा हुँदैन। गायन, वादन र नृत्यलाई सङ्गीतकलाअन्तर्गत राखिएको छ।

सङ्गीतका यी तीनैओटा विधा एकअर्कोसँग सम्बन्धित छन्, साथै स्वतन्त्र अस्तित्व पनि राख्दछन्। जब भावलाई व्यक्त गर्न शब्दको सामर्थ्य पुग्दैन, तब सङ्गीतलाई माध्यम बनाइन्छ।

सङ्गीतले मानिसलाई मात्र होइन, पशुपन्छी तथा वनस्पतिलाई पनि प्रभाव पार्छ। सुरिलो सङ्गीत सुनाइरहँदा बोटबिरुवाको वृद्धि राम्रो हुने अर्थात् मौलाउने तथ्य अनुसन्धानद्वारा प्रमाणित भइसकेका छन्।

### ग्रामीण जनजीवन तथा सामाजिक संस्कारमा संगीत

मानव जीवनको पाइलैपिच्छे सङ्गीत व्याप्त देखिन्छ। हाम्रो समाजमा जन्मदेखि मृत्युसम्मकै विभिन्न संस्कारहरू; जस्तै– न्वारन, मुण्डन, ब्रतबन्ध, विवाह, अन्त्येष्टि आदि सबै सङ्गीतमय हुने गरेका छन्।

हरेक चाडपर्व, उत्सव, मेला तथा जात्राका लागि रचना गरिएका गीतसङ्गीत परम्परादेखि नै चल्दै आएका हुन्छन्। ग्रामीण जनजीवनलाई हेर्दा सङ्गीतसँगको अटुट सम्बन्ध झनै स्पष्ट हुन्छ। भिरपाखामा घाँसदाउरा काट्दा पनि गीत गाउँदै मानिसहरू भाव पोखिरहेका हुन्छन्। गाउलेहरू रोपाइँ गर्ने कामदेखि लिएर बालीनाली थन्क्याउँदा पनि सङ्गीतमय वातावरण बनाउँछन।

### ईश्वर उपासनामा संगीत

विश्वका प्रायः सबै मानिस कुनै न कुनै धर्म–सम्प्रदायसँग जोडिएकै हुन्छन्। हिन्दु, बौद्ध, इसाई, सिख, इस्लाम आदि सबै सम्प्रदायमा ईश्वर वन्दनामा सङ्गीतलाई नै माध्यम बनाइन्छ। ईश्वर उपासनाका लागि भक्तिसङ्गीतको परम्परा हिन्दु सम्प्रदायमा प्राचीनकालदेखि नै चलिआएको देखिन्छ। सङ्गीतमा प्रयोग हुने ध्वनिलाई नाद भनिन्छ र नादको उपासना नै ईश्वरको उपासना हो भन्दै सङ्गीतलाई नादब्रह्मको सङ्ज्ञा दिइएको छ। आम जनजीवनको कुरा गर्दा बाआमाबाट हामीले सुन्ने गरेका छौ कि अब उमेर ढल्किसक्यो, हार्मोनियम सिक्ने र भजनकीर्तन गाउने रहर छ। भक्तिभावको दृष्टिकोणबाट सङ्गीतलाई परमात्माप्राप्तिको सरल माध्यम मानिन्छ।

### चिकित्सा विज्ञानको क्षेत्रमा संगीत

मानिसलाई शारीरिक रूपमा स्वस्थ रहनका लागि विभिन्न प्रकारका व्यायामले मद्दत गर्दछन् भने मानसिक रूपमा स्वस्थ रहनका लागि सङ्गीतले मद्दत गर्छ। स्वस्थ मनोरञ्जनको सहज माध्यम हुनाले हिजोआज चिकित्सा विज्ञानमा सङ्गीतको प्रयोग व्यापक रूपमा भइरहेको छ। आफूलाई मन पर्ने सङ्गीत सुनिरहँदा सर्वप्रथम साङ्गीतिक ध्वनिको अनुभूति मानिसका कान हुँदै मस्तिष्कमा पुग्छ। संवेदना, भाव, तर्क तथा विचार आदिसँग सम्बन्धित मस्तिष्कका भागलाई सक्रिय पार्दै सङ्गीतले मानिसको ध्यान केन्द्रित गर्न मद्दत गर्दछ। मानसिक रोगको उपचारका लागि सङ्गीत विशेष सहयोगी हुने कुरा चिकित्सा विज्ञानमा अनुसन्धानद्वारा प्रमाणित भएको छ।

### निष्कर्ष

वास्तवमा मानिसहरूले आफ्नो आफ्नो क्षेत्र, पेसा, आवश्यकता र सोचअनुसार सङ्गीतलाई प्रयोग गरेको

पाइन्छ। एक सङ्गीत शिक्षक आफ्नो जीविकोपार्जनलाई ध्यानमा राख्दै धेरैभन्दा धेरै विद्यार्थीहरू सङ्गीत शिक्षा लिन आफूसमक्ष आउन् भन्ने चाहन्छ।

एक राजनीतिज्ञ आफ्नै दलको प्रचार प्रसारका लागि सङ्गीतलाई प्रयोग गर्छ। जनवादीहरू जनजागरणको कार्यमा सङ्गीतको उपयोग गर्छन।

सङ्गीतद्वारा धनार्जन गर्न चाहनेहरू समयानुकूल कस्तो प्रकारको सङ्गीत बजारमा बिक्री हुन्छ भन्ने मौका हेर्दै सङ्गीत रचना गर्छन्।

सानो बच्चाकी आमा लोरी सुनाउँदै आफ्नो बच्चालाई निदाउनका लागि सङ्गीत प्रयोग गर्छिन्। आध्यात्मिक मोक्षप्राप्ति चाहनेहरूले सङ्गीतलाई एक पवित्र मोक्षमार्गको रूपमा देखेका हुन्छन।

हरेक व्यक्ति हरेक क्षण आफ्नो परिस्थितिअनुकूलको सङ्गीत सुनेर आनन्दित हुन चाहन्छ।

समग्रमा भन्नुपर्दा हाम्रो जीवनसँग सङ्गीत नछुट्टिने गरी गाँसिएको छ।

*(लेखक ललितकला क्याम्पस, कीर्तिपुरका सहायक प्रोफेसर हुनुहुन्छ)*★


## शुभकामना

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौं ।

**बिहुँकोट विकास मन्च**
काठेखोला ४ तङ्ग्राम बागलुङ
अध्यक्ष-हिरालाल कँडेल/सचिव-बेत प्रसाद कंडेल

**अन्तर्राष्ट्रिय बिहुँकोट विकास मञ्च**
अध्यक्ष-गंगराम कँडेल/सचिव-पशुपति कँडेल

**क्षेत्रीय बिहुाकोट विकास मञ्च**
अध्यक्ष-दिनानाथ कँडेल/सचिव-रामकृष्ण कँडेल



प्रदेश सरकार

**वन, वातावरण तथा भू संरक्षण मन्त्रालय**

गण्डकी प्रदेश सरकार, पोखरा, नेपाल

**वन, वातावरण तथा भू संरक्षण मन्त्रालय गण्डकी प्रदेशको अनुरोध**

- जैविक विविधता जोगाऔं, स्वस्थ्य र स्वच्छ वातावरण कायम गरौं।
- वनलाई डढेलोबाट जोगाऔं, वातावरण संरक्षणमा सहभागी बनौं।
- जग्गाजमिन बाँझो नछोडौं, जडिबुटी तथा कृषिवन लगाई आयआर्जन बढाऔं।
- कमजोर र बलिया जमिनको पहिचान गरी हुन सक्ने सम्भावित भूक्षयलाई रोक्न आवश्यक पूर्वतयारी अपनाऔं।
- वन्यजन्तुको चोरीसिकारी तथा आखेटोपहारको विक्री-वितरण र ओसारपसार गर्ने कार्य अवैध हो। यस्ता कार्यहरू नगरौं/नगराऔं।
- प्लास्टिकजन्य वस्तु मानव स्वास्थ्यका लागि हानिकारक छ। तसर्थ प्लास्टिकजन्य झोलाको विकल्प रोजौं।

# शास्त्रीय संगीतका दुई पक्ष : शास्त्र र क्रियात्मक



• रामशरण दर्नाल

सामान्यतया शास्त्रीय सङ्गीतका दुई पक्ष एकर्कासँग आश्रित छन्। सङ्गीत कलामा दुवैका आआफ्ना स्थान छन्। सङ्गीत शिक्षणमा यी दुवैको भूमिका बराबर देख्न सकिन्छ। सङ्गीत कलाको सैद्धान्तिक पक्षलाई सङ्गीतशास्त्र भनिएको छ । सिद्धान्तमा सङ्गीतशास्त्रको ज्ञान अनिवार्य मानिन्छ भने प्रदर्शनका लागि क्रियात्मक ज्ञानले महत्त्व राख्दछ। सङ्गीतकलाका विद्यार्थीका लागि यो नौलो विषय होइन । उनीहरूको पाठ्यसामग्रीमा ती सब कुरा निर्धारित गरिएका हुन्छन् तैपनि शास्त्रपक्षमा निम्नलिखित विषयमा साधारण ज्ञान हुनु आवश्यक छ । ध्वनि, नादको विशेषता, श्रुति, गीतका प्रकार, गीतका अवयव, जन्यराग शास्त्रीय सङ्गीतको व्यवहारमा पर्ने सबै प्राविधिक ज्ञान, लय, मात्रा, तालरागको पूर्ण विवरण, तालको ठेक्कामात्रा, विभाग, भातखण्डे स्वरलिपिमा लेख्ने ज्ञान, स्वर समूहद्वारा राग चिन्नु, मिल्दोजुल्दो रागको समानता र विभिन्नता बताउन सक्नु, सङ्गीतज्ञको जीवनी, सङ्गीत इतिहास आदि पर्दछन् । क्रियात्मक पक्षमा अध्ययन गरिएका माथिका विषयलाई गाएर, बजाएर वा नृत्य गरेर ठिकसँग प्रदर्शन गर्नु रहेको छ।

ती सब कुरा पाठ्यसामग्रीमा निर्दिष्ट गरिएका हुन्छन्। सङ्गीत कलाका उपर्युक्त दुई मुख्य पक्षमा कुनै एक पक्ष कमजोर भएमा त्यो पूर्ण रूपमा कलाविद् बन्न गाह्रो मात्र होइन, प्रायः असम्भव नै हुन्छ । सङ्गीत कलामा सैद्धान्तिक र क्रियात्मक पक्ष समान रूपमा अघि बढ्नुपर्छ भन्ने सङ्गीतज्ञको भनाइ छ । त्यसो त सङ्गीत शिक्षाको प्रारम्भदेखि उच्च शिक्षासम्म यी दुवै पक्ष एकसाथ अघि बढिरहेका हुन्छन् । एक पक्षले सङ्गीतशास्त्रलाई जनाउँछ भने अर्को पक्षले सङ्गीतको क्रियात्मक पक्षलाई अँगालेको छ। क्रियात्मक पक्षले गायन, वादन (स्वरवादन र तालवादन) र नृत्यको प्रदर्शनको पक्षलाई जनाएको हुन्छ । शास्त्रीय वा सैद्धान्तिक पक्षमा ध्वनिको उत्पत्ति, विकासका साथै इतिहास आदिलाई पनि उल्लेख गरिएको हुन्छ । सङ्गीत विषयको कोर्स बुकमा ती सबै कुरा उल्लेख गरिएको हुन्छ।

सङ्गीत कला विषयमा कलाविद् वा सङ्गीत निपुण बन्नका लागि यस विषयमा दुवै पक्षमा आधिकारिक ज्ञान हुनु अनिवार्य हुन्छ। हुन त एकै व्यक्तिमा दुवै कुराले पूर्णता पाउनुपर्छ नै भन्ने आग्रह पनि राखिनुहुन्न । तराजुको तौल कहिले एक पक्षमा बढी, कहिले अर्को पक्षमा पारङ्गत हुन सक्छ। यसरी कुनै कलाका दुईमध्ये एक पक्षमा पारङ्गत हुन सक्छ। यसरी कुनै कलाकार दुईमध्ये एक पक्षमा पारङ्गत हुन सक्छ। यसरी कुनै कलाकार अनेकौं प्रयास गर्दागर्दै पनि दुवैमा सफल नहुन पनि सक्छ। यो कुरा सबै कलाकारमा लागु नहुन सक्छ। दुवै पक्षमा समान अधिकार राख्ने विलक्षण कलाकार विरलै देख्न पाइन्छ । सङ्गीत कलाका यी दुवै मुख्य पक्ष एकै व्यक्तिमा देखा पर्नु एउटा सौभाग्यको कुरा हुन आउँछ।

सङ्गीत कलाको लामो यात्रामा विरलै कलाकार मात्र आफ्नो लक्ष्यमा पुग्न सफल देखिएका छन् तर यो भनेर निराश हुनुपर्दैन । कारण आफ्नो निरन्तरको परिश्रम, आत्मविश्वासका साथ गरिएको नियमित प्रयास आदिद्वारा हामी आफ्नो लक्ष्यमा पुग्न सफल पनि हुन सक्छौं। ईश्वरको वरदानस्वरूप पाएको सफलतामा यिनै रहस्य लुकेको हुन्छ। बिनाकडा परिश्रम, तपस्या त्यस प्रकारको सफलताको कल्पनासम्म गर्न सकिँदैन।

सङ्गीत कलाका यी दुवै पक्ष (सैद्धान्तिक र क्रियात्मक) लाई आधार बनाएर जुन कलाकार आफ्नो कला साधना र तपस्याद्वारा विशिष्टता हासिल गरी आफ्नो मौलिक शैली र परिचय निर्माण गर्न सफल हुन्छ, वास्तवमा त्यही कलाकार सफलताको शिखरमा पुग्न सफल हुन्छ।

हजारौं वर्ष अघिदेखिको अक्षुण सङ्गीत परम्परामा असङ्ख्य कलाकारले आआफ्नो सङ्गीत प्रस्तुत गर्दै आएका छन्। ती कलाकारद्वारा प्रस्तुत सङ्गीत आज पनि किन नित, नवनित लाग्छन् हामीलाई ? किन जहिले पनि नयाँ चिज सुने झैं लाग्छ श्रोतालाई ? यो सब कलाविद्को आफ्नो छुट्टै मौलिक विशेषता, मौलिक शैली र मौलिक देनले गर्दा हो, जसले हामीलाई सधैं नवीन सङ्गीत प्रदान गरिरहे झैं लाग्छ। यी सब कुराको प्रत्यक्ष प्रमाण हामीबिच रहेता पनि धेरैजसो कलाकारहरू शास्त्रीय सङ्गीतको व्याकरणमा मात्र ज्यादा अल्मलिएको पाइन्छ। अर्काथरि, कलाका क्रियात्मक पक्षलाई मात्र आफ्नो सर्वस्व ठानेर सैद्धान्तिक पक्षलाई वास्तै गर्दैनन् । वास्तवमा कलाकारलाई कलाविद् वा निपूण बन्नु छ भने सङ्गीत कलाका यी दुवै पक्षमा पूर्ण ज्ञान प्राप्त गर्नु आवश्यक छ । यस प्रकारको विशेषता हासिल गर्न

महाविद्यालय र विश्वविद्यालय मात्र पर्याप्त हुँदैनन् । यसमा लागि विशिष्ट सङ्गीत गुरुकै विशेष आशिर्वाद आवश्यक हुन्छ । यो कुरा केवल शास्त्रीय सङ्गीतलाई मात्र लागु हुँदैन, अपितु लोकसङ्गीत परम्परागत सङ्गीत र आधुनिक वा सुगम सङ्गीतलाई पनि लागु हुन्छ । कारण स्वर, ताल र शास्त्रविज्ञको कुनै पनि सङ्गीत पूर्ण मान्न सकिन्न । यसको वैज्ञानिक आधार पनि त्यही हो ।

जुनसुकै विधाका कलाकारलाई पनि सङ्गीत कलाको सामान्य ज्ञान हुनु जरुरी छ । स्वर, ताल, लयको सामान्य ज्ञानबिना कलाकार बन्नु असम्भव नभए पनि सजिलो भने हुँदैन । लोक कलाकारमा समेत ती कुरा अपेक्षित मानिन्छन् । सुगम वा आधुनिक सङ्गीतको त कुरै छोडौँ । शास्त्रीय सङ्गीतमा भने ती कुरा निर्विघ्न लागु हुन्छन् । यस विधाका लागि यो सामान्य कुरा भयो ।

आजका नेपाली सङ्गीत संस्था, सङ्गीत महाविद्यालय, सङ्गीत गुरु, सङ्गीत विद्यार्थीलगायत सङ्गीत पारखी र सङ्गीतप्रेमीले गम्भीरतापूर्वक विचार गरी सामान्य जस्तो लाग्ने यो असामान्य विषयमा गहिरिएर विचार विमर्श, छलफल गर्ने बेला आइसके जस्तो लाग्छ ।

अज्ञानतावश हामी सङ्गीतको एक विधालाई अर्को विधाले र अर्को विधालाई अर्को विधाले होच्याएर, हेला गरेर तिरष्कार र अपमानसमेत गर्ने गरेको सुनिन्छ । यस्तो प्रवृत्ति देखा पर्नु नेपाली सङ्गीत कलाको उन्नति र विकासका लागि घातक नै मान्नुपर्छ । यस प्रकारको प्रवृत्तिलाई सङ्गीतका साधक, कलाकार र सङ्गीतप्रेमीले निन्दा गर्नुपर्छ ।

सङ्गीतकलाका पुजारी र सङ्गीतसेवीमा गनिएका हामी आफैले एकर्काका विधालाई होच्याउने र हेला गर्ने प्रवृत्ति बसेमा सङ्गीतका श्रोताले हामीलाई कुन कोटिमा राख्ने छन् ? त्यसपछि पनि नेपाली सङ्गीतले बेलैमा होस पुऱ्याउनुपर्ने भएको छ । यसैले हामी सर्वप्रथम जुनसुकै विधाका सङ्गीत गायक किन नहोऔँ, एकर्काका विधाप्रति सम्मान जनाउन सिकौँ । एकर्काप्रति सम्मान दृष्टिकोण राखौँ । सङ्गीत कलामा देखिन थालेका विसङ्गति र विकृतिलाई क्रमशः हटाउँदै लैजाने प्रण गरौँ । आआफ्नो विधा र क्षेत्रबाट नेपाली सङ्गीतको उत्थान र विकासका लागि कम्मर कस्ने प्रतिज्ञा गरौँ ।

अन्तमा, सामूहिक शक्तिको रूपमा वैदिककालदेखि सामूहिक गानको महिमा गाइएको छ । विश्वको कल्याण र मङ्गलमय कामना गर्ने एउटा श्लोक ऋग्वेददेखि नै प्रचलित छ ।

संगच्छ्छ्वं संवदध्वं संवोमनांसि जानसाम ।
देवा भागं यथा पुवै संजनाना उपसने ॥

– ऋग्वेदसूक्त १८१ (चतुर्थखण्ड)

★


## शुभकामना

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौँ ।

**प्रधानाध्यापक : डगराज शर्मा**

**वि.व्य.स.अ. : हिरा पुन**

**सर्वोदय माध्यमिक विद्यालय**

बरेङ गाउँपालिका-२, बागलुङ

# जिमाकको गौरवमय दश वर्ष



• टीकासंगम विक

निष्पट्ट, सुनसान अँध्यारो रातमा केवल जुनकिरी जस्तै लाग्ने केही चम्किला ताराहरूको सहारामा सुन्दर चाँदनीको छाया पछ्याउँदै, हजारौँहजार क्षितिज चाहार्दै, भोलिको सुन्दर उषा जन्माउने महान् अभिलाषाका साथ विविध प्रतिभारूपी सुनगाभा फुलाउदै, लालुपाते र मखमलीमा सुन्दरताका रङ पोट्दै, चमेली र लालीगुराँसका परागमा बासनादार सुगन्ध छर्दै, साहित्य, कला र सङ्गीतका माध्यमबाट सामाजिक रूपान्तरण र युग परिवर्तनको मिठो सपना बाँड्दै एउटा छुट्टै पृथक् र गर्विलो साहित्यिक एवम् साङ्गीतिक इतिहास रच्न सफल गाउँमैत्री अक्षयकोष (GMAK) ले यति बेला दशौँ वर्षगाँठ मनाउँदै छ। दशौँ वर्षगाँठको स्वर्णीम अवसरमा हार्दिक बधाइ अर्पण गर्दै संस्थाको निरन्तरता र सफलताको शुभकामनासमेत व्यक्त गर्दछु।

मखमली घलेकीमा सजिए जस्तै लाग्ने झुलेनी र सिरसिर बतासमा आफ्नो स्वर मिलाउन व्यस्त वसन्ताप र तिनै झुलेनी र वसन्तापको काखमा अवस्थित गोधुली साँझमा पनि बिहानी मिरमिरेको आभास हुने एउटा सुन्दर, रमणीय र लोभलाग्दो गाउँ हो, तङ्ग्राम, जहाँ प्रकृतिका सुन्दर उपहार छरप्रस्ट भेटिन्छन। हेरिरहुँ लाग्ने लालीगुराँस र जति हेरे पनि नअघाइने हिमशृङ्खला साँच्चिकै यहाँका मनमोहक प्राकृतिक सम्पत्ति हुन। सल्लेरीका मिठो सुस्साहट, हरियाली वनजङ्गल, सुन्दर पाखापखेरा, कलकल बग्ने खोला र रहरलाग्दा झरना प्रकृतिले हामीलाई सित्तैमा दिएका उपहार हुन्। बिच बिचमा रहेका सुन्दर मानवबस्ती, आयो, हुर्लाङ, दरफुङ र गन्जाका फाँट, विद्यालयका आकर्षक भवन, धार्मिक आस्थाका धरोहर विभिन्न मठमन्दिर, हरेक बस्ती पछ्याउदै गरेका पदमार्ग र आकर्षक तालतलैया र पोखरी मानव निर्मित सम्पत्ति हुन।

यहाँका वनपाखा उकालीओरालीमा गुन्जिने यानीमाया, सोरठी, झ्याउरे, सालैजो जस्ता मौलिक लोकसङ्गीत हाम्रा पुर्खाले दिएका पौराणिक सांस्कृतिक सम्पत्ति हुन्। विवाह जस्ता शुभकार्य एवम् पाहुनाको स्वागत–सत्कारमा खुसी, उमङ्ग र उत्सव मनाउन बजाइने नौमती एवम् पञ्चेबाजा पनि यहाँको निकै पुरानो र मौलिक संस्कृति हो।

मगरजातिको अत्यधिक बसोबास रहेको तङ्ग्राम, जहाँ मगरजातिको आफ्नै रीतिथिति, चालचलन, भेषभुषा, संस्कृति छन्, जो अन्यत्र छैन । यहाँका मगर समुदायले मात्र मनाउने चैतेचाड सम्भवतः नेपालका कुनै पनि मगर समुदायले मनाउँदैनन्। मगरजातिको बाहुल्यता रहे पनि अन्य जातिमाझको एकता, सद्भाव र एकअर्काबिचको सम्मान साँच्चिकै उदाहरणीय छ यहाँ । प्रकृतिको सुन्दर उपहारमा मानव निर्मित संस्कृति र सम्पत्तिको संयोजन गर्दै आफूलाई पृथक् र फरक पहिचानको रूपमा उभ्याउन सफल साँच्चिकै रमणीय र लोभलाग्दो गाउँ हो, तङ्ग्राम । यतिबिघ्न सुन्दर जननीको सुन्दर सिर्जना हो, जिमाक।

जिमाक र यसको जन्म साहित्य र सङ्गीतमा आधारित छ । करेसाको सौन्दर्यता फूलहरूले भरे जस्तै सामाजिक सुन्दरताको गहना कला, सङ्गीत नै हो; अनि, कला, साहित्य र सङ्गीत जिमाकको जीवन हो, प्राण हो। सिर्जना जिमाकको यात्रा हो । कलम, बाँसुरी, मादल र सारङगी यात्राका सहयात्री हुन। नवीनतम प्रतिभा यसका सन्तति हुन। असभ्यता, अश्लीलता, रूढीवाद र छाडा संस्कृति जिमाकका शत्रु हुन् । सुसंस्कृति र समृद्ध समाजको निर्माण यसका परिकल्पना हुन् । कुसंस्कृतिको भण्डाफोर र सुसंस्कृतिको बिजारोपण जिमाकको मूल मन्त्र हो। क्षितिजहरू जिमाकका समीप हुन्। अप्ठ्यारो, चुनौती र कठिनाइ आफू हिँड्ने गोरेटा हुन् । हजारौँ प्रतिभाको जन्म, सिर्जनाको असीमित वर्षा र अविचलित यात्रा जिमाकका सफलता हुन्।

२०६६ सालको वर्ष जिमाकको प्रादुर्भाव कालीन वर्ष हो तर जिमाकको सोच र परिकल्पना भने २०६५ सालदेखि नै आएको हो। जिमाकका अध्यक्ष हेमराज आश्रम र सुप्रभा थापाबिच भएको प्रगतिशील विवाहको विशेष अवसरमा उहाँहरूले साहित्य, कला र सङ्गीतको संरक्षण, संवर्द्धन र उजागरका निमित्त अक्षयकोष स्थापना गरी कला एवम् साहित्य क्षेत्रका प्रतिभाको निरन्तर खोजी, सम्मान, सम्वर्द्धन र प्रवर्द्धन गर्ने उद्घोष गर्नुभएको थियो। त्यसको ठिक एक वर्षपछि गाउँमैत्री अक्षयकोष नामक संस्था स्थापना भई यसले वैधानिकता प्राप्त गरेको थियो।

आफ्नो प्रादुर्भाव कालीन वर्षदेखि नै थालनी गरेको गीत, सङ्गीत र साहित्यको यात्रा हालसम्म निरन्तर उही

रफ्तारमा यात्रारत छ । जिमाकले न त कहिल्यै खहरेको रूपधारण गर्‍यो, न त कहिल्यै आफूले विश्राम नै लियो । यात्रामा धेरै यात्री भेटिए । भनिन्छ, यात्रामा यात्रीहरूमाभ्र भलाकुसारी गर्दै हिँडियो भने छिटो बाटो काटिन्छ रे ! तिनै यात्रीहरूसँग भलाकुसारी गर्दै जिमाक निरन्तर आफ्नो बाटो काटिरह्यो तर विडम्बना ! कसैले साथ छोडे; कसैले विश्राम लिए त कोही यात्रामै कता हराए कता। साँच्चिकै जिमाकको यो दश वर्षे यात्रा कठिनाइ, असहजता र चुनौतीको प्रसव पीडाबाट निस्केको एउटा गौरवमय अमरगाथा हो।

गाउँमैत्री अक्षयकोष जिमाकको आधिकारिक व्यक्ति त म होइन तर जिमाकसँग अल्लि बढी नजिक छु र परिचित पनि । जिमाकद्वारा वार्षिक रूपमा सञ्चालन हुने ट्यालेन्ट अफ भिलेज (TOV) को हालसम्म सञ्चालन भएको दशौँ सिजनमध्य एउटा सिजनबाहेक सबै सिजनमा सहभागी हुने अवसर प्राप्त गरेको छु।

जिमाकको पहिलो कार्यक्रम ट्यालेन्ट अफ भिलेज सिजन–१ सहित दुईओटा सिजनको प्रमुख अतिथिको हैसियतमा कार्यक्रम उद्घाटन गर्ने अवसर पनि प्राप्त गरेको छु। त्यसो त जिमाकका अध्यक्ष हेमराज आश्रम मेरो अभिन्न साङ्गीतिक सखा पनि हुन्। कला सङ्गीतको यात्रामा हामी जहाँ पनि र जहिले पनि सँगसँगै रह्यौ । हेमराज आश्रमको प्रगतिमा कहिल्यै नअघाउने मान्छे हु म। त्यसैले जिमाकलाई मैले अल्लि बढी नजिकबाट नियाल्ने मौका पाएको छु।

मलाई सम्भ्रना छ, गाउँमैत्री अक्षयकोष जिमाकको पहिलो औपचारिक र आधिकारिक कार्यक्रम श्री धारा माध्यमिक विद्यालयको प्राङ्गणमा सम्पन्न भएको थियो । ट्यालेन्ट अफ भिलेज सिजन–१ नाम दिइएको उक्त कार्यक्रमको विशेष समारोहमा गाउँमैत्री अक्षयकोष जिमाकको आधिकारिक धारणा राख्दै हेमराज आश्रमले भन्नुभएको थियो कि "ग्रामीण क्षेत्रका नवप्रतिभाको संरक्षण, सम्वर्द्धन र उजागर गर्ने अभिप्रायले जिमाकको स्थापनादेखि सुरुवात गरेको ट्यालेन्ट अफ भिलेज (TOV) वार्षिक रूपमा नियमित र अविचलित रूपमा सञ्चालन गरिने छ, जहाँ साहित्यतर्फ गजल विधामा र सङ्गीततर्फ गायन र नृत्य बिधामा प्रत्यक्ष प्रतिस्पर्धा गराई ट्यालेन्ट अफ भिलेज (TOV) घोषणा गरिने छ।"

जसरी आश्रमले घोषणा गर्नुभएको थियो, त्यसरी नै एक दशकसम्म अविचलित रूपमा उक्त कार्यक्रम सञ्चालन हुनु निकै सुखद पक्ष हो। ट्यालेन्ट अफ भिलेज (TOV) को हरेक शृङ्खलालाई मैले श्रष्टा, सर्जक र सम्पूर्ण कलाप्रेमीको उत्सवको रूपमा लिएको छु।

ट्यालेन्ट अफ भिलेज (TOV) को लोकप्रियता र प्रभावकारिता नै जिमाकको सफलता हो । गाउँको कुनाकन्दरामा फुलेका फूललाई सहरको गमलामा फुलेका फूलसँग प्रतिस्पर्धा गराउनु जिमाकको उदेश्य पनि हो। भने सहरको गमलामा फुलेका फूलहरूको सुगन्ध र सौन्दर्यता अनि अनकन्टार वनको कुनामा फुलेका फूलको सुगन्ध र सौन्दर्यतामा कुनै फरक छैन, मात्र अवसरको खाँचो हो; त्यो अवसर जिमाकले दिनुपर्दछ भन्ने जिमाकको अर्को मान्यता हो। ट्यालेन्ट अफ भिलेज (TOV) को नवौँ सिजनसम्मका प्रस्तुति यसका ज्वलन्त उदाहरण हुन्।

साहित्य लेखनबाट ट्यालेन्ट अफ भिलेज (TOV) सिजन–१ बाट पहिलो पटक उदाएका विश्वासकुमार खड्काथोकी राष्ट्रिय मिडियामा एकछत्र राज गरिरहेका अहिलेका व्यस्त पत्रकार एवम् स्तम्भकार हुन् । उनका लेखनशैली साच्चिकै लोभलाग्दो छ।

ट्यालेन्ट अफ भिलेज (TOV) को दोश्रो सिजनमा आफूलाई गायन बिधाको सर्वोकृष्ट गायिकाको रूपमा उभ्याउँदै सङ्गीत क्षेत्रमा प्रवेश गरेकी अम्बिका पुन अहिलेका आधुनिक गीतसङ्गीतमा जम्न सङ्घर्षरत नवउदयीमान गायिका हुन्। उनको मिठास र कर्णप्रिय स्वर साँच्चिकै जादुमय छ। उनले प्रकाशनमा ल्याएका गीतहरू दर्शक एवम् श्रोताले अधिक रुचाएका छन्। नेपालको धेरै ठाउँको स्टेज प्रोग्राममा सहभागी भएर माया बटुल्दै हाल उनी गीतसङ्गीतकै सिलसिलामा विदेशमा छन्।

नवप्रतिभाको खुल्ला आँगनी जस्तै बनेको जिमाकको वार्षिक कार्यक्रम ट्यालेन्ट अफ भिलेज (TOV) का विभिन्न सिजनबाट उदाएका राज थापा, प्रतिमान थापा, गङ्गा थापा, यामदीप थापा, तोरण पुन, डि.बी. थापा, सुवास, मिनलगायतका दर्जनौँ श्रष्टा एवम् सर्जक अहिले पनि साहित्य लेखनमा उत्तिकै अब्वल दर्जामा आफूलाई उभ्याउन सफल भएका छन्। साहित्य लेखनसँगै साहित्यको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनमा पनि उहाँहरूले खेलेको भूमिका, साहित्यप्रतिको लगाव र निरन्तरता निकै प्रशंसनीय र उल्लेखनीय छ।

गायन बिधामा ट्यालेन्ट अफ भिलेज (TOV) को आँगनबाट आफूलाई स्थापित गराउन सफल बागलुङ धम्जाका अनिता थापा, बागलुङ तङ्ग्रामका सिर्जना पुन, उषा पुन, सुगम थापालगायतका दजनौँ गायक–गायिका निरन्तर गीतसङ्गीतकै सेवामा लागेर निरन्तर प्रयासरत छन।

त्यस्तै, ट्यालेन्ट अफ भिलेज (TOV) को विभिन्न सिजनबाट उदाएका नवोदित नृत्याङ्गनाहरू गौरी पुन, प्रमिला श्रीस, तारा थापा, सरिता थापा, सङ्गीता

थापालगायतका धेरैजसो कलाकारहरू अहिले पनि नृत्य क्षेत्रमै क्रियाशील छन्। उहाँहरूले विभिन्न स्टेज प्रोगाममा प्रस्तुत गर्नुभएको नृत्यकलाका कलात्मक प्रस्तुति अहिलेका उदीयमान प्रतिभाका लागि प्रेरणा सावित भएका छन् भन्दा अत्युक्ति नहोला।

गाउँमैत्री अक्षयकोष जिमाकले खालि नवप्रतिभालाई आफ्नो कला प्रस्तुत गर्ने थलाको रूपमा मात्र आफूलाई स्थापित गरेन, यसले त कला, साहित्य र गीतसङ्गीतमा लागेर राष्ट्रियस्तरमै आफ्नो छुट्टै नाम र पहिचान बनाउन सफल व्यक्तित्वलाई प्रत्यक्ष आफ्नो कार्यक्रममा निमन्त्रणा गरेर नवप्रतिभा सँगसँगै राखेर उनीहरूलाई हौसला, प्रेरणा र आत्मबल वृद्धि गराउने काममा पनि उल्लेखनीय भूमिका निर्वाह गरेको छ। रक्तिम सांस्कृतिक अभियानका तत्कालीन महासचिव एवम् जनवादी गायक रेम राना, नेपाली गीतसङ्गीतका धरोहर, चर्चित सङ्गीतकार एवम् नेपाली साङ्गीतिक आकाशका मूर्धन्य व्यक्तित्व आदरणीय बी.बी. अनुरागी, बागलुङले जन्माएको बागलुङको शान, पहिचान एवम् गौरव अहिलेका सर्वाधिक लोकप्रिय एवम् व्यस्त गायक प्रकाश सपुत जस्ता व्यक्तित्वलाई प्रत्यक्ष आफ्नो कार्यक्रममा उपस्थित गराएर आफ्नो गाउँको कलाकर्मीलाई हौसला एवम् उत्प्रेरणा जगाउन प्रोत्साहन गर्नु जिमाकको एकदमै प्रशंसनीय र सकारात्मक पक्ष हो।

त्यस्तै, प्रगतिशील एवम् जनवादी गायक थुमराज ढुङ्गाना, नवीन बस्याल, लोकगायक राजेश बर्देवालगायतका राष्ट्रियस्तरका स्थापित गायक–गायिकाले पनि ट्यालेन्ट अफ भिलेज (TOV) को विभिन्न सिजनको स्टेजमा उभिएर नवप्रतिभालाई थप हौसला, प्रेरणा र ऊर्जा थप्ने काम गरिसक्नुभएको छ। साहित्य लेखन र पत्रकारिताबाट आफ्नो छुट्टै पहिचान बनाउन सफल युवा साहित्यकारद्वय दिल श्रीस, राम थापा, अविरल, युवा गजलकार मीन राना, युवा साहित्यकार तारामिलन छन्त्याल, गजलकार नवीन बस्याल जस्ता साहित्यक्षेत्रमा स्थापित व्यक्तित्वलाई आमन्त्रण गरी उहाँहरूको सिर्जना वाचनसँगै प्रतियोगी स्रष्टा एवम् सर्जकको प्रत्यक्ष मूल्याङ्कन गराउनु नवप्रतिभाका लागि निकै प्रेरणादायी पक्ष हो।

गाउँमैत्री अक्षयकोष जिमाकले प्रतियोगितात्मक कार्यक्रमको सञ्चालनसँगै साहित्य र सङ्गीतको विभिन्न बिधाका बारेमा प्रशिक्षणसमेत सञ्चालन गर्नु अर्को राम्रो पक्ष हो। स्रष्टा, सर्जक एवम् कलाकार उत्पादन गर्ने अभिप्रायले सञ्चालन गरिएको विविध प्रशिक्षणात्मक कार्यक्रमअन्तर्गत जिमाकले हालसम्म गायन र साहित्य लेखनसम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरिसकेको छ। सोही कार्यक्रमअन्तर्गत साहित्य लेखन अर्थात् गजल, कविता, मुक्तक, कथा, हाइकु, र थाङ्का लेखनसम्बन्धी प्रशिक्षण कार्यक्रममा साहित्यकार मित्र मीन राना र स्वयम् म आफूले पनि प्रशिक्षित एवम् सहजीकरण गर्ने अवसर प्राप्त गरेका थिए भने गायनसम्बन्धी पनि जिमाकले प्रशिक्षण सञ्चालन गरेको थियो। उक्त प्रशिक्षण कार्यक्रममा जिमाकका अध्यक्ष एवम् गायक हेमराज आश्रमले प्रशिक्षण दिनुभएको थियो।

यसरी हेर्दा जिमाकले साहित्य, कला र सङ्गीत क्षेत्रका स्रष्टाको उत्पादन, संरक्षण र संवर्द्धनमा निकै अभिरुचिका साथ आफ्नो साहित्यिक एवम् साङ्गीतिक गतिविधि तीव्र गतिमा अगाडि बढाइरहेको देखिन्छ। पछिल्लो चरणमा सम्मान कार्यक्रमलाई निरन्तरता नदिएता पनि जिमाकको सुरुआती कालमा साहित्य, कलासँगै अन्य विभिन्न क्षेत्रमा योगदान पुराएका व्यक्तित्वलाई सम्मान गरेर उहाँको पेसाप्रति पनि सम्मान गरेको देखिन्छ। जिमाकले हालसम्म सम्मान गरेका व्यक्तित्वमध्य खेलकुद क्षेत्रबाट कुशल खेलाडी भीम सुनार, कृषि व्यवसायबाट रनबहादुर थापा, पहलमान थापा र साहित्य लेखनबाट चन्द्रबहादुर आलेलाई सम्मान गरेको थियो।

जिमाकको आफ्नो उद्देश्य, क्षेत्र, साहित्य, कला, सङ्गीतको संरक्षण, सम्वर्द्धनतर्फ लक्षित भएकाले अन्य क्षेत्रलाई भन्दा आफ्नै गीतसङ्गीतको क्षेत्रलाई निरन्तरता दिनु उपयुक्त मानी पछिल्लो चरणमा साहित्य, कला, सङ्गीतबाहेकका अन्य क्षेत्रका व्यक्तित्वलाई सम्मान गरेको पाइँदैन।

त्यस्तै, बेला बेलामा विभिन्न रोगी बिरामी व्यक्तिलाई आर्थिक सहयोग गरी मानवता झल्किने खालका सामाजिक कार्य पनि गर्दै आएको छ। गोरेटो निर्माण तथा सरसफाइ जस्ता विशुद्ध सामाजिक कार्यमा पनि जिमाकको उत्तिकै भूमिका रहँदै आएको छ।

जिमाकको अर्को राम्रो पक्ष, यसले आफ्नो कार्यक्रम सञ्चालनमा चाहिने सम्पूर्ण सामग्री आफैले व्यवस्थापन गरेको छ। ग्रामीण परिवेशमा सञ्चालन हुने एउटा औपचारिक कार्यक्रममा चाहिने सामाग्री; जस्तै– साउन्ड सिस्टमका सम्पूर्ण सामग्री, आकर्षक मन्च व्यवस्थापनका लागि चाहिने आकर्षक टेन्टसहितका सम्पूर्ण सामग्री र सम्पूर्ण बाजागाजाको व्यवस्थापन, लाइट सिस्टमका सम्पूर्ण सामग्री जिमाक आफैले व्यवस्थापन गर्नु निकै प्रशंसनीय र उदाहरणीय पक्ष हो।

गाउँमैत्री अक्षयकोष जिमाकको वार्षिक नियमित

कार्यक्रम ट्यालेन्ट अफ भिलेज (TOV) प्रत्येक वर्षको विजयादशमीको अवसरमा सञ्चालन गर्दछ। दसैँको टीकाको दिनपछि र पूर्णिमाभित्रको कुनै दुई दिन जिमाकले आफ्नो कार्यक्रमको दिनको रूपमा विकास गरेको छ। हालसम्मका कार्यक्रम सोही दिनमा सञ्चालन भएको देखिन्छ।

साहित्य, कला र सङ्गीतप्रेमी पारखीको माझमा जिमाक निकै लोकप्रिय र परिचित छ। जिमाक यस्तो संस्था हो, जो आफू मात्र परिचित भएन, यसले आफूसँगै आफ्नो गाउँ र सिङ्गो जिल्लालाई पहिचान दिएको छ। भर्खरै मात्र गाउँमैत्री अक्षयकोषद्वारा निर्माण गरिएको सम्भवतः नेपालकै ठुलो नगरा यसको ज्वलन्त उदारहण हो । २८० केजीको तौल रहेको झन्डै ५ लाख ५० हजारभन्दा बढीको लगानीमा निर्माण गरिएको यति ठुलो नगरा देशकै सबैभन्दा ठुलो नगरा रहेको दाबी गरिएको छ । कला, साहित्य, सङ्गीत र संस्कृतिको सङ्केत एवम् लोगोको रूपमा लिइएको उक्त नगरा स्थानीय कालीगढ रविलाल विकको अगुवाइमा जरसिंह विक, लालबहादुर किसान, पूर्णबहादुर पुन, नरहरि थापा, सरबहादुर परियारलगायतका व्यक्तिले स्थानीय एवम् पौराणिक प्रविधिबाटै निर्माण गरिएको हो । उक्त नगरा निर्माणसँगै हाल यसको चर्चा परिचचान ह्वात्तै बढेको छ। भोलिका दिनमा आन्तरिक एवम् बाह्य पर्यटन प्रवर्द्धनमा यसले निकै महत्त्वपूर्ण भूमिका खेल्ने देखिन्छ।

त्यस्तै नेपालको राजधानीबाहेक मोफसलमा बिरलै मात्र पाइने सङ्गीत सङ्ग्रहालय, सङ्गीत पाठशाला र सङ्गीत पुस्तकालय निर्माणमा पनि जिमाक यति बेला द्रुत गतिमा लागिपरेको छ। यसका लागि आवश्यक केही भवन निर्माण गरिसकेको छ भने केही भवन निर्माणको चरणमा रहेको छ।

जिमाकको सङ्गतबाट मैले जिमाकलाई बुझेको कुरा जिमाकले जे भन्छ, त्यो गर्छ। पहिले सुन्दा अचम्म लाग्छ तर पछि त्यो काम गरेरै छोड्छ। जिमाकको वार्षिक कार्यक्रम ट्यालेन्ट अफ भिलेज (TOV) को दशौँ वर्षसम्मको नियमितता, साउन्ड सिस्टमको व्यवस्थापन, छनौट भएका प्रतिभाको आफ्नै लगानीमा गीत रेकर्डिङ, जग्गा व्यवस्थापन, स्टेज एवम् भवन निर्माण, नेपालकै ठुलो नगरा निर्माण यसको साँच्चिकै नमुना र ज्वलन्त उदाहरण हुन्।

अन्तमा, गाउँमैत्री अक्षयकोष जिमाक साहित्य, कला र सङ्गीतको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा निडर, अडिग र दरिलो खम्बा भएर उभियोस् । अग्रजको साथ–सहयोग र सल्लाह–सुझावको जिमाकलाई जहिले पनि भोक जागिरहोस्, विगतबाट पाठ सिक्दै आगतका सुन्दर उषाहरू पछ्याउन सकोस्। फेरि पनि हार्दिक शुभकामना !

★


# शुभकामना

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौँ ।

**प्रधानाध्यापक : भैरवबहादुर थापा**

**वि.व्य.स.अ. : विष्णु कँडेल**

## मुक्तिनाथ निम्नमाध्यमिक विद्यालय

काठेखोला गाउँपालिका-४ तङ्ग्राम, बागलुङ

# संगीत : एक विवेचना

• शिवराज पौडेल



**पृष्ठभूमि**

सङ्गीतको इतिहास धेरै पुरानो मानिन्छ । ६४ कलामध्येको प्रमुख कला सङ्गीतकला हो । महाकवि लक्ष्मीप्रसाद देवकोटाले भनेका छन्– "कला भनेको जीवनलाई राम्रो तरिकाबाट उठाउनु, परिपूर्ण गर्नु र आनन्द दिनु हो । कला भनेको मानव हृदयमा प्रभावित पारी उच्चबोधद्वारा नैतिक शिक्षा दिने हुनुपर्छ ।"

शास्त्रोक्त ढङ्गले रचित स्वर, वर्ण र शब्द आदिले युक्त जब कुनै साङ्गीतिक सिर्जनालाई मञ्चमा प्रस्तुत गरिन्छ र त्यसको आनन्द प्रस्तोता स्वयम् र श्रोतालाई पनि प्राप्त हुन्छ भने त्यो सङ्गीतकला बन्न जान्छ। जर्मन विद्वान् पार्करका अनुसार मानवको इच्छा या चाहनाद्वारा काल्पनिक भावनालाई साकार रूप दिनु नै कला हो। गायन, वादन र नृत्य—यी तीनै कलाको मिश्रण नै सङ्गीत हो।

वैदिककालदेखि नै विभिन्न उपनिषद्, पुराण आदि ग्रन्थमा उल्लेख गरिएको नाद, श्रुति, सप्तस्वर, जाति, ग्राम, राग, मूर्छना, ताल, मुन्धुम, दुन्दुभी, विणा आदिबाट त्यो समयमा सङ्गीतले विकसित रूप लिएको देखिन्छ । नेपालमा किराँतकाल, लिच्छविकाल र मल्लकालीन समयमा प्राप्त शिलालेखमा उल्लेख भएका पदहरू वादित्रगोष्ठी, प्रेक्षणमण्डपी, डवली, नासाद्यो, प्याँख, चर्या (चचा) आदिको आधारमा त्यतिबेला सङ्गीतको राम्रो विकास भएको मान्न सकिन्छ।

शाहकालीन समयमा राजाहरू सङ्गीतमा निकै सौखिन थिए भन्ने कुरा पृथ्वीनारायण शाहको दिव्यवाणी, रणबहादुर शाहको सितार वादन, सुरेन्द्र शाहको गीत लेख्ने र बाजा बजाउने कला, राजा महेन्द्रले वि.सं. २०१२ सालमा स्थापना गरेको नेपाल सङ्गीत महाविद्यालय, वि.सं. २०१४ सालमा स्थापना गरेको नेपाल एकेडेमी, वि.सं. २०१६ सालमा अवधारणा बनेर २०१८ सालमा स्थापना गरेको राष्ट्रिय नाचघर, वि.सं. २०१८ सालमा स्थापना भएको सिंहदरबार परिसरभित्रको रत्न रेकर्डिङ ट्रस्ट, जुन पछि २०४१ सालमा नेपाल टेलिभिजनको रूपमा परिणत भयो । दर्जनौं पुरस्कारको स्थापना, कलाकारलाई प्रोत्साहनस्वरूप दिएका अनेकौं उपाधीहरू; जस्तै– वाद्य शिरोमणि, सङ्गीत शिरोमणि, भजन शिरोमणि, सङ्गीत प्रवीण र नारायणहिटी दरबार परिसरको नारायण मन्दिरमा दरबन्दी नै तोकी शास्त्रीय सङ्गीतको नियमित कार्यक्रम सञ्चालन गराइएको जस्ता कार्यले स्वदेशी कला र संस्कृतिप्रति उनको गहिरो मोह, स्नेह र ठुलो योगदान रहेको देखिन्छ।

भारतीय सङ्गीताचार्य वसन्तद्वारा लिखित पुस्तक "सङ्गीत विशारद्" मा राणाकालीन समयमा वीरशमशेरले वीरगन्जमा आयोजना गरेको वि.सं. १९५६ को बगेडीको सङ्गीत सम्मेलन, जहाँ नेपाल र भारतवर्षका दर्जनौं शास्त्रीय सङ्गीतज्ञले भाग लिएका थिए र ग्रन्थ नै तयार परेको कुरा उल्लेख छ।

पृथ्वीनारायण शाहले नेपालको एकीकरणपश्चात दिएको दिव्यवाणी "आफ्ना शोखसयललाई तालशास्त्रबमोजिमको तीनै सहर नेपालका नेवारको नाच झिकाई हेर्या पनि हुन्छ" भन्ने वाणीले सङ्गीतको राम्रो विकास भएको जनाउँछ र स्वदेशी कला र संस्कृतिलाई महत्त्व दिनुपर्छ भन्ने गहिरो सन्देश पनि छ तर आजको परिवेशमा राष्ट्र, राष्ट्रियता र संस्कार, संस्कृतिमाथि नै सबैभन्दा धेरै विकृति भित्रिएको अवस्था चिन्ताजनक छ। यसमा हामी सबैको ध्यान जानुपर्ने देखिन्छ। राजतन्त्रको अन्त्यका लागि कलाकारको पनि ठुलो योगदान रहेको देखिन्छ । प्रजातन्त्र र गणतन्त्रको स्थापना पछि सरकारी, गैरसरकारी स्तरबाट स्थापित भएका विभिन्न खाले संस्थाले कला र संस्कृतिको क्षेत्रमा कार्यरत नया तथा पुराना स्रष्टालाई विभिन्न कार्यक्रममार्फत मानसम्मान, पुरस्कार, अवार्ड, सम्मेलन आदि कार्यले योगदान पुऱ्याउँदै आएका छन्।

**ऐतिहासिक रूपरेखा**

वेद, उपनिषद्, योग, दर्शन, व्याकरण र अध्यात्म विद्या आदि आर्य संस्कृतिका यी आद्यग्रन्थमा नादलाई अपार महत्त्व दिइएको छ। ऋग्वेदको शिक्षाशास्त्रअनुसार नादबाट स्वरको उत्पत्ति हुन्छ। स्वर तीन प्रकारका हुन्छन् : उदात्त, अनुदात्त र स्वरित। यी तीनै स्वरको वर्णन पाणीनीय अष्टध्यायीमा छ। उच्चैरुदात्ताः, नीचैरनुदात्ताः, समाहारः स्वरितः—यी तीनओटा सूत्रले तीनओटा भेद देखाएको छ :

उदात्तो निषादगान्धारावनुदात्ता ऋषभ धैवतौ।
स्वरित प्रभवाह्येतेषड्ज मध्यम पञ्चमाः॥

(ना. शि.।१।८।८)

अर्थात् उदात्तताबाट निषादर गान्धारको उत्पत्ति, अनुदात्तबाट ऋषभरधैवत, त्यसैगरी स्वरितवाटषड्ज, मध्यम र पञ्चमको उत्पत्ति भएको छ।

पण्डित शारङ्गदेवले पनि आफ्नो ग्रन्थ सङ्गीतरत्नाकरमा नादलाई साक्षात् ब्रह्म नै मान्नुभएको कुरा निम्न श्लोकले प्रष्ट परेको छ :

चैतन्यं सर्वभूतानां विवृत्तं जगदात्मना॥

नादब्रह्मतदानन्दमरूितीयमुपास्महे॥ (सं. र. १।३।१)

अर्थात् सम्पूर्ण जीवात्माको जो चेतना हो अथवा जसबाट जीवात्मा चेतन हुन्छ, साथै जगत्को उत्पत्ति, स्थिति र प्रलय पनि हुन्छ त्यो नादब्रह्महोरत्यसनाद ब्रह्म, जो अद्वितीय छ, जसलाई अद्वैत, द्वैताद्वैत, विशिष्टाद्वैत आदि दर्शनले प्रतिपादन गरेका छन्। त्यसलाई हामी उपासना गर्दछौँ।

जसरी सबै ज्ञानको मूल आधार वेदलाई मानिएको छ। त्यस्तै सङ्गीतको पनि आधार सामवेद नै मानिएको छ। सामवेदका ऋचा गेयात्मक छन्। गन्धर्ववेदमा सङ्गीतकै बारेमा उल्लेख गरिएको छ। सङ्गीतले मानिसलाई जिउने भावनाको जन्म गराउँछ। सङ्गीत मानव जीवनको हिस्सा शताब्दियौँदेखि छ। सङ्गीतलाई हरेक संस्कृतिले पूजा गर्छ; किनकि यो हरेक संस्कृतिको पहिचान हो।

सङ्गीत सुन्दा शारीरिक र मानसिक दुवै फाइदा हुन्छन्। यसले तनाव र चिन्ता भगाउँछ। ध्वनि र नाद, नाद र शब्द, शब्द र आकाशमा अभेद छ भनी विद्वान्हरूले भनेका छन् :

नादेन व्यज्यतेवर्णः पदंवर्णात्पदाद्वचः।

वचसोव्यवहारो=यंनादाधीनमतो जगत्॥ (सं. र. १।२।२)

अर्थात् नादद्वारा वर्ण उत्पन्न हुन्छन्। वर्णबाट पद निष्पत्ति हुन्छ र पदबाट वाक्य अर्थात् भावाभिव्यक्त गर्ने पदसङ्घात उत्पन्न हुन्छ र यसै वाक्य (वाणी) द्वारा व्यवहार चल्दछ र व्यवहारिक वाणी नै नादबाट अभिव्यक्त भएको हुन्छ।

सङ्गीतबाटै जीवनका चारै पुरुषार्थ अर्थ, धर्म, काम, मोक्ष प्राप्त हुने विचार यज्ञवल्क्य स्मृतिग्रन्थमा उल्लेख गरिएको छ।

वीणावादन तत्वज्ञःश्रुतिविद्या विशारदः।

तालज्ञश्चाप्रयासेन मोक्षमार्गंसविन्दति॥

(या.स्मृ.य.ध.३।११५)

अर्थात् वीणा वादनमा कुशल श्रुतिविद्यामा निपुण तथा तालज्ञ मनुष्य सहजै मुक्ति मार्गमा प्रविष्ट हुन्छ।

ब्रह्माण्डमा आकाश र नाद—यी दुई तत्त्व नै यस्ता तत्त्व हुन्, जुन विश्वव्यापी र सर्वव्यापी छन्। आकाशको गुण नाद र शब्द हो। त्यसैले सङ्गीत रत्नाकरमा नादको निरुक्ति यसरी गरिएकोछ :

नकारं प्राणनामानं दकार मनलंविदुः।

जातःप्राणाग्नि संयोगात्तेननादो भिधीयते॥

(सं. र. १।३।६)

अर्थात् नकार भनेको प्राण हो र दकार भनेको आगो भनी जान्नु जब प्राण र अग्निको संयोग हुन्छ, त्यति बेला त्यसबाट उत्पन्न ध्वनिविशेषलाई नाद भनिन्छ।

त्यसैले सम्पूर्ण जगत् नै नादको अधिनमा छ भन्ने बुझिन्छ। प्राचीन सङ्गीतकारले रागरागिनीका धेरै सुन्दर रचना गरेका छन। शास्त्रीय सङ्गीतको मर्म नै राग हो। राग शब्दको प्रयोग नै सङ्गीताचार्य मतङ्गको “बृहद्देशी” ग्रन्थमा उल्लेखित भएको पाइएको छ। सङ्गीतको साधना र अध्ययनले शास्त्र, स्वर विज्ञान र सङ्गीत प्रदर्शनमा कुशलता प्राप्त हुन्छ।

राग के र कसरी उत्पत्ति भयो ?

योयं ध्वनिविशेषस्तु स्वरवर्णविभूषितः।

रंजको जनचित्तानाम् स रागः कथितो बुधैः॥

– अभिनवरागमन्जरी

अर्थात् ध्वनिको त्यो विशिष्ट रचना, जुन स्वर र वर्णयुक्त सुन्दर छ र जसले मनुष्य (प्राणी) को चित्तलाई रञ्जन अथवा मनोरन्जन प्रधान गर्दछ, विद्वानहरू त्यसैलाई राग भन्दछन्।

उत्पत्तिको विषयमा विभिन्न मत छन्, जसमा एक मत “सङ्गीत विशारद” ग्रन्थमा वसन्त लेख्नुहुन्छ– “पार्वती माताको शयन मुद्रालाई देखेर शिवजीले अङ्गप्रत्यङ्गको आधारमा रुद्र वीना बनाई आफ्नो पाँच मुखबाट पाँच रागहरू भैरव, हिन्डोल, मेघ, दीपक र श्री रागको उत्पत्ति गर्नुभयो र छैटौं राग कौशिक स्वयम् माता पार्वतीले रचना गर्नुभयो।

प्राचीन ग्रन्थमा सङ्गीतका मुख्य चार मत पाइन्छ : शिवमत, कृष्णमत, भरतमत र हनुमन्मत।

प्राचीनकालदेखि वर्तमानसम्म रागमा विभिन्न वर्गीकरण भए : जाति वर्गीकरण, ग्रामराग वर्गीकरण, दसविधि राग वर्गीकरण, शुद्ध छायालग र सङ्कीर्ण राग वर्गीकरण, मेल राग वर्गीकरण, रागरागिनी वर्गीकरण, रागाङ्ग राग वर्गीकरण र वर्तमानमा ठाटराग वर्गीकरण। यही ठाट राग वर्गीकरणलाई नै अहिले हामीले शास्त्रीय सङ्गीत सिक्ने/सिकाउने माध्यमको रूपमा मान्दै आएका छौँ।

**शास्त्रीय सङ्गीतको आवश्यकता**

- जीवनका चारै पुरुषार्थ अर्थ, धर्म, काम र मोक्ष प्राप्तिका लागि र सबै सङ्गीतको जननी भएकाले यसमा दखल हासिल गर्नका लागि।
- शास्त्रीय सङ्गीतलाई मूल आधार बनाएर सङ्गीत क्षेत्रमा प्रवेश गरेका कलाकारले नै नेपाललगायत

विश्वमा उत्कृष्टता हासिल गरेका प्रमाण रहेकाले।
- व्यक्तिको असल जीवनशैली र आचरणमा परिवर्तन ल्याउनका लागि।
- विभिन्न खाले तनाव र दौडधुपको जीवनशैलीलाई शान्ति र आनन्दमय बनाउनका लागि।
- सुरिलो, आकर्षक र लचिलो स्वर बनाउन, रागरागिनीको भेद थाहा पाउन र कठिन स्वर समूहलाई पनि सहज ढङ्गले गाउन र बजाउन सक्ने बन्नका लागि।
- सङ्गीतका प्राचीन ग्रन्थको अध्ययन, चिन्तन, मनन् र सङ्गीत विषयमा नयाँ नयाँ खोज–अनुसन्धान गर्नका लागि।
- सभ्य, सुसंस्कृत, संस्कारी र योग्य कलाकार बन्नका लागि।

## शास्त्रीय सङ्गीतमा अवसर

- राम्रो गुरु र उचित ज्ञान पाएमा असल र गुणी कलाकार बन्न सकिने।
- शास्त्रीय सङ्गीत सिक्नाले सबै खाले सङ्गीतको ज्ञान पनि एकैसाथ स्वतःस्फूर्त रूपमै हुने।
- सबै सङ्गीतको जननीको रूपमा नै शास्त्रीय सङ्गीत रहेकाले धैर्य गरी सिकेको खण्डमा चारै पुरुषार्थ अर्थ, धर्म, काम, मोक्ष प्राप्त हुन्छ। यस्तो शास्त्र मत रहेको छ।
- खोज–अनुसन्धान र सृजनाशक्तिको विकास हुने।
- समग्र देशको सबै जातजाति समुदायको भाषा–संस्कृति र सङ्गीतको अध्ययन, चिन्तन गरी लिपिबद्ध गर्ने क्षमता वृद्धि हुने।
- राज्यको सङ्गीतसम्बन्धी नीतिनिर्माणको तहमा पुग्न सकिने।
- शास्त्रीय सङ्गीतको अध्ययनले राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा देशको प्रतिनिधित्व गरी भाग लिने अवसर प्राप्त हुने।
- विश्व सङ्गीतको समग्र चिन्तन गर्न र देशभित्रको सङ्गीतको अवस्थालाई चित्रण गर्न सक्ने क्षमता वृद्धि हुने।
- राज्यको सांस्कृतिक तथा बौद्धिक सम्पत्तिको रूपमा रहेर प्राज्ञिक क्षेत्रलगायत विश्वविद्यालयमा विज्ञको रूपमा रही कार्य गर्ने तहमा पुग्न सकिने।

## शास्त्रीय सङ्गीतको चुनौती

- जनमानसमाअफ्र बढि लोकप्रियता हासिल गर्नु।
- गुणस्तरीय कलाकारको उत्पादन गर्नु।
- कठोर साधना र तपस्याबाट मात्रै शास्त्रीय सङ्गीतको अध्ययन पूरा गर्न सकिने भएकाले बिचमै छोडेर अन्य सुगम सङ्गीततर्फ उन्मुख हुने प्रवृति बढ्नु।
- उत्तम, गुणी र शिक्षित कलाकार उत्पादन गर्ने गुणस्तरीय सङ्गीत विद्यालय र विश्वव्यापी रूपमा प्रतिस्पर्धा गर्न सक्ने व्यवहारिक सङ्गीत शिक्षाको विकास गर्नु।
- देशभरि छरिएर रहेका सङ्गीत प्रशिक्षण केन्द्रलाई एउटा छातामुनि राखेर गुणस्तरीय पाठ्यक्रम बनाई परीक्षा प्रणालीमा ल्याउनुपर्ने।
- कलाकारहरू रोजीरोटीमा मात्रै सीमित रहनुपर्ने बाध्यता हुनु।
- सङ्गीततर्फ राज्यको ध्यान केन्द्रित गराउन नसक्नु।

## शास्त्रीय सङ्गीतको समस्याका समाधान

- देश सङ्घीयतामा गइसकेकाले अब हरेक राज्य वा प्रान्तमा कलाकारको हक, हित र संरक्षणका लागि छुट्टै निकाय गठन गरिनुपर्ने।
- शास्त्रीय सङ्गीतमा समर्पित साधक सर्जकको परिचय बनाई जीवनस्तर सहज बनाउन आजीवन भत्ता, सेवा, सुविधाको राज्यले ग्यारेन्टी लिनुपर्ने तब मात्रै सिर्जनाले निरन्तरता पाउँछ र राज्यले असल र स्तरीय सङ्गीतको विकास गर्न सक्छ; किनकि भोको पेटले सिर्जना गर्न सक्दैन।
- शास्त्रीय सङ्गीतको अध्ययन अध्यापनलाई सहज बनाउनलाई हरेक प्रान्तमा विद्यालय तथा महाविद्यालय तहमा शास्त्रीय सङ्गीतको पाठ्यक्रम बनाई लागु गरिनुपर्ने।
- राजधानीमा केन्द्रित ललितकला, पद्मकन्या र रत्नराज्य क्याम्पस जस्तै देशका अन्य भागमा पनि विस्तार गरिनुपर्ने।
- ललितकलाको विकासका लागि छुट्टै Performing Art University स्थापना गरिनुपर्ने।

## शास्त्रीय सङ्गीतको वर्तमान अवस्था

- स्कुलदेखि +२ हुँदै विश्वविद्यालयमा स्नातकोत्तर र विद्यावारिधीसम्मको अध्ययन हुने गरेको छ।
- समग्र नेपालको सङ्गीतको विकास र संरक्षणका लागि राज्यका तर्फबाट रेडियो नेपाल (२००७), नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठान (२०६४), सांस्कृतिक संस्थान (२०१६), नेपाल टेलिभिजन (२०४१) लगायतका संस्थाले योगदान दिइरहेका छन्।
- कलाकारलाई रोजगारीको अवसर मिलेको छ।
- राजधानीलगायतका मठमन्दिर, गुठी; जस्तै– किरातेश्वर सङ्गीत आश्रम, यलमाया क्लासिक, पशुपतिनाथ सङ्गीतकला प्रतिष्ठान, कपन सङ्गीत सरोवर,

कलानिधि सङ्गीत महाविद्यालय, राममन्दिर आदि क्षेत्रमा पाक्षिक, मासिक रूपमा शास्त्रीय सङ्गीतका कार्यक्रम हुँदै आएका छन्।

- दर्जनौँ निजी सङ्गीत प्रशिक्षण केन्द्रले पनि सङ्गीत शिक्षा प्रदान गर्दै आएका छन्।
- राज्यलगायत अन्य निजी संस्थानले बर्सेनि कलाकार तथा स्रष्टालाई पुरस्कार तथा मानसम्मान प्रदान गर्दै आएका छन्।
- कलाकारको हकहितका लागि विभिन्न संस्था सक्रिय छन्; जस्तै– रोयल्टी सङ्कलन केन्द्र, प्रस्तोता समाज, सङ्गीतकार सङ्घ, गीतकार सङ्घ, गायन समाज आदि।
- टेलिभिजनलगायत विभिन्न खाले सञ्चार माध्यमबाट आयोजना हुने गरेका गायनका रियालिटी सो, जसबाट छोटो समयमा नै आफ्नो कला देखाएर चर्चा पाउने सम्भावना बढेर गएको छ।
- आफ्नो कलालाई आफैले प्रस्तुत गर्न मिल्ने, कसैको पछि लाग्नुनपर्ने विभिन्न प्रविधिको विकास भएको छ, जसको प्रयोगबाट सहजै विश्व समुदायमा आफ्नो कला प्रस्तुत गर्न सकिन्छ।

## सङ्गीतमा गरिएका नयाँ प्रयोग (थेरापी)

सङ्गीतद्वारा गरिने विभिन्न खाले रोगको उपचार पद्धतिलाई नै ःगकष्अ त्जभचबउथ भनिन्छ। स्नायुविज्ञानमाथि अनुसन्धान गरिरहेका मनोवैज्ञानिक ड्यानियल जे लेभिटिनका अनुसार मानसिक र शारीरिक स्वास्थ्यका लागि सङ्गीत चिकित्साका परिणाम रोचक छन्। अनुसन्धानका अनुसार यसले रोगप्रतिरोधात्मक क्षमतामा सकारात्मक असर पर्छ। यसले तनाव दिने हर्मोन कम गराउँछ।

सङ्गीतका अतिरिक्त आमाको लोरीलाई पनि महत्त्वपूर्ण मानिएको छ। लोरी सुन्ने बानी परेको बच्चा शान्त र सजग हुन्छ। बच्चालाई निद्रा लाग्छ र ऊ घरि घरि रुँदैन। सङ्गीत थेरापीले गर्भवती महिलाको तनाव पनि कम हुन्छ। सङ्गीत सुन्ने बानीले आत्मा र शरीरका लागि औषधिको काम गर्छ। कतिपय रोगमा औषधिले काम नगरे पनि सङ्गीतले जादुमयी असर देखाउँछ। शरीरको कोर्टिसोल स्तर कम गरेर यसले तनावग्रस्त मांसपेशीलाई आराम दिन्छ। नियमित सङ्गीत सुन्दा दिमागले राम्ररी काम गर्न पाउँछ। असहनीय पीडाबाट गुज्रिरहेका मानिसलाई सङ्गीत सुनाउँदा आराम पुग्छ।

क्यानडाको अल्बर्टा विश्वविद्यालयमा तीनदेखि ११ वर्षसम्मका ४२ बालबालिकालाई इन्जेक्सन लगाउने बेलामा सङ्गीत सुनाउँदा कम पीडा महसुस भएको थियो। सङ्गीत श्रवणले शरीरमा इम्युनोग्लोबुलिन ए बढाउँछ। यो एन्टीबडीले शरीरका कोशिका स्वस्थ राख्नका लागि ठुलो काम गर्छ।

सङ्क्रामक रोग लागेकालाई उपचारका बेलामा सङ्गीत सुनाउँदा प्रतिरक्षा प्रणालीमा सकारात्मक असर पर्छ। घरि घरि बिरामी हुनबाट बच्नुछ भने सङ्गीत सुन्न थाल्नुस्। ढाडको समस्या हटाउन, स्मरणशक्ति दह्रो बनाउन र राम्रो निद्रा ल्याउन पनि सङ्गीत प्रभावकारी हुन्छ तर शास्त्रमा आधारित सुमधुर सङ्गीत सुन्दा मात्र यी असर देखिने हुन्। चर्को, डाङडोङ्गे र कर्कश सङ्गीत सुन्दा तनाव थपिन्छ।

## उपसंहार

शास्त्रीय सङ्गीतको उपासनाले तुरुन्तै मन स्थीर र एकत्रित भई स्वरमा र आफ्नो उपास्यमा स्थीर हुने हुनाले यो ध्यानमार्गमा पनि प्रवेश गर्नका लागि आहत नाद अर्थात् सङ्गीतको अति महत्त्वपूर्ण भूमिका देखिन्छ।

आजको नेपाली सङ्गीतको गुणस्तरमा सैद्धान्तिक र व्यावहारिक दुवै पक्षमा धेरै अन्तर पाउनुको पछाडि भौतिक लाभको लागि मात्रै शास्त्रीय सङ्गीतको साधना गरिनु हो। भौतिक प्राप्तिका साथसाथै आध्यात्मिक उन्नतिका लागि पनि शास्त्रीय सङ्गीत उत्तिकै महत्त्वपूर्ण छ भन्ने बुझ्न जरुरी छ। कला, साहित्य र सङ्गीत नबुझ्ने व्यक्तिलाई सङ्गीत साहित्यको सुप्रसिद्ध ग्रन्थ “शतकत्रय” का रचयिता भर्तृहरि नीतिशतकम् खण्डमा भन्नुहुन्छ :

साहित्य सङ्गीत कलाविहीनः साक्षात् पशुः पुच्छविषाणहीनः।

तृणं न खादन्नपि जीवमानस्तद्भागधेयं परमं पशूनाम्॥१२॥

अर्थात् जो मनुष्य साहित्य, सङ्गीत, कलाबाट वञ्चित हुन्छ, त्यो पुच्छर तथा सिङबिनाको साक्षात् पशुको समान हुन्छ। त्यो बिना घाँस खाएर जीवित रहने पशु भए निःसन्देह सौभाग्यको कुरा हुन्छ।

येषांनविद्यानतपोनदानंज्ञानंनशीलंनगुणोनधर्मः।

तेमृत्युलोकेभुविभारभूतामनुष्यरूपेणमृगाश्चरन्ति।१३।

अर्थात् जुन मनुष्यसँग विद्या, तप, दानको भावना, ज्ञान, शील (सत्स्वभाव), मानवीय गुण, धर्ममा संलग्नताको अभाव हुन्छ। त्यो यस मरणशील संसारमा धरतीको बोझ बनेर मनुष्य रूपमा विचरण गर्ने पशु हुन्छ।

नीतिश्लोकका रचयिता राजा भर्तृहरि यो स्पष्ट गर्न चाहनुहुन्छ कि मनुष्यको दैनिकचर्या यदि पेट पाल्ने अथवा त्यसभन्दा केही कदम अगाडि सुखभोगका साधन जुटाउनलाई मात्र सीमित रहेको छ भने उसमा र जनावरमा कुनै खास फरक रहँदैन। खाने–पिउने र सुखभोग गर्ने यही

उसको जीवनको उद्देश्य रहेको हुन्छ।

मनुष्यको बौद्धिकताको कारण सुखभोगका साथसाथै अन्य कुरा पनि संलग्न रहेको हुन्छ। कवि यस कुरालाई महत्त्व दिन चाहनुहुन्छ कि मनुष्य र पशुमा भिन्नता केवल शारीरिक संरचनामा मात्र सीमित नरहेर त्यसभन्दा माथि उठेर विविध कलामा रुचि राख्नु, चिन्तन मननको सामर्थ्य हासिल गर्नु, विद्याआर्जन गर्नु, परोपकारादि कार्यमा संलग्न हुनु, आध्यात्मिक ज्ञानमा रुचि राख्नु आदिमा केन्द्रित हुनुपर्छ, जो यस प्रकारको उन्नत दर्जाको कर्ममा लाग्दैन। मनुष्य रूपमा उसको जीवनको सार्थकता वस्तुतः सन्दिग्ध हुन जान्छ। त्यो धरतीको लागि एक प्रकारको बोझ नै हो भन्न सकिन्छ।

जसरी सङ्गीतका सात स्वरको उत्पत्ति उदात्त, अनुदात्त र स्वरितबाट भए साहित्यको व्याकरणमा पनि यी तीन स्वरको विशेष महत्त्व रहेको पाइन्छ। साहित्यमा "यमाताराजभानसलगा" सूत्रबाट विभिन्न छन्दको निर्माण भए जस्तै सङ्गीतमा "सारेगमपधनिसा" सूत्रबाट नै विभिन्न प्रकारका स्वर एवम् रागरागिनीको उत्पत्ति भएको पाइन्छ।

काव्यका लागि विषय शब्द र अर्थ चाहिन्छ भने सङ्गीतका लागि लय, स्वर र धुन आवश्यक हुन्छ। साहित्य अथवा काव्य सङ्गीतबिना पूर्ण हुन सक्तैन तर सङ्गीतमा साहित्य र शब्द नभए पनि हुन्छ। साहित्य शब्द प्रधान हुन्छ भने सङ्गीत नादप्रधान हुन्छ र शब्द गौण रहन्छ। चेतन–अचेतन दुवैलाई प्रभाव पर्ने काव्य जस्तो सङ्गीतलाई बुझ्न मगज खियाउन पर्दैन। यसको अतिरिक्त सबै उमेरका मानिस प्राणी एवम् बोटबिरुवालाई समेत लट्ठ पार्ने क्षमता सङ्गीतमा रहन्छ।

**सन्दर्भ ग्रन्थसूची**


भातखण्डे, बी.एन., श्रीमल्लक्ष्यसंगीतम्, द्वितीय संस्करण, ग्वालियर

वराहापुराण

देव, शाह, संगीतरत्नाकर (ई. १९४३), मद्रास : आडयार लाइब्रेरी

छान्दोग्योपनिषद्, मन्त्र पुष्पम्, दिल्ली २ : नई जागृति प्रकाशन

नारद, (ई. २००२),नारदीय शिक्षा, अनु. आचार्य शिवराजः कौडिन्यायनः पुनर्मुद्रित संस्करण, वाराणसी : चौखम्वा विद्या भवन।

ठाकुर, पं. ओमकार नाथ, (ई. २०१४) प्रणव भारती, संशोधिका प्रो. सुभद्रा चौधरी, वाराणसी : पिलग्रिम्स पब्लिशिंग।

श्रीमद्‌भागवत् महापुराण, गोरखपुर : गीता प्रेस।

याज्ञवल्क्य, याज्ञवल्क्य स्मृति।

प्रधान शकुन्तला, सङ्गीत सोपान, काठमाडौँ : भुडीपुराण प्रकाशन।

वसन्त, सङ्गीत विशारद, इलाहावाद, भारत


*नोट : यो लेख लेखकको अनुमतिमा ललितकला क्याम्पसको Ere sources बाट साभार गरिएको हो।*★


# पर्खनुहोस् !

के तपाईं बिनाअनुमति कसैको रचना प्रयोग गर्दै हुनुहुन्छ ? बिनाअनुमति अर्काका रचनाहरू प्रयोग गरेमा प्रतिलिपि अधिकार ऐन-२०५९ र नियमावली-२०६१ अनुसार त्यस्तो काम गर्दा प्रयोगमा ल्याइएका उपकरण जफत् हुनुका साथै तपाईंले दण्ड-जरिवाना र क्षतिपूर्तिसमेत ब्यहोर्नुपर्ने हुन सक्छ। प्रतिलिपि अधिकार हनन्‌को विषयमा कानुनी दण्ड-जरिवाना र क्षतिपूर्तिको अभ्यास नेपालमा पनि भइसकेको छ।

**सावधान !**

चलचित्र तथा चलचित्रजन्य सृजनाहरूको अनधीकृत रूपमा कहिल्यै प्रयोग नगरौँ, दण्ड-जरिवाना र क्षतिपूर्तिबाट बचौँ।

नेपाल सरकार

**चलचित्र विकास बोर्ड**

चावहिल, काठमाडौँ

फोन- ०१-४८१२३३२, ०१-४८१२३८७

## शुभकामना

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौँ ।

**प्रो. प्रवीण थापा (श्याम)**

**चौतारी रेस्टुरेन्ट**

बागलुङ बजार, बागलुङ

फोन- ९८४७७९६३७६



## शुभकामना

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौँ ।

**डिलाराम थापा**

बागलुङ, फोन- ९८६५४७२६२६

ट्र्याक्टरसम्बन्धी सेवाका लागि हामीलाई सम्झनुहोस् ।



## शुभकामना

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौँ ।

**होमबहादुर थापा**

बागलुङ, फोन- ९८६२४५०००६, ९८१००५६३६४

ट्र्याक्टरसम्बन्धी सेवाका लागि हामीलाई सम्झनुहोस् ।



## शुभकामना

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौँ ।

मेयर : प्रवीण थापा (श्याम)

उपमेयर : रेणुका काउचा मगर

प्रशासकीय अधिकृत : तुलबहादुर विश्वकर्मा

**गल्कोट नगरपालिका**

बागलुङ

# कण्ठ संसार



• श्री केसी

कण्ठ अर्थात् गलालाई मानवजातिको प्रथम साज (बाद्य) हो भन्नमा अत्युक्ति नहोला; किनकि कुनै पनि साजको आविष्कार नभएको बेलादेखि नै मानिसमा गाउने कला अवश्य पनि थियो। यो एउटा यस्तो साज हो, जुन सारा संसारका लागि साझा छ। मानव कण्ठ अत्यन्त संवेदनशील, सहानुभूतिजन्य एवम् उत्कृष्ट साङ्गीतिक साज हो, जुन सारा संसारका लागि साझा छ।

मानव कण्ठ अत्यन्त संवेदनशील, सहानुभूतिजन्य एवम् सर्वोत्कृष्ट साङ्गीतिक साज हो भन्नेमा सङ्गीतज्ञको सायद दुई मत नहोला। मानव निर्मित सम्पूर्ण साज (बाद्ययन्त्र) यो एउटा निश्चित सीमा अवश्य हुन्छ तर अभ्यासद्वारा कण्ठको सीमा बढाउन सकिन्छ।

यस साङ्गीतिक साजका चार भाग हुन्छन् : १. ख्द्चबतयच जसले ध्वनिलाई कम्पन गर्ने काम गर्छ। २. च्भकयलबतयच रञ्जकता अर्थात् अनुरणन दिन्छ। ३. :यतयच जसले ध्वनिलाई गति प्रदान गर्छ। ४. ब्चतष्अगबितयच ध्वनिलाई शब्दमा रूपान्तरण गर्छ। सबै साजमा कुनै न कुनै रूपमा प्रथम तीन भाग हुन्छन् तर ब्चतष्अगबितयच र ताल एबबितभ मानव समाजको विशेषता हो।

भोकल कर्ड (Vocal Chord) द्वारा उत्पादित ध्वनिलाई जिब्रो, दाँतद्वारा रूपान्तरण गर्नमा सक्षम एक मात्र साज मानव कण्ठ हो। यसद्वारा मानव भावना शाब्दिक रूपमा नै व्यक्त गर्न सकिन्छ, जुन कुरा अरू कुनै पनि मानव निर्मित साजबाट सम्भव छैन।

शब्दद्वारा भावनाको साङ्गीतिक अभिव्यक्ति नै गायन हो। गायन कला कहिलेदेखि सुरु भयो भन्ने विषयमा तथ्य फेला नपरे पनि हामी के अनुमान गर्न सक्छौँ भने मानिसले बोल्न थालेदेखि नै गाउन पनि सुरु गरेको हुनुपर्छ। ग्रीक दर्शनअनुसार गायनलाई नै बोलीचालीको प्रथम रूप पनि भनिन्छ।

गाउन र बोल्नका लागि एउटै साज कण्ठको प्रयोग हुने भएता पनि गायनका निम्ति ध्वनि उत्पादन प्रक्रिया अलि जटिल नै छ। गायनका निम्ति स्वर उत्पादन प्रक्रिया अलि जटिल नै हो। गायनका निम्ति स्वर उत्पादनमा १५ कुराको प्रयोग बोल्ने क्रियामा पनि हुन्छ।

१. Breath (श्वासप्रश्वास)
२. Flexibility (लचकता)
३. Responce (अनुशासन)
४. Mouthshape (मुखाकृति)
५. Vocal Range (कण्ठसीमा)
६. Inflection (तारता तीव्रता)
७. Enunciation (उच्चारण)
८. Frasing (उच्चारण)
९. Speed (गति)
१०. Volume (ठुलो, सानो)
११. Hearing (श्रवण)
१२. Imagination (कल्पना)
१३. Prodongation of Vowel Sound (स्वर्णलाई लम्ब्याउने क्रिया)
१४. Definite Pitch relation (स्पष्ट तारता तीव्रताको उच्चारण)
१५. Dynamics (उचित काकु प्रयोग)

यति भएता पनि गायनको स्तर पूर्ण रूपमा प्राकृतिक बोल्ने स्तरबाट पृथक् भने रहन सक्दैन। मानिसको बोलीचालीको स्वर र गाउँदाको स्वर शारीरिक बनोट, भोकल कर्ड, भाषा, संस्कृति, सभ्यता, चरित्, सोचमाथि पनि निर्भर गर्दछ। हाम्रो आवाजको स्तर केही हदसम्म कण्ठको बनोट र केही हदसम्म हाम्रो प्रयोग विधिमा भर पर्दछ। अध्ययनअनुसार यो पनि देखिन्छ कि मातृभाषामा हामी जसरी स्वरवर्ण र व्यञ्जनको उच्चारण गर्दछौँ। त्यही रूपमा गाउँदा पनि प्रयोग हुन्छ। उदाहरणको निम्ति जुन भाषामा नासिकको प्रयोग बढी हुन्छ, गाउँदा पनि स्वर उच्चारणको क्रममा नासिकको बढी नै प्रयोग भएको देखिन्छ। हामीले अनुभव गरेको कुरा नै हो, पाकिस्तान, भारतको पन्जाब, राजस्थानजस्ता स्थानका मानिसहरू निकै उच्चस्तरमा गाउन सक्षम हुन्छन्। त्यसको कारण मातृभाषा र भूगोलको प्रभाव हो तर पनि संयमताका साथ अभ्यास गर्नाले कण्ठको दोषलाई दूर गर्दै उच्चारण र आवाजको गुणस्तर बढाउन सकिन्छ।

शताब्दियौँदेखि गायन कलालाई धार्मिक क्रियाकलापसँग जोडिँदै आएको छ अर्थात् यो पनि भन्न सकिन्छ कि कण्ठ संस्कारको विकास धार्मिक मन्त्रको उच्चारण विधिबाट उत्पन्न भएको मानिन्छ। कण्ठ संस्कार विधि ग्रीक र रोमनले विकास गरेको देखिन्छ।

पन्ध्रौँ शताब्दीदेखि Polyphonic र Harmonic सङ्गीत बढी प्रचारमा आउन थालेपछि पश्चिममा खण्डगायनको सुरुवात भयो। जसअनुसार मानव स्वरलाई

६ वर्णमा वर्गीकरण गरियो, जुन य सप्रकार छ : १. Bass, २. Baritone, ३. Tenor, ४. Atto, ५. Mezzo Soprano, ६. Soprano।

स्वरको सीमा र स्तर हेरेर यो वर्गीकरण गरियो । द्यबकक पुरुषको सबैभन्दा मन्द, द्यबष्चतयलभ पुरुषको मध्यम र त्बलयच सबैभन्दा उच्च अर्थात् तारस्वर हो । त्यस्तै, महिलामा सबैभन्दा मन्द स्वर बतिय, मध्यम स्वर Mezzo-Soprano र सबैभन्दा उच्च स्वर Soprano हो।

निश्चित व्यवस्थासहितको कण्ठ संस्कारको अभ्यास सर्वप्रथम इटालीको फ्लोरेन्समा सुरुआत भएको देखिन्छ । कण्ठ संस्कारअन्तर्गत आकार, इकार, उकार, सरगम सही श्वासप्रश्वास र हमिङको उचित अभ्यास पर्दछ । कण्ठ संस्कार स्वयम्कै कण्ठअनुसार पनि फरक फरक हुन्छ । यो लेखक स्वयम्ले पनि नेपाल अनि भारतमा अध्ययनका क्रममा विभिन्न शैली र घरानाका गुरुको सामिप्यमा बसेर केही कुरा सिक्ने मौका पाएको हुँदा ती कुरा यहाँ राख्न लाभदायक नै होला।

कर्नाटक सङ्गीत अर्थात् दक्षिण भारतीय सङ्गीत निश्चित सिद्धान्त र तत्त्वमा आधारित छ। यसको संरचना, चलन, अलङ्कारिता आदि प्रत्येक अंश सकारण, सतर्क र स्पष्ट रूपमा परिभाषित छ। प्राचीन विद्वानले नै अभ्यासका लागि साङ्गीतिक रचना तथा अलङ्कार रचना गरेका छन्, जसलाई हर कर्नाटकीय सङ्गीतज्ञले अक्षरशः श्रद्धापूर्वक पालना गर्दछन्।

यस सङ्गीतमा कण्ठ संस्कारका लागि जो प्रारम्भिक अभ्यास छन्, ती सबै निश्चित छन् । उदाहरणका लागि सङ्गीतको अभ्यास 'सरली वरिसई' बाट गरिन्छ। तत्पश्चात् क्रमशः जेडतई वरिसई, धातू वरिसई, उच्च स्थायी वरिसई हुँदै सप्तसुलादी अलङ्कारको अभ्यास गराइन्छ। यी उल्लेखित चिज सबै मायामाल्ड–बगौडमा गराइन्छ । यी अभ्यासमा पोख्त भएपश्चात् मात्र साङ्गीतिक रचना, जस्तै– गीतम्, स्वरजाति, वर्णम्, कीर्ति, कीर्तनम आदि असम्भव छ। त्यसैले प्रारम्भिक अभ्यासमा नै गलालाई तयारी बनाइन्छ। प्रारम्भिक अभ्यास पहिला सरगममा त्यसपछि आकार, इकार, उकारमा मुक्तमण्ठले गराइन्छ। मध्यलयदेखि द्रुतलयसम्म यी रचनाको अभ्यास गराइन्छ।

हामी सुन्न पनि सक्छौँ, कर्णाटकीय गायकहरू सबैको एक बेग्लै प्रकारको कण्ठसंसार हुन्छ। खुल्ला, स्पष्ट आकार र जोडदार आवाज किरानाको विशेषता हो । यस घरानामा सरगमलाई भन्दा बढी खुल्ला आकारलाई जोड दिइरहन्छन्, जुन कुरा भारतरत्न स्व.पं. भीमसेन जोशीको गायनमा पाइन्छ। भारत अध्ययनका क्रममा यो लेखकले विशेष गरी डागर वाणीको ध्रुपद र त्यसमा कण्ठ संस्कारको विधिबारे जान्ने सौभाग्य पाएको हुँदा त्यसबारे यहाँ केही जानकारी दिनु उचिते हुने छ।

डागर वाणी आज ध्रुपदको एक जीवित अनि प्राचीन एवम् सशक्त परम्परा हो । डागर वाणीमा कण्ठ संस्कारको विधि निकै परिष्कृत एवम् वैज्ञानिक रूपमा नै परिभाषित छ। यस परम्परामा सर्वप्रथम मन्द साधना अर्थात् खरजको अभ्यार गराइन्छ। कमसेकम दैनिक एक घण्टा, मन्दतम मन्द स्वरमा साधना गराइन्छ । त्यसपछि विस्तारै स्थिर स्वरको अभ्यास सुरु हुन्छ। यस परम्परामा मात्र राग विस्तार नभई स्वर विस्तारलाई पनि उत्तिकै महत्त्व दिइन्छ।

दतिल मुनीले भनेका छन्– 'पदस्तु, स्वर सङ्घान' अर्थात् स्वर सङ्घातको लागि पदको आवश्यकता हुन्छ । पदको अर्थ यहाँ सार्थक पद मात्र नभई निरर्थक पद पनि हो । ध्रुपदको आलापमा निरर्थक पद ता, रि, ना, नुँ, र, न, नं. आदिको प्रयोग हुन्छ, जसको कारण आलापमा पनि एक आकृति बन्छ। त्यसैले हरेक स्वरको साजसाथ वर्णको प्रयोग हुन्छ। यसका लागि डागर वाणीमा निश्चित अभ्यास छन्। एउटै स्वरमा पनि काकु भेदका साथ अभ्यास गराइन्छ । ख्यगिभ खण्डलाई डायमन्ड, डमरु आदि आकाशमा अभ्यास।

डागर वाणीको आलाप क्रियालाई मेरुदण्ड भनिन्छ, जसमा १० लक्षण समावेश हुन्छन्। यी दश लक्षण आकार, डगर, धुरन, मुरन कम्पित, आन्दोलन, लहक, गभक, हुदक र स्फुरितको अभ्यास अत्यन्तै संयमतापूर्वक कुनै रागलाई लिएर गराइन्छ। हर स्वरको उच्चारण श्रद्धापूर्वक संयमित र शान्त भावले गलालाई जोड नदिई हल्कासँग गरिन्छ।

हामी हाम्रै वरिपरि पनि देख्न सक्छौँ, कसैको स्वर दुरुस्तै आफ्नो गुरुको जस्तो, त्यस्तै कसैका स्वर आफ्नो मन पर्ने अर्थात् आफ्नो आदर्श गायक–गायिकाको जस्तो हामी आफ्नै घरमा पनि देख्न सक्छौँ। छोराछोरीको बोल्ने लवज आफ्नो आमाबाबुको जस्तो हुन्छ । यसको अर्थ हामी जुन प्रकारको गीत धेरै सुन्छौँ, जसरी बोलिरहन्छौँ, जस्तो गीत गाइरहन्छौँ, जस्तो साजको प्रयोग गर्छौं कण्ठले, त्यस्तै आकार लिँदै जान्छ।

तसर्थ हामीले कण्ठलाई सही संस्कार दिने हो भने गुणीगुरुको सामिप्यमा बसेर संयमतापूर्वक कण्ठको साधनाका साथसाथै अरू कुरामा पनि सतर्क हुनुपर्दछ। जस्तो कि सुरिलो व्यक्तिको मात्र सुन्ने, बेसुरा साजको प्रयोग नगर्ने, स्तरीय गीत सुन्ने, प्राकृतिक स्वरमा गाउने र गुणी व्यक्तिलाई नै आफ्नो आदर्श मानेर उसको पदचापलाई पछ्याउने प्रयास गरेमा कण्ठको सुसंस्कार अवश्य हुने छ।

(ललितकला क्याम्पस)

# गीत, संगीत र संसार

• भीष्म पाण्डे



जीवनको सतहमा गुन्जिरहेको गीतलाई अन्तरहृदयको गहिराइसम्म पुऱ्याउने सङ्गीतप्रति सभक्ति अहोभाव प्रकट गर्दछु ।

वास्तवमा सङ्गीत  हरेक सजीव वस्तुहरूको पूर्ण जीवन हो, सम्पूर्ण अंश हो । परापूर्व कालदेखि जानीनजानी हरेक प्राणी सङ्गीतको भाषा बोलिरहेछ । हरेक औपचारिक शब्दलाई प्रभावकारी रूपमा सबैले बुझ्ने गरी प्रस्तुत गर्ने माध्यम गीत हो तर त्यो गीतसङ्गीतबिना अधुरो र अपूर्ण रहन्छ । यसको अपूर्णतालाई पूर्ण रूप दिनका लागि सङ्गीतको आवश्यकता पर्छ । अझै भनौँ, सङ्गीतबिनाको गीतको अस्तित्व नगन्य हुन्छ । त्यसकारण गीत निर्जीव सृजना हो र यो निर्जीव सृजनालाई प्राण प्रतिष्ठा भर्ने काम सङ्गीतले गर्छ । त्यसैले सङ्गीत जीवन हो, जीवनको यथार्थ र प्राकृतिक शृङ्गार हो । गीत भावना र कल्पना हो भने सङ्गीत भावनाको प्रारूप हो ।

गीत र सङ्गीत एकापसमा परिपूरक सम्बन्ध राख्दछन् । निश्चित विषय र भावमा आधारित भई अनुप्रास र रसलाई ध्यानमा राखी मिठा र सरल, अनि चलनचल्तीका शब्द चयन गरी लेखिएका गद्य वा पद्य पङ्क्ति त्यतिबेला गीत बन्छ, जब एक कुशल सङ्गीतकारले आफ्नो लय सृजनाको थालीमा यी शब्द राख्छ । त्यो सङ्गीत सृजनाको थालीमा नअटाएको शब्द काटी कुँदी मिलाएर जब सङ्गीतको तारमा उनेर एउटा माला बनाउँछ, त्यो गीतले ठुलो स्थान ओगटेको हुन्छ । यौटा सङ्गीत कुनै शब्दबिना पनि जीवितै रहने क्षमता राख्छ र आफ्नो महत्त्व राख्छ तर सङ्गीत नपाएको शब्द गीत बन्न सक्दैन । त्यसकारण सङ्गीत नै गीतको जननी हो ।

जीवित वा निर्जीव वस्तुको माध्यमबाट कुनै न कुनै रूपमा निस्किएका धुन नै सङ्गीत हुन् ।

शङ्खध्वनि सङ्गीत हो। घण्टको ध्वनी पनि सङ्गीत हो । रुखको पातमा ठोक्किएको हावाले पनि एउटा सङ्गीत दिन्छ । त्यस्तै बगिरहेको पानी, किरा फट्याङ्ग्रा सबै सङ्गीतका श्रोत हुन् । यस्तै, प्राकृतिक आवाजलाई प्रयोग गरेर धेरै सुन्दर र जीवनोपयोगी सङ्गीत बनेका छन् ।

असल र उपयुक्त विषय छनोट गरी लेखिएका शब्दलाई एक कुशल कलाकारले शब्दको भाव र मर्म बुझेर सङ्गीत भर्न सक्यो भने त्यो गीतमा ठुलो शक्ति हुन्छ तर कहिलेकाहिँ गीतकार र सङ्गीतकारबाट सङ्गीत र शब्दको सस्तो प्रयोग गरी बनाएका, अझै भनौँ, सङ्गीतकै दुरुपयोग हुने गरी तयार गरिएका गीतले कहिलेकाहिँ गीत र सङ्गीतको मूल्यको अवमूल्यन गर्ने गरेको पाइन्छ । यसो गर्दा गीतसङ्गीतको अस्तित्व निकै अप्ठेरोमा पर्न जान्छ भन्ने कुरा गीत र सङ्गीत सर्जकले ख्याल गर्नुपर्छ, कतै हाम्रो सङ्गीतले बोकेको गीत र गीतले बोकेको सङ्गीत अप्ठेरोमा नपरोस् ।

गीतसङ्गीतको आनन्ददायी धुन र कर्णप्रिय आवाजले गर्दा नानीहरूलाई भुलाउन र सुताउनसमेत गीत सङ्गीतको प्रयोग भई आएको पाइन्छ। यति मात्र नभएर सिप सिकाइको माध्यम पनि हो । साना साना नानीहरू स्वभावैले गीतसङ्गीतप्रेमी हुने हुनाले गीत र सङ्गीतको माध्यमबाट धेरै छिटो सिक्न सक्छन् । तसर्थ नानीहरूलाई सिकाउनुपर्ने विषयवस्तुलाई स्वतःस्फूर्त सिकाइको वातावरण तयार हुन सक्छ। यस अर्थमा गीतसङ्गीत साना साना नानीको सिकाइका लागि प्रेरणादायी श्रोत हुन । बालमैत्रीपूर्ण सिकाइको वातावरण तयार गर्ने हो भने नानीहरूको कक्षाकोठा गीतमय र सङ्गीतमय बनाउनुपर्छ। गीतसङ्गीतले सामाजिक सुधार र क्रान्ति ल्याउन सक्ने क्षमता बोकेको हुन्छ । सङ्गीत आनन्दमय हुने हुनाले बालकलाई सुताउनुपर्दा समेत सङ्गीत प्रयोग हुन्छ । कुनै पनि काम आनन्दपूर्वक सम्पन्न गर्नका लागी गीत आवश्यकता हुन्छ।

यौटा मानिस बालकको रूपमा जन्मिँदै सङ्गीतसँगको सम्बन्ध स्थापित गरेर जन्मेको हुन्छ । तसर्थ सानै उमेरदेखि नानीहरूमा सङ्गीतसँगको सम्बन्धलाई विकास गराउनुपर्छ। सङ्गीत बालजीवनको अत्यन्तै संवेदनशील र महत्त्वपूर्ण विषय हो । सङ्गीत अभ्यास यौटा कलात्मक अभ्यास हो, जसले बालकको भावी जीवनलाई सुन्दर रूप दिन सक्छ। गीतसङ्गीत जीवनमा शक्ति सञ्चार गर्ने औजार हुन्; सामाजिक सद्भाव कायम गर्ने आधार हुन् र परिकल्पनालाई जीवन्त रूप दिने जडिबुटी हुन् । गीतसङ्गीतको महत्त्व बुझौँ र गीतसङ्गीतका पारखी कलाकार र साधनको सम्मान गर्ने बानी गरौँ ।★

## शुभकामना

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौँ ।

अध्यक्ष : गिरबहादुर पुन
प्रबन्धक : जीवन पुन

**सुनगाभा वचत तथा ऋण सहकारी संस्था**

बागलुङ

## शुभकामना

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौँ ।

**प्रो. गिरी पुन,** फोन- ९८०५२२४१२२

**होटल झुलेनी भ्यू एन्ड रेस्टुरेन्ट**

जिपपार्क, बागलुङ बजार, बागलुङ

## शुभकामना

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौँ ।



**जगत् रसाइली**

उपाध्यक्ष

**मलेसिया नेपाली एकता समाज**

(झिमरुक-५ ओखरकोट, प्युठान)

## शुभकामना

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौँ ।



**गणेश दर्लामी मगर**

जैमिनी, बागलुङ

(हाल भारतीय सैनिक)

# समाज रूपान्तरणमा जनवादी कलाप्रेमीको भूमिका



• रेम राना

जनवादी कलासङ्गीतको अर्थ जनताका दैनिक जीवनसँग जोडिएका उनीहरूका सुखसुख, हाँसोआँसु, मिलन-बिछोड, वेदना, आक्रोस, सम्झौता, विद्रोह आदि अनगिन्ती अन्तरविरोधलाई कला, साहित्य, संस्कृतिद्वारा अभिव्यक्त गरिएका सामग्री भन्ने बुझ्नुपर्दछ ।

अर्कोतर्फ मानवीय जीवन देशको आर्थिक, राजनैतिक, सामाजिक र सांस्कृतिक परिवेशअनुसार अपनाइएका आनिबानी, चालचलन, नैतिक आचरण र सामाजिक जीवन भौतिक यथार्थ हुन् । ऐतिहासिक भौतिकवादले यो स्पष्ट गरेको छ कि "सामाजिक चेतनाले भौतिक परिस्थितिको निर्माण गर्ने होइन कि भौतिक परिस्थितिले सामाजिक चेतनालाई निर्धारण गर्दछ ।"

यो भनाइलाई पनि यान्त्रिक रूपमा ग्रहण नगरी द्वन्द्वात्मक सम्बन्धलाई स्वीकार्नुपर्ने हुन्छ । जसरी भौतिक परिस्थितिले मानवीय चेतनालाई निर्धारण गर्दछ, त्यसैगरी सचेत मानवीय चेतनाले भौतिक परिस्थितिलाई बदल्न पनि मद्दत गर्दछ तर मूल पक्ष भौतिक परिस्थितिको उपस्थिति नै हो । भौतिक उपस्थितिको अर्थ हामी जन्मेको धर्ती, देश, काल, परिस्थिति, उसको आर्थिक, राजनैतिक, सामाजिक, सांस्कृतिक अवस्था अन्धकार चेतनाको स्वरूप निर्धारण हुन्छ ।

हामी बसेको भौतिक संसार अर्थात् पृथ्वीको पनि सामान्य रूपमा अध्ययन गर्दा वैज्ञानिकहरूको भनाइअनुसार, पृथ्वीको निर्माण ४ अर्ब ६० करोड वर्षपहिले भएको थियो । त्यो त्यही काल थियो, जुन बेला सौर्यजगत् अस्तित्वमा आयो । पृथ्वीको सम्पूर्ण आयुमध्ये करिब ४ अर्ब ३ करोड वर्षसम्मको पहिलो काल, जसभित्र पृथ्वीको सम्पूर्ण कालको ७२ प्रतिशत अंश पर्दछ । त्यसको विशेष अध्ययन हुन सकेको छैन ।

५७ करोड वर्षयतादेखि समुद्री जीव देखा पर्न थाले । करिब ३२ करोड वर्षपहिलेदेखि स्थल जीवजन्तु देखा पर्न थाले । जस्तो ठुलो आकारको छेपारो, जसलाई डाइनोसार भन्ने गरिन्थ्यो, तिनीहरू ३२ करोड वर्षपहिले देखा परेर १३ करोड वर्षसम्म त्यसको पृथ्वीमा प्रभुत्व रह्यो । ती जनावरहरू १९० फिट लामो र ३० फुट अग्लासम्म हुन्थे । अहिले देखिने कुकुर, बाघ, ब्वाँसो अहिलेभन्दा कैयन् गुना ठुला थिए ।

आजभन्दा १६ करोड वर्षपहिले पहाड र समुद्रले अहिलेको रूप लिँदै गए । करिब १० लाख वर्षपहिले हिमयुगको प्रारम्भ भयो । पृथ्वीमा यस प्रकारको हिमयुग ४ पटक पहिले ६५ हजार वर्षपहिले, ४६ हजार वर्षमा दोस्रो, ५३ हजार वर्षमा तेस्रो र ९७ हजार वर्षको अन्तरालमा चौथोपटकसम्म आएको थियो ।

करिब ७ करोड वर्षपहिले बाँदरजातिको विकास भयो । करिब २० देखि ३० लाख वर्षपहिले मानवजातिको विकास भयो । मानवजातिको विकासको सन्दर्भमा करिब १० लाख वर्षपहिले "हाम्रो जातिको विकास भयो", जसको अर्थ हुन्थ्यो- बुद्धिमान । त्यसपछि पनि मानिसका कैयौँ जातिहरू विकास हुँदै गए, कैयौँ हराउँदै पनि गए । आधुनिक मानिस ४० हजार वर्षपहिले विकास भएको थियो (सगरमाथा डट कम) ।

"मृत्यु र विकासको बिच पनि सुन्दर मानव जीवनका सपना देख्न सक्नुपर्दछ (एमबी सिंह, १९ जेठ २०७२) ।

माथिका तथ्यबाट स्पष्ट हुन्छ कि मानव जीवन पृथ्वीकै भौतिक तत्त्वकै उपज हुन्, जो जीवविज्ञानसँग जोडिएका छन् । त्यसैले यी चराचर जगत् र मानव कुनै ईश्वरीय शक्तिको वरदान होइन । यसबाट स्पष्ट हुन्छ कि मानवले अपनाउने संस्कार र संस्कृति मानव समाजमा वर्गविभाजनपछि बुर्जुवावर्ग (सामन्ती तथा पुँजीवादी) हरूले अध्यात्यामवाद वा आदर्शवादी दर्शनको आधारमा आफ्नो वर्गीय स्वार्थ रक्षा हुने देखे भने सर्वहारा श्रमजीवी वर्गले मार्क्सवादी दर्शन (ऐतिहासिक

भौतिकवादी दर्शन) बाट आफ्नो वर्गीय स्वार्थको संरक्षण हुने देखे ।

अध्यात्मवाद वा आदर्शवादी दर्शनले यो चराचर जगत्‌को सृष्टिकर्ता कुनै अलौकिक शक्ति हुन्, जसलाई ईश्वर वा भगवान् भनिन्छ, उनीहरू अदृष्य हुन्छन्क्ष यो सिङ्गो ब्रह्माण्डको रचना र परिचालक उनीहरू नै हुन्क्ष मानिसको सुख र दुख, जन्म र मृत्यु पूर्वजुनीको फल हुन्क्ष मानिसले सुखदुख कुन अनुसार भोग्ने ? उसले गरेको पूर्वजुनीको पाप र धर्मको आधारमा जन्मेको छैटौँ दिन निधारमा रातो मसीले भावीले लेखिदिन्छ भन्ने तर्क गरेका छन् । सोहीअनुसार, यो जुनीमा कसैको पनि विरोध गर्नुहुँदैन । जति अन्याय भए पनि सहनुपर्छ । ती अत्याचारमाथि अर्को जुनीमा घोडा चढ्न पाइन्छ भन्ने मान्यता दिएको छ ।

सोहीअनुसार धार्मिक ग्रन्थ "गीता" मा उल्लेख गरिएको छ- "काम गर्दै जाऊ, फलको इच्छा नराख मानिस । जस्तो काम गर्छौ, त्यस्तै फल दिन्छन् भगवान् ।"

यो उपदेशबाट श्रमजीवी जनतामा शोषक फटाहाबाट जतिसुकै अन्याय भए पनि सहेर बस्ने त्यसको कुनै प्रतिवाद नगर्ने, अर्को जुनीमा ती अन्यायीमाथि घोडा चढ्न पाइन्छ भनेर जुनभरी दास भएर बस्न निर्देशन दिन्छ । त्यसको ठिक विपरीत जनवादी संस्कृतिको वैचारिक, दार्शनिक आधार द्वन्द्वात्मक भौतिकवाद हो । समाजशास्त्रमा ऐतिहासिक भौतिकवाद हो, जसलाई मार्क्सवादी दर्शन भनेर पनि बुझ्दछौँ । यसलाई सर्वहारा वर्गको दर्शन भनेर पनि बुझ्ने गरिन्छ । यो दर्शनले चेतना पक्षभन्दा भौतिक पदार्थलाई प्राथमिक स्थानमा राख्दछ । यसको तर्कअनुसार स्वयम् मानव शरीर भौतिक पदार्थ हो । अझ मानव मस्तिष्क सशक्त सङ्गठित पदार्थ होक्ष पदार्थ होक्ष जसको अभावमा मानवीय अस्तित्व कायम हुन सक्ने थिएन । यो अस्तित्व पृथ्वीकै खनिज तत्त्वकै उपज हो ।

पृथ्वीभन्दा बाहिर जति पनि आकाशगङ्गा सौर्यमण्डल लाखौँ तारा, ग्रह र उपग्रह छन् । उनीहरू सबै भौतिक पदार्थ हुन् । यसको अध्ययन गर्न मानव क्षमता त्यहाँसम्म पुग्न सकेको छैन तर यी पदार्थ कुनै ईश्वरीय शक्तिको देन होइनन् । यी ब्रह्माण्ड कुनै अलौकिक शक्तिको रचना पनि होइन । हरेक पदार्थमा निर्माण, विनास र समन्वयको तत्त्व अर्न्तनिहित छन् । कुनै अलौकिक शक्तिद्वारा परिचालित छैनन् । यो संसार बुझ्नै नसक्ने चिज होइन । हाम्रो ज्ञानको भण्डार जुन रूपमा विकसित हुन्छ, सोहीअनुरूप बुझ्न सकिने छ । उत्पादन सङ्घर्ष, वर्गसङ्घर्ष र वैज्ञानिक प्रयोग यसका न्यूनतम विधि हुन् ।

हरेक समस्याको समाधान गर्न सकिने कुरामा मार्क्सवादी दर्शन विश्वस्त रहेको छ । समाजमा उत्पादन शक्ति र उत्पादन सम्बन्धको विकासको आधारमा सांस्कृतिक स्तर पनि सोही अनुपातमा क्रमशः विकसित रूपमा अगाडि बढेको देखिन्छ । आदिम साम्यवादी युगदेखि पुँजीवादी युगसम्म आइपुग्दा ढुङ्गेयुग हुँदै लामा काँच र फलामको प्रयोगबाट सामान्य गुलेली धनुबाण हुँदै रकेट र छेप्यास्त्रसम्म, सामान्य काठेहलोको फालीदेखि ठुला औद्योगिक र खाद्यान्य मेसिनका फ्याक्ट्री, सामान्य बयलगाडाका चक्कादेखि रेल, हवाइजहाज र पानीजहाज, रकेट, मिसाइल, एटमबमसम्म सोहीअनुसार सामाजिक स्तरको प्रतिनिधित्व गरेको छ ।

अर्को पाटो आदिम साम्यवादी युगलाई छाडेर आजसम्मको इतिहास वर्गसङ्घर्षको इतिहास हो । दासयुगदेखि लिएर आजको पुँजीवादी युग समाजवादी व्यवस्थाको सङ्घारमा पुग्दा उत्पादन सङ्घर्ष, विज्ञानको प्रयोग र वर्गसङ्घर्ष जस्ता अन्तरसङ्घर्षले भोलिको युग समाजवादी र साम्यवादी युग नै हो । त्यही दिशा नै अकाट्य सत्यको रूपमा अगाडि बढिरहेको छ । हाम्रो देशले त्यो युगमा प्रवेश गर्न जनवादी क्रान्तिको भऱ्याङ पार गर्नुपर्ने हुन्छ ।

जहाँ मानवजातिले आफ्नो आवश्यकता पूरा गर्ने सिलसिलमा प्रकृतिसँग लडाइँ गर्दै आउने क्रममा जे जति पनि दोस्रो प्रकृतिको संसार खडा गरेको छ, ती कलाका वस्तु आफैमा वर्गीय हुन्न । ती मानव निर्मित भौतिक वस्तुहरूले जुन वर्गले सत्ता प्राप्त गर्छ, उसैले उपयोग गरिरहेको छ ।

इतिहासमा आजसम्मको सत्ता मुट्ठीभर वर्गको हातमा भएकाले यो अन्यापूर्ण राज्यव्यवस्थाको अन्त न्यायपूर्ण राज्यव्यवस्था, जो बहुसङ्ख्यक जनताको पक्षमा सर्वहारा मानवतावादको पक्षमा अनरवत रूपमा सङ्घर्ष चलिरहेको छ । वर्गविहीन राज्यव्यवस्थाका लागि चलाइने जति पनि सांस्कृतिक क्रान्तिका रूप छन्, ती जनवादी कला, संस्कृति हुन् ।

अर्को पक्ष नेपाली अर्थतन्त्रको वास्तविक स्वरूप

अर्धसामन्ती र अर्धऔपनिवेशिक रहेको छ । यसले गर्दा यसका सांस्कृतिक प्रतिबिम्ब सामन्ती संस्कृतिको रूपमा धार्मिक रुढीवाद अन्धविश्वास, स्वर्ग, नर्क, जातिपाति, छुवाछूत हुन् । धामीझाँक्री, बोक्सी, भाग्यवाद, पुनर्जन्मवाद, अवतारवाद, स्तुतिवाद, हैकमवाद जस्ता सांस्कृतिक स्वरुप हुन् । अर्कोतिर, पुँजीवादी संस्कृतिभित्र छाडापन, निरासा, कुण्ठा, पलायनवाद, व्यभिचार, अपराध र उत्तरआधुनिकतावादी संस्कृति यसका श्रोत हुन् । यसको विकल्पमा स्वस्थ जनसंस्कृति, वैज्ञानिक संस्कृति र राष्ट्रिय संस्कृतिको निर्माण गरी राष्ट्रिय स्वाधीनता र स्वाभिमानी देशभक्तिपूर्ण संस्कृति जनवादी संस्कृति हुन् ।

अर्को पाटो जनवादी क्रान्ति पुँजीवादी तप्काबाट नेतृत्व गर्न नसक्ने भएकाले, यसको नेतृत्व सर्वहरा वर्गले गर्नुपर्ने भएकाले यो वर्गको नेतृत्वमा आम किसान र मजदुरको संयुक्तमोर्चाको आधारमा राष्ट्रिय पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गर्ने आवश्यकताको आधारमा वैचारिक-सांस्कृतिक धारालाई व्यवस्थित रूपमा अघि बढाउनु जनवादी कलाको दायित्व हो ।

अर्कोतिर, सत्ताको नेतृत्व समालेका राष्ट्र र राज्यप्रमुख उच्चपदस्थ व्यक्तिहरु विभिन्न सामाजिक सङ्घसंस्थाका नेतृत्वदायी शक्तिको पदप्रतिष्ठा, महत्त्वाकाङ्क्षा, भ्रष्टाचार, व्यभिचार, नैतिकहीन चरित्रको पर्दाफास गरी वैकल्पिक संस्कृतिको निर्माण गर्नु जनवादी संस्कृतिको दायित्व हो ।

जनवादी सांस्कृतिककर्मीहरूले आफ्नो महत्त्वपूर्ण जिम्मेवारी पूरा गर्न सर्वहारा वर्गको अग्रिम दस्ताको राजनैतिक, सैद्धान्तिक विचारलाई आत्मसात गर्दै सर्वहारा वर्गीय अनुशासनको पालना गरेर नै किसान र मजदुरको सेवा गर्न सक्ने छौँ तर वामपन्थी राजनीतिको आवरणभित्र सामन्ती दलाल, नोकरशाही पुँजीपति साम्राज्यवादको दलाली गर्दै वर्गसमन्वयवाद चारित्रिक विशेषता बोकेर केवल जनताका गीत गाउने तर वर्गदुस्मनमाथि तिखो प्रहार नगरी सम्झौताको दृष्टिकोण अपनाउने–यस प्रकारको दृष्टिकोण दिनु पनि जनवादी संस्कृतिको लक्ष्य हुन् ।

अन्तमा, रक्तिम सांस्कृतिक अभियानलगायत देशमा आमूल परिवर्तनको पक्षमा उभिने सम्पूर्ण देशभक्त जनवादी कलाकार समाज रूपान्तरणमा स्वस्थ जनवादी संस्कृतिको निर्माण सामाजिक परिवर्तनका अभियानतिर आऔँ । सबै मिलौँ । सामाजिक रूपान्तरणमा हामी सबैले हातेमालो गरौँ ।★


**शुभकामना**

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौँ ।

**ग्यालेक्सी हार्डवेयर**

अस्पताल मार्ग-२

बागलुङ

फोन- ०६८-५२०८१०, ९८५७६२००४०

**शुभकामना**

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौँ ।

प्रो. कृष्णबहादुर माली, फोन- ९८४६०२७१९१

प्रो. काजीगाउँले श्रेष्ठ, फोन- ९८५६०३५७२५

**मेट्रोसिटी फार्मेसी**

सृजनाचोक-८ पोखरा, कास्की,

फोन- ०६१-५३९२९

## शुभकामना

गाउँमैत्री अक्षयकोष (जिमाक)
आफ्नो दश वर्षका
गतिविधि समावेश गरी
स्मारिका प्रकाशन गर्न
थालेकोमा स्मारिकाको
लोकप्रियताको **शुभकामना**
व्यक्त गर्दछौँ ।

अध्यक्ष : नेत्रबहादुर बुढाथोकी मगर
सचिव : यादवदत्त रेग्मी

**गल्कोट नपा-१ दुदिलाभाटी**
बागलुङ

## शुभकामना

गाउँमैत्री अक्षयकोष (जिमाक)
आफ्नो दश वर्षका गतिविधि
समावेश गरी स्मारिका प्रकाशन
गर्न थालेकोमा स्मारिकाको
लोकप्रियताको **शुभकामना**
व्यक्त गर्दछौँ ।

अध्यक्ष : लक्ष्मण पुन
प्रबन्धक : रत्नबहादुर थापा

**साना किसान कृषि**
**सहकारी संस्था लि.**
काठेखोला-४ तङ्ग्राम, बागलुङ

## शुभकामना

गाउँमैत्री अक्षयकोष (जिमाक)
आफ्नो दश वर्षका गतिविधि
समावेश गरी स्मारिका प्रकाशन
गर्न थालेकोमा स्मारिकाको
लोकप्रियताको **शुभकामना**
व्यक्त गर्दछौँ ।

क्याम्पस प्रमुख : ..............................
स्व.वि.यु. सभापति : ......................

**बरेङ बहुमुखी क्याम्पस**
बरेङ, बागलुङ

## शुभकामना

गाउँमैत्री अक्षयकोष (जिमाक)
आफ्नो दश वर्षका गतिविधि
समावेश गरी स्मारिका प्रकाशन
गर्न थालेकोमा स्मारिकाको
लोकप्रियताको **शुभकामना** व्यक्त
गर्दछौँ ।

प्रधानाध्यापक : गणेशजङ्ग गोदार
सञ्चालन समिति अध्यक्ष : रामजीप्रसाद शर्मा

**धौलागिरी प्राविधिक**
**शिक्षा प्रतिष्ठान**, बागलुङ

# गजल एक सुन्दर विधा



• संगिता थापा

नेपाली साहित्यको क्षेत्रमा गजलको इतिहास त्यति धेरै पुरानो होइन । अरबी, फारसी, उर्दु तथा हिन्दी हुँदै नेपाली साहित्यमा प्रवेश गरेको यस गजल विधाले चाडै नै लोकप्रियता हासिल गरेको देखिन्छ । सर्वप्रथम मोतिराम भट्टले यस विधालाई नेपाली साहित्य क्षेत्रमा भित्राउने काम गरे र उनैको नेतृत्वमा रहेको मोतिमण्डलीले गजल विकास र प्रचार प्रसार गरेको देखिन्छ। मोतिरामपछिको केही कालखण्ड अँध्यारोमा बिताएको यस गजल विधाले भीमनिधि तिवारी, ज्ञानुवाकर पौडेल, मनु ब्राजाकीको कलमको सहायताले फेरि चम्किने अवसर पायो र यो विधा ललिजन रावल, बूँद राना, श्रेष्ठ प्रीया "पत्थर", घनश्याम "परिश्रमी", कृष्णहरि बराल, जीवनपानी, शीतल "कादम्बिनी", बाबू त्रिपाठी, निरज भट्टराई हुँदै हुँदै अहिलेको पुस्तासम्म आइपुग्दा गजलले आफूलाई निकै नै आधुनिकीकरण गरिसकेको पाइन्छ।

नेपाली गजलले आफूलाई यसरी अगाडि लिएर आइरहेका बेलामा नेपाली परम्परागत धारलाई तोडेर यो समयमा गजलको कवितात्मक धार बलियो भएको देखिन्छ। अहिलेका अधिकांश गजलकार अझ भनौँ, युवा पुस्ता यही कवितात्मक धारलाई पछ्याएर गजल लेखिरहेका छन्। प्रेम, शृङ्गारिक स्त्रीमय हुनुपर्ने गजलको परम्परा हटेर अहिले अरू बिम्बमा गजल लेखिन्छ । यो आधुनिक गजलको उपलब्धि पनि हो । अहिलेका गजलकारहरू गजलमा प्रेम मात्र होइन, देश–परदेश, माटो, दुःखसुख, परिवार, दुस्मन, मित्र, राजनीति अनेक अनेक विषय लेख्छन । समसामयिक विकृतिलाई सेरमा उठाइरहेका छन् । गजलले जुन चर्चा र लोकप्रियता कमाइरहेको छ, त्यो अरू विधाको हिसाबले हेर्ने हो भने पनि धेरै माथिको कमाइ हो।

अहिले नेपालको अधिकांश जिल्लामा गजलका कार्यक्रम भइरहेका छन्। गजकारलाई कार्यक्रम भ्याइनभ्याई भइरहेको छ । यही कारणले नै पनि कतिपयले लहलहैमा गजल लेखिरहेका छन्; किनकि, अहिलेका मान्छेलाई तुरुन्तै स्टेज चाहिहालेको छ। तुरुन्तै हिट भइहाल्नुछ। तुरुन्तै चर्चित हुनुछ। यो गलत कुरा हो।

गजलको सामान्य तर जान्नैपर्ने कुराहरू जानेर, बुझेर लेख्न सकियो भने मात्र पनि केही हदसम्म गजललाई न्याय गर्न सकिन्छ। मतला, काफिया, रदिफ, सेर, मिसरा, मक्ता, तखल्लुस, मुरद्दफ गजल, गैरमुरद्दफ गजल, मुसलसल गजल, गैरमुसलसल गजल—यी कुरा बुझ्न जरुरी छ। भर्खर गजल लेख्न सिक्दै गरेका र गजलसम्बन्धी रुचि भएकालाई यी माथिका कुराको थोरै जानकारी तल रहेको छ।

गजलमा हार्दिकता, कोमलता, अभिव्यक्ति कौशल र गेयात्मकता हुनुपर्छ । गजल गेय शैलीको लाक्षणिक अभिव्यक्ति दिने जीवन्त रचना हो।

गजलको संरचना आन्तरिक र बाह्य गरी दुई प्रकारको हुन्छ। अझ भनौँ, गजललाई आन्तरिक र बाह्य गरी दुई भागमा विभाजन गरी अध्ययन गर्दा अझै राम्रो समय सान्दर्भिक हुन्छ। गजल एउटा सैद्धान्तिक संरचनामा बाधिएको काव्यको एउटा विधा हो।

क) आन्तरिक संरचना गजलको सन्दर्भमा लयात्मकता, सरलता, काफिया र रदिफबिचको तालमेल, भावको गहिराइ, मिसराको उचित समायोजन जस्ता कुरा आन्तरिक संरचनाभित्र पर्दछन।

ख) बाह्य संरचना गजलको लागि अनिवार्य नै हुन्छ। बाह्य संरचनाले गजलको विधागत परिचय मात्र दिँदैन, यसले अन्य विधाभन्दा फरक भएको देखाउँछ। मतला, मकता, काफिया, रदिफ, सेर, मिसरा, तखल्लुस—यी बाह्य तत्त्वको प्रयोगले गजललाई अरू विधाबाट छुट्याउन मद्दत गर्छ।

१. **मतला** : गजलको शिर अर्थात् पहिलो सेरलाई नै मतला भनिन्छ। मतलामा दुबै मिसरामा काफियाको प्रयोग हुन्छ। गजलमा एकभन्दा बढी पनि मतला हुन्छन् तर प्रायः एउटा मतला अनिवार्य नै हुन्छ। एकभन्दा बढी मतला भएमा हुस्न ए मतला भनिन्छ।

२. **मकता** : गजलको अन्तिम सेरलाई मकता भनिन्छ। गजलमा मकता अरू सेरभन्दा चोटिलो हुनुपर्ने मान्यता छ। अन्तिम सेरमा गजलकारले तखल्लुसको प्रयोग पनि गर्छन्।

३. **काफिया** : काफिया गजलको महत्त्वपूर्ण तत्त्व हो अर्थात् प्राण नै भन्दा पनि हुन्छ । सेरमा काफियाको कलात्मक उपस्थिति आकर्षक मानिन्छ। काफिया गजलको शक्ति हो । काफियाले गजलको विधागत परिचय गराउँदै भाव र शिल्प पक्षलाई समेत रोचक बनाउछ। काफियाबिना गजलको विधागत पहिचान नै हुन सक्दैन । पूर्ण काफिया,

आंशिक काफिया, एकाक्षरी काफिया र मिलित काफिया यी काफियाका प्रकार हुन्।

४. **रदिफ** : रदिफ गजलको अनिवार्य तत्त्व होइन। तर मतलाको दुबै मिसरामा र शेरहरूको मिसरा ए सानीको अन्त्यमा आउन सक्ने अपरिबर्तनिय साझा शब्द वा वाक्यलाई रदिफ भनिन्छ। एकल रदिफ र बहुल रदिफ गरि रदिफ दुई प्रकारको हुन्छ। गजलको शेरमा रदिफको रूपमा एउटा मात्र शब्द आएकोछ भने त्यसलाई एकल रदिफ भनिन्छ भने एउटा भन्दा बढी अथवा वाक्यको रूपमा शब्द प्रयोग भयो भने त्यसलाई बहुल रदिफ भनिन्छ।

५. **सेर** : अरबी भाषामा शेर भन्नाले केश अर्थात् कपाल भन्ने बुझाउँछ तर गजलमा सेर भन्नाले गजलका दुई हरफ अथवा दुई मिसरालाई सेर भन्ने बुझिन्छ। सेरको संयुक्त रूप नै गजल हो। सेर गजलका लागि एउटा अपरिहार्य तत्त्व हो। गजलमा यति नै सेर हुनुपर्छ भन्ने छैन। कम्तीमा तीन सेरदेखि माथि बिसबाइस सेरसम्मका गजल रचना गरेको पाइन्छ। विषयवस्तुका हिसाबले एउटा शेरले अर्को शेरसँग सम्बन्ध राख्नु जरुरी हुन्न। हरेक शेर आफैमा पूर्ण र स्वतन्त्र हुनुपर्छ तर कुनै गजलका सबै सेर एउटै विषयमा आधारित पनि हुन्छन। गजलको सबै सेरमा समेटिएको विषय एउटै भयो भने त्यसलाई मुसलसल गजल भनिन्छ भने गजलका सबै सेर पूर्ण भएर पनि भिन्नाभिन्नै विषयवस्तु समेटेका छन् भने त्यस्ता गजललाई गैरमुसलसल गजल भनिन्छ।

६. **मिसरा** : गजलका हरेक सेरको पङ्क्तिलाई मिसरा भनिन्छ। गजलका सेर दुई मिसराका हुन्छन। तिनीहरूलाई मिसरा ए उला र मिसरा ए सानी भनिन्छ। मिसरा ए उला सेरको आरम्भिक पङ्क्तिलाई भनिन्छ। यसले विषयवस्तु जिज्ञासु तरिकाले उठान गर्छ भने शेरको दोस्रो पङ्क्तिलाई मिसरा ए सानी भनिन्छ।

७. **तखल्लुस** : गजलको अन्तिम शेरमा गजलकारले आफ्नो नामलाई विशेष ढङ्गबाट प्रयोग गरिन्छ भने त्यसलाई तखल्लुस भनिन्छ तर तखल्लुस गजलको अनिवार्य तत्त्व भने होइन। तखल्लुसको प्रयोग गर्दा दुई अर्थ गरी प्रयोग गरेको हुनुपर्छ। तखल्लुस विशेष मकतामा प्रयोग गरिन्छ तर तखल्लुस प्रयोग नभएको मकता नै होइन भन्ने हुदैन। गजल सैद्धान्तिक विधा भएकै कारण संरचना मात्र यसको मुख्य कुरा होइन। गजलमा रहेका आन्तरिक संरचना र बाह्य संरचनामा सचेतता अनिवार्य कुरा हुन। भाव, शिल्प र बिम्ब मात्र पनि गजलको सबथोक होइन। गजलमा लयात्मकता, सरलता, सम्प्रेषण, कोमलता, हार्दिकता, जीवन्तता हुनु पनि उत्तिकै आवश्यक हुन्छ। गजलको अर्को मुख्य तत्त्व लय हो।★


**शुभकामना**

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौं।

**प्रो. सन्तोष थापा**
फोन- ९८५७६३१७८१

**सन्तोष फर्निचर**
काठेखोला-४ दोराङ, बागलुङ



**शुभकामना**

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौं।

**प्रो. अनिल पुन**
फोन- ९८४९०२६४०९

**काफबोट फर्निचर**
काठेखोला-४ काफबोट, बागलुङ

# कलाको एक आयाम : ट्यालेन्ट अफ भिलेज



• दिल शिरीष

कला के हो ? हर मानिस, समाज र देशले कलाको महत्त्व बुझिरहेको छ ? कति पहिचान र उपयोग छ कलाको ? कि कला समाजमा उपेक्षित छ ? यो आजको समाजमा स्वाभाविक रूपमा आम चासो, छलफल र बहसको विषय बन्नुपर्दछ।

मानिसको विभिन्न स्तरको व्यवहार उनीहरूको काल्पनिक तथा व्यावसायिक सिपबाट सृजना गरिएका सन्दर्भ तथा वस्तुहरूलाई "कला" भनिन्छ। आफूले जानेको सिपलाई कला भनिन्छ।

अर्को अर्थमा कला जीवन हो। स्वयम् मनुष्य एक कलात्मक कृति हो। कलाबिना मानव जीवन शून्यप्रायः छ। प्रकृतिको उत्पत्ति हर चिजमा आआफ्नो विशेषतासहितको कला छ। केवल त्यो कला, विशेषता र क्षमतालाई पहिचान गर्ने, चिन्ने सामर्थ्य हामीसँग छ कि छैन ? यो मुख्य सवाल हो।

कलाभित्र अनेक आयाम समेटिन्छन्। चाहे त्यो गायन कला होस वा नृत्य कला होस्, वाक्कला होस् वा साहित्य सिर्जना, जीवन बाँच्ने कला होस् वा अरू यस्तै भिन्न पृथक् विशिष्ट क्षमतासहितका कला—नेपाली समाजमा कलालाई हेर्ने र बुझ्ने दृष्टिकोण आज पनि सतही अवस्थामा देखिन्छ।

कला भनेको त क्षणिक मनोरञ्जनको माध्यम न हो, मानिसहरूले आफ्नो कुण्ठा व्यक्त गर्ने अस्त्र न हो या अरूलाई प्रभावमा पार्ने र चर्चित हुने हत्कन्डा न हो—यस्तो बुझाइ सङ्कीर्णताको उपज हो।

साँचो कलामा जीवन हुन्छ, जीवन भेटिन्छ। व्यक्तिको कला समाजको पहिचान, परिचय गौरव मात्र होइन, सम्पति बन्छ। कलाको गहिराइ र दायरा फराकिलो बन्दै गए त्यो सर्वाधिक मानिसको आकर्षण र गन्तव्य बन्छ। के कलामा यी र यस्तै सोच बुझाइले सरकार, सरोकारवालाबाट यथेष्ट लगानी भइरहेको छ ? विडम्बना भन्नुपर्छ, केन्द्र सरकारदेखि स्थानीय सरकारसम्ममा कलालाई सस्तो मनोरञ्जनको साधन मानिन्छ। आखिर यसको महत्त्व कसले कहिले र कसरी बुझाउने ? यो सवाल र प्रश्न आजको दिनमा अहम् बनेको छ।

लिच्छविकाललाई कलाको दृष्टिकोणले स्वर्णीम कालको रूपमा लिने गरिन्छ। त्यस कालका अद्वितीय कलाकृतिको परख गर्ने हो भने नेपाली कलाको इतिहास अझ पुरानो हुन सक्ने कुरामा कुनै शङ्का रहँदैन। प्रज्ञापारमिताको पाण्डुलिपिमा अङ्कित चित्र नै नेपालमा हालसम्म पाइएको सबभन्दा पुरानो चित्र हो भन्ने प्रमाणित भए तापनि सातौँ शताब्दीतिरका चिनियाँ यात्रीको यात्रावृत्तान्तमा काठमाडौँ उपत्यकाका घरहरूमा सुन्दर भित्तेचित्र रहेका छन् भनेर उल्लेख गरिएको पनि हामी पाउँछौँ। हाम्रो संस्कृति हाम्रो सभ्यता जत्तिकै पुरानो छ र हाम्रो कला पनि हाम्रो संस्कृतिकै अभिन्न अङ्गको रूपमा रहिआएको छ।

मूर्तिकला, सङ्गीत, चित्रकला, प्रस्तुतिकला र इन्टलेसन कला आदिको रूपमा हाम्रा रीतिरिवाज तथा जात्रापर्वले कलाका विभिन्न विधालाई समेटेको पाइन्छ। त्यस कालमा कला कलाका लागि मात्र नभई मानव जीवनका लागि समेत अपरिहार्य तत्त्व थियो। कलामा आध्यात्मिक महत्त्व मात्र नभई व्यावहारिक उपयोगिता पनि रहेको हुन्छ।

पछिल्लो समय देशका सबैजसो क्षेत्रमा कायापलट भएको छ। कुनै दिन राजा–महाराजाको भजन, स्तुतिगान गाएर अभिव्यक्त गरिने कला अहिले आम नेपालीलाई पस्कने वातावरण बनेको छ। यसमा रम्ने रमाउने अवसर सिर्जित छ तर यिनै कलाको उजागर, प्रवर्द्धन गर्ने सन्दर्भलाई हेर्ने हो भने सरकारबाट चरम उपेक्षित देखिन्छ। दूरदराज गाउँघरमा त आफ्नो जोरबलमा देशविदेशबाट पैसा उठाएर मेलाउत्सव गरेर ऐतिहासिक परम्परागत कलासंस्कृतिको संरक्षण, सम्वर्द्धन गरेको पाइन्छ। निजी र सामुदायिक स्तरबाट भएका साना ठुला केही प्रयासले कलाको महत्त्व र बहसलाई दर्शाइरहेको छ।

यसको एक प्रयास र उदाहरण हो, ट्यालेन्ट अफ भिलेज। प्रतिभाको खोजी गर्ने कार्यक्रम बागलुङको

काठेखोला गाउँपालिका–४ तङ्ग्राममा एक दशक लामो समयदेखि निरन्तर सञ्चालित छ । गाउँमैत्री अक्षयकोष (जिमाक) ले २०६६ सालमा (गजल, गायन र नृत्य) विधामा सुरु गरेको प्रतिस्पर्धात्मक कार्यक्रमको एघारौँ संस्करणसम्म आइपुग्दा यो जिल्लास्तरमै मानक बन्न पुगेको छ। स्थानीय कला प्रतिभा पहिचान र प्रोत्साहित गर्ने यो एक महत्त्वपूर्ण र प्रेरक कर्म हो।

पछिल्लो समय प्रतिस्पर्धात्मक कार्यक्रमका अलावा तङ्ग्राममा गण्डकी प्रदेशकै नमुनाका रूपमा लोकबाजा सङ्ग्रहालय बनाउने काम पनि तीव्र छ। यही अनुक्रममा २८० किलोको नगरा निर्माण गरेर राखिसकिएको छ । गाउँमैत्री अक्षयकोषले यसलाई देशकै ठुलो नगरा दाबीसमेत गरेको छ । लोकबाजा सङ्ग्रहालयमा नेपालसहित विश्वभरका लोकबाजाको सङ्ग्रह गर्ने योजना बनाएको छ । हालसम्म नेपाली र पश्चिमेली गरी २५ प्रकारका लोकबाजा सङ्ग्रह गरिसकिएको छ।

कला, सङ्गीत र साहित्यको संरक्षणमा एक कोष या समूहले गरेको कला पहिचान गर्ने र कलासँग सम्बन्धित मौलिक लोकबाजाको संरक्षण गरेर भावी पुस्तासँग जोड्ने प्रयास प्रशंसनीय र अनुकरणीय भएकोमा दुई मत छैन । हाम्रा तीन तहका सरकारले विकास भनेको बाटाघाटा मात्र सोच्छन्। यो बाहेकका अरू कला, चेतना र जागरणका पाटा उनीहरू गौण ठान्छन्। कलाले नै अहिले गाउँलाई चिनाउने, ठाउँलाई चिनाउने मात्रै होइन, सिङ्गो पालिका, जिल्ला, प्रदेश र देशलाई नै चिनाउने सम्भावना र अवसर पनि हुन्छ।

तसर्थ, मुख्यतः कला, यसको सिर्जनशीलता, महत्त्व, सम्भावना र अवसरलाई पारख गर्न सक्नुपर्दछ तर यो सरकार, सरोकारवाला कसले बुझ्ने ? कसले बुझाउने ?★


गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौँ ।

अध्यक्ष : रेशमबहादुर आले
प्रबन्धक : हिराबहादुर थापा

**संकल्प बचत तथा ऋण सहकारी**
बागलुङ बजार, बागलुङ



**शुभकामना**

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौँ ।

**प्रो. भूवन थापा**
फोन- ९८५७६३४४११

**कविसन एन्ड केमिकल जनरल स्टोर**
काठेखोला-४ तङ्ग्राम, बागलुङ



**शुभकामना**

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौँ ।

**प्रो. दीपक विश्वकर्मा**
फोन- ९८५७६२१६९५

**बी एन्ड बी ब्रदर्स फर्निचर**
काठेखोला-३ तारेभिर धम्जा, बागलुङ

# गीत, संगीत र नृत्यबारे

• धनवीर पुनमगर



मानिस संसारको सबैभन्दा चेतनशील प्राणी हो । चेतनशील प्राणी भएको नाताले मानिसलाई गास, बास र कपास जस्तै मनोरञ्जनको पनि आवश्यकता पर्दछ। त्यसरी मनोरञ्जनका परिपूर्तिका लागि गीत, सङ्गीत र नृत्यको सुरुआत भएको पाइन्छ।

यी तीनओटै शब्दबाट बनेका बाक्यंशलाई समायोजन गर्ने मुख्य औजारलाई ताल भनिन्छ। ताल यस्तो रचना हो, जुन सङ्गीतमा समय मापन गर्नका लागि प्रयोग गरिन्छ। सबैभन्दा पहिले, पुस्तक 'सङ्गीतरत्नाकर' मा, गायन, बजाउने र नृत्यको संयोजनलाई 'सङ्गीत' भनिएको छ। वास्तवमा, शब्द 'गीत' मा 'सम' लाई जोड्दै बनाइएको शब्दलाई 'सङ्गीत' गठन भएको मानिन्छ। गीत 'सङ्गीत' नृत्य र बजाउने सँगै छ। धर्मशास्त्रमा सङ्गीतलाई साधना पनि मानिन्छ।

**गीत**

जो वाक्य, पद्य वा छन्द, जसलाई लय मिलाउन सकिन्छ, त्यसलाई गीत भनिन्छ। सङ्गीतशास्त्रका अनुसार जो वाक्य धातु र मात्रायुक्त छ भने त्यसलाई गीत भन्ने गरिन्छ। सजिलो गरी बुझ्दा स्वर र लयलाई तालबद्ध रूपमा गरिएको सुन्दर रचनालाई गीत भनिन्छ। गीत दुःखसुख, आँसुहाँसो, आशानिराशा, हारजित, विजयोत्सव साथै मानव समाजमा चालचलन, विधि, व्यवहार, आस्था र मान्यताको चित्रण गर्ने साहित्य रचना पनि हो। स्वर र लय सङ्गीतरूपी भवनको दुई आधारभूत स्तम्भ हुन्।

खासगरी गीत दुई प्रकारका हुन्छन् : वैदिक र लौकिक। शब्दको आधारमा पनि गीतलाई दुई भागमा बाढिएको छ। (क) सार्थक, (ख) निरर्थक तर केही सङ्गीतकारको भनाइलाई अध्ययन गर्दा यो पनि जान्न पाइन्छ कि प्रत्येक गीतलाई केही खण्ड या भागमा बाँडिएको छ। जसलाई हामी अवयव भन्दछौँ, त्यस्ता शब्दहरू, जसमा लिङ्ग, शब्द, पुरुष, कारक वा कारणको कारणबाट कुनै विकार हुँदैन, त्यसलाई अवयव भनिन्छ। यो शब्दको मूल रूप सधैँ अपरिवर्तित, अपरिवर्तनीय र अविनाशी हुन्छ, यो कहिल्यै परिवर्तन हुँदैन।

गम्भीर आवाजबाट तालको एक चमत्कारसँग एक टानशून्य गीतलाई ध्रुपद भनिन्छ। प्राचीन ध्रुवपदमा चारओटा अवयव भएको पाइन्छ– स्थायी, अन्तरा, सञ्चारी र अभोग तर आजकल चार अवयव ध्रुपद निकै थोरै मात्रामा गाइन्छ। ध्रुपदबाहेक अन्य गीतहरू; जस्तै– ख्याली, तराना, ठुमरीमा केवल दुई अवयव हुन्छन् : स्थायी र अन्तरा। गीत गाउने खास तौरतरिका वा शैलीलाई भाका भनिन्छ। एउटै भाषाका गीतमा पनि फरक ठाउँमा फरक फरक भाका हुन सक्छन्।

गीतमा लय अनिवार्य तत्त्व हो। दुई क्रियाबिचको समयलाई लय भनिन्छ। घडीको सुईको पहिलो झड्का एक सेकेन्डमा भयो र दोस्रो झड्का डेड सेकेन्डमा भयो भने सङ्गीतको भाषामा त्यो लय बिग्रिएको मानिन्छ। जब घडीको सुई प्रत्येक झड्का एक सेकेन्डका दरले अगाडि बढ्छ अर्थात् सामान्य रूपमा चल्छ, तब सङ्गीतको भाषामा लय मानिन्छ। लय मुख्यतया तीन प्रकारका हुन्छन्– द्रुत लय, मध्यलय र विलम्बित लय। जति धेरै सुन्दर ढङ्गबाट गायकले लयमा र तालसँगको मेलमा रहेर गीत गाउँछ, ऊ त्यति नै उच्च र गुणस्तरीय गायक मानिन्छ। गायकले गीतमा कुनै न कुनै भाव व्यक्त गरेको हुन्छ।

**संगीत**

मानिसको आवाज वा विशेष उपकरणहरू; जस्तै– सितार, गितार, भायोलिन, ड्रम, मादल, तबला आदि विभिन्न प्रकारका वाद्यवादनबाट धुन निकाल्ने कलालाई सङ्गीत भनिन्छ। ध्वनिलाई समयानुसार मिलाएर मनपर्दो नतिजा निकालिन्छ। त्यसरी सुव्यवस्थित सङ्गीत बनाउन सक्ने व्यक्तिलाई सङ्गीतकार भनिन्छ। सङ्गीत धेरै किसिमका छन्। खास गरिकन सङ्गीत दुई प्रकारका हुन्छन्– १. शास्त्रीय सङ्गीत, २. भाव सङ्गीत।

विश्वव्यापी रूपमा पाश्चात्य सङ्गीतले पनि आफूलाई स्थापित गर्ने दौरानमा शास्त्रीय सङ्गीत र भाव सङ्गीतबाहेक पप सङ्गीत, ज्याज सङ्गीत र रक सङ्गीतलाई पनि उल्लेख गर्दै आएका छन्।

## स्वर

सङ्गीतमा, त्यो शब्द जसको एक निश्चित रूप हुन्छ र जसको कोमलता, तीव्रता वा उतारचढाव आदि सजिलै सुन्न एवम् अनुमान लगाउन सकिन्छ, त्यसलाई स्वर भनिन्छ । सङ्गीतमा सात स्वर हुन्छन्– षड्ज (सा), ऋषभ (रे), गन्धार (ग), मध्यम (म), पञ्चम (प), धैवत (ध), निषाद (नी) रहेका छन् ।

## शास्त्रीय संगीत

शास्त्रीय सङ्गीत तेह्रौँ शताब्दीदेखि मुसलमान र हिन्दु संस्कृतिको समिश्रणबाट विकसित हुँदै आएको उत्तर भारतीय शास्त्रीय सङ्गीत, जसलाई हिन्दुस्तानी शास्त्रीय सङ्गीत पनि भन्ने गरिन्छ, हिन्दुस्तानी शास्त्रीय सङ्गीत भन्नाले सितार, सरोद, हामोनियम, तबला आदि बाजा। त्यसैगरी ध्रुपद, खयाल, ठुमरी, गजल, भजन, कर्बाली जस्ता गायनशैली यस सङ्गीतअन्तर्गत पर्दछन् । यी विभिन्न राग तथा तालमा संयोजन गरेर गाउने या बजाउने गरिन्छ। नेपालमा पनि शताब्दियौँदेखि चल्दै आएको छ । हामी यसलाई हाम्रो मुलुकभित्र शास्त्रीय सङ्गीत मात्र भन्ने गर्छौं ।

सरल भाषामा शास्त्रीय सङ्गीत त्यसलाई भनिन्छ, जो नियमित शास्त्र हो, जसमा केही विशेष नियम पालन गर्नुपर्ने आवश्यकता हुन्छ। शास्त्रीय सङ्गीतको रागमा केही विशेष नियमको पालन गर्न रागको नियम पालन गर्न असफल भयौँ भने रागमा नोक्सान पुग्दछ।

## भावसंगीत

भावसङ्गीतलाई सामान्य सङ्गीत पनि भनिन्छ । भावसङ्गीतमा, कुनै बाध्यकारी शास्त्रीय सङ्गीत जस्तै नियमित शास्त्र हुँदैन। भावसङ्गीतको उद्देश्य कानमा राम्रोसँग सुन्न र महसुस गर्नका लागि मात्र बनाइएको हुन्छ। त्यसैले यसमा कुनै निश्चित नियम छैन, हामीले कुनै पनि फरक टोनको उपयोग गर्न सक्दछौँ । जुनसुकै तालमा हामी जान सक्दछौँ । कहिलेकाहिँ शास्त्रीय सङ्गीत भाव सङ्गीतको धुन बजाउनका लागि प्रयोग गरिन्छ । जुन सङ्गीतको रचनाले मानिसको दिमागमा आनन्दको रङ चित्रित गर्दछ भने त्यसलाई राग भनिन्छ। भावसङ्गीतमा शास्त्रीय सङ्गीतमा जसरी प्रतिवद्ध र नियमित राग हुँदैन । तर पनि शास्त्रीय सङ्गीतको उपयोगिताबाट नै भावसङ्गीतको निर्माण गरिने भएकाले यसले पनि मानिसलाई आनन्दको रङको प्रत्याभूति दिलाउँछ।

भाव सङ्गीतलाई मुख्य रूपमा तीन भागमा विभाजित गरिएको पाइन्छ– १. फिल्म सङ्गीत २. लोकसङ्गीत ३. भजन– सङ्गीत आदि ।

ताल : गायन, उपकरण र नृत्यको त्रिवेणीलाई ताल भनिन्छ । यी तीनमा, तालको निकै धेरै महत्त्व रहेको छ । गायकले सधैँ लयको ख्याल राख्नुपर्छ । उसले नयाँ विचार सिर्जना गर्दछ, तर लयबाहिर जान सक्दैन। एक राम्रो गायक वा खेलाडीमा लयको कौशल हुन आवश्यक छ । केवल उचित तालको उपयोग गरेर मात्र सङ्गीतमा एक रसको सृष्टि हुन्छ, त्यतिबेला मात्र सङ्गीतको आनन्द प्राप्त हुन्छ।

यही कारण हो कि आम मानिसले लोकगीत र फिल्मी गीत धेरै मन पराउने गर्दछन् । जनताका संवेदनशील भावुक उद्गारलाई स्वर, लय र सङ्गीतद्वारा सुदृढ धारामा छन्दोबद्ध गरेर प्रवाहित गरिएका गीतलाई प्रगतिशील गीतसङ्गीत भनिन्छ । त्यस प्रकारका गीतसङ्गीत भने अत्यन्तै थोरै मानिससमक्ष पुग्ने गरेका हुन्छन् ।

## नृत्य

नृत्य पनि मानव अभिव्यक्तिको एक सुन्दर प्रदर्शन हो। यो एक सार्वभौमिक कला हो, जो मानव जीवनसँग जन्मेको भनिन्छ। बच्चा जन्मिनेबित्तिकै, उसको हात र खुट्टा चाटेर, उसले आफ्नो अभिव्यक्ति व्यक्त गर्दछ कि ऊ भोकै छ–नृत्य यी शारीरिक क्रियाहरूबाट उत्पन्न भएको हो।

भारतीय नृत्य छ प्रकारका रहेको मानिन्छ– कथक, भरतनाट्यम, ओडिसी, कुचीपुडी, कथकली र मणिपुरी।

पश्चिमी नृत्य ११ प्रकारका रहेका छन्– बैलेनृत्य, जाज, हिपहाप, स्विङ, कान्ट्रा नृत्य, बेली नृत्य, आधुनिक नृत्य, ल्याटिन नृत्य, बोलरुम डान्स।

ऋग्वेदमा, अथर्ववेद, उपनिषद्, अष्टाध्यायी, नाट्यशास्त्र, महाभारत, गीता, बौद्ध दर्शन आदिमा सङ्गीतको प्रचलन प्राचीनतम् रहेको पाइन्छ । गन्धर्भलाई गाउने, किन्नरलाई बजाउने र अप्सरालाई नाच्ने पात्रको रूपमा स्थापित गरी शिक्षादिक्षा दिइएको प्रसङ्गले सङ्गीतको प्रचलन प्राचीनकालदेखिकै मान्न सकिन्छ तर वर्तमान परिवेशमा गीतसङ्गीतको उपयोग र विकास निकै तीव्र गतिमा बढेको छ। एउटा औद्योगिक रूपमा नै विकास भएको यो क्षेत्र आजको मानव समाजमा रोजगार र आर्थिक उपार्जनको राम्रो माध्यम र श्रोत बनेको छ।

## श्रोत


१. विकिपेडिया
२. अध्ययन पत्र, यमबहादुर राना
३. musicalsday.com

# नृत्य : एक परिचय

• सीता सुवेदी



नृत्य सामान्य अर्थमा नाच भन्ने बुझाउँछ। यो शब्दले अ... भाव बोकेको छ। नृत्य एक कला हो, जुन सङ्गीत विधामा एकदम नजिकको सम्बन्ध रहेको हुन्छ। सङ्गीतको परिचय दिँदा पनि गायन बाद्यनृत्य नै सङ्गीत हो भनेर हामीले पढ्दै र बुझ्दै आएका छौँ।

वास्तवमा नृत्य यस्तो विधा हो, जसले सङ्गीतको तीनओटै विधालाई समेटेर अगाडि बढेको हुन्छ, जुन कुरा यस परिभाषाबाट पनि प्रष्ट पार्न सकिन्छ : "नृत्य एक कला हो, जसले लयबद्ध वा सङ्गीतको तलामा शरीरको चाललाई दर्शाउँछ।"

नृत्यका विभिन्न विधा रहेका हुन्छन्। सामान्य रूपमा लोकनाचमा झ्याउरे, टप्पा, कौडा भन्छौँ, यी पनि नृत्य विधाअन्तर्गतका संस्कृतिलाई प्रदर्शित गर्ने नृत्य हुन्। नृत्यका विधाअन्तर्गत हामी सामान्य रूपमा लोकनृत्य, आधुनिक नृत्य र शास्त्रीय नृत्यको रूपमा वर्गीकरण गरिएको पाइन्छ। लोकनृत्यले आफ्नो समाजमा छरिएर रहेका संस्कृति झल्काउने नृत्यको प्रतिनिधित्व गर्दछ।

आधुनिक नृत्य भन्नाले हाम्रो संस्कृतिभन्दा बाहिरको नृत्यलाई हाम्रै गीतमा अनुकरण गरी त्यसलाई समग्र विश्वले कसरी मनोरञ्जन गर्न सक्छ या नृत्यलाई बुझ्न सक्छ भन्ने कुरामा अगाडि बढेको हुन्छ। त्यस्तै, शास्त्रीय नृत्य, जो शास्त्रको नियममा बाँधिएर गायन, बाद्यसहितको नृत्य प्रस्तुत गरिन्छ, जुन शास्त्रसम्मत ढङ्गले साधना गरी पस्किइएको हुन्छ। यस विधाका नृत्यमा भरतनाट्यम, कथकजस्ता नृत्य पाइन्छन्।

शास्त्रीय नृत्यका विभिन्न प्रकार रहेका छन्। यसमध्ये नेपालमा विशेष गरी भरतनाट्यम र कथकलाई विशेष रूपमा अगाडि बढेको पाउन सकिन्छ। शास्त्रीय नृत्य भन्नाले शास्त्रको नियममा बसेर बाद्य र गायनको साथमा उत्कृष्ट नृत्य प्रस्तुतिलाई बुझिन्छ।

शास्त्रीय अर्थात् अङ्ग्रेजीमा "क्लासिक" शब्दले उत्कृष्ट भन्ने अर्थ बुझाउँछ। त्यसैले पनि कुनै पनि नृत्यको विधालाई उत्कृष्ट अर्थात् त्रुटिरहित प्रस्तुत गर्नु पनि "क्लासिक" भन्ने बुझिन्छ। खास गरी यसमा नृत्य प्रस्तुतिका विभिन्न नृत्य–कलाकार लामो साधना गरेका हुन्छन्, जसले गर्दा जुन प्रस्तुतिलाई प्रस्तुत गरेको हुन्छ, त्यसले दर्शकको मनलाई रोमाञ्चित तुल्याइदिन्छ। त्यसैले पनि शास्त्रीय नृत्यको विशेष महत्त्व रहेको छ।

विशेष गरी शास्त्रीय नृत्यमा लामो साधनापश्चात हाम्रै धर्म, संस्कार, परम्परामा रामायण, महाभारत, कृष्णलीला जस्ता धार्मिक पुस्तकका पात्रहरू अर्थात् भगवान्, दैत्य अथवा सम्पूर्ण पात्रलाई नृत्य–कलाकारले कथासहित स्पष्टीकरण गरी हाउभाउसहित आफ्नो अभिनयद्वारा प्रस्तुत गर्ने गर्दछन्।

त्यसैले पनि यस नृत्यको विशेष महत्त्व रहेको छ। यसलाई अहिलेको पुस्तामा पनि रूपान्तरण गर्न सकेको खण्डमा नृत्यका क्षेत्रमा गतिलो कदमका रूपमा स्थापना हुने कुरामा कुनै दुई मत छैन।

*(लेखिका आफै कथक नृत्याङ्गना हुनुहुन्छ)*


**शुभकामना**

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौँ।

अध्यक्ष : भमी विक/प्रबन्धक : चन्द्रकला पुन

**नवजागृति बङ्गुर तथा कुखुरा वचत तथा ऋण सहकारी संस्था**

बागलुङ

# नृत्य एक बहुआयामिक विधा



• दिलिप कँडेल

प्रत्येक मानिस आफ्नो जीवनको रङ्गमञ्चको एक कुशल कलाकार हो । जन्मेदेखि मृत्युसम्म हरपल मानिस नाचिरहन्छ। उकालीओरालो, वनपाखा, मेलापात, घाँसदाउरा हरपल मानिस नाचिरहेको हुन्छ।

नृत्य एक बहुआयामिक विषय र विधा हो । विविध विषयहरू हुन्छन्, जसलाई सैद्धान्तिक एवम् व्यावहारिक तबरबाट प्रष्ट पार्न सकिन्छ । नृत्यका प्राविधिक पक्षहरू चलचित्र होस् वा रङ्गमञ्चमा, यसले नृत्यलाई मनमोहक बनाउन अहम् भूमिका निर्वाह गर्दछ।

नृत्य एक सामूहिक विधा भएकाले कस्तो समय र परिवेशमा कसरी प्रस्तुति गर्ने भन्ने कुराको ज्ञान बढाउनुका साथै मानसम्मान, अनुशासन र एकापसमा भाइबन्धुत्वको अवधारणालाई उजागर गर्दछ । नृत्य त्यति सस्तो, सरल साधना हुँदै होइन, यो त अति कठिन विषय हो । यसको प्राप्तिका लागि अति धैर्यताका साथ अझै अभ्यास र निरन्तरताको जरुरत पर्दछ।

नृत्य ब्रह्माण्डको स्वरूप सर्वप्रतिक हो। नृत्य शब्दको न त कुनै अर्थ छ, न त कुतर्क। यो एक निराकर, विभाज्य, गरिमामय कार्य हो, जसको सम्पादनले मानवजातिको शरीर, मन र मस्तिष्कलाई एकत्रित गरी एक आयु, ध्यानको यात्रातर्फ उन्मुख सर्वश्रेष्ठ प्रक्रिया हो। हामी जो कोही पनि नृत्यको अर्थ खोज्न या खोज्दै भौतारिएका छौँ। यसको अर्थ छ; किनकि, यसको बाहिरी आवरण हुदैन, बिनाअभ्यास साधनामा छैन र हुँदैन पनि। यो आफैमा अर्थपूर्ण छ।

आजकल प्रायःजसो नृत्यकारहरू आफूलाई अरूभन्दा फरक देखाउने होडबाजीमा लागेको देखिन्छ । त्यसो गर्नु अनुचित हो भनेर भन्न त नमिल्ला तर त्यति उचित पनि होइन । यदि आफूलाई फरक नै बनाउनु छ भने अरूभन्दा साधारण, सरल र सहज बनाउने दिशातर्फ उन्मुख हुन सिक्नुपर्छ; नृत्य विधाको निरन्तर अध्ययन र अनुसन्धान गर्ने मार्गतिर अग्रसर बनाउनुपर्छ।

माथि पनि लेखिसकिएको छ कि नृत्य त्यति सस्तो र सरल साधनाको विषय हुँदै होइन । एउटा दक्ष नृत्यकार बन्नलाई एक युग मानव जातिका लागि धेरैभन्दा धेरै कम पर्ने छ। नृत्य शब्दको छ त केवल नैतिकतासहितको अनुशासित साधना, नृत्यमा अनर्थ शब्दको उत्पत्ति नै भएको छैन। अर्थ त्यसको खोजिनुपर्छ, जसको अनर्थ पनि होस्। नृत्यकला एक सत्य र साँचो अस्तित्त्व हो । यसको कुनै विपरीतार्थक शब्द नै छैन । स्वर्गको नर्क, आकाशको पाताल, धर्मको पाप छ, अँध्यारोको उज्यालो छ, जन्मको मृत्यु, सुखको दुःख छ तर नृत्यको अनृत्य, कुनृत्य जस्ता शब्दहरू नै छैनन्। त्यसैले नृत्य केवल नृत्य नै हो, जो आफैमा अति विशाल, विराट, अर्थपूर्ण र बोधपूर्ण छ। घमण्ड र अहम्तारहित कार्यशैली कुशलता र कल्पहक्षसहितको धैर्यता भएको खण्डमा नृत्य विषयको अर्थपूर्ण रहस्यलाई उजागार गर्न सकिने र मानव समाजलाई यसको तिलस्मी स्वरूप निर्वाण उपनिषद् बुद्धत्वकालीन उपनिषद्को प्रतिस्थापन गर्न सकिने छ। नृत्यशास्त्रमा नृत्यको परिभाषलाई प्रष्ट्याइएको छ।

"अङ्कविक्षेपवैशिष्टप जनचितान र नृत्यले विशिष्ट, अङ्ग सञ्चालनको प्रदर्शनद्वारा जनताको चित्तलाई प्रसन्न गराउँछ भने त्यस्तो क्रियालाई नर्तण (नृत्य) भनिन्छ । नृत्यशास्त्र भावनामा गीतको नाम नै नृत्य हो। मानिसले जब आफ्नो गहनतम मनोभावलाई शब्दमा व्यक्त गर्दछ, त्यसलाई काव्य भनिन्छ। जब शारीरिक चेष्टाद्वारा मनोभावलाई व्यक्त गर्दछ, त्यसलाई नृत्य भनिन्छ।

नृत्यकला विभिन्न किसिमका कलामध्ये निकै पुरानो कला हो। यस कलाको वयान विभिन्न कालखण्डमा व्यापक रूपमा गरिँदै आएको पाइन्छ। प्राचीन समयमा भाषा, साहित्य तथा बाद्ययन्त्रको सिर्जना हुनुभन्दा नै पहिला यस कलाको माध्यमबाट नै मानिसहरू आफ्ना भित्री मनका भावना अभिव्यक्त गर्दथे। सर्वप्रथम मानिसले आफूलाई मनोरञ्जन लिनका लागि आफ्ना मनभित्रका भाव जसरी कलापूर्ण रूपमा अभिव्यक्त गरिन्छ, त्यो नै नृत्य हो।

(१) नृत्य गर्ने शैलीको आधारमा नृत्यलाई मुख्य रूपले दुई भागमा विभाजन गर्न सकिन्छ : क) ताण्डव नृत्य, ख)

लास्य नृत्य ।

(२) स्ट्यान्डर्ड डिक्सनरी अफ फोकलोर मिथोलोजी एन्ड लिजेन्डका अनुसार नृत्यलाई चार भागमा वर्गीकरण गरिएको छ : क) आदिम तथा लोकनृत्य, ख) जातीय नृत्य, ग) सामाजिक नृत्य, घ) राष्ट्रिय नृत्य ।

दश रूपककार घनञ्जयका अनुसार नृत्य दुई भागमा विभाजन गर्न सकिन्छ : १) मार्गी नृत्य, २) देशी नृत्य ।

पश्चिमी नृत्यशास्त्रका विश्लेषक बाल्टर सरेलले नृत्यमा निम्नानुसारका तत्त्व रहेको मानेका छन् : १) ताल र लयको अङ्गसँग समन्वय, २) चरा (खुट्टाको चाल), ३) सङ्गीत प्रविधि, ४) गतिशीलता–गेयात्मकता, ५) पाइला (कदम चाल्नु), ६) गीत, ७) भेषभुषा र गरगहना, ८) स्वर लिपि भने केही शास्त्रीहरूले भने नृत्यमा निम्नानुसारका तत्त्व रहन्छन् भन्दै व्याख्या गरेका छन् : १) गीत, २) रस, ३) सङ्गीत, ४) उद्देश्य, ५) अभिनय, ६) शैली ।

मानिसलाई सिर्जनशील र ऊर्जाशील बनाउन नृत्यको महत्त्वपूर्ण भूमिका रहन्छ । मानव जीवनमा सकारात्मक भाव उत्पन्न गरी संवेगात्मक रूपमा सम्प्रेषण गर्नका लागि समेत यसको विशिष्ट भूमिका रहन्छ । त्यसैले नृत्य मानवजातिका लागि मनोरञ्जन, स्वस्थ जीवन, सकारात्मक भाव पैदा गर्न र समाजमा घुलमिल हुन अतिआवश्यक सिर्जनशील माध्यम हो ।

नृत्यको इतिहास अति नै प्राचीन छ, जति मानिस जातिको छ । आदिम मानिसदेखि लिएर आजसम्म प्रत्येक जाति, समाज, समुदाय तथा प्रत्येक देशका मानिसको जीवनको साथ कुनै न कुनै रूपमा नृत्य आएको अवश्य आएको हुन्छ । त्यसैले हामी के भन्न सक्छौँ भने नृत्य मानव जीवनको एक विशेष अङ्ग हो ।

प्रत्येक मानिस आफ्नो जीवनको रङ्गमञ्चको एक कुशल कलाकार हो । जन्मेदेखि मृत्युसम्म हरपल मानिस नाचिरहन्छ । उकालीओरालो, वनपाखा, मेलापात, घाँसदाउरा हरपल मानिस नाँचिरहेको हुन्छ । अझै भन्ने हो भने गहिराइमा पुगेर हेर्ने हो भने ब्रह्माण्ड तथा पृथ्वीमा नै हामी प्रकृतिमा बढी सङ्गीत र नृत्य पाउँछौ । सङ्गीत र नृत्यको प्रमुख स्रोत नै प्रकृति हो । प्रकृतिमा आधारित भई मानव समुदाय स्रष्टा बनेर नृत्यको सिर्जना गरेको हुनुपर्दछ । तसर्थ नृत्य क्षेत्रमा अग्रसर व्यक्तिहरू अध्यात्मतिर केही झुकाव भएको हुनुपर्दछ । प्रकृतिप्रति एकाकार हुन सिक्नुपर्दछ । घमण्ड र दम्भको भरमा आफूलाई नृत्यकार बनाउन आफूलाई ठुलो देखाउन होइन, आफूलाई जति सक्दो सरल र सहज बनाउने दिशातर्फ लागिहाल्नुपर्छ ।

हामी यस भौतिक दुनियाँमा रहेर के नै नाच्यौँ ? अनि अरूलाई के नै नचायौ र ? सधैँ हात, खुट्टा र टाउको मात्रै मर्कायौँ, त्यहाँभन्दा माथि उठेर कहिल्यै नाच्ने कोसिस नै गरेनौँ । भौतिकता र आधुनिकतामा रम्न सिपालु हामी मानिसहरू जसले पुराना कुराको महत्त्व बुझ्न सकेका छैनौँ र बुझ्न् पनि चाहदैनौँ । पुराना संस्कृति, परम्परा र प्राचीन कालदेखि चल्दै आएका हामी पुर्खा जिजुबाजेका संस्कृति तथा संस्कारलाई त हामी रूढीवादी भन्न पनि पछि पर्दैनौँ । कस्तो विडम्बना ? कति दुःखलाग्दो कुरा ?

आज हाम्रो समाजमा ती पुराना असङ्ख्य परम्परागत लोकसंस्कृति, लोकसङ्गीत लोप हुँदै जानुका पछाडि आधुनिकताको विकासक्रम नै हो । हुन सक्छ, कतिपय संस्कृति परम्परागत शैलीका र रूढीवादी थिए होलान्, सामाजिक रूपमा पूर्णतया बहिस्कार गर्ने खालका पनि हुन सक्छन् भने कतिपय संस्कृति आधुनिक परिवर्तनका लागि र सामाजिक चेतनामा ऊर्जा थप्ने खालका पनि छन् । यस्ता संस्कृतिहरूको टोल टोलमा, गाउँ गाँउमा, प्रत्येक समुदायमा गएर खोजिनुपर्दछ; अनुसन्धान हुनुपर्दछ । कुनै पनि लोक संस्कृति, लोकसङ्गीत एउटा समुदायको वा जातिविशेषको भनेर मक्ख परेर बस्नुको कुनै अर्थ हुँदैन । यो संस्कृति वा यो नृत्य त्यो समुदायसँग सम्बन्धित हो भनेर भन्न सकिन्छ ।

विशेषतः हामी नेपालीहरू, जसले मरुभूमिमा बसेर हरियाली जङ्गलको कल्पना गरिरहनुपर्ने कुनै आवश्यकता छैन । छ त केवल यहाँ उत्पन्न कुरीति, विकृतिले मात्र हाम्रो संस्कृतिलाई नढाकोस् र वास्तविक संस्कृति र कलालाई मात्र हामी संरक्षण गरौँ र संरक्षित कला प्रस्तुत गर्दै जाऔँ ।

आज आएर झ्याउरे, तामाङ सेलो, चुड्का, धिमाल, थारू, सेब्रु, कौराहा जस्ता नृत्य जसको आफ्नै ढाँचा छ; आआफ्नै मौलिकता छ तर यहाँ कुनै पनि जातजाति समुदायमा आधारित गीतहरू जो कोहीले प्राप्त गरे पनि नृत्य प्रशिक्षण गराइन्छ र भनिन्छ, यो फलानो जातिको नृत्य हो । यस्तो बेलामा यहाँ संस्कृतिसम्बन्धी प्रश्नचिह्न खडा हुन्छ र हुनु पनि पर्छ । वास्तविकता के हो ? साँच्चै त्यही गीतको तालमा नृत्य गराउँदा नै लोकनृत्य होला ? गीत जस्तोसुकै भए पनि तालमा नृत्य गर्न सक्छ, यसमा कुनै शङ्का छैन । प्रशिक्षकले पनि सिकाउन सक्छ तर झ्याउरे, ख्याली जस्ता ताल बजाएर तयार गरिएको गीतलाई नै जातिविशेषको नाम

दिएर वास्तविक लोकनृत्य हुन सक्छ जस्तो मलाई लाग्दैन।

उदाहरणका लागि तामाङ सेलो तथा कौराहा नृत्य चार चार मात्रा भएका ताल हुन्। एउटै तालमा दुवै गीत गाउन र दुवै गीतमा नृत्य गर्न सकिन्छ। अब हामी कुन तामाङ जातिको नृत्य भनेर प्रस्तुत गर्ने, कुन नृत्य मगर जातिको भनेर प्रस्तुत गर्ने ? यसरी नृत्यलाई छुट्टाउन यी जातिको आआफ्नै मौलिकता छ र आआफ्नै विशेषता छ, गीत सुनेर, बाजाको ताल सुनेर मात्र लोकनृत्य यही भनेर भन्न बेकार हुन्छ बरु हामी नृत्य हेरेर भन्न सक्छौँ कि यो नृत्य फलानो जातिसँग सम्बन्धित नृत्य हो भनेर।

एउटा कलाकारले अर्को कलाकारलाई सम्मान गर्न सिकौँ। एउटाले अर्कोलाई प्रोत्साहन गर्न सिकौँ। भौगोलिक दृष्टिले धेरै सुन्दर र धेरै फरक छ हाम्रो देश। एउटा ठाउँको नृत्य गर्ने शैली अर्को ठाउँमा एउटै नहुन सक्छ र नमिल्न पनि सक्छ। त्यही भन्दैमा त्यो नृत्य नै भएन, यस्तो पनि लोक नृत्य हुन सक्छ भन्ने होइन; किनकि, हाम्रो देश धेरै धर्म, संस्कृति मान्ने समुदाय बसोवास गर्ने देश हो। ती समुदायमा आआफ्नो रीतिरिवाज धर्मकर्म, रहनसहन, भेषभुषा र चालचलन हुने गर्दछन्। जब हामीले एउटाले अर्कोलाई सम्मान गर्न सक्दैनौँ, तबसम्म हामी असल कलाकार बन्न सक्दैनौँ। यहाँ मैले केही अग्रज तथा वरिष्ठ नृत्य निर्देशकको नाम लिन गइरहेको छु, जसले नेपाली नृत्यक्षेत्रमा आफ्नो अतुलनीय योगदान दिनुभएको छ।

१) स्व. कान्छाबुद्ध बज्राचार्य (लोक तथा परम्परागत चर्चा नृत्यका प्रशिक्षक तथा प्रवर्द्धक)
२) स्व. डा. चन्द्रकुमार उपाध्याय
३) स्व. श्रवेश बान्तवा
४) स्व. बुद्धि परियार
५) स्व. मृगेन्द्रमान सिं प्रधान
६) बसन्तजङ्ग रायमाझी (भैरवनृत्य प्रशिक्षण गृह), सामाखुसी, काठमाडौँ
७) सुवि शाह – सुरेन्द्रविक्रम शाह
८) हरिमान श्रेष्ठ
९) मनोरञ्जन जोशी
१०) बसन्त श्रेष्ठ – नेसनल सेन्टर अफ डान्स, पुतली सडक, काठमाडौँ
११) सुरेश मिश्र
१२) हनि श्रेष्ठ
१३) भैरवबहादुर थापा
१४) वीणा जोशी
१५) कमल राई
१६) गोविन्द राई
१७) महेश गोदार (बज्रयोगिनी नृत्य तथा सङ्गीत कला केन्द्र, काठमाडौँ)
१८) शान्ता नेपाली
१९) अच्चुत घिमिरे (डान्स थेरापिस्ट)
२०) नारायण रिजाल
२१) गोरे गुरुङ
२२) रोचक थापा (नेपाली लोकनृत्यका अन्वेषक, अनुसन्धानकर्ता तथा लेखक)

मैले केही नृत्यकारको मात्र नाम लिएको भए पनि धेरै नृत्यकारहरू हुनुहुन्छ, जसले नेपाली नृत्यक्षेत्रमा आफ्नो अतुलनीय योगदान निरन्तर दिइरहनु भएको छ। उहाँहरू सबैलाई सम्मान छ।

अन्त्यमा, मेरो प्रेरणाका स्रोत मेरो दोस्रो अभिभावक नृत्यशास्त्री, शास्त्रीय नृत्य निर्देशक, नेपाली लोकनृत्यका प्रशिक्षक, अनुसन्धानकर्ता तथा नृत्यसम्बन्धी पुस्तकका लेखक पुजनीय गुरु केपी शर्मा पौडेललाई कोटि कोटि नमन।★


## शुभकामना

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौँ।

अध्यक्ष : शशी थापा
प्रबन्धक : चन्द्रकला पुन

**प्रगतिशील महिला वचत तथा ऋण सहकारी संस्था**
बागलुङ

# खण्ड घ
# काव्य

# "राम" भन्न सकिन्छ



- काजीगाउँले श्रेष्ठ

हाँगाको टुप्पामा बसेर फेद काट्दै
कालिदास बन्न खोज्नेहरू
कालिदास बन्नुपरेका परिश्रमहरू
उनका कृतिहरूमा छरिएका छन्
जीवन र मरणको सङ्घर्षमा नहोम्मिई,
को पो कालिदास बने होलान् र ?

आफन्तका माया र श्रमले नायक बनेकाहरू
आफन्तका त्याग, तपस्या र बलिदान बिर्सेर,
आफूलाई जननायक भन्दै हिँड्दा,
तिमी खलनायक बन्दै नाम पनि सक्ने छौ ।

हरिया घाँसको लोभले
भिरबाट खस्ने गाईलाई,
"राम" भन्न सकिन्छ
काँध थाप्न सकिन्न ।

(बागलुङ)


गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौं ।

**प्रोपाइटर : तारानाथ आचार्य**
फोन- ९८५६०४५९०३
**डिजिटल स्टार रेकर्डिङ स्टुडियो**
पोखरा, कास्की


# तब भन्छु म 'जय राष्ट्रिय एकता



- अनिता लामा

पृथ्वी महाराज !
हिजो दनुवारहरू दाम्ले नै बनाइरहँदा
मगरहरू युद्धमा होमिइरहँदा
नेवारको नाक ताछिरहँदा
दमाईहरू सहनाइमै सीमित भइरहँदा
'चार जात छत्तिस वर्णको फूलबारी
एकता गीतमा रमाइरहेकै थियौँ
लिगलिगे दौड जितेका ठुला तिघ्रा देखेर
आनन्द राज गरिरहेकै थियौँ
एकपछि अर्को राज्य तन्किँदै जाँदा
स्वाभिमानको छाती तनक्क फूर्तिला बनाएकै थियौँ
रगतमा डुबेको खुकुरी तरबार
भित्तामा शान सौखले टल्काइरहेकै थियौँ
तपाईंको वीरताले तानिएर वीरबहादुर शाहवंशहरू
स्कुलभरि पढ्ने-पढाउने गरिरहेकै थियौँ
हिजो उतिबेलाको तपाईंको बहादुरीलाई
स्यालुट गर्छु महाराज !
एकताका लागि उठेको त्यो औँला स्तम्भसामु
झुकेर अभिवादन नै गर्छु महाराज
तर आज परिवेशले हिजो चेपे नदीमा बगाएको
आमाको दुध सम्झेर ल्याउँदा
खुन तात्दैन, दिमाग तात्छ, मन तात्छ

र मलाई तपाईंको श्रीपेचमाथि
बहादुरीका अनर्गल ब्याचहरू टाँसेर
सावाँब्याजको जोडघटाउ गर्नेहरूसँग लड्न मन लाग्छ
त्यसै कहाँ लेखे र 'श्रवण मुकारुङले "बिसे नगर्चीको बयान"
आज अनुरोध गर्न मन छ,
परिवेशले बहुजात, बहुधर्म र बहुसंस्कृतिको गानामा
तपाईंको सङ्गीतको माग गरेको छ महाराज
तपाईं सुनिबस्नू -
डाँडामा पेल्दोङ आस्याङले बजाउने डम्फु
बेसीमा मुरली बाजेको घरमा बजिरहने शङ्ख
दाउन्ने परियारका बाबुछोराले
आकाश फर्केर घन्काउने सहनाही
फेदीमा जुँगे गन्धर्वले हालिरहने सारङ्गी धुन
र हप्ताभरि लाग्ने थारू, चौधरीको हैयाभजन
साँझ ठिटाहरूले भाका हाल्ने मुरली
विश्वराम विकले ठटाइरहने होत्रो
अमिर भाइजानको मुबारक गीत
तपाईंले सुन्नुभयो नि महाराज
लौ भरिदिनुस् सङ्गीत यो गीतलाई
भनिदिनुस् सयौं जात, वर्ण र संस्कृतिको नेपाल
उठाइदिनुस् एक औंलो होइन मुट्ठी एकताबद्धताको
तब भन्छु म 'जय राष्ट्रिय एकता !
के गर्नु पृथ्वी महाराज ?
राष्ट्रिय एकता भनेर होइन भएर हुने हो
यहाँ यस्तो भन्ने ज्युँदाको सपना हावा बनाइन्छ,
तर शालिकको मानमा दिवस मनाइन्छ।

(२०७५ पृथ्वीजयन्ती)

# मलाई सन्किन मन लागेको छ



**- सुवाश संयम**

खोई किन आजकल मलाई
सानो हुन मन लाग्छ
घरि भिल्को हुन मन लाग्छ
घरि फिलिङ्गो हुन मन लाग्छ
लाग्छ क्रान्तिको आगो
दन्काऊँ झैं लाग्छ।

खोई किन आजकल मलाई
घरि अणु हुन मन लाग्छ
घरि परमाणु हुन मन लाग्छ
लाग्छ बम बनेर संसार
ध्वस्त बनाऊँ झैं लाग्छ।

सोच्दै छुँ
मलाई आजकल यो के भइरहेछ ?
म चक्करमा छुँ
आजकल मलाई केले पोलिरहेछ ?
म अक्करमा छुँ
मेरो मुटु किन दुखिरहेछ ?
म ऐठन परेको छुँ
यो के भइरहेछ ?

मैले हेर्दाहेर्दै
एउटा अपराधीले
मेरि बहिनीलाई निवस्त्र पाऱ्यो
बलात्कार गऱ्यो र निचोरेर माऱ्यो

तर एउटा पुलिसले
त्यही हत्यारा भगायो
र एउटा सिधासादालाई समायो
तर त्यो चटक
मेरो सरकारले हेरिरह्यो

हो त्यही दिनदेखि
खोई किन मलाई
सानो हुन मन लाग्छ
घरि अणु हुन मन लाग्छ
घरि परमाणु हुन मन लाग्छ
लाग्छ बम बनेर संसार
ध्वस्त बनाऊँ झैँ लाग्छ

हो त्यही दिनदेखि
मेरो गिदी पाकेको छ
जुन दिन मैले हेर्दाहेर्दै
एउटा व्यापारीले
कालोबजारी गऱ्यो र किसानलाई ठग्यो
मैले हेर्दाहेर्दै एउटा ठेकेदारले
पैसा कुम्लायो र भाग्यो
मैले हेर्दाहेर्दै
एउटा दलालले
गरिबको खुन चुस्यो र भाग्यो
तर यो सब चटक
मेरो सरकारले हेरिरह्यो

हो त्यही दिनदेखि
खोई किन मलाई
सानो हुन मन लाग्छ
घरि झिल्को हुन मन लाग्छ
घरि फिलिङ्गो हुन मन लाग्छ
लाग्छ क्रान्तिको आगो
सल्काऊँ झैँ लाग्छ
क्रान्तिको राँको
दन्काऊँ झै लाग्छ

हो, त्यही दिनदेखि मलाई
सन्किन मन लागेको छ
जुन दिन मेरो देशको सीमा
सर्दै सर्दै आयो
मैले हेर्दाहेर्दै
मेरो देशको आकार
घट्दै घट्दै गयो
तर मेरो देशका नेताहरू चुपचाप रहे
बरु देशको सम्पत्ति
खानु खाए, हसुर्नु हसुरे
विमान किने/ खाए
गाडी किने /खाए
सुन ल्याए /पचाए
तर यो सब चटक
मेरो सरकारले हेरिरह्यो

हो त्यही दिनदेखि
खोई किन मलाई
घरि खुकुरी हुन मन लाग्छ
घरि छुरी हुन मन लाग्छ
त्यसरी मेरो देशको सिमाना
छोइदिने मात्रको
घाँटीमै बसौँ झैँ लाग्छ
त्यसरी देश लुटिदिनेको
गर्धन नापौँ झै लाग्छ

खोई किन मलाई आजकल
अणु हुन मन लाग्छ
घरि परमाणु हुन मन लाग्छ
लाग्छ बम बनेर संसार
ध्वस्त बनाऊँ झै लाग्छ।

*(प्युठान)*

# सात हाइकु



- धनप्रसाद पुन "दीपशिखा"

नाफा र घाटा
कुरूप राजनीति
व्यापार हावी

कुर्सीको मोह
वैचारिक शून्यता
भ्रष्ट अगुवा

लाखौँ लगानी
घुमाउरो सडक
क्षत्‌विक्षत्

मन्द बतास
सुनसान चौतारी
मन उदास

मानपदवी
आफन्त रिझाउने
अचूक अस्त्र

नौनी पग्लियो
तिम्रो मन पग्लेन
ढुङ्गा रहेछ

गोधुली साँझ
चराहरू फर्किए
देश सम्झेर

*(सचिव, हाइकु केन्द्र, बागलुङ)*

# म बेखबर छैन



- मिनबहादुर राना

जुन ठाउँको फोटो हेरेर रमाउँछौ तिमी
म त्यहीँ जन्मेको हुँ
फुर्सदमा एकछिन
तिमी रमाउन जाने हिलसाइडमा
मैले पूरै जीवन बिताएको हुँ

म आफ्नैबारेमा बेखबर छैन
तर प्रचार गर्दिनँ

जुन चिज तिम्रा बाले घोटेर निधारमा लगाउँछन्
हो, त्यसैको दाउरा काट्छन् मेरा बा
तिम्रामा जे बिना पूजा अड्किन्छ
हो, त्यसैको घाँस काट्छिन् मेरी आमा

मान्छेहरू अनेक कुरो मागेर
भाकल गरेर,
पूजा गर्न जाने देउरालीमा
दिनदिनै घुम्छु गोठालो गर्दै
तर कहिल्यै केही मागिनँ
आफ्नै पाखुरीको आफैलाई विश्वास नभएपछि
मान्छे ढुङ्गासित पनि झुक्दो रैछ
झारपातमा पनि शक्ति देख्दो रैछ
र माग्दा रैछन् भाकल गरेर अनेक चिज
जसको मन थिर हुँदैन
त्यो नै मन्दिर धाउँदो रैछ

म आफ्नैबारेमा बेखबर छैन
तर प्रचार गर्दिनँ

हामीले रिङटा लाग्दा खाने कुरा
तिमी रिङटा लगाउन खाएर
जेको मातमा बकवास गर्छौ
वितण्डा मच्चाउँछौ
त्यो त आफ्नो दुध नपुग्दा
म बच्चै छँदा पिलाउनुहुन्थ्यो मेरी आमा
अनि, हरेक दिन त्यसैको अर्नी खान्छन् मेरा बा
मसला भनेर मिठो परिकारमा राखिन्छ जे तिमीकहाँ
हाम्रोमा त्यो भैँसीले पनि खाँदैन
तिमीले जडिबुटी भनेर तोलामा किन्ने झार
हाम्रोमा बाख्राले पनि खाँदैन
तिमीले सेल्फी लिँदै रमाएको पछिल्लो ठाम मुन्तिर
भाँडाकुटी खेरेर बितेको थियो मेरो बाल्यबाल

म आफ्नै बारेमा बेखबर छैन
तर प्रचार गर्दिनँ

नदेखाऊ मसित ती थोत्रा दर्शनको दम्भ
चार्ल्स फुरिये जन्मनुअघि
हाम्रो पुर्खाको पनि यौटा सूर्यनगर थियो
घोषणापत्रको खेस्रा बन्नुअघि आएका थिए
दाह्रीवाला मार्क्स हाम्रो गाउँमा बाँस बस्न
र सोधेका थिए, जीवनको महत्त्व
अनि, हाम्रो बाजेले भनेको सुनेर
त्यसैमा अलिकता थपथाप पारेर
लेखेछन् घोषणापत्र

तिमीहरू फारमघरमा वर्णमाला रट्दै गर्दा
आएका थिए तालुखुइले चाणक्य बाजे हाम्रोतिर
र हामीले चुनेको मुखियालाई राजा बनाएर लगेका थिए

यसैगरी
कता कताबाट हारेर भाग्दै आएका
निरीह भगवान्लाई शरण दिएर
लडाइँका कला सिकाएर
हाम्रै पुर्खाले जिताएका हुन्
हाम्रै पुर्खाले थामिदिएका हुन् देवताको राज्य

शास्त्रमा टुप्पी (तागा) धारीहरूले (बाजेहरूले)
दस्यु पो बनाइदिएछन्
बाँदर पो भनिदिएछन्

तैपनि बाँदर नै सही
पहरामा बाँदर झैँ स्वतन्त्र छु
यो दुर्गम गाउँमा बाँदर झैँ स्वस्थ छु
यो शान्त ठाउँमा बाँदर झैँ मुक्त छु

म आफ्नैबारेमा बेखबर छैन
तर प्रचार गर्दैन

दुलोमा बस्ने सहरको मान्छे
मेरो आँगनमा टेक्यौ भने एक छिन
तिमीलाई मानसरोवर पुगेको आभास हुने छ
मेरो घरमा बस्यौ भने बास
तिम्रो शास्त्रको स्वर्ग त्यही पाउने छौ
मैले खाने खाना खायौ भने एक छाक
अमृत पाएको ठान्ने छौ
मैले बाँचेको जीवन बाँच्यो भने केही क्षण
आफूलाई वर्गयुद्धमा पाउने छौ
मैले देखेको संसार देख्यो भने
तिमी आफूलाई पूरै हारेको ठान्ने छौ
मैले हेर्ने नजरले समाजलाई सक्यो भने हेर्न
आफूलाई सेनापति मान्ने छौ

म आफ्नैबारेमा बेखबर छैन
तर प्रचार गर्दिनँ ।

★

# मुक्तक



- कमल प्रभात

-१-
यहाँ धर्तीले आकाश छुने बेला भइसक्यो
कतै यो जगत पनि नहुने बेला भइसक्यो
के माया दयाका बकवासी कुरा गर्छौ तिमी
बसी घाटमा काल कुर्दै रुने बेला भइसक्यो ।
-२-
दिमागमा हिजो आज यत्ति कुरा चाल्ने गर्छ
विदेशमा मान्छेले टिप्छ कि उखेल्ने गर्छ
ए ! मलाई भनिदेऊ न कोही विदेशमा पैसा
रुखमा मात्रै कि त भइँमा पनि फल्ने गर्छ
-३-
अरे क्या गजब छ यार नेताजी
तिमी कति गर्छौ अत्याचार नेताजी
किन पक्रन्नौ बलात्कारी र अपराधी
सबै पर्छन् र तिम्रा नातेदार नेताजी

*(मालारानी ४, अर्घाखाँची)*

# गजल



- यामदीप पुन

कोशी सम्झौता हुंदा मेरो शिर कति झुकेको थियो ।
महाकाली सन्धि हुँदा मेरो मन कति दुखेको थियो ॥

कालापानीमा भारतीय सेनाहरू परेड खेल्दाखेरि ।
कसलाई के थाहा मभित्र कति पीडा लुकेको थियो ॥

सुस्तामा भारतीय विस्तारवादीले नेपालीलाई हटाउँदा ।
स्वाभिमानी नेपाली हुँ भनेर भन्न मेरो मन चुकेको थियो ॥

राष्ट्रप्रेमीको मुखमा राष्ट्रघातीले ताल्चा लगाइदिँदा ।
मेरो विद्रोही आवाज पनि भित्रभित्रै सुकेको थियो ॥

*(काठेखोला-४ तङ्ग्राम, बागलुङ)*

## समृद्ध प्रदेश, सुखी जनता

खेल जीवनको अभिन्न अङ्ग हो । व्यक्तिगत तथा सामाजिक जीवनमा खेललाई प्रवर्द्धन गरौँ । खेलकुदले शारीरिक, मानसिक साथै सामाजिक विकासमा टेवा पुऱ्याउँछ ।

प्रदेश सरकार

# युवा तथा खेलकुद मन्त्रालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

## शुभकामना

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौँ ।

अध्यक्ष : लीलादेवी थापा
प्रबन्धक : हिमा पुन

### वसन्ताप महिला वचत तथा ऋण सहकारी संस्था

काठेखोला-४ तङ्ग्राम, बागलुङ

## शुभकामना

गाउँमैत्री अक्षयकोष (जिमाक) आफ्नो दश वर्षका गतिविधि समावेश गरी स्मारिका प्रकाशन गर्न थालेकोमा स्मारिकाको लोकप्रियताको **शुभकामना** व्यक्त गर्दछौँ ।

अध्यक्ष : पार्वती पुन
प्रबन्धक : दिलकुमारी थापा

### धनलक्ष्मी वचत तथा ऋण सहकारी संस्था

काठेखोला-४ तङ्ग्राम, बागलुङ



# फोटो ग्यालरी



# TALENT OF VILLAGE (TOV) Season-1

**मिति :** २०६७ कार्तिक ३ देखि ५ गतेसम्म

**स्थान :** श्री धारा मावि, काठेखोला-४ तङ्ग्राम, बागलुङ

**प्रमुख अतिथि :** टीकासङ्गम विक, युवा साहित्यकार

**विशिष्ट अतिथि :** कृष्ण पुन (तत्कालीन वि.व्य.स. अध्यक्ष, धारा मावि)

**सभापति :** धनप्रसाद पुन

**सञ्चालन :** तुलेन्द्र पुन

**विजेताहरू :** अनिता थापा, धम्जा (गायन), गौमाया पुन, तङ्ग्राम (नृत्य), विश्वासकुमार खड्काथोकी, धम्जा (साहित्य)

**अन्य सम्मानित व्यक्तिहरू :** धारा मावि र नारायणी माविबाट एसएलसी परीक्षामा उत्कृष्ट अङ्क ल्याई उत्तीर्ण हुनुहुने विद्यार्थीहरू जमुना पुन, गङ्गा थापा र सोविन पुन (धारा मावि), चन्द्रबहादुर बोहोरा (नारायणी मावि)












# TALENT OF VILLAGE (TOV) Season-2

**मिति** : २०६८ असोज २६ गते

**स्थान** : मुखियाडाँडा, काठेखोला-४ तङ्ग्राम, बागलुङ

**प्रमुख अतिथि** : खिमप्रसाद पुन (तत्कालीन स्थानीय शान्ति समितिको अध्यक्ष)

**विशिष्ट अतिथि** : टीकासङ्गम विक

**सभापति** : डी.बी. थापा

**सञ्चालन** : दिल परियार

**विजेताहरू** : अम्बिका पुन, तङ्ग्राम (गायन), सरिता पुन, तङ्ग्राम (नृत्य), विष्णु आले, तङ्ग्राम (साहित्य)

**अन्य सम्मानित व्यक्तिहरू** : अनिल किसान (शिक्षा) धारा मावि, भीम पुन (फापरखेत) खेलकुद, पहलमान थापा (कृषि)












# TALENT OF VILLAGE (TOV) Season-3



**मिति** : २०६९ कार्तिक १० र ११ गते

**स्थान** : नारायणी मावि, काठेखोला-४ तङ्ग्राम, बागलुङ

**प्रमुख अतिथि** : बी.बी. थापा क्षितिज (प्रअ, नारायणी मावि)

**सभापति** : पियारी थापा

**सञ्चालन** : दिल परियार

**विजेताहरू** : पुनम पुन, तङ्ग्राम (गायन), सङ्गीता थापा , तङ्ग्राम (नृत्य), राज थापा, तङ्ग्राम (साहित्य)

**अन्य सम्मानित व्यक्तिहरू** : विष्णु कँडेल (शिक्षा) नारायणी मावि, भीम सुनार (खेलकुद), रणबहादुर थापा (कृषि)







# TALENT OF VILLAGE (TOV) Season-4

**मिति** : २०७० असोज ३० र ३१ गते

**स्थान** : पशुपति प्रावि, काठेखोला-४ तङ्ग्राम, बागलुङ

**प्रमुख अतिथि** : बी.बी. अनुरागी (वरिष्ठ सङ्गीतकार)

**विशिष्ट अतिथि** : टीकासङ्गम विक, लक्ष्मणश्री र थुमराज ढुङ्गाना

**सभापति** : हेमराज आश्रम

**सञ्चालन** : दिल परियार

**विजेताहरू** : सुगम थापा, तङ्ग्राम (गायन), तारा थापा, धम्जा (नृत्य), तोरण पुन, तङ्ग्राम (साहित्य)

**अन्य सम्मानित व्यक्तिहरू** : याम पुन (खेलकुद), दिलबहादुर पुन (कृषि)











# TALENT OF VILLAGE (TOV) Season-5

**मिति** : २०७१ असोज १९ र २० गते

**स्थान** : नारायणी मावि, काठेखोला-४ तङ्ग्राम, बागलुङ

**प्रमुख अतिथि** : टीकासङ्गम विक

**विशिष्ट अतिथि** : बी.बी. थापा क्षितिज (प्रअ, नारायणी मावि)

**सभापति** : हेमराज आश्रम

**सञ्चालन** : दिल परियार

**विजेताहरू** : सृजना थापा, तङ्ग्राम (गायन), प्रविणा रोका, धम्जा (नृत्य), चन्द्रबहादुर थापा, तङ्ग्राम (साहित्य)












# TALENT OF VILLAGE (TOV) Season-6

**मिति** : २०७२ कार्तिक ९ र १० गते

**स्थान** : धारा मावि , काठेखोला-४ तङ्ग्राम, बागलुङ

**प्रमुख अतिथि** : रेम राना (तत्कालीन महासचिव, रक्तिम सांस्कृतिक अभियान)

**विशिष्ट अतिथि** : अमर थापा, तिलक थापा र टीकासङ्गम विक

**सभापति** : दिल परियार

**सञ्चालन** : विष्णु आले

**विजेताहरू** : उषा पुन, तङ्ग्राम (गायन), सुष्मा घटाने, धम्जा (नृत्य), प्रतिमान थापा, तङ्ग्राम (साहित्य)












# TALENT OF VILLAGE (TOV) Season-7







**मिति :** २०७३ असोज २७ र २८ गते

**स्थान :** धारा मावि, काठेखोला-४ तङ्ग्राम, बागलुङ

**प्रमुख अतिथि :** नारायण योगी (तत्कालीन महासचिव, रक्तिम सांस्कृतिक अभियान)

**विशिष्ट अतिथि :** तिलक थापा, टीकासङ्गम विक, थुमराज ढुङ्गाना

**सभापति :** हेमराज आश्रम

**सञ्चालन :** अमर थापा

**विजेताहरू :** समीक्षा थापा, तङ्ग्राम (गायन), सुष्मा आले, धम्जा (नृत्य), यामदीप पुन, तङ्ग्राम (साहित्य)





# TALENT OF VILLAGE (TOV) Season-8



**मिति :** २०७४ असोज १८ र १९ गते

**स्थान :** धारा मावि, काठेखोला-४ तङ्ग्राम, बागलुङ

**प्रमुख अतिथि :** अमर थापा (अध्यक्ष, काठेखोला गापा)

**विशिष्ट अतिथि :** अमर थापा, केशव थापा, तिलक थापा र टीकासङ्गम विक

**सभापति :** नानुमाया विक

**सञ्चालन :** अमर थापा

**विजेताहरू :** बिमा जोल्मी, तङ्ग्राम (गायन), बिपना थापा, तङ्ग्राम (नृत्य), गङ्गा थापा, तङ्ग्राम (साहित्य)









# TALENT OF VILLAGE (TOV) Season-9



**मिति** : २०७५ कार्तिक ६ र ७ गते

**स्थान** : TOV मैदान, काठेखोला-४ तङ्ग्राम, बागलुङ

**प्रमुख अतिथि** : (उद्घाटन सत्र) अमर थापा (अध्यक्ष, काठेखोला गापा)

**प्रमुख अतिथि** : (TOV सत्र) माननीय पियारी थापा (गण्डकी प्रदेससभा सदस्य )

**विशिष्ट अतिथि** : टीकासङ्गम विक

**सभापति** : हेमराज आश्रम

**सञ्चालन** : सुकमाया पुन

**विजेताहरू** : सुवास मिन, तङ्ग्राम (गायन), प्रविणा थापा , तङ्ग्राम (नृत्य), सुवास मिन, तङ्ग्राम (साहित्य)










# TALENT OF VILLAGE (TOV) Season-10

**मिति :** २०७६ असोज २४, २५ र २६

**स्थान :** TOV मैदान, काठेखोला-४ तङ्ग्राम, बागलुङ

**प्रमुख अतिथि :** शिवराज पौडेल (उद्घाटन सत्र, २४ गते)

**प्रमुख अतिथि :** माननीय पियारी थापा (TOV सत्र, २५ गते), माननीय दुर्गा पौडेल (समापन सत्र, २६ गते)

**विशिष्ट अतिथि :** तिलक थापा, अमर थापा, टीकासङ्गम विक र **खिम विश्वकर्मा**

**सभापति :** हेमराज आश्रम, **सञ्चालन :** सुकमाया पुन, यामदीप पुन

**विजेताहरू :** रोजन गोले, तङ्ग्राम (गायन), सरिता परियार, बिहुँ (नृत्य), कमल विक, धम्जा (साहित्य)

**अन्य सम्मानित व्यक्तिहरू :** लौह सहयोगीको रूपमा टीकासङ्गम विक, पत्रकारितातर्फ दिल श्रीस र कलाकारितातर्फ कमल विक।




































# TOV-10 मा सोरठी र पञ्चेबाजा छायांकनमा सहभागी टिमहरू















# जग्गा खरिद गर्दा तथा कार्यालय भवन निर्माण गर्दा सहयोग गर्ने सहयोगदाताको विवरण









गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
वृहत योजना संगीतको लाईव्रेरी / संग्राहलय / भवन निर्माणार्थ

**Golden 4 Supporter**




**रू ५०,००० /-**

विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख तथा भवनमा फोटो

गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
वृहत योजना संगीतको लाईव्रेरी / संग्राहलय / भवन निर्माणार्थ

**Golden 4 Supporter**




**रू ५०,००० /-**

विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख तथा भवनमा फोटो

गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
वृहत योजना संगीतको लाईव्रेरी / संग्राहलय निर्माणार्थ

**Golden 3 Supporter**




**रू ५०,००० /-**

विशेष सम्मान
संग्राहलयमा फोटो / स्वर्ण अक्षरमा शिलालेख

गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला , साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ

**Golden Supporter**




**रू ३०,००० /-**

विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
वृहत योजना संगीतको लाइब्रेरी / संग्रहलय / भवन निर्माणार्थ
Silver 3 Supporter
अमर सिंह थापा
रू २०,००० /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला , साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ
Golden Supporter
छम पुन
बरेङ , सुखौरा, बाग्लुङ , हाल काठमाडौं
रू १६,६६६ /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख तथा भवनमा फोटो


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला , साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ
Golden 3 Supporter
नेत्र आचार्य
महासचिव · सिद्धार्थ उद्योग वाणिज्य संघ
रू २०,००० /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला , साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ
Golden 3 Supporter
शिला आले
वरिष्ठ लोक गायिका , हाल अमेरिका
रू २१,००० /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख

गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
वृहत योजना संगीतको लाईब्रेरी / संग्राहलय / भवन निर्माणार्थ

**Silver 3 Supporter**




**रू २०,००० /-**

**विशेष सम्मान**
**स्वर्ण अक्षरमा शिलालेख**

गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला, साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ

**Golden Supporter**



**रू २१,००० /-**

**विशेष सम्मान**
**भवनमा फोटो तथा स्वर्ण अक्षरमा शिलालेख**

गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
वृहत योजना संगीतको लाईब्रेरी / संग्राहलय / भवन निर्माणार्थ

**Silver 3 Supporter**




**रू २०,००० /-**

**विशेष सम्मान**
**स्वर्ण अक्षरमा शिलालेख**

गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला, साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ

**Golden Supporter**




**रू २०,००० /-**

**विशेष सम्मान**
**स्वर्ण अक्षरमा शिलालेख तथा भवनमा फोटो**


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
वृहत योजना संगीतको लाईब्रेरी / संग्राहलय / भवन निर्माणार्थ
Silver 4 Supporter
याम पुन
रू २५,००० /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
वृहत योजना संगीतको लाईब्रेरी / संग्राहलय / भवन निर्माणार्थ
Silver 3 Supporter
लाल ब. जोल्मी
रू १५,००० /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला , साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ
Golden Supporter
राजु गुरुङ
तानसेन ,पाल्पा
रू ११,१११ /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख तथा भवनमा फोटो


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला , साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ
Golden Supporter
गौमाया पुन
काठेखोला ४ तंङग्राम, बाग्लुङ
रू १०,००० /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख तथा भवनमा फोटो


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला , साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ
Golden Supporter
रन्जना मुखिया
शिव आश्रम सङ्गीत पाठशाला
रु १०,००० /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला , साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ
Golden 3 Supporter
बसन्त थापा
लोक प्रिय लोक गायक तथा सङ्गीतकार
रु १०,००० /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
वृहत योजना संगीतको लाईब्रेरी / संग्राहलय / भवन निर्माणार्थ
Silver 4 Supporter
गंगा थापा
रु १०,००० /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
वृहत योजना संगीतको लाईब्रेरी / संग्राहलय / भवन निर्माणार्थ
Silver 4 Supporter
देवेन्द्र थापा
रु १०,००० /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
वृहत योजना संगीतको लाइब्रेरी / संग्राहलय / भवन निर्माणार्थ
Silver 4 Supporter
चईन्द्र थापा
रु १0,000 /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला , साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ
Golden Supporter
फेन्क पुन
तंग्राम , हाल फ्रान्स आर्मी
रु १0,000 /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला , साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ
Golden Supporter
गोपाल पी. खनाल
गीतकार तथा निजामती कर्मचारी
रु १0,000 /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
वृहत योजना संगीतको लाइब्रेरी / संग्राहलय / भवन निर्माणार्थ
Silver 4 Supporter
गोविन्द राना
रु १0,000 /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख

गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
वृहत योजना संगीतको लाईब्रेरी / संग्राहलय / भवन निर्माणार्थ

**Silver 4 Supporter**




रू १०,००० /-

विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख

गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
वृहत योजना संगीतको लाईब्रेरी / संग्राहलय / भवन निर्माणार्थ

**Silver 4 Supporter**




रू १०,००० /-

विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख

गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
वृहत योजना संगीतको लाईब्रेरी / संग्राहलय / भवन निर्माणार्थ

**Silver 4 Supporter**




रू १०,००० /-

विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख

गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला, साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ

**Golden Supporter**




रू १०,००० /-

विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङ्को
वृहत योजना संगीतको लाईव्रेरी / संग्राहलय निर्माणार्थ
Silver 4 Supporter
कमल सापकोटा
रु १०,००० /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङ्को
वृहत योजना संगीतको लाईव्रेरी / संग्राहलय / भवन निर्माणार्थ
Silver 4 Supporter
खडक ब. थापा
रु १०,००० /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङ्को
वृहत योजना संगीतको लाईव्रेरी / संग्राहलय / भवन निर्माणार्थ
Silver 4 Supporter
कर्ण थापा
रु १०,००० /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङ्को
वृहत योजना संगीतको लाईव्रेरी / संग्राहलय / भवन निर्माणार्थ
Golden 4 Supporter
मान तामाङ
रु १०,०००
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख तथा भवनमा फोटो


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
वृहत योजना संगीतको लाईब्रेरी / संग्राहलय / भवन निर्माणार्थ
Silver 4 Supporter
प्रकाश सपुत
रू १०,००० /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
वृहत योजना संगीतको लाईब्रेरी / संग्राहलय / भवन निर्माणार्थ
Silver 4 Supporter
मधुर बस्नेत
रू १०,००० /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला , साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ
Golden Supporter
रुद्र पुन
लोक तथा दोहोरी
रू १०,००० /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला , साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ
Golden Supporter
सज्जन हमाल
रू ११,१११ /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख

गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
वृहत योजना संगीतको लाईब्रेरी / संग्राहलय / भवन निर्माणार्थ

**Silver 4 Supporter**




**रु १०,००० /-**

विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख

गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
वृहत योजना संगीतको लाईब्रेरी / संग्राहलय / भवन निर्माणार्थ

**Silver 4 Supporter**




**रु १०,००० /-**

विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख

गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
वृहत योजना संगीतको लाईब्रेरी / संग्राहलय / भवन निर्माणार्थ

**Silver 4 Supporter**




**रु १०,००० /-**

विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख

गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला , साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ

**Golden Supporter**




**रु १०,००० /-**

विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख



गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला , साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ
Golden Supporter
सूर्य खड्का
लोक तथा दोहोरी गायक
रू १०,००० /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख तथा भवनमा फोटो




गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
वृहत योजना संगीतको लाईव्रेरी / संग्राहलय / भवन निर्माणार्थ
Silver 4 Supporter
टेक बहादुर थापा
रू १०,००० /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख




गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला , साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ
Golden Supporter
कमल कुमार वि.क.
रू १०,००० /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख




गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला , साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ
Golden Supporter
बल ब थापा
रू १०,००० /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख तथा भवनमा फोटो

गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला , साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ

**Golden Supporter**




रू ५,००० /-

विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख

गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला , साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ

**Golden Supporter**




रू ५,००० /-

विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख तथा भवनमा फोटो

गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला , साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ

**Golden Supporter**




रू ५,००० /-

विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख

गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला , साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ

**Golden Supporter**




रू ५,००० /-

विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला , साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ
Golden Supporter
सिरु मुस्कान
काठेखोला ४ तंग्राम, हाल इटली
रू ५,००० /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला , साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ
Golden Supporter
थुमराज दुङगाना
जनवादी ,गायक तथा सङ्गीतकार
रू ५,००० /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख तथा भवनमा फोटो


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
कला , साहित्य र संगीतको प्रशिक्षण भवन निर्माणार्थ
Golden Supporter
युवराज थापा
तंग्राम बाग्लुङ , हाल यूके आर्मी
5,000 /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख


गाउँमैत्री अक्षयकोष ( GMAK ) तंग्राम बाग्लुङको
वृहत योजना संगीतको लाइब्रेरी / संग्रहलय / भवन निर्माणार्थ
Silver 5 Supporter
सागर केसी
रू ५,००० /-
विशेष सम्मान
स्वर्ण अक्षरमा शिलालेख

# GMAK र परिसूचन न्युजले बागलुङ बजारको कालीगण्डकी हलमा फागुन २४ चलचित्र प्रदर्शन गर्दा





















# बागलुङमा 'फागुन २४' प्रदर्शन

**संगम घर्तीमगर**

*बागलुङ, वैशाख २०*

पुराना कम्युनिस्ट नेता मोहनविक्रम सिंहद्वारा लिखित चलचित्र 'फागुन २४' बागलुङमा प्रदर्शन गरिएको छ। रक्तिम सांस्कृतिक अभियानले निर्माण गरेको हेमराज आश्रमबाट लिखित फागुन २४ सत्य घटनामा आधारित चलचित्र हो।

विक्रम संवत २०१० साल फागुनमा प्युठानमा भएको किसान आन्दोलन र त्यसको सफलताको कथालाई चलचित्रमा प्रस्तुत गरिएको छ। चलचित्र हेरेपछि अधिकांश दर्शकले चलचित्र राम्रो लागेको प्रतिक्रिया दिए। प्रजातन्त्रको स्थापना भएपछि पनि गाउँघरमा व्याप्त मुखिया प्रथा र उनीहरूले सोझासाझा गाउँलेमाथि गरेको थिचोमिचोको विरुद्धमा कम्युनिस्ट पार्टीले सुरु गरेको किसान आन्दोलन र त्यसको सफलतालाई चलचित्रमा प्रस्तुत गरिएको छ।



'फागुन २४' हेर्न बागलुङको कालीगण्डकी चलचित्र मन्दिर पुगेका दर्शक। *तस्बिर : नागरिक*

विगतको कम्युनिस्ट आन्दोलनको इतिहास बोल्नेगरी निर्माण गरिएको चलचित्र राम्रो भएको काठेखोला गाउँपालिका अध्यक्ष अमर थापाले बताए। 'विगतमा सामन्ती र शोषक वर्गले नेपाली जनतालाई कसरी सताएका थिए र कम्युनिस्ट आन्दोलन कसरी अगाडि बढेको थियो भन्ने कुराको ज्ञान चलचित्रले दिएको छ,' उनले भने, 'यो एउटा चलचित्र मात्रै नभई ऐतिहासिक दस्तावेज पनि हो।' साहुमहाजनको थिचोमिचोबाट आजित भएर घर छाड्न बाध्य पारिएको पात्र हर्केको कम्युनिस्ट पार्टीमा प्रवेशसँगै फागुन २४ को कथा सुरु हुन्छ।

रातको समयमा घरबाट मुग्लान जान निस्केको हर्के अन्ततः मुग्लान नपुगी शिविरमा जान्छ। शिविरमा मार्क्सवाद, वर्ग संघर्षको प्रशिक्षण लिन्छ। शारीरिक परीक्षण पनि दिन्छ र तिनै साहुमहाजनको शोषण, अन्याय, अत्याचारको विरुद्धमा लागेर उसकै नेतृत्वमा साहुमहाजनलाई नियन्त्रणमा लिएर जनअदालतमा उभ्याइएको दिनलाई फागुन २४ को रूपमा चित्रण गरिएको छ।

चलचित्रमा हर्के क्रान्तिको नायकको रूपमा देखिएको छ। उजेली नायिकाको भूमिकामा देखिएकी छ। उजेलीको साथीको रूपमा पार्वतीको भूमिका सशक्त छ। साहुमहाजन र उनीहरूको घरमा काम गर्ने बम्चे, श्याम, उर्मिला, सुरबिर, डम्मर, ख्यान्टे यी सबैको भूमिका सशक्त छ। त्यस ठाउँका ठकुरीलाई साहुमहाजनका पक्षपोषकका रूपमा देखाइएको छ। चलचित्रका अधिकांश पात्र बागलुङकै छन्।

बागलुङको काठेखोला गाउँपालिका–४ का टीका संगम विक हर्केको भूमिकामा देखिएका छन्। उनी गाउँकार्यपालिका सदस्यसमेत हुन्। उनलाई प्रदेश सांसद पियारी थापाले नायिकाको भूमिकामा साथ दिएकी छिन्। चलचित्रमा बागलुङका कलाकार दानबहादुर थापा, धुमराज ढुंगाना, गीता थापा, विष्णु शर्मा, कमल रानाको सशक्त भूमिका रहेको छ। त्यसका अलावा नारायण योगी, लक्ष्मी पौडेल, नवीन बस्यालको अभिनय पनि सशक्त छ।

उनीहरू सबै राष्ट्रिय जनमोर्चा एवं नेकपा मसाल निकट रक्तिम सांस्कृतिक अभियानमा आबद्ध कलाकार हुन्। नेपालको कम्युनिस्ट आन्दोलनको इतिहासलाई जीवन्त राख्न 'फागुन २४' चलचित्र निर्माण गरिएको चलचित्रका निर्देशक हेमराज आश्रमले बताए। 'इतिहास जीवन्त राख्नुपर्छ र नयाँ पुस्तालाई जानकारी गराउनुपर्छ भन्ने मान्यताका साथ सत्य घटनामा आधारित रहेर यो चलचित्र निर्माण गरेका हौं,' उनले भने, 'यसबाट कम्युनिस्ट आन्दोलनको विगतलाई अध्ययन गर्न सहज हुनेछ।'

चलचित्र प्रदर्शनबाट संकलित भएको रकम काठेखोला गाउँपालिका-४ तंग्राममा निर्माण गरिने संगीत संग्रहालयका लागि खर्च गर्ने निर्देशक आश्रमले बताए।

# तंग्राममा फागुन २४ चलचित्र प्रदर्शन गर्दाका फोटा











# जिमाक कृति प्रकाशनमा स्वराङ्कन गर्दै TOV विजेताहरू



# मादलको प्रतिमा बनाउँदा फोटा





# जिमाकको भवन बनाउँदै गर्दाका फोटा















# सांगीतिक तथा साहित्यिक प्रशिक्षण (२०७२)














# जिमाकको अगुवाइमा बाटो मर्मत हुँदै



# जिमाकको आयोजनामा खेलिएको देउसीभैलो (२०७६)

















हार्दिक स्वागत






ONAL COMPUTER
Chowk Phone 520019
पुस्तक पस
हार्दिक स्वागत
यूनाइ
सिमेन्ट

# नेपालकै ठुलो नगरा निर्माण गर्दाका फोटा


































# TOV कार्यक्रममा शुभकामना व्यक्त गर्दै व्यक्तित्वहरू



मा. दुर्गा पौडेल



मा. पियारी थापा



अमर थापा



तिलक थापा



नारायण योगी



बी.बी. अनुरागी



टीकासंगम विक



खिम विश्वकर्मा



प्रकाश सपुत



खेम पुन


टीकाराम पुन


बी.बी. थापा


लक्ष्मणश्री


दिल शिरीष


नन्दराम पुन


यामदत्त कँडेल


कमल पुन


धनप्रसाद पुन


भैरवबहादुर थापा


प्रेम थापा


तुलेन्द्र पुन


राम थापा "अविरल"


यामबहादुर श्रीस


मनिष थापा


रन पुन


थम्मन पुन


मीन पुन


विष्णु पुन


अनिलकुमार निर्दोष


नरबहादुर पुन


चित्रा श्रीस


गिरीप्रसाद पुन


कर्णबहादुर पुन


कृष्ण पुन


विश्वास खड्काथोकी


दिल परियार


जीवन पुन


खडक थापा

# जिमाक कार्यक्रमका विविध फोटाहरू














TALENT OF VILLAGE ( TOV )


(Kartik 6 ,7 _ 2075




















स्वागत
दिपावली २०७६
GMAK
प्रस्तुत गर्दछ
कार्यक्रम























# तंग्रामलाई गुगल म्यापबाट हेर्दा







Tangram तङ्ग्राम
Image © 2021 CNES / Airbus
Google Earth
Imagery Date: 11/11/2020 28°16'43.65" N 83°29'33.32" E elev 6328 ft eye alt 7614 ft


Tangram
Image © 2021 CNES / Airbus
www.facebook.com • now
Facebook


नेपाल सरकार

(अनुसूची-२)
(नियम ४ सँग सम्बन्धित)

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

बागलुङ

दर्ता नं: ८२६/०६८/६९

मिति: २०६८/८/१६

संस्था दर्ताको प्रमाण-पत्र

श्री गाउँमैत्री अक्षय कोष
तङ्राम ८ बागलुङ

गाउँमैत्री अक्षय कोष तङ्राम ८ बागलुङ नामक संस्था

संस्था दर्ता ऐन २०३४ को दफा ४ बमोजिम २०६८ साल मंसिर


महिना १६ गतेमा दर्ता गरी यो प्रमाण-पत्र दिईएको छ ।


स्थानीय अधिकारीको सही:

पूरा नाम:

दर्जा:


"हाम्रो उच्च शान, प्रतिभाको सम्बर्द्धनबाट"
TALENT OF VILLAGE (TOV)
Tangram, Baglung-2066
प्रशंसा-पत्र
TOV तपाईंको उत्तरोत्तर प्रगतिको कामना गर्दछ ।
TALENT OF VILLAGE (TOV)
Season III (2069)
सम्मान-पत्र
तपाई मणी गौतम ज्यू ले
गाउँमैत्रि अक्षयकोष (GMAK), तंग्राम, बाग्लुङको वार्षिक कार्यक्रम
TALENT OF VILLAGE (TOV)-SEASON III (2069) मा
आर्थिक/ नैतिक/ भौतिक/ प्रायोजन गरि संगित तथा कला जस्तो गहन
विषयमा यहाँले पुर्याउनु भएको अतुलनीय योगदानको उच्च मुल्याङ्कन
गर्दै र आगामी दिनहरुमा पनि तपाईको निरन्तर सहयोगको अपेक्षा
TALENT OF VILLAGE (TOV)
Season VI (2072)
"हाम्रो उच्च शान, प्रतिभाको सम्बर्द्धन"
TALENT OF VILLAGE (TOV)
2068
सम्मान-पत्र
TALENT OF VILLAGE (TOV)
SEASON 10
सम्मान पत्र


हार्दिक स्वागत
शुभ दिपावली २०७६
को सुखद उपलक्ष्यमा गांउमैत्री अक्षयकोष GMAK
प्रस्तुत गर्दछ
निर्माणाधीन सङगीतको प्रशिक्षण भवनको लागी
देउसी भैलो कार्यक्रम
कार्तिक ७ देखी १३ सम्म


हार्दिक निमण्त्रणा
शुभ दिपावली २०७६
को सुखद उपलक्ष्यमा गांउमैत्री अक्षयकोष GMAK प्रस्तुत गर्दछ
निर्माणाधीन सङगीतको प्रशिक्षण भवनको लागी
देउसी भैलो कार्यक्रम
श्री................................ज्यू
उपरोक्त सम्बन्धमा , गांउमैत्री अक्षयकोष GMAK तंग्राम बाग्लुङ को आयोजनामा बनिरहेको सङगीतको प्रशिक्षण भवनको लागी निम्न मिति, स्थान र समयमा देउसी भैलो कार्यक्रम हुने भएकोले कला , साहित्य तथा सङगीत जस्तो गहन विषयमा हजुरहरुले सहयोग गरी आफ्नो ठाउको पहिचान स्थापित गर्ने यो महान तथा पुन्य कार्यमा सहभागी भै दिनु हुन हार्दिक अनुरोध गर्दछौं ।
तपशिल
मिति : ..................
स्थान : ..................
समय : ..................
सुकमाया पुन
सचिव


देउसी भैलो कार्यक्रम
के का लागी ?
०. बन्दै गरेको सङगीतको प्रशिक्षण भवन सम्पन्न गरी आवश्यक सामाग्रीहरु खरिद गर्न ।
०. TOV मैदानलाई थप विस्तार गर्नको लागी जग्गा खरिद गर्न ।
०. TOV मैदान परिसरमा सौचालय तथा धारा आदीको निर्माण गर्न ।
०. पवित्र ठाउँ तंग्रामलाई साङगीतिक तथा साहित्यिक गाँउको रुपमा विकास गरी , राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा परिचित गराउने अभियानमा सरिक हुन ।

12/25/2019 LRIMS

नेपाल सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

भूमिसुधार तथा व्यवस्थापन विभाग

मालपोत कार्यालय.................मालपोत कार्यालय बाग्लुङ

जग्गाधनी संकेत नम्बर :

ON000000716

# जग्गाधनी दर्ता प्रमाण पुर्जा

संस्थाको छाप प्रमाणित गर्नेको दस्तखत

संस्थाको नाम: गाउँमैत्री अक्षय कोष

ठेगाना: जिल्ला: बाग्लुङ गा.पा. / न.पा. / गा. वि. स.: तङ्ग्राम वार्ड नं.: ३

दर्ता न.: ८२७।०६८।०६९

जारी गर्ने कार्यालय: जिल्ला प्रशासन कार्यालय, बाग्लुङ

वेबसाइट: ईमेल:

दर्ता मिति (वि.स): २०६८/०८/१९

| साविक कित्ता नं. | प्रमाण संकेत / कारोबार व्यहोरा | | जिल्ला / गा. वि. स. / न. पा. | वार्ड नं./ नक्सा सीट नं. | कित्ता नं./ खण्डे नं. | विवरण (घर,आवादी,इत्यादि) | जग्गाधनी को हकहिस्सा | मोहीको नाम थर | किसिम वा वर्ग | क्षेत्रफल/ व.मि. | कैफियत | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | २०७६/०९/०९ | RL०००००४५८ | बाग्लुङ | ६ | १००६ | आवादी | एकलौटी | | भिट/पाखो/बारी | ३-३-१-० (रोपनी) | | |
| | राजिनामा | | धम्जा | ६ | ० | रैकर निजी | | | सीम | १६२९.४४ | | |
| | लिखत पारित | | | | | | | | | | | |
| जम्मा क्षेत्रफल १६२९.४४ वर्ग मिटर | | | | | | | | | | | | |

गाउँमैत्री अक्षय कोष
प्रिन्ट गर्नेको दस्तखत .................
प्रिन्ट गर्नेको नाम : बलराम आचार्य

प्रिन्ट मिति : २०७६/०९/०९

रुजु गर्नेको दस्तखत ................
२०७३।९।६

"हाम्रो गृहकार्य, गाउँको लागि सहकार्य"

## गाउँमैत्री अक्षयकोष

तंग्राम, बागलुङ, स्था:२०६६

### गाउँमैत्री अक्षयकोष(GMAK) र प्रिज्म रेकर्डिङ स्टुडियो काठमाडौं बिचको सम्झौता पत्र

तपशिल

उपरोक्त सम्बन्धमा आज मिति २०७० साल असोज ३१ गतेका दिन GMAK Tangram Baglung को बार्षिक कार्यक्रम TALENT OF VILLAGE(TOV) SEASON-IV मा कार्यक्रमका प्रमुख अतिथि तथा प्रीज्म रेकर्डिङ स्टुडियो काठमाडौंका प्रोपाईटर, बरिष्ठ संगितकार, एरेन्जर तथा गायक बि.बि. अनुरागी र GMAK का अध्यक्ष श्री हेमराज आश्रम बिच एउटा सम्झौता भयो।


TOV का प्रतिभाहरुको सहयोग तथा प्रोत्साहनका लागि TALENT O VILLAGE(TOV) बिजेताले कुनै नयाँ गीत रेकर्ड गर्नु परेमा प्रीज्म रेकर्डिङ स्टुडियोको स्टुडियो शुल्कमा पचास प्रतिशत मिनाहा गर्ने व्यहोराको सम्झौता भयो।

..............
बि.बि. अनुरागी
संचालक: प्रीज्म रेकर्डिङ स्टुडियो
काठमाडौं

..............
अध्यक्ष गाउँमैत्री अक्षयकोष (GMAK)
हेमराज आश्रम
तंग्राम, बागलुङ

पुनश्च: रेकर्ड गर्नु पर्ने गीतको एरेन्ज स्टुडियोमै गर्नु पर्ने सर्त रहने छ। यो योजना गायक(विद्यार्थी) मात्र कुनै एउटा गीत जो टोलीले प्रकाशनमा ल्याइने योजना अनुरूप छ।




# शुभकामना

२०७८ सालको बडादसैं, तिहार, छठपर्व र नेपाल संवत्‌को शुभ अवसरमा हामी सम्पूर्ण शिक्षक-शिक्षिका, विद्यार्थी, कर्मचारी, अभिभावकप्रति **मङ्गलमय शुभकामना** व्यक्त गर्दछौं ।



**मणिराज जोल्मी**

काठेखोला-४ तङ्ग्राम, बागलुङ

(हाल बेलायत)